# डाँडाको उपदेशको व्याख्या

## Exposition of the Sermon on the Mount

Dr. Thomas Hwang

Ami

# EXPOSITION OF THE SERMON ON THE MOUNT

**First Edition** | 5,000 copies, November 2009

**Second Edition** | 5,000 copies, May 2010

**Third Revised Edition** | 2,000 copies, April 2018

**Publisher** | Sarah Hae-Ok Cho

**Author** | Thomas Hwang

**Translator** | Shyam Shrestha

**Editor** | Timothy Pun

**Editor in Chief** | Maria Ryoung-Mi Lee

**Design** | Gloria Jung-Won Park

**Cover Design** | Kelly Kyoung-Mi Shin

**Published by AMI Nepal Publication**

Nagarjun Municipality-1, Raniban, Kathmandu, Nepal

**Tel** | **+977-015103129**

**Emails** | aminepal2015@gmail.com; aminepalorg@gmail.com

**Website** | www.aminepal.net

**AMI Headquarter:**

Registration No. 73,
8, Sinsu-ro 783beon-gil, Suji-gu, Yongin-si, Gyeonggi-do, South Korea

**Tel.** | +82-31-265-1455, +82-31-266-7451

**E-mail** | ami.mbooks@gmail.com

**Website** | www.amicenter.net

ISBN 979-11-85634-05-0 03230

All rights reserved. No part of this book may be reproduced in any form without written permission from AMI Publication.

Copyright © 2016 by Thomas Hwang

Printed at Kishor Offset Press, Kathmandu, Nepal

**Price** | **NRS 300.00**

# थोमस ह्वाङ



डा. थोमस ह्वाङ AMI, Antioch Missions International को संस्थापक अध्यक्ष हुनुहुन्छ। यो संस्था अन्तर्राष्ट्रियरूपमा विश्वको १०/४० झ्यालअन्तर्गत सुसमाचार सुन्न नपाएका मानिसहरू भएका राष्ट्रहरूमा प्रचार गर्ने कामप्रति समर्पित छ। AMI College & Seminary मार्फत एसिया र अफ्रिकाको २५ देशहरूका विभिन्न सम्प्रदाय र स्वतन्त्र मण्डलीहरूबाट करिब ६,००० पास्टर तथा अगुवाहरूले उहाँबाट ईश्वरशास्त्रीय तालिम लिइरहेका छन्। डा. थोमस ह्वाङले १५ वटा पुस्तकहरू लेखिसक्नु भयो र ती पुस्तकहरू नेपाली (Nepali), शेर्पा (Sherpa) ल्होमी (Lhomi), हेल्मु (Yhelmu) बर्मेली (Burmese), मङ्ग (Hmong), क्याचिन (Kachin), शान (Shan), लिसु (Lisu), अङ्ग्रेजी (English), रुसी (Russian), कम्बोडियाली (Cambodian), इण्डोनेसियाली (Indonesian), हिन्दी (Hindi), बङ्गाली (Bengali), लाओसी (Lao), भेतनामी (Vietnamese), चिनिया (Chinese), स्पानिस (Spanish) र जापानी (Japanese) भाषाहरूमा अनुवाद भइसकेका छन्। मण्डलीका अगुवाहरूलाई बाइबलीय शिक्षामा सुसज्जित पार्ने अभिप्रायले ६ लाखभन्दा बढी पुस्तकहरू वितरण भइसकेका छन्।

थोमस ह्वाङले कोरियाको Seoul National University स्नातक (B.S.) गर्नुभएपछि उच्च शिक्षा हासिल गर्न इ.सं.१९६८ मा संयुक्त राज्य अमेरिका पुग्नुभयो। त्यहाँ गएर उहाँले Michigan State University मा अध्ययन गर्नुभयो। उहाँले Pittsburg State University बाट B.B.A., Bachelor in

Business Administration र M.B.A., Master in Business Administration सकाउनुभयो। अनि अमेरिका र क्यानडाको व्यापारिक सफलतापछि उहाँले आफूलाई प्रभुको सेवामा समिर्पित गर्नुभयो। सेवकाइ सुरु गर्नुभन्दा पहिले उहाँले क्यानडाको टोरोण्टो सहरको Tyndale University College and Seminary बाट M.Div., Master in Divinity अनि संयुक्त राज्य अमेरिकाको सिकागो, डियरफिल्ड, इलिनोइसमा अवस्थित TEDS, Trinity Evangelical Divinity School बाट विद्यावारिधि (Ph.D.) हासिल गर्नुभयो।

ईश्वरशास्त्रीय अध्ययनमा विद्यावारिधि प्राप्त गरेपछि उहाँले EFC, Evangelical Fellowship of Canada भन्ने संस्थामा परिषद्को सदस्य भई केही समय सेवा गर्नुभयो साथै Tyndale University College and Seminary को संचालन समितिको सदस्य भई प्राध्यापन पनि गर्नुभयो। संयुक्त राज्य अमेरिकाको न्यूयोर्क सहरको Alliance Theological Seminary मा प्राध्यापकको रूपमा सेवा गरिरहँदा, उहाँ GCOWE'95, Global Consultation of World Evangelization '95 को कार्यकारी व्यवस्थापन समितिमा कार्यकारी अधिकृतको पदमा छानिनुभयो र उहाँलाई दक्षिण कोरियामा आयोजना हुन गइरहेको विश्वव्यापी सुसमाचार अभियानसम्बन्धी सम्मेलनमा महत्वपूर्ण जिम्मेवारी प्रदान गरियो।

त्यसपछि उहाँ आफैले स्थापना गर्नुभएको AMI भन्ने संस्थाद्वारा प्रभुको सेवकाइ गर्न दक्षिण कोरियामा अवस्थित केन्द्रीय कार्यालयमा जानुभयो। कोरियामा उहाँले AMI Satellite Broadcasting Inc. भन्ने सञ्चार केन्द्र स्थापना गरी एसिया र अफ्रिकामा सुसमाचार सुन्न नपाएका मानिसहरूका लागि रेडियोद्वारा प्रचार गर्ने सेवकाइ सुरु गर्नुभयो। हाल उहाँ AMI Church को वरिष्ठ पास्टरको रूपमा आफूलाई प्रभुको सेवामा समर्पित गरी सेवकाइ गर्दैहुनुहुन्छ। त्यसको साथै वृद्ध अवस्थामा पनि येशू ख्रीष्टको महान् आदेश पालन गर्न विभिन्न राष्ट्रहरूमा गई त्यहाँका मण्डलीहरूका निम्ति अगुवापन गोष्ठी, पुस्तक प्रकाशन, श्रव्य-दृश्य र सञ्चारको माध्यमहरूद्वारा परमेश्वरको राज्य विस्तार गर्ने काम गरिरहनुभएको छ।

# मन्तव्य

नेपालीहरू दिन प्रतिदिन परमेश्वरको राज्यमा आइरहेका छन् र नयाँ मण्डलीहरू पनि स्थापना भइरहेका छन्। यो हाम्रो लागि अत्यन्त खुसीको कुरा हो। आफूले चुन्नुभएको विशेष व्यक्तिहरूद्वारा नेपालको मण्डलीहरूको खाँचोलाई परमेश्वरले पूरा गरिरहनुभएको छ। परमेश्वरलाई धन्यवाद! उहाँको आत्माद्वारा डोऱ्याइएर परमेश्वरको कामको निम्ति जीवन बलिदान गर्नुहुने डा. थोमस ह्वाङ अन्तर्राष्ट्रिय स्तरका सुसमाचारवादी ईश्वरशास्त्री हुनुहुन्छ। उहाँले लेख्नुभएका पुस्तकहरूद्वारा धेरैले आशिष् पाएका छन्। बाइबल लिगमा तालिम लिने मण्डली स्थापकहरूले उहाँका पुस्तकहरूद्वारा आत्मिक उर्जा पाएका छन्।

येशू ख्रीष्टले दिनुभएको उपदेश अरूको तुलनामा उत्तम र अद्वितीय छ। डाँडाको उपदेशमा भएका जटिल विषयलाई समेटेर तयार पारिएको यो पुस्तकबाट धेरै व्यक्तिहरूको आत्मिक जीवन परिवर्तन हुनेछ भन्ने मलाई लाग्छ। यस पुस्तकले येशू ख्रीष्टको शिक्षाहरूलाई सरल प्रकारले व्याख्या गरेको हुनाले यसलाई बुझ्न, बुझाउन र व्यवहारमा उतार्न सजिलो हुनेछ। यस पुस्तकले विश्वासीहरूलाई आत्मिकरूपमा बलियो बनाउनेछ।

अन्तमा लेखक डा. थोमस ह्वाङलाई धन्यवाद! म उहाँको सेवकाइ र सुस्वास्थको निम्ति प्रार्थना गरिरहनेछु। परमेश्वरले उहाँलाई र पाठकहरूलाई आशिष् देऊन्।

रामहरि खड्का
निर्देशक
बाइबल लिग, नेपाल।

# मन्तव्य

जसरी नेपालमा ख्रीष्टीय मण्डलीहरूको वृद्धि तीव्र गतिमा भइरहेको छ, बाइबलको सही र सन्तुलित शिक्षा प्रदान गर्ने सरल र स्पष्ट बुझिने भाषामा लेखिएका पुस्तकहरूको खाँचो पनि बढ्दैगएको छ। डा. थोमस ह्वाङद्वारा लेखिएको यो पुस्तकले केही हदसम्म उक्त खाँचोलाई पूरा गर्नेछ। विशेष गरी नेपालको कुना काप्चामा बसेर परमेश्वरको सेवकाइ गर्ने व्यक्तिहरूलाई यसले ठूलो सहायता मिल्नेछ।

यो पुस्तक पूर्णरूपमा बाइबल धर्मशास्त्रमा आधारित छ। यसमा समावेश गरिएका विषयवस्तुहरू सैद्धान्तिकरूपमा पक्का, बुझ्नमा सरल र सिकाउनमा उपयोगी देखिन्छ। बाइबल अध्ययन गर्ने विद्यार्थीहरू, अध्यापन गराउने शिक्षकहरू, मण्डलीका पास्टर अगुवाहरू र ईश्वरशास्त्र सिक्न चाहनेहरूलाई यो पुस्तक अत्यन्तै लाभदायक हुनेछ भन्ने मैले ठानेको छु। यो पुस्तक बढीभन्दा बढी व्यक्तिहरूका हातमा पुगोस् र यसलाई अध्ययन गर्ने सबैलाई परमेश्वरले प्रशस्त आशिष् देऊन्।

रेभ. डा. सिमोन पाण्डे
आशाको सन्देश

# विषय सूची

परिचय ........ १३
मत्ती ५ देखि ७ अध्यायहरूमा उल्लेखित १२ खण्डहरू ........ १५

**खण्ड – १**

आशिषित सन्देशहरू ........ १७
आशिषित सन्देशहरूका संरचना ........ १९
विभिन्न किसिमका आशिष्‌हरू ........ २३
मानिसमा हुने तीन भागहरू ........ ३१
शरीरमा हुने तत्वहरू ........ ३५
प्राण ........ ३९
प्राणको चार भागहरू ........ ४३
हृदयको विभिन्न नाउँहरू ........ ४५
अइसाईहरूको हृदयको अवस्था ........ ४९
रोमको इसाईहरूका हृदयको अवस्था ........ ५७
कोरन्थीको इसाईहरूका हृदयको अवस्था ........ ६१
गलातीको इसाईहरूका हृदयको अवस्था ........ ६५
एफिसीको इसाईहरूका हृदयको अवस्था ........ ६७
तीतोपनको जराहरूले ल्याउने परिणामहरू ........ ७१
तीतोपनको जराहरू कसरी हटाउने? ........ ७३
परमेश्वरको राज्यमा तहगत समाज ........ ७५
आशिषित सन्देशको आठ भागहरू ........ ८३

(१) आत्मामा दीन हुनु ........................................................ ८४
(२) शोक गर्नु .................................................................... ८९
(३) नम्र हुनु .................................................................... १००
(४) धार्मिकताको निम्ति भोकाउनु र तिर्खाउनु ......................... १०५
(५) दयालु हुनु .................................................................. १०९
(६) हृदय शुद्ध हुनु ............................................................ ११३
(७) मेलमिलाप गराउनु ...................................................... ११६
(८) धार्मिकताको निम्ति सताइनु ........................................... ११९

**खण्ड - २**

नून र ज्योति ................................................................... १२३

**खण्ड – ३**

व्यवस्था पूरा गर्नु ............................................................ १२७

**खण्ड – ४**

सिद्ध होऊ ........................................................................ १३१
पुरानो करारका दश आज्ञाहरू ............................................... १३३
व्यवस्था पूरा गर्ने येशू ......................................................... १३६

**खण्ड – ५**

तीन किसिमका पाखण्डीपन .................................................. १३९

**खण्ड - ६**

प्रभुले सिकाउनुभएको प्रार्थना ............................................... १४५
(१) हे हाम्रा स्वर्गमा बस्नुहुने पिता ........................................ १४६
(२) तपाईंको नाउँ पवित्र गरियोस् ......................................... १५५
(३) तपाईंको राज्य आओस् .................................................. १५६

(४) तपाईंको इच्छा स्वर्गमा झैँ यस पृथ्वीमा पूरा होस् ............... १५७
(५) हामीलाई हाम्रो दैनिक भोजन दिनुहोस् ............................. १५९
(६) हाम्रा अपराधहरू क्षमा गर्नुहोस् जसरी हामीले पनि
आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौँ ..................... १५९
(७) हामीलाई परीक्षामा पर्न नदिनुहोस् .................................. १६१
(८) दुष्टबाट बचाउनुहोस् ..................................................... १६३

**खण्ड – ७**

दुई मालिकहरू ................................................................... १६७

**खण्ड – ८**

पहिले परमेश्वरको राज्य र धार्मिकता खोजी गर ...................... १७१

**खण्ड – ९**

माग, खोज र ढकढक्याऊ ..................................................... १७५

**खण्ड – १०**

साँघुरो ढोका र फराकिलो ढोका ............................................ १७७

**खण्ड – ११**

झूटा अगमवक्ताहरू ............................................................ १७९

**खण्ड – १२**

घर बनाउने बुद्धिमान् र मूर्ख मानिसहरू .................................. १८१

**निष्कर्ष** ................................................................................ १८३

छानिएका सन्दर्भ सामाग्रीहरू ............................................... १८५

# परिचय

## INTRODUCTION

येशू ख्रीष्टले डाँडाबाट दिनुभएको उपदेशहरू बाइबलमा दुई ठाउँमा उल्लेख गरिएका छन्। पहिलो खण्ड मत्ती ५ देखि ७ अध्यायहरू हुन् भने दोस्रो खण्डचाहिँ मत्ती २४ र २५ अध्यायहरू हुन्। पहिलो उपदेश उहाँले सार्वजनिक सेवकाइको प्रारम्भमा दिनुभयो भने दोस्रो उपदेश क्रूसमा बलिदान हुनुभन्दा केही दिन अगाडि दिनुभयो। मत्ती ५ देखि ७ अध्यायहरूका शिक्षा उहाँले गालील क्षेत्रमा पर्ने सानो पहाडबाट दिनुभएको थियो। त्यो डाँडा कफर्नहुम र खोराजिनको बीचमा पर्छ। बाइबल विद्वान्हरूले उक्त डाँडालाई येशूले उपदेश दिनुभएको डाँडा भन्दछन्। येशू ख्रीष्ट सेवकाइको लागि कफर्नहुममा करिब ३ वर्षसम्म बस्नुभयो र उहाँको सेवकाइको केन्द्रबिन्दु त्यही ठाउँ थियो। त्यसको नजिक पर्ने बेथसेदा माझीहरूको गाउँ थियो र पत्रुसको घर त्यहीँ पर्थ्यो। बेथसेदाको पछाडिपट्टि पर्ने पहाडमा येशूले निस्तार चाडमा पाँच हजारभन्दा बढी मानिसहरूलाई रोटी र माछा खुवाउनुभयो (यूहन्ना ६:१-१५)।

मत्ती २४ र २५ अध्यायहरूमा उल्लेखित शिक्षा येशूले क्रूसमा टाँगिनुभन्दा तीन दिनअगाडिको मङ्गलवार दिनुभएको थियो। त्यो शिक्षा उहाँले यरूशलेमको नजिकै पर्ने जैतुन डाँडाबाट दिनुभएको थियो। यरूशलेम मन्दिरको चोकबाट निस्केर किद्रोन उपत्यका पार गर्दै अलि पूर्वतिर गएपछि दुइ वटा पहाडहरू छन् जसलाई गेतसमनी डाँडा र जैतुन डाँडा भनिन्छ।

त्यो दिन येशूले मन्दिरको चोकबाट शिक्षा दिनु भएपछि पूर्वी ढोकाबाट निस्केर किद्रोन उपत्यका हुँदै जैतुन डाँडामा जानुभयो। त्यहाँबाट येशूले

चेलाहरूलाई महत्वपूर्ण शिक्षाहरू दिनुभयो। त्यसबेला येशूले चेलाहरूलाई उहाँको दोस्रो आगमनअघि हुने घटनाहरूका बारेमा बताउनुभयो र सात वटा दृष्टान्तहरूद्वारा उठाई लगिने विश्वासीहरूमा हुनुपर्ने योग्यताहरू पनि बताउनुभयो (मत्ती २४:३७-२५:४६)।

मत्ती ५ देखि ७ अध्यायहरूमा उल्लिखित डाँडाको उपदेश विश्वासीहरूले पालन गर्नुपर्ने मुख्य आत्मिक शिक्षा हो। यसको संक्षिप्त विवरण लूका ६:१७-४९ मा उल्लिखित छ। त्यहाँ येशूले यस्ता कुराहरू भन्नुभएको छ: यी शिक्षाहरू पालन गर्‍यौ भने तिमीहरू आशिषित हुनेछौ। तिमीहरू परमेश्वरको राज्यमा विशेष व्यक्तिहरू हुनेछौ। तिमीहरूले स्वर्गमा इनाम पाएर उच्च स्थानमा रहनेछौ। तिमीहरू यस संसारमा नून र ज्योति हुनेछौ। तिमीहरू पाखण्डी स्वभाव नभएका सिद्ध विश्वासीहरू हुनेछौ। तिमीहरूले सत्रुलाई प्रेम गर्नेछौ। तिमीहरूले दुइ मालिकको सेवा गर्नेछैनौ। तिमीहरू परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्दै साँघुरो ढोकाबाट छिर्नेछौ। तिमीहरू बालुवामा घर बनाउने मूर्ख मानिसजस्तो होइन तर चट्टानमाथि घर बनाउने बुद्धिमान् मानिस हुनेछौ।

उहाँका चेलाहरूलाई ती आज्ञाहरू पालन गर्न धेरै गाह्रो थियो किनभने त्यो शिक्षा येशूले तिनीहरूलाई चुन्नेबित्तिकै दिनुभएको थियो। तर पछि गएर पेन्तिकोसको अनुभवपछि पवित्र आत्माको शक्तिमा तिनीहरूले ती आज्ञाहरू पालन गर्न सके।

डाँडाको उपदेशमा आज्ञाहरूको साथमा शर्तहरू छन्। त्यहाँ हामीले यस्ता वाक्यहरू भेट्टाउँछौँ: तिमीहरूले मेरा वचनहरू पालन गर्‍यौ भने आशिष् पाउनेछौ तर यदि तिमीहरूले यी वचनहरू पालन गरेनौ भने आशिष् पाउने छैनौ। सारंशमा भन्नुपर्दा यो संसारमा सबै कुरा गरेर डाँडाको उपदेश पालना गर्दैनौँ भने हामी बालुवामा घर बनाउने मूर्ख मानिसजस्तै हुनेछौँ। त्यसैले हरेक विश्वासीहरूले डाँडाको उपदेश पालन गर्नु अति महत्वपूर्ण छ।

# मत्ती ५ - ७ अध्यायहरूमा भएका १२ खण्डहरू

## TWELVE SECTIONS OF MATTHEW CHAPTERS 5-7

डाँडाको उपदेशमा जम्मा १२ खण्डहरू छन्। तीमध्ये मत्ती ५, ६ र ७ अध्यायहरू प्रत्येकमा चार-चार वटा खण्डहरू उल्लेखित छन्।

**अध्याय:५**

खण्ड १: आशिषित सन्देशहरू (मत्ती ५:३-१२)

खण्ड २: नून र ज्योति (मत्ती ५:१३-१६)

खण्ड ३: व्यवस्था पालन (मत्ती ५:१७-२०)

खण्ड ४: सिद्ध हुनु (मत्ती ५:२१-४८)

**अध्याय:६**

खण्ड ५: तीन किसिमका पाखण्डीपनहरू (मत्ती ६:१-१८)

खण्ड ६: प्रभुले सिकाउनुभएको प्रार्थना (मत्ती ६:९-१३)

खण्ड ७: दुइ मालिकहरू (मत्ती ६:१९-२४)

खण्ड ८: परमेश्वरको राज्य र धार्मिकताको खोजी गर (मत्ती ६:२५-३४)

**अध्याय:७**

खण्ड ९: माग, खोज र ढकढक्याऊ (मत्ती ७:१-१२)

खण्ड १०: साँघुरो ढोका र फराकिलो ढोका (मत्ती ७:१३-१४)

खण्ड ११: झूटा अगमवक्ताहरू (मत्ती ७:१५-२३)

खण्ड १२: घर बनाउने बुद्धिमान् र मूर्ख मानिसहरू (मत्ती ७:२४-२९)

डाँडाको उपदेशको यी १२ खण्डहरूमा इसाईहरूका अति महत्वपूर्ण शिक्षाहरू भए तापनि डिस्पेन्सेसनवादी (Dispensationalist) भन्ने समूहले यो शिक्षा

अहिलेका इसाईहरूको लागि होइन तर भविष्यमा हुने १००० वर्षको राज्यको लागि हो भन्दछन्। डाँडाको उपदेशमा येशू ख्रीष्टको मृत्यु, पनरुत्थान अनि प्रायश्चितजस्ता मानिसको उद्धारसम्बन्धी कुराहरू उल्लेख नभएकोले यो शिक्षा अहिले लागु हुँदैन भनी तिनीहरू तर्क गर्दछन्। तिनीहरूको विचारमा प्रकाश १ देखि ३ र १९ देखि २२ अध्यायहरू अन्यजातिहरूका लागि हो भने प्रकाश ४ देखि १८ अध्यायहरूचाहिँ यहूदीहरूका लागि हो भनी तिनीहरू विचार गर्छन्। डिस्पेन्सेसनवादीहरूले इस्राएल र यहूदीहरूलाई आदरपूर्ण दृष्टिकोणले हेर्दै बाइबलमा उल्लेखित १००० वर्षको राज्यलाई शाब्दिक अर्थ लगाउँछन्। तिनीहरूले प्रि-मीलेनियम (Pre-Millenium) र प्री-ट्रीबुलेसन (Pre-Tribulation) को सिद्धान्तहरूमा विश्वास गर्छन्। तिनीहरूले संसारको कालखण्डअनुसार बाइबललाई ७ भागहरूमा विभाजन गरेका छन्। कतिपय इसाईहरूले डिस्पेन्सेसनवादीहरूको सिद्धान्तहरूलाई स्वीकार गर्दैनन्। जे-जस्तो भए तापनि सिद्धान्तहरू मानिसले बनाएका हुन् भने बाइबलचाहिँ पवित्र आत्माको प्रेरणामा विशेष व्यक्तिहरूले लेखेका हुन्। येशू ख्रीष्टले डाँडाबाट दिनुभएको उपदेशलाई मत्तीले आफ्नो पुस्तकमा राम्रोसँग लेखेका छन्। यसले मानिसको जीवन परिवर्तन गरी स्वर्गीय आशिष्हरू प्राप्त गर्न सहायता गर्छ। अब हामी डाँडाको उपदेशमा उल्लिखित १२ वटा महत्वपूर्ण खण्डहरूलाई एक-एक गरी चर्चा गर्नेछौँ।

**खण्ड - १**

# आशिषित सन्देशहरू

## THE BEATITUDES

मत्ती ५ देखि ७ अध्यायहरूमा १२ वटा खण्डहरू छन् र प्रत्येक अध्यायमा महत्वपूर्ण शिक्षाहरू उल्लेख भएका ४ वटा खण्डहरू छन् भन्ने कुरा हामीले अघिल्लो पाठबाट थाहा पाइसक्यौँ। बाइबलमा प्रयोग भएका अङ्कहरूको अर्थ हुन्छ र अङ्क ४ को पनि विशेष अर्थ छ। यसको अर्थ परमेश्‍वरले पूर्व योजना गर्नुभएको उद्देश्य प्राप्तिको लागि तयारीको समय हो। तयारी अथवा तालिमको समय सजिलो हुँदैन। तयारीको लागि परिश्रम, तालिम, दुःख-कष्ट, लगानी, सतावट र सङ्कट आवश्यक हुन्छ। अङ्क ४ प्रयोग भएको बाइबलमा केही विशेष घटनाहरू छन्, जस्तैः नोआको समयमा भएको ४० दिनको जल-प्रलय, इस्राएलीहरूको ४०० वर्ष मिश्रमा दासत्व, इस्राएलीहरूको ४० वर्ष मरुभूमि यात्रा, मोशाको जीवनमा ४०-४०-४० वर्षको फरक तीन भागहरू, मोशाले सिनै पर्वतमा ४० दिन बिताएको, दाऊद राजाको ४० वर्षको शासन काल, मलाकी र मत्तीको पुस्तक बीचको अन्तर ४०० वर्ष, सेवकाइ सुरु गर्नुभन्दा पहिले येशूको ४० दिन उपवास र येशू ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहणबीचको ४० दिन आदि।

यी सबै घटनाहरूमा अङ्क ४ को भूमिका महत्वपूर्ण देखिन्छ। येशू ख्रीष्ट पुनरुत्थान हुनुभएपछि यो संसारमा ४० दिन बस्नुहुँदा आफ्ना चेलाहरूलाई ५ पटक महान् आज्ञा दिनुभयो (मत्ती २८:१९; मर्कूस १६:१५; लूका २४:४७; यूहन्ना २०:२१; प्रेरित १:८)।

इ.सं. ३० मा येशू ख्रीष्ट स्वर्गारोहण हुनुभएपछि यरूशलेम मण्डली स्थापना भयो। त्यसको ४० वर्षपछि अर्थात् इ.सं. ७० मा तत्कालीन रोमी सम्राट

तीतसको अगुवाइमा यरूशलेम मन्दिर नष्ट गरियो र यरूशलेमको मण्डलीमा सतावट आयो। उक्त सतावटद्वारा छरपस्ट भएका इसाईहरू संसारको विभिन्न ठाउँमा बसोबास गर्नथाले र तिनीहरूले ती ठाउँहरूका यहूदीहरू र अन्यजातिहरूलाई सुसमाचार प्रचार गरे।

डाँडाको उपदेशले मत्तीको पुस्तकमा ३ वटा अध्यायहरू ओगटेको छ र सङ्ख्या ३ पनि परमेश्वरको दृष्टिकोणमा विशेष अङ्क हो। हामीले बुझ्नुपर्ने कुरा के हो भने सङ्ख्या ३ परमेश्वरको त्रिएक अङ्क हो। मत्ती ५ देखि ७ सम्मको ३ वटा अध्यायहरूमध्ये प्रत्येक अध्यायमा ४ वटा खण्डहरू छन्। अर्को शब्दमा भन्ने हो भने डाँडाको उपदेशमा भएका १२ वटा खण्डहरूलाई चार-चार वटा गरी ३ समूहहरूमा विभाजन गरिएका छन्।

येशू ख्रीष्टले उपदेश दिनुहुँदा उहाँलाई पछ्याउनेहरूलाई “धन्य” भन्नुभयो जसको अर्थ “आशिषित हुनु" हो। पहिलो खण्डमा भएको आशिषित सन्देशमा ८ वटा विशेष प्रकारको आशिष्हरू उल्लेख गरिएका छन्, जसलाई हामी चार-चार गरी २ भागमा विभाजन गर्न सक्छौँ। अङ्क २ ले दोहोऱ्याउने, दोब्बर बनाउने अथवा बढाउने अर्थ दिन्छ। उदाहरणको लागि एलिशाले परमेश्वरलाई एलियाको भन्दा दोब्बर आशिष् मागेको घटनालाई लिन सक्छौँ (२ राजा २:९)। येशू ख्रीष्टले यूहन्ना ५:२४ मा "साँच्चै-साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनु हुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ" भनी भन्नुभयो। यहाँ ‘साँच्चै’ भन्ने शब्द दोहोरिनुले येशूले आफ्नो भनाइलाई विशेष जोड दिनुभएको हो भनेर बुझ्न सकिन्छ। यी सबै कुराहरूलाई मध्यनजर गर्दै अब हामी येशू ख्रीष्टले दिनुभएको आशिषित सन्देशहरूलाई आत्मिकरूपमा केलाउँदै जानेछौँ।

# आशिषित सन्देशहरूका संरचना

## STRUCTURE OF THE BEATITUDES

आशिषित सन्देशमा उल्लिखित ८ वटा आशिष्हरू एक आपसमा सम्बन्धित छन्। ती आशिष्हरूलाई २ भागमा विभाजन गरिएको भए तापनि ती दुइ भागहरू एक अर्काको परिपूरक हुन्। पहिलो भागको ४ वटा कुराहरू पूरा भएपछि मात्र दोस्रो भागको आशिष्हरू पाउन सकिन्छ। यिनीहरूमा विशेष आन्तरिक सम्बन्ध छ। तपाईंले दोस्रो भागको ४ वटा आशिष्हरू प्राप्त गर्न चाहनुहुन्छ भने पहिलो भागको ४ वटा कुराहरू अवश्य पूरा गर्नुपर्नेछ। पहिलो भागको ४ वटा आशिष्हरू पनि एक-अर्कामा सम्बन्धित छन्। यिनीहरू क्रमिकरूपमा वृद्धि हुँदै जाने आशिष्हरू हुन्। यी आशिषहरू एकपछि अर्को हुँदै अगाडि बढ्दैजान्छन् तर एउटालाई फड्को मारेर अथवा नाघेर अर्कोमा जाँदैन। येशूले दिनुभएका आशिषित सन्देशहरू क्रमवद्ध अनि व्यवस्थित छन्। त्यसैले यसलाई हामीले प्रार्थनासाथ गहनरूपमा अध्ययन गरी मनन् गर्नुपर्छ। डाँडाको उपदेशको पहिलो खण्डमा (मत्ती ५:३-१२) उल्लेखित आठ वटा आशिषहरू यस प्रकारका छन्।

- धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन्।
- धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्।
- धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन्।
- धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया पाउनेछन्।
- धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्।

- धन्य मेलमिलाप गराउनेहरू, किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्।
- धन्य धार्मिकताको निम्ति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो। धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्। तब रमाओ, र अत्यन्त खुसी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए।

यहाँ उल्लेखित ८ वटा आशिषहरूमध्ये पहिलो ४ वटा आशिषित सन्देशहरू हाम्रो व्यक्तिगत आत्मिकी विकास, सुदृढिकरण र शुद्धिकरणका लागि हुन् भने बाँकी ४ वटा अशिषित सन्देशहरूले अरू व्यक्तिहरू र परमेश्वरसँग सम्बन्ध राख्छन्। आशिषित सन्देशको वाक्य संरचना एकदमै राम्रोसँग मिलेको छ। येशूले भाषा र व्याकरण सिकाउने विद्यालयमा पढ्नु भएन तर उहाँले दिनुभएको शिक्षाहरूमा वाक्य संरचना र व्याकरण राम्रोसँग मिलेको छ। आशिषित सन्देशमा उहाँले दिनुभएको शिक्षाहरू क्रमवद्ध अनि व्यवस्थित छन्। यस्तो किन भएको हो? किनकि येशू ख्रीष्ट सृष्टिकर्ता, सर्वशक्तिमान्, सर्वव्यापि अनि सार्वभौम परमेश्वर हुनुहुन्छ। सबै भाषाहरू र व्याकरणहरू उहाँलाई राम्रोसँग थाहा छ किनभने उहाँ सर्वज्ञानी हुनुहुन्छ। तालिका नं. १ ले आशिषित सन्देशमा उल्लिखित वाक्य संरचना र व्याकरणलाई अझ स्पष्ट पार्दछ।

| अनुक्रम | | शर्तहरू | | प्रतिज्ञा | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | **अवस्था** | **काल** | **आशिष्** | **काल** | **पुरुष** | **वचन** | **सम्बन्ध** |
| १ | **पहिलो तह** | आत्मामा दीन हुनेहरू | वर्तमान | स्वर्गको राज्य तिनीहरूको हो | वर्तमान | तेस्रो | बहुवचन | मेरो लागि |
| २ | | शोक गर्नेहरू | वर्तमान | सान्वना पाउनेछन् | भविष्यत् | तेस्रो | बहुवचन | मेरो लागि |
| ३ | | नम्र हुनेहरू | वर्तमान | पृथ्वीको अधिकार गर्नेछन् | भविष्यत् | तेस्रो | बहुवचन | मेरो लागि |
| ४ | | धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू | वर्तमान | तृप्त हुनेछन् | भविष्यत् | तेस्रो | बहुवचन | मेरो लागि |
| ५ | **दोस्रो तह** | दयावन्तहरू | वर्तमान | दया पाउनेछन् | भविष्यत् | तेस्रो | बहुवचन | म र अरू |
| ६ | | शुद्ध हृदय हुनेहरू | वर्तमान | परमेश्वरलाई देख्नेनछन् | भविष्यत् | तेस्रो | बहुवचन | मेरो लागि |
| ७ | | मेलमिलाप गराउनेहरू | वर्तमान | परमेश्वरका छोराहरू कहलाइनेछन् | भविष्यत् | तेस्रो | बहुवचन | म, अरू र परमेश्वर |
| ८ | | धार्मिकताको निम्ति सताइनेहरू | पूर्ण वर्तमान | स्वर्गको राज्य तिनीहरूको हो | वर्तमान | तेस्रो | बहुवचन | म, अरू र परमेश्वर |

**तालिका नं. १ – आशिषित सन्देशको बनावट**

# विभिन्न किसिमका आशिषहरू

## VARIOUS TYPES OF BLESSINGS

आशिषित सन्देशलाई राम्रोसँग बुझ्नको लागि हामीले आशिष् भनेको के हो अनि यो कति प्रकारको छ भनेर बुझ्नु अति आवश्यक छ। मत्ती ५:३-१२ मा प्रभु येशूले दिनुभएको ८ वटा विशेष सन्देहरूहलाई नेपालीमा आशिषित सन्देश भनिन्छ भने अङ्ग्रेजीमा The Beatitutes भनिन्छ। यो ल्याटिन भाषाको Beatu भन्ने शब्दबाट आएको हो। ल्याटिन इटालियनहरूको पुरानो भाषा हो। आशिषित सन्देशहरूलाई ग्रीक भाषामा Makarios भनिन्छ; जसले 'तिनीहरू धन्यका हुन्' अथवा 'तिनीहरू आशिषित हुन् (Blessed are those) भन्ने अर्थ दिन्छ। पुरानो करारमा विभिन्न किसिमका आशिष्हरूलाई बुझाउने पाँच वटा हिब्रू शब्दहरू उल्लेख गरिएका छन्।

१. आशेरे (Ashre) = आत्मिक आशिष्
२. बेराकाह (Berakah) = शारीरिक र भौतिक आशिष्
३. बाराक (Barak) = शारीरिक, मानसिक र आत्मिक आशिष्
४. गाद (Gad) = सन्तानहरूलाई मिल्ने आशिष्
५. टुब (Tub) = क्षेत्र विकास, शक्ति र अधिकारहरू पाउने आशिष्

**आशेरे - आत्मिक आशिषसँग सम्बन्धित बाइबल खण्डहरू : -** धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिँड्दैन, जो पापीहरूको मार्गमा खडा हुँदैन, अनि गिल्ला गर्नेहरूको सङ्गतमा बस्दैन। तर परमप्रभुको व्यवस्थामा नै त्यो खुसी रहन्छ (भजन १:१-२)। धन्य त्यो व्यक्ति, जसका अपराध क्षमा भएको छ, र जसका पाप ढाकिएका छन् (भजन ३२:१)। त्यो जाति धन्यको हो, जसको

परमेश्वर परमप्रभु हुनुहुन्छ, ती मानिसहरू, जसलाई आफ्नो उत्तराधिकारको निम्ति उहाँले चुन्नुभयो (भजन ३३:१२)। त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा आफ्नो भरोसा राख्तछ, जसले अभिमानीहरूतिर हेर्दैन, नता तिनीहरूतिर, जो झूटा देवहरूपट्टि लाग्छन् (भजन ४०:४)। धन्य हुन् तिनीहरू, जसलाई तपाईं छान्नुहुन्छ, र तपाईंको मन्दिरमा रहनलाई नजिक ल्याउनुहुन्छ, र तपाईंको घर, तपाईंको पवित्र मन्दिरका उत्तम-उत्तम पदार्थले हामी तृप्त भएका छौं (भजन ६५:४)। हे परमप्रभु, त्यो मानिस धन्यको हो, जसलाई तपाईंले ताडना दिनुहुन्छ, र आफ्नो व्यवस्थाबाट सिकाउनुहुन्छ (भजन ९४:१२)। तिनीहरू धन्यका हुन्, जो न्यायमा चल्दछन्, जो सधैँ सदाचरण गर्छन् (भजन १०६:३)।

त्यो मानिस धन्यको हो, जसले परमप्रभुको भय मान्दछ, र उहाँका आज्ञाहरूमा ज्यादै प्रसन्न हुन्छ (भजन ११२:१)। धन्यका हुन् तिनीहरू, जसको आचरण निर्दोष छ, जो परमप्रभुको व्यवस्थामा चल्दछन्। धन्यको हुन् तिनीहरू, जसले उहाँका कानुन पालन गर्छन्, र उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन् (भजन ११९:१-२)। परमप्रभुको भय मान्नेहरू सबै धन्यका हुन्, जो उहाँका इच्छाअनुसारका चालहरूमा चल्छन् (भजन १२८:१)। धन्य हो त्यो मानिस, जसले बुद्धि प्राप्त गर्छ, र समझशक्ति हासिल गर्छ (हितोपदेश ३:१३)। अब हे मेरा छोरा हो, मेरो कुरा सुन, तिनीहरू धन्य हुन्, जसले मेरा मार्गहरू अपनाउँछन् (हितोपदेश ८:३२)। तापनि तिमीहरूमाथि अनुग्रह गर्न परमप्रभु इच्छा गर्नुहुन्छ। तिमीहरूमाथि दया देखाउन उहाँ उठ्नुहुन्छ, किनकि परमप्रभु, न्याय गर्नुहुने परमेश्वर हुनुहुन्छ। उहाँको प्रतीक्षा गर्ने सबै धन्यका हुन् (यशैया ३०:१८)।

**बेराकाह - शारीरिक र भौतिक आशिषसँग सम्बन्धित बाइबल खण्डहरू : -** उनले तिनलाई आफ्नो घरको र आफूसँग भएका सबै कुराको मुख्य कारिन्दा तुल्याएको समयदेखि परमप्रभुले योसेफको खातिर त्यस मिश्रीको घरमा आशिष् दिनुभयो। परमप्रभुको आशिष् उनको घरबार, अन्न-खेत र सबै कुरामाथि थियो (उत्पत्ति ३९:५)। त्यहीँ नै तिमीहरू र तिमीहरूका परिवारहरूले परमप्रभु आफ्ना परमेश्वरको सामुन्ने खानपान गर्नेछौ र

तिमीहरूले गर्ने सबै काममा आनन्द मनाउनेछौ, कारण परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुभएको छ (व्यवस्था १२:७)। तपाईंले उत्तम आशिष् लिएर उनलाई स्वगत गर्नुभयो। तपाईंले निखुर सुनको शिरपेच उनको शिरमा लगाइदिनुभयो (भजन २१:३)। तिनीहरू धन्यका हुन्, जसको बल तपाईंमा छ, जसले आफ्ना हृदयमा तीर्थ जाने निधो गरेका छन् (भजन ८४:५)। किनकि म सुकेको जमिनमा पानी र सुक्खा भूमिमा खोलाहरू खन्याइदिनेछु। म तेरो वंशमाथि मेरो आत्मा खन्याउछु र तेरो सन्तानलाई आशिष् दिनेछु (यशैया ४४:३)। त्यो मानिस धन्य हो, जो पर्खन्छ र एक हजार तीन सय पैँतीस दिनको अन्तसम्म पुग्छ (दानिएल १२:१२)। सम्पूर्ण दशमांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस्। यसमा मलाई जाँचेर हेर, “सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, “म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ” (मलाकी ३:१०)।

**बाराक - शारीरिक, मानसिक र आत्मिक आशिषसँग सम्बन्धित बाइबल खण्डहरू : -** म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु, र तँलाई आशिष् दिनेछु। म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिषको मूल हुनेछस् (उत्पत्ति १२:२)। परमेश्वरले तँलाई र तेरा सन्तानहरूलाई अब्राहामले पाएको आशिष् दिऊन्, कि तँ प्रवासी भएको यस देशमा, जो परमेश्वरले अब्राहामलाई दिनुभएको हो, तेरै अधिकार होस् (उत्पत्ति २८:४)। तब मोशाले भने, "आज तिमीहरू आफ्ना-आफ्ना छोरा र आफ्ना-आफ्ना भाइलाई नाश गरी परमप्रभुको निम्ति अलग गरिएका छौ। आज उहाँले तिमीहरूलाई आशिष् दिनुभएको छ" (प्रस्थान ३२:२९)। छैटौँ वर्षमा म आफ्नो आशिष् तिमीहरूलाई दिनेछु, र भूमिले तीन वर्षको फसल उब्जाउनेछ (लेबी २५:२१)। परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गर्‍यौ भने यी सबै आशिष् तिमीहरूलाई लाग्नेछन्, र तिमीहरूसाथ रहिरहनेछन् (व्यवस्था २८:२)।

छुटकारा परमप्रभुबाट आउँछ। तपाईंको आशीर्वाद तपाईंका प्रजामाथि रहोस् (भजन ३:८)। तिनको मुट्ठी सधैँ उदार रहन्छ, र तिनले खुला रूपले पैँचो

दिन्छन्, र तिनका सन्तानले आशिष् पाउनेछन् (भजन ३७:२६)। धर्मात्माको शिरमाथि आशिषको मुकुट रहन्छ (हितोपदेश १०:६)। विश्वसनीय मानिसले बेसरी आशिष् पाउनेछ, तर धनी हुनलाई व्यग्र बन्नेहरू दण्डविना रहनेछैन (हितोपदेश २८:२०)।

**गाद - सन्तानलाई मिल्ने आशिषसँग सम्बन्धित बाइबल खण्डहरू : -** लेआकी कमारी जिल्पाले याकूबबाट एउट छोरो जन्माई र लेआले भनिन्, 'भाग्यमानी'। यसैकारण तिनले त्यसको नाउँ 'गाद' राखिन् (उत्पत्ति ३०:१०-११)।

**टुब - क्षेत्र विकास, शक्ति र अधिकारको आशिषसँग सम्बन्धित बाइबल खण्डहरू : -** उनीहरूले तरवारको बलले देश जितेका होइनन् नता उनीहरूको बाहुबलले उनीहरूले विजय हासिल गरेका हुन्। तपाईंकै दाहिने बाहुलीले, तपाईंकै पाखुराले र तपाईंका मुहारको प्रकाशले उनीहरू विजयी भएका थिए, किनभने तपाईंले उनीहरूलाई प्रेम गर्नुहुन्थ्यो (भजन ४४:३)। परमप्रभुका निगाहको प्रशस्ततामा नप्ताली उहाँका आशिष्को भरपूर भएका छन्। तिनले तलाउको दक्षिणतिर अधिकार गर्नेछन् (व्यवस्था ३३:२३)।

नयाँ करारमा येशूले दिनुभएको डाँडाको उपदेशमा आशेरे अर्थात् आत्मिक आशिष्हरूबारे बताइको छ। वास्तवमा आत्मिक आशिष् पाउनेले परमेश्वरबाट विशेष निगाह पाउँछ। हामीसँग कमजोरी र त्रुटिहरू भए तापनि परमेश्वरले हामीलाई वास्ता र प्रेम गरी आशिष् दिनुहुन्छ। हामीलाई विभिन्न किसिमका अशिष्हरू आवश्यक छ भनी परमेश्वरलाई थाहा छ तर हामीलाई ती आशिष्हरू दिन उहाँले विशेष होसियारी अपनाउनुहुन्छ किनभने धरैले आशिष् पाएपछि उहाँलाई बिर्सने र त्याग्ने गर्छन्। हाम्रो चहानाअनुसार होइन तर आवश्यक्ताअनुसार र उहाँको महिमाको निम्ति परमेश्वरले हामीलाई उहाँको इच्छाअनुसार आशिष्हरू दिनुहुन्छ। प्राय: मानिसले यस्ता आशिष्हरूको चाहना गर्छन्: असल सन्तान, धन-सम्पत्ति, जग्गा-जमिन, लामो आयु, राम्रो स्वास्थ्य, राम्रो घर, सवारी साधन, ज्ञान-बुद्धि, शक्ति-बल, हक-अधिकार, आदर-इज्जत र पद-ओहोदा आदि।

प्राय: इसाईहरू माथि उल्लेखित पाँचै किसिमका आशिष्हरू पाउन चाहन्छन् तर परमेश्वरले आफ्ना प्रिय जनहरूलाई तुरुन्तै सबै आशिष्हरू एकसाथ दिनुहुन्न किनकि सबै आशिष्हरू एकैचोटि पाएमा मानिस घमण्डले फुलेर पतन हुने ठूलो सम्भावना हुँदछ। आत्मिक व्यक्तिको निम्ति आत्मिक आशिष् पाँच प्रकारका आशिष्हरूमध्ये सर्वश्रेष्ठ हो। यो स्वर्गीय अनि अनन्तसम्म रहने आशिष् हो। अरू चार किसिमका आशिष्हरूचाहिँ भौतिक, सांसारिक, नाशवान् र क्षणिक हुन्। सांसारिक आशिष्हरू मृत्युसँगै लोप भएर जानेछन् तर आत्मिक आशिष् सधैँभरि रहिरहन्छ। अफसोसको कुरा के हो भने बहुसङ्ख्यक इसाईहरू सांसारिक आशिष्हरूको नै चाहना गर्ने गर्छन्। कतिपयलाई आत्मिक आशिष् के हो भनी थाहै हुँदैन। धेरैले सांसारिक आशिष् मात्रै बुझेका हुन्छन् किनभने तिनीहरू यही भौतिक संसारमै रुमल्लिएर जिइरहेका हुन्छन्। तिनीहरूका सोच-विचार सांसारिक कुराहरूमा मात्र केन्द्रित हुन्छ। इसाईहरू आत्मिक प्राणी भए तापनि धेरैको आत्मिक आँखा बन्द भएकोले आत्मिक कुराहरूलाई  देख्न सक्दैनन्।

मानिसले पाँचै प्रकारका आशिष्हरू प्राप्त गर्न सकून् भन्ने परमेश्वरको पनि चाहना हो। आत्मिक आशिष् र सांसारिक आशिष्हरू सँगै काम गर्न कठिन छ भनी परमेश्वर जान्नुहुन्छ। हामी सृष्टि गरिएका प्राणीहरू हौँ; हाम्रो क्षमता सीमित छ अनि हामी कमजोर छौँ। त्यसैले हामी आत्मिकी र भौतिक कुराहरूमा सन्तुलन मिलाउन सक्दैनौँ। हामीले सांसारिक आशिष्हरू प्राप्त गर्‍यौँ भने आत्मिक आशिष्हरू गुमाउने सक्नेछौँ। सांसारिक आशिष्हरूले भरिपूर्ण भयौँ भने हामीले आत्मिक आशिष्हरू खोजी गर्दैनौँ। यो सृष्टि गरिएको प्राणीहरूका स्वाभाविक चरित्र र कमजोरी हो। सर्वज्ञानी परमेश्वरलाई मानिसको स्वभाव, कमजोरी र मनोवृत्ति राम्रोसँग थाहा छ। विशेष गरी परमेश्वरले उहाँको कामको लागि चुनेर र बोलाउनुभएका व्यक्तिहरूलाई उहाँले एकैचोटि सबै आशिष्हरू दिनुहुन्न।

मानिसहरूलाई आत्मिक आशिष्हरूको बारेमा बताउनु मण्डलीको अगुवाको प्रमुख कर्तव्य हो। सबै किसिमका सांसारिक आशिष्हरू छ भने बिस्तारै मानिस घमण्डी, पाखण्डी र कपटी हुँदैजान्छ। त्यस्तो अगुवाको हृदय सांसारिक

कुराहरूले भरिएका हुन्छन् तर बाहिरचाहिँ उसले आत्मिक कुराहरू प्रकट गर्ने गर्छ। २००० वर्षको इसाई इतिहासलाई हेर्ने हो भने धरै पास्टरहरू, बिशपहरू र प्रचारकहरू अनि आफूलाई ठूलो अगमवक्ता हुँ भन्नेहरू सांसारिक आशिष्हरू पाएर भ्रष्ट भएका छन्। तिनीहरूलाई बाहिरबाट हेर्दा धार्मिक र आत्मिक देखिन्छ तर तिनीहरूभित्र ब्वाँसोको स्वभाव हुन्छ। यो कसैलाई दोष लगाउने कुरा होइन; तर मानिसको स्वभाव नै यस्तै हो भनी हामीले बुझ्नुपर्छ। त्यसैकारण परमेश्वरले आफ्ना प्रिय जनहरूको जीवनमा सांसारिक आशिष्हरू राख्नुहुन्न। उदाहरणको लागि सन्त पावललाई लिन सकिन्छ। उनी राम्रो शिक्षा पाएका अनि राजनैतिक अधिकार प्राप्त उच्च कुल-घरानाको मानिस थिए तर परमेश्वरले आफ्नो राज्यको काम गराउनको निम्ति उसको जीवनबाट सांसारिक आशिष्हरू खोसिदिनुभयो। पछि पावलले सेवकाइको निम्ति अरूबाट आर्थिक सहायता माग्नु पऱ्यो। त्यति मात्र होइन परमेश्वरले उनको स्वस्थ्यमा समस्या आउन दिनुभयो। पावलले परमेश्वरसँग आफ्नो शारीरिक कमजोरी हटाउन तीनपटक प्रार्थना गरे तर परमेश्वरले ‘मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ’ भन्नुभयो (२ कोरिन्थी १२:७-१०)।

राजा दाऊदले पाँचै प्रकारका आशिष्हरू पाएका थिए। सलोमनले पनि सबै आशिष्हरू पाएका थिए तर पछि उनी पतन भए। अब्राहाम विश्वासमा जिउने व्यक्ति थिए। त्यसैले पछि गएर उनले धेरै आशिष्हरू पाए। हामी पनि दाऊद र अब्राहामजस्तै आशिषित व्यक्ति बन्न चाहन्छौँ भने भौतिक आशिष्हरूभन्दा आत्मिक आशिष्हरूमा मन लगाउनुपर्छ। त्यसको निम्ति येशूले डाँडाबाट दिनुभएको शिक्षाहरूमध्ये पहिलो खण्डमा उल्लेखित आशिषित सन्देशहरूलाई हामीले राम्रोसँग बुझ्नुपर्छ।

आशिषित सन्देशको प्रत्येक वाक्यमा शर्त र प्रतिज्ञा छन्। त्यहाँ यस्ता वाक्यहरू छन्: तिमीहरूले यसो गऱ्यौ भने, म तिमीहरूका निम्ति यो काम गरिदिनेछु। येशू प्रभुले हामीलाई आशिष् दिनुभन्दा पहिले हामीबाट काम र आज्ञाकारिता खोज्नुहुन्छ। त्यहाँ उल्लेखित आज्ञा र प्रतिज्ञाहरू सबै इसाईहरूका लागि हुन् किनभने ती वाक्यहरू बहुवचनमा लेखिएका छन्। आठ

वटा सन्देशहरूमध्ये पहिलो र आठौँ सन्देशमा अरू सन्देशहरूभन्दा फरक किसिमको अभिव्यक्ति पाइन्छ। पहिलो सन्देशमा शर्त र प्रतिज्ञा वर्तमान् कालमा लेखिएको छ भने आठौँ सन्देशमा शर्त पूर्ण वर्तमान कर्म वाच्यमा छ अनि प्रतिज्ञाचाहिँ वर्तमान कालमा लेखिएको छ। अरू बाँकी छ वटा सन्देशहरूका शर्तहरू वर्तमान कालमा छन् भने प्रतिज्ञाहरूचाहिँ भविष्यत् कालमा छन्। येशू प्रभुले दिनुभएको ती आठै वटा आशिषित सन्देशहरूलाई अब हामी विस्तृत रूपमा अध्ययन गर्नेछौँ।

मत्ती ५ देखि ७ अध्यायसम्म भएको डाँडाको उपदेशमा १२ वटा खण्डहरू छन् भन्ने कुरा हामीले थाहा पाइसक्यौँ। यसलाई अर्को शब्दमा भन्ने हो भने डाँडाको उपदेशले मत्तीको पुस्तकमा तीन वटा अध्यायहरू ओगटेको छ र प्रत्येक अध्यायमा ४-४ वटा खण्डहरू छन्। अङ्क ४ र अङ्क ३ परमेश्वरको दृष्टिकोणमा विशेष अर्थ भएको अङ्कहरू हुन्। १२ भनेको ४ र ३ को गुणनफल हो। पुरानो करारमा इस्राएलका १२ कुलहरू थिए भने नयाँ करारमा येशू प्रभुका १२ जना चेलाहरू थिए। १२ मा १२ जोड्दा २४ हुन आउँछ। प्रेरित यूहन्नाले आफ्नो दर्शनमा २४ जना धर्मगुरुहरू त्रिएक परमेश्वरको सिंहासनअगाडि उभिएर उहाँको आराधना गरिरहेका देखे (प्रकाश ४:४)। यूहन्नाले प्रकाशको पुस्तक इ.सं. ९५ तिर लेखेका हुन् र उनी त्यसबेला पत्मोस टापुमा निर्वासित जीवन जिइरहेका थिए।

डाँडाको उपदेशको पहिलो खण्ड- आशिषित सन्देशहरूबाट सुरु हुन्छ। यी आशिषित सन्देशहरू डाँडाको उपदेशको जग हो। हामी आशिषित सन्देशमा उल्लेख गरिएको विश्वासीहरूजस्तै हुनुपर्छ। त्यस किसिमको इसाईहरू भयौँ भने हामी संसारको निम्ति नून र ज्योति हुनेछौँ।

मत्ती ६ अध्यायमा येशूले मण्डलीमा पाखण्डी अगुवाहरू हुन सक्नेछन् भनी बताउनुभयो। पाखण्डी अगुवाहरूले उहाँका शिक्षाहरू पालन गर्दैनन्। तर आफैलाई अरूको सामु धार्मिक देखाउने कोसिस गर्छन्। तिनीहरूले सांसारिक आशिष्‌हरू पाएका हुन्छन् तर आत्मिक आशिष् अथवा आशेरे आशिष् (Ashre Blessing) भने पाएका हुँदैनन्। त्यस्ता अगुवाहरूले आत्मिक आशिष्‌हरू

नपाएको कुरा अरूलाई बताउन चाहँदैनन्। येशूले मण्डलीमा झूटा अगुवाहरू हुन सक्नेछन् भनी बताउनु भएर हामीलाई सचेत पार्नुभएको छ। इसाईहरूमा विशेष गरी तीन किसिमका धार्मिक क्रियाकलापहरूद्वारा पाखण्डीपन देखिन सक्ने कुरा येशूले बताउनुभयो : दान दिने (Alms Giving), प्रार्थना (Payer) र उपवास (Fasting)।

कुनै व्यक्तिले यी तीन प्रकारका धार्मिक क्रियाकलापहरू देखावटी रूपमा गर्ने गर्छन् भने त्यो परमेश्वरको इच्छा विपरीत हुनजान्छ। धेरै अगुवाहरूले त्यस्ता कुराहरूद्वारा प्रख्यात भएर अरू मानिसहरूबाट आदर-महिमा लिन चाहन्छन्। वास्तवमा परमेश्वरको सृष्टिको उद्देश्यचाहिँ सृष्टि गरिएका प्राणीहरूले विनास्वार्थ धन्यवादी भई सृष्टिकर्ता परमेश्वरको मात्र महिमा गर्नु हो। यस विषयमा धर्मशास्त्रमा यसरी लेखिएको छ: हरेको जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचेँ र बनाएँ। त्यस जातिलाई, जसलाई मेरो प्रशंसाको घोषणा गरून् भनेर मेरो निम्ति मैले बनाएँ (यशैया ४३:७,२१)। किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन् (कलस्सी १:१६)।

परमेश्वरलाई दिनुपर्ने महिमा हामी सृष्टि गरिएका प्राणीले लियौँ भने त्यो सृष्टिको उद्देश्यको विरुद्ध हुनजान्छ। धेरै अगुवाहरूले सृष्टिको यस उद्देश्यलाई भङ्ग गर्नेछन् भनी येशूले भन्नुभयो। तिनीहरूले परमेश्वरको महिमा चोरेर आफूले लिनेछन्, जुन उहाँलाई पटक्कै मन पर्दैन। मण्डलीका अगुवाहरूले डाँडाको उपदेशमा उल्लेख भएका शिक्षाहरूअनुरूप जीवनशैली निर्माण गर्दैनन् भने भविष्यमा तिनीहरू ठूलो समस्यामा पर्नेछन्।

अफसोसको कुरा के हो भने केही अगुवाहरूले दुई मालिकहरूका सेवा गर्छन्। तिनीहरूले सृष्टिकर्ता परमेश्वरको साथसाथै विभिन्न प्रकारका दृश्य तथा अदृश्य मूर्तिहरूको आराधना गरिरहेका हुन्छन्। त्यसकारण येशूले आफ्ना चेलाहरूलाई चेताउनी दिँदै भन्नुभयो: "पहिले परमेश्वरको राज्य र उहाँको

धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्" (मत्ती ६:३३)। यसको अर्थ के हो भने सबैभन्दा पहिले हामीले डाँडाको उपदेशमा उल्लिखित शिक्षाहरूलाई सही प्रकारले पालन गर्नुपर्छ अनि त्यसपछि परमेश्वरबाट आउने आशिष्हरूको प्रतिक्षा गर्नुपर्छ।

सबैभन्दा पहिले हामीले परमेश्वरसँग आशिषित सन्देशहरूमा भएका कुराहरू माग्नुपर्छ, खोज्नुपर्छ, र त्यसको निम्ति ढकढक्याउनुपर्छ। थोरै इसाई अगुवाहरूले मात्र साँघुरो ढोकाबाट छिरेर ती असल कुराहरू खोजी गर्ने गर्छन् तर बहुसङ्ख्यक इसाईहरू येशूको शिक्षालाई बेवास्ता गर्दै फराकिलो ढोकाबाट छिर्नेछन्। यस विषयमा उहाँले भन्नुभयो: "झूटा अगमवक्ताहरूदेखि होशियार बस, जो तिमीहरूकहाँ भेड़ाको भेषमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरूजस्ता हुन्छन्" (मत्ती ७:१५)।

बाहिरबाट हेर्दा तिनीरू आत्मिक र धर्मीजस्ता देखिन्छन् तर वास्तवमा तिनीहरू डाह र घृणाजस्ता खराब कुराहरूले भरिएका हुन्छन्। तिनीहरूमा क्षमा नदिने, लोभी, व्यभिचारी, प्रतिस्पर्द्धा गर्ने, बदला लिने, झूट बोल्ने, चोरी गर्ने, रीस गर्ने, कुरा काट्ने, झगडा गर्नेजस्ता डरलाग्दा स्वभावहरू हुन्छन्। तिनीहरू भेडाजस्ता देखिए तापनि वास्तवमा तिनीहरू स्याल र ब्वाँसाजस्ता हुन्छन्।

त्यस प्रकारको चरित्रहरू भएका छली अगुवाहरूले मण्डलीमा नाटकीय ढङ्गमा राम्रो वचन प्रचार गर्छन्, राम्रो शिक्षा दिन्छन् र येशू ख्रीष्टको नाउँमा चङ्गाइको काम पनि गर्छन्, जसले गर्दा यस संसारमा तिनीहरूले मान-सम्मान, धन-सम्पत्ति, पद-ओहोदा र सुख-सुविधा प्राप्त गर्छन्। भविष्यमा न्यायको दिनमा तिनीहरूले येशू प्रभुलाई भन्नेछन्: "हामीले तपाईंको ठूलो सेवकाइ गर्‍यौँ, तपाईंको नाउँमा धेरै अचम्मका कामहरू गर्‍यौँ, त्यसैले हामीलाई इनाम दिनुहोस्।" तर येशूले तिनीहरूलाई यसो भन्नुहुनेछ: "ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ, तिमीहरूलाई म चिन्दा पनि चिन्दिनँ" (मत्ती ७:२१-२३)।

स्वर्गमा जीवनको पुस्तकमा इसाईहरूको नाउँ लेखिएको हुन्छ, र त्यहाँ तिनीहरूको सोच-विचार, व्यवहार र चरित्रलगायत तिनीहरूले गरेका कामहरू पनि लेखिएका हुन्छन्। तिनीहरूले इनाम दिनयोग्य असल काम गरेको छन् भने त्यो पनि लेखिएको हुन्छ र त्यहीमुताविक तिनीहरूले येशू प्रभुबाट स्याबासी र इनाम पाउनेछन्। भविष्यमा येशूले केही इसाईहरूलाई यसो भन्नुहुनेछ: "तिम्रो नाम जीवनको पुस्तकामा लेखिएको छ तर स्याबासी र इनाम दिन लायकको कुनै कुरा यहाँ उल्लेख गरिएको छैन। तिमीले धेरै वर्ष सेवकाइ गरेको थियौ तर त्यो इनाम दिनयोग्य छैन। तिम्रो सेवकाइ सही छैन किनभने तिमीले सृष्टिको उद्देश्यलाई उलङ्घन गरेर मेरो आज्ञा र शिक्षालाई आफ्नो स्वार्थको लागि दुरुपयोग गरेका छौ।"

सृष्टिकर्ता परमेश्वरले कसैलाई पनि आफैले महिमा लिनको निम्ति सृष्टि गर्नुभएको होइन। सृष्टिको उद्देश्य भनेको सृष्टिकर्ता परमेश्वरलाई महिमा दिनु हो। दुःखलाग्दो कुरा के हो भने धेरै अगुवाहरू त्यो वर्गमा पर्नेछन्। येशूले तिनीहरूलाई बालुवामाथि घर बनाउने मूर्ख मानिसहरू भन्नुभयो। डाँडाको उपदेशमा उल्लेख भएका शिक्षाहरू पालन गर्ने मानिसहरूचाहिँ बुद्धिमान् हुन्, जसले आफ्नो घर चट्टानमाथि बनाउँछन्। येशू ख्रीष्टको शिक्षा बुझेर बालुवामा घर बनाउने कि चट्टानमाथि बनाउने अनि फराकिलो ढोकाबाट प्रवेश गर्ने कि साँघुरो ढोकाबाट प्रवेश गर्ने भनी हामी आफैले निर्णय गर्नु पर्छ। सही निर्णय गर्न डाँडाको उपदेशमा उल्लेख भएका आशिषित सन्देशहरू राम्रोसँग बुझेर त्यसलाई गम्भीर भई क्रमवद्ध रूपले पालन गर्नु  नै हाम्रो मुख्य कर्तव्य हो।

# मानिसमा हुने तीन भागहरू

## TRICHOTOMY OF HUMAN

| English | Greek | Hebrew | Nepali |
|---|---|---|---|
| Body | Soma | Baw-Sawr | शरीर |
| Soul | Psuke | Nephes | प्राण |
| Spirit | Pneuma | Ruwach | आत्मा |

**तालिका नं. २ – शरीर, प्राण र आत्मा**

मानिस शरीर, प्राण र आत्मा मिलेर बनेको छ; र यसलाई हामीले निष्कलङ्क राख्नुपर्छ भनी सन्त पावलले लेखेका छन्: "शान्तिका परमेश्‍वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्" (१ थेसलोनिकी ५:२३)।

परमेश्‍वरबाट आशिष् पाउनको लागि हामीले डाँडाको उपदेशमा उल्लेखित आशिषित सन्देशहरूलाई गम्भीररूपमा स्वीकार गरी त्यसलाई सही प्रकारले पालन गर्नु पर्छ। येशूले दिनुभएको ८ वटा आशिषित सन्देशहरूमध्ये पहिलो वाक्य यस्तो छ: "धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो" (मत्ती ५:३)। आत्मामा दीन हुने कुरालाई हामीले राम्रोसँग बुझ्नु आवश्यक छ किनभने यो शिक्षा इसाई जीवनको जग हो। साधारण भाषामा आत्मामा दीन हुनु भनेको हृदयलाई गरीब अथवा दरिद्र बनाउनु हो।

यो सन्देश हृदयसँग सम्बन्धित कुरा भएकोले यसको बारेमा हामीले अध्ययन गर्नु आवश्यक छ। बाइबलमा उल्लिखित आत्मा, हृदय, मन, समझ र प्राण भन्ने शब्दहरूलाई हामीले स्पष्टसँग बुझ्नुपर्छ। साधारणरूपमा मानिसमा शरीर, प्राण र आत्मा हुन्छ भनिए तापनि यससँग सम्बन्धित अन्य शब्दहरू र त्यसका अर्थहरूलाई हामीले केलाएर हेर्नुपर्छ। एकछिन हामी यो पदलाई हेरौं: "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्" (मर्कूस १२:३०)। यो पदले के भन्न खोजेको हो? पुरानो करारको पदलाई (व्यवस्था ६:५) नयाँ करारमा किन राखियो? यसको अर्थ के हो? यसलाई हामीले कसरी पालना गर्न सक्छौँ?

यी सबै प्रश्नहरूको उत्तर पाएर आशिषित व्यक्ति हुनको निम्ति हामीले शरीर, प्राण र आत्मालाई राम्रोसँग बुझ्नुपर्छ। केही विद्वान्हरूले प्राण र आत्मा एउटै हो भन्दछन् तर बाइबले यसलाई स्पष्टसँग छुट्ट्याएको छ। किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ (हिब्रू ४:१२)। यहाँ प्राण अथवा आत्मा भनेर लेखिएको छैन तर प्राण र आत्मा भनेर लेखिएकोछ, जसको मतलब यी दुई एक होइन तर फरक कुराहरू हुन्। बाइबलले दुई किसिमको आत्माको बारेमा बताउँछ: परमेश्वरको आत्मा र मानिसको आत्मा। परमेश्वरको आत्मालाई पवित्र आत्मा भनिन्छ भने मानिसको आत्मालाई मानवीय आत्मा भनिन्छ। मानवीय आत्मालाई हृदय पनि भनिन्छ। पवित्र आत्मा ग्रहण गरेपछि मानिस नयाँ जन्म पाएर आत्मिकरूपमा परमेश्वरको सन्तान बन्दछ र अनन्त जीवनमा प्रवेश गर्छ। साधरणतया यसलाई येशूलाई ग्रहण गर्नु भनिन्छ (यूहन्ना १:१२)। येशूको शिक्षाहरू बुझ्न सहज र सजिलो होस् भन्ने हेतुले शरीर, प्राण र आत्माको बारेमा आउने पाठहरूमा हामी अझै चर्चा गर्नेछौँ।

# शरीरमा हुने तत्वहरू

## COMPONENTS OF BODY

मानिसको शरीर धेरै तत्वहरू मिलेर बनेको हुन्छ, जस्तै: मासु, हाँड, छाला, बोसो, पानी, रगत, मांसपेशी, नसा, स्नायु आदि। त्यसैगरी शरीरमा हात, गोडा, टाउको, मुख, आँखा, कान र नाकजस्ता बाहिरी अङ्गहरू र मुटु, कलेजो, फोक्सो, मिर्गौला, पित्त थैली र आन्द्राजस्ता आन्तरिक अङ्गहरू हुन्छन्। यसको साथै पाँच ज्ञानेन्द्रियहरू (आँखा, कान, नाक, जिब्रो र छाला) पनि हाम्रो शरीरमा छन्, जसले विभिन्न कुराको सन्देश दिमागलाई दिने गर्छन्। शरीरलाई अझै केलाएर हेर्ने हो भने हरेक अङ्ग थुप्रै जीवित कोषहरूद्वारा बनेको हुन्छ। मानिसको शरीरको निर्माण आमाको कोखमा एउटा कोषबाट सुरु हुन्छ र त्यो बिस्तारै वृद्धि र विकास हुँदै जान्छ। त्यो प्रक्रिया आमाको कोखबाट बाहिर निस्केपछि पनि निरन्तर चलिरहन्छ। वृद्धि र विकासको निम्ति मानिसको शरीरलाई उचित खाना आवश्यक पर्छ।

**शरीरको खानाहरू:** भात, दाल, रोटी, तरकारी, गेडागुडी, फल-फूल, साग-सब्जी, माछा, मासु, अण्डा, दूध, दही, घ्यु आदि। यस्ता खानेकुराहरूबाट शरीरले कार्बोहाइड्रेट, प्रोटिन, भिटामिन, चिल्लो पदार्थ, रेशादार पदार्थ, लवण, र पानी प्राप्त गर्छ। स्वस्थ रहनको लागि मानिसले यी सबै तत्वहरू सन्तुलित मात्रामा खानु पर्छ। धेरै खाना खाँदैमा मानिस स्वस्थ हुँदैन। स्वस्थ रहन पाँच वटा चरणहरूलाई ध्यान दिनुपर्छ - ठीक प्रकारले खाने, ठीकसँग

पचाउने, ठीक प्रकारले निष्कासन गर्ने, ठीकसँग आराम गर्ने र ठीक प्रकारले व्यायाम गर्ने।

यी पाँच वटा चरणहरू हाम्रो शरीरको लागि निकै महत्वपूर्ण कुराहरू हुन्। शरीर रोगी छ भने त्यसले प्राण र आत्मालाई असर पार्छ। तसर्थ, प्राण र आत्मालाई स्वस्थ राख्न शरीरलाई तन्दुरुस्त अवस्थामा राख्नुपर्छ। १ थेसलोनिकी ५:२३ ले शरीरको तीनै वटा भागहरू प्रभुको आगमनसम्म स्वस्थ हुनुपर्छ भनेको छन् किनभने शरीर प्राणको घर हो अनि प्राणचाहिँ आत्माको घर हो। यदि शरीरमा समस्या छ भने प्राणले त्यसको परिणाम भोग्नुपर्छ र त्यति मात्र होइन त्यसले आत्मालाई पनि असर पार्छ। त्यसैले मानिसले आफ्नो शरीर स्वास्थ राख्नु अति आवश्यक छ।

स्वस्थ भई सही प्रकारले वृद्धि हुँदै जानको निम्ति हामीले सन्तुलित भोजन खानु पर्छ। सधैँ भात मात्र खान्छौँ तर अन्य कुराहरू खादैनौँ भने हामी अस्वस्थ हुन थाल्छौँ र हाम्रो वृद्धि राम्रोसँग हुँदैन किनभने भातबाट शरीरले सबै तत्वहरू प्राप्त गर्न सक्दैन। डाक्टरहरूले धेरै मात्रामा गुलियो, चिल्लो, तारेको अनि डढेको खानेकुरा खान हुँदैन भनी सुझाव दिन्छन्। त्यसैगरी हानिकारक रसायनहरू मिसाएको पेय पदार्थहरू (कोकाकोला, फ्याण्टा, स्प्राइट, रेडबुल) नपिउनु नै राम्रो हुन्छ। त्यस्ता पेय पदार्थहरूका सट्टामा शुद्ध पानी पिउनु शरीरको लागि लाभदायक हुन्छ। आजभोलि खान नपाएर होइन खान नजानेर धेरै मानिसहरू अस्वस्थ अवस्थामा छन्। खाने कुराहरूको सन्तुलन मिलाउन नजान्ने धेरैलाई ग्यास्ट्रिक, कब्जियत, ब्लड-प्रेसर र मधुमेहजस्ता रोगहरूले सताइरहेका छन्।

बजारमा पाइने तयारी खानाहरू र पेय पदार्थहरू स्वादिष्ट भए तापनि त्यसले शरीरलाई फाइदा गर्दैन। पैसा कमाउनको लागि त्यहाँ व्यापारीहरूले हानिकारक रसायनिक पदार्थहरू मिसाएका हुन्छन्। हामीले त्यस्ता खानेकुराहरू नियमित खान्छौँ भने रोगसँग लड्ने शरीरको प्रतिरोधात्मक शक्ति कम हुँदैजान्छ अनि ती रसायनहरूले संवेदनशील कोषहरूलाई मार्न थाल्छ। त्यसपछि हाम्रो अनुहारको छाला चाउरिँदै जान्छ र शरीरमा विभिन्न

समस्याहरू देखा पर्न थाल्छन्। रोगसँग लड्ने क्षमता कमजोर हुँदै गएपछि क्यान्सरको कोषहरू उत्पन्न हुन थाल्छन्। रोग लागेपछि जीवन तीतो हुन थाल्छ अनि पीडा र तनाव भोग्दै ऋणमा डुबेर अल्पायुमै मर्नुपर्ने हुन्छ।

स्वस्थ रहनको लागि असल खानाहरू खाएर मात्र पुग्दैन, त्यसलाई राम्रोसँग पचाउनु पर्छ। खानालाई पचाउन राम्रोसँग चपाएर निल्नु पर्छ। मुखभित्रको र्‍यालले खाना पचाउन मद्दत गर्छ। र्‍यालमा किटाणुहरू मार्ने शक्ति हुन्छ। मुखमा र्‍याल छैन भने खानालाई राम्ररी पचाउन सकिँदैन र त्यसमा हुने पौष्टिक तत्वहरू हाम्रो शरीरले सोसेर लिन सक्दैन। र्‍याल परमेश्वरले हामीलाई स्वस्थ रहनको निम्ति दिनुभएको वरदान हो। हामीले खाएको खाना पचेपछि त्यसमा भएका पौष्टिक तत्वहरू रगतको माध्यमद्वारा शरीरको हरेक अङ्गमा पुग्छ तर त्यसलाई पचाउन सकेनौँ भने ती पौष्टिक तत्वहरू त्यतिकै खेर जान्छन्।

स्वस्थ रहनको निम्ति तेस्रो कुराचाहिँ निष्कासन प्रणाली हो। शरीरमा उत्पन्न भएका फोहर पदार्थहरू निष्कासन गर्न नियमित शौचालय जानैपर्छ। पानी पिएर पिसाबलाई सही अवस्थामा राख्नैपर्छ। दिसा, पिसाब र पसिना परमेश्वरले दिनुभएको निस्कासन प्राणालीभित्र पर्छन्। आकाशमा उड्ने चरा, जमिनमा हिँडडुल गर्ने जनावर अनि पानीमा पौडिने माछामा पनि निष्कासन प्रणाली हुन्छ। शरीरमा निष्कासनको प्रक्रिया सही भएन भने पाचन प्रणाली गडबड हुन्छ। नियमित शौचालय जाँदैनौँ भने विषालु तत्वहरू शरीरमा जम्मा हुन थाल्दछन्, जसले गर्दा विभिन्न किसिमका समस्याहरू देखा पर्न थाल्छन्।

शरीरलाई आराम र कसरतको पनि आवश्यक पर्छ। लामो समयसम्म काम गरेपछि शान्त वातावरणमा आराम गर्नु पर्छ। दिनमा काम गर्न अनि रातमा आराम गर्नको लागि परमेश्वरले सृष्टिदेखि नै सुन्दर प्राकृतिक नियम बनाइदिनुभएको छ। शरीरलाई स्वस्थ राख्न हामीले उहाँको नियम अनुशासित भएर पालना गर्नैपर्छ।

आजभोलि धेरै पास्टरहरू रोगी छन् किनभने तिनीहरूले आफ्नो शरीरलाई त्यति ध्यान दिँदैनन्। सेवकाइमा निकै व्यस्त हुनुपरेकोले तिनीहरूले आफ्नो

खान-पान, सर-सफाइ र आरामलाई त्यति ध्यान दिन पाउँदैनन्। आत्मिक कुराहरूलाई मात्र प्राथमिकता दिने भएकोले पास्टरहरूले शारीरिक कसरत र खेलकुदलाई त्यति महत्व दिँदैनन्। उनीहरूले अरूको त धेरै वास्ता गर्छन् तर आफ्नो चाहिँ वास्ता गर्दैनन्। वास्तवमा शरीर स्वस्थ भयो भने सेवकाइ प्रभावकारी हुनेछ। पास्टरलाई धेरैले हेरिरहेका हुन्छन्। विश्वासीहरूले पास्टरलाई पछ्याउन चाहन्छन्। त्यसैले पास्टरको जीवनशैली र स्वास्थ राम्रो भयो भने त्यसको सकारात्मक प्रभाव मण्डलीको विश्वासीहरूमा पनि पर्नेछ। मण्डली स्वस्थ्य राख्न पास्टर स्वस्थ्य हुनैपर्छ। मण्डली स्वस्थ्य भएपछि वृद्धि हुन थाल्नेछ।

# प्राण

## SOUL

प्राण मानिसको शरीरभित्र हुने महत्वपूर्ण भाग हो। यसले मानिसको व्यक्तित्व र जीवनशैलीलाई प्रत्यक्ष प्रभाव पार्छ। प्राणलाई हृदय अथवा मन जे भने तापनि यो मानिसको दिमागसँग सम्बन्धित कुरा हो। तसर्थ प्राण मानिसको सोच-विचार र चरित्रसँग सम्बन्धित छ। प्राण तीन वटा भागहरू मिलेर बनेको हुन्छ: ज्ञान (Knowledge), भावना (Emotion), इच्छाशक्ति (Volition / Will Power)।

ज्ञान, भावना र इच्छाशक्तिको छुट्टा-छुट्टै विशेषताहरू छन्। कुनै व्यक्तिसँग एउटा विषयमा प्रशस्त ज्ञान भए तापनि उसलाई अर्को विषयमा त्यति ज्ञान नहुन सक्छ। त्यस्तै गरी फरक-फरक व्यक्तिसँग फरक-फरक भावनात्मक रुचिहरू हुन्छन्; र त्यसैअनुरूप तिनीहरू मनोरञ्जन गर्ने गर्छन्। फरक-फरक व्यक्तिहरूमा फरक-फरक इच्छाशक्ति र त्यसैअनुरूपका विश्वास, आस्था र रोजाइहरू हुन्छन्। यी तीनै आयामहरूलाई स्वस्थ राख्नु हाम्रो कर्तव्य हो। प्राणलाई स्वस्थ राख्न असल कुराहरू ग्रहण गर्नुपर्छ।

**प्राणको खानाहरू:** जसरी शरीरलाई विभिन्न प्रकारका खाने कुराहरू आवश्यक पर्छ, त्यसैगरी प्राणलाई पनि विभिन्न खानाहरूको जरुरत पर्छ। प्राणभित्रको ज्ञान, भावना र इच्छाशक्तिलाई कुन-कुन खानाहरू चाहिन्छ भन्ने बारेमा अब हामी चर्चा गर्नेछौँ।

**ज्ञानको खानाहरू:** भाषा, गणित, इतिहास, अर्थशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र, भूगोलशास्त्र, व्यापार, कानुन, व्यवस्थापन, भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान, खाद्य विज्ञान, खगोल विज्ञान, विद्युत, इलेक्ट्रोनिक्स, इन्जिनियरिङ्ग, अटोमोबाइल, सूचना-प्रविधि, पानीजहाज निर्माण प्रविधि, हवाइजहाज निर्माण प्रविधि, आर्किटेक्चर, कृषि, कम्प्युटर विज्ञान, औषधि विज्ञान, चिकित्सा विज्ञान, नर्सिङ र चिकित्साशास्त्र आदि।

**भावनाको खानाहरू:** कला, सङ्गीत, खेलकुद, नाटक, चलचित्र, कविता, नृत्य, कथा र उपन्यास आदि।

**इच्छाशक्तिको खानाहरू:** धर्म, धार्मिक कानुन, नैतिक शिक्षा र देशको नियम-कानुन, साँस्कृतिक नीतिनियम र रीतिरिवाज आदि।

शरीरलाई स्वस्थ राख्न पाँच वटा कुराहरू आवश्यक परेझैं, प्राणलाई (हृदयलाई) स्वस्थ राखी असल चरित्रहरू विकास गर्न पनि ती पाँचै वटा कुराहरू आवश्यक पर्छन्। जसरी माथि उल्लेखित ती पाँच वटा कुराहरू शरीरमा लागु हुन्छन्, त्यसैगरी ती प्राणको लागि पनि लागु हुन्छन्। ती चरणहरूलाई हामी एक-एक गरी चर्चा गर्नेछौं।

**पहिलो चरण:** प्राणको लागि पहिले हामीले सन्तुलित अनि सुहाउँदो खानाहरू उचित प्रकारले खानुपर्छ। प्राणलाई नकारात्मक असर गर्ने किसिमका दुषित खानाहरूलाई हामीले टाढै राख्नुपर्छ। अनैतिक कुराहरू लेखिएका पुस्तक-पुस्तिकाहरू र अश्लील चलचित्रहरूबाट हामी टाढा बस्नुपर्छ किनभने त्यस्ता नराम्रा कुराहरूले हाम्रो चरित्र र व्यक्तित्वलाई फोहोर बनाउँदै लैजान्छ। त्यस्ता फोहोर खानाहरूद्वारा मानिसले असल चरित्रहरू निर्माण गर्न सक्दैन।

**दोस्रो चरण:** प्राणको खानाहरूलाई राम्रोसँग पचाउनु पर्छ। पचाउनु भनेको त्यसले भन्न खोजेको कुरालाई बुझ्नु हो। जब हामीले त्यसको अर्थ बुझ्छौं, तब

मात्र आफ्नो लागि कुन खराब र कुन असल हो भनी छुट्ट्याउन सक्नेछौँ। राम्रोसँग बुझ्न नसकेका कुराले मानिसलाई अन्यौलमा पारेर गलत दिशातिर डोऱ्याउँछ।

**तेस्रो चरण:** प्राणलाई हानि गर्ने कुनै दुषित कुरा छ भने त्यसलाई निष्कासन प्रक्रियाद्वारा हृदयबाट हटाउनुपर्छ। प्रार्थना र पश्चातापद्वारा नियमितरूपमा प्राणमा भएका खराब तत्वहरूलाई निष्कासन गर्नु हाम्रो लागि धेरै नै महत्वपूर्ण छ।

**चौथो चरण:** प्राणलाई हामीले पर्याप्त आराम दिनुपर्छ। धेरै कुराहरू पढेर, सुनेर र देखेर त्यसलाई विचार गरेपछि हाम्रो दिमाग थाक्छ। त्यसबेला उचित प्रकारले प्राणलाई आराम दिएमा केही समयपछि त्यो फेरि ताजा हुन्छ। ताजा हृदयले नयाँ कुराहरू राम्रोसँग ग्रहण गर्नसक्छ।

**पाँचौँ चरण:** हाम्रो प्राणलाई कसरत गराउनु पर्छ। शरीरलाई स्वस्थ र फुर्तिलो बनाउन हामी विभिन्न प्रकारका खेल र शारीरिक अभ्यासहरू गर्दछौँ। त्यगरी हाम्रो प्राणलाई पनि स्वस्थ राख्न मानसिक अभ्यासको जरुरत पर्छ।

असल चरित्रहरू निर्माण गरेर हृदयलाई स्वस्थ पार्न चाहन्छौँ भने हामीले यी पाँच प्रक्रियाहरूलाई सधैँ पछ्याउनुपर्छ। अर्को महत्वपूर्ण पक्ष के हो भने हामीले सिकेका र अनुभव गरेका कुराहरू अरूहरूलाई सिकाउनुपर्छ। हामीले अरू मानिसहरूप्रति असल चरित्र र उदाहरणीय जीवन देखाउनु पर्छ। खाँचोमा परेका मानिसहरूलाई हामीले सहायता गर्नुपर्छ। पारिवारिक समस्या भएका र सम्बन्ध बिग्रेका व्यक्तिहरूलाई उचित परामर्श दिनुपर्छ। त्यस्तै गरी मानसिक समस्या, सुस्त मनस्थिति भएका र आफूलाई एक्लो महसुस गर्ने व्यक्तिहरूलाई उत्साह दिनुपर्छ। जीवनदेखि हरेस खाएका मानिसहरूलाई परमेश्वरको सुसन्देश बाँडेर जीवित आशा देखाई दिनुपर्छ। यी सबै क्रियाकलापहरू हामीले नियमित गर्नुपर्ने मानसिक कसरतहरू हुन्, जसद्वारा हामीले पवित्र आत्माको फलहरू फलाउन सक्नेछौँ।

मण्डलीमा पास्टरले जवानहरूलाई बाइबल कलेज जान हौसला दिने गर्छन्। त्यो राम्रो कुरा हो। त्यसको साथै उनीहरूलाई असल बनाउनको निम्ति असल

प्राणको खानाहरू खुवाउने कुरामा पनि पास्टरले ध्यान दिनु पर्छ। उनीहरूले कस्तो कुरा हेरिरहेका छन्, कस्तो कुरा सुनिरहेका छन् अनि कस्तो कुरा पढिरहेका छन्, कस्तो गीत गाइरहेका छन् अनि कस्ता साथीहरू बनाइरहेका छन् भन्ने कुरामा पास्टर र अभिवावक सचेत हुनु पर्छ। अहिले प्राय: जवानहरूका हातमा स्मार्ट फोन छ, जसले उनीहरूको महत्वपूर्ण समयलाई नष्ट गरिरहेछ। इन्टरनेट सुलभ हुन थालेपछि धेरै विद्यार्थीहरू पढाइ कमजोर हुन थालेको सबैलाई थाहा छ। आफ्ना छोराछोरीले इन्टरनेटद्वारा कस्तो कुरा हेरिरहेका छन् भनी आमाबुबाले ध्यान दिनुपर्छ। इन्टरनेमा हेरका र पढेका कुराहरू सीधै मानिसको प्राणमा जान्छ। त्यहाँ मानिसको प्राणको निम्ति राम्रा खानाहरू पनि छन् त्यसैगरी नराम्रा खानाहरू पनि त्यहाँ उपलब्ध हुन्छन्। यस विषयमा हामी सचेत भइ इन्टरनेटलाई कसरी अनि कति समय प्रयोग गर्न भनी निधो गर्न सक्नुपर्छ।

# प्राणको चार भागहरू

## FOUR PARTS OF SOUL


मानिसको प्राणमा  हुने चार वटा भागहरू यी हुन्: शक्ति (Strength), समझ (Mind), प्राण (Soul) र हृदय (Heart)। यससम्बन्धी बाइबल खण्डहरू यस प्रकारका छन्: तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर (व्यवस्था ६:५)। तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू (मत्ती २२:३७)। तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर् (मर्कूस १२:३०)।

| English | Greek | Hebrew | Nepali |
|---|---|---|---|
| Strength | Iskus | Mehod | शक्ति |
| Mind | Dianoia | Peh | समझ |
| Soul | Psuke | Nephes | प्राण |
| Heart | Kardia | Lebab | हृदय |

**तालिका नं. ३ - प्राणको चार तहहरू**

प्राणमा चार तहका कोठाहरू छन्, जुन सतहमुनि रहेका हुन्छन्। ती चारै वटा कोठाहरूमा प्रवेश गर्ने ढोकाहरू हुन्छन्। हामीले ज्ञानेन्द्रियहरूद्वारा कुनै

जानकारी प्राणको खानास्वरूप ग्रहण गऱ्यौँ भने त्यो हाम्रो प्राणभित्र आउँछ। सबैभन्दा पहिला त्यो माथिल्लो तह अर्थात् शक्ति भन्ने कोठामा प्रवेश गर्छ। उक्त कोठामा सो कुरा केही दिन अथवा केही हप्तासम्म बस्तछ र बिस्तारै तल्लो तह अर्थात् समझ भएको कोठातिर जान थाल्दछ। केही समयपछि समझको ढोका खुल्दछ र माथिको कुरा त्यहाँ प्रवेश गरेर बस्न थाल्दछ। त्यस्तै गरी केही समयपछि उक्त कुरा प्राण भएको कोठामा पुग्छ र अन्त्यमा अझ गहिराइतिर गई हृदयको कोठामा पुग्दछ। त्यहाँ पुगेपछि त्यो जरा गाडेर सधैँको निम्ति वास गर्छ। यसरी हाम्रो हृदयको गहिराइसम्म पुग्ने कुराहरू असल र खराब दुबै खालका हुन सक्छन्। यदि खराब कुराहरू त्यहाँसम्म पुग्यो भने त्यसले तीतोपनको जराहरू उमारेर मानिसको हृदयलाई जकडेर कठोर बनाउँछ जसको बारेमा धर्मशास्त्र बाइबलले यसरी बताउँछ: "ध्यान देओ, कि कुनै मानिस परमेश्‍वरको अनुग्रह प्राप्त गर्नदेखि वञ्चित नहोस्, ताकि तीतोपनको जरो उम्रेर आईकन त्यसले फूट नल्याओस्, र धेरै जनालाई अशुद्ध नपारोस्" (हिब्रू १२:१५)।




**चित्र नं. १ – हृदयको चार तहहरू**

बाइबलले तीतोपनको जरा भन्नुको कारण के हो भने यस्ता तत्वहरू खराब हुन् र यिनीहरू मानिसको हृदयमा सधैँ बसिरहन खोज्दछ। यो आफै बाहिर आउँदैन र यसलाई हामीले आफ्नै बलले निकालेर फाल्न सक्दैनौँ। जब मानिसको हृदयमा तीतोपनका जराहरू उम्रेर बढ्न थाल्दछन्, तब उक्त व्यक्तिको अवस्था नाजुक र दयनीय हुँदैजान्छ। यसलाई राम्रोसँग बुझ्नको लागि हामी हृदयको बारेमा अझ विस्तृत रूपमा अध्ययन गर्नुपर्छ। त्यसको निम्ति पहिले हामीले हृदयको नाउँहरूका बारेमा अध्ययन गर्नेछौँ, त्यसपछि फरक-फरक हृदय भएका मानिसहरूका अवस्थाहरू कस्तो-कस्तो हुन्छ भन्ने बारेमा चर्चा गर्नेछौँ।

# हृदयको विभिन्न नाउँहरू

## VARIOUS NAMES OF HEART

हृदय प्राणको सबैभन्दा गहिरो भाग हो, जसलाई मानवीय आत्मा भनिन्छ। हृदयमा भएका कुराहरूले मानिसको व्यक्तित्वको परिचय दिँदछ र त्यसैले मानिसको जीवनशैलीलाई निर्धारण गर्छ। धेरै मानिसहरूका हृदयमा तीतोपनको जराहरूले घर बनाएको हुन्छ, जसले गर्दा तिनीहरूको जीवन तीतो हुँदैजान्छ। बाइबलमा हृदयलाई विभिन्न नाउँहरूद्वारा सम्बोधन गरिएको छ; तीमध्ये केही उदाहरणहरू यहाँ उल्लेख गरिएका छन्।

**भित्री मनुष्यत्व (Inner Man) :** "म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँको आत्माद्वारा भित्र मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्" (एफिसी ३:१६)।

**अन्तस्करण (Innermost Being) :** "जसले ममाथि विश्वास गर्छ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगी निस्कनेछन्" (यूहन्ना ७:३८)। "किनकि म मेरो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु" (रोमी ७:२२)।

**हृदय (Heart) :** "चूर्ण हृदय भएकाहरू सबैका नजीक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरूलाई उहाँले बचाउनुहुन्छ" (भजन ३४:१८)।

**स्वभाव (Instinct / Nature) :** "किनकि व्यवस्था नहुने अन्यजातिहरू स्वभावैले व्यवस्थाअनुसारका काम गर्छन् भने, तिनीहरूको व्यवस्था नभए तापनि तिनीहरू आफ्ना निम्ति आफै व्यवस्था हुन्छन्" (रोमी २:१४)

**विवेक (Conscience) :** "पावलले महासभातिर एकटक लाएर हेरे, र भने, "भाइ हो, आजको दिनसम्म परमेश्वरको दृष्टिमा मैले शुद्ध विवेकले जीवन बिताएको छु" (प्रेरित २३:१)। "व्यवस्थाले चाहेका कुराहरू आफ्ना हृदयमा लेखिएका तिनीहरू देखाउँछन्, र तिनीहरूको आफ्नै विवेकले पनि गवाही दिन्छ, र तिनीहरूका विचारहरूले कहिले तिनीहरूलाई दोष्याउँछन्, र कहिले समर्थन गर्छन्" (रोमी २:१५)।

**मानवीय आत्मा (Human Spirit) :** "धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो" (मत्ती ५:३)। "मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन" (१ कोरिन्थी २:११)।

बाइबलमा जब-जब आत्मा भन्ने शब्द आउँछ, त्यतिबेला हामीले त्यो परमेश्वरको आत्मा हो कि मानिसको आत्मा हो भनी छुट्ट्याउनु पर्छ। धेरैले आत्मा भन्नेबित्तिकै पवित्र आत्मा हो भनी ठान्छन्। तर बाइबलको सन्दर्भअनुसार हामीले त्यसलाई बुझ्न सक्नुपर्छ। मानवीय आत्मालाई बुझाउन बाइबलमा प्रयोग गरिएका केही शब्दहरू यसप्रकारका छन्।

**फारोको आत्मा (Spirit of Pharaoh):** "बिहान उनको हृदयमा भारी चिन्ता पऱ्यो, अनि उनले मिश्रका सबै जादूगर र त्यहाँका सबै ज्ञानी पुरुषहरूलाई बोलाए। फारोले तिनीहरूलाई आफ्ना सपना बताए। तर फारोलाई सपनाको अर्थ खोलिदिने त्यहाँ कोही भएन" (उत्पत्ति ४१:८)।

**याकूबको आत्मा (Spirit of Jacob) :** "तर उनीहरूलाई भनिपठाएका योसेफका सबै कुरा सुनेपछि र आफूलाई ल्याउन भनी योसेफले पठाएका गाडाहरू देखेपछि उनीहरूका बाबु याकूबको होश फर्क्यो" (उत्पत्ति ४५:२७)।

**कालेबको आत्मा (Spirit of Caleb) :** "तर मेरो दास कालेबमा अर्कै आत्मा छ, र त्यसले पूरै रीतिले मेरो अनुसरण गरेको छ। यसैकारण त्यो पसेर आएको देशमा म त्यसलाई लैजानेछु र त्यसका सन्तानले त्यो अधिकार गर्नेछन्" (गन्ती १४:२४)।

**हन्नाहको आत्मा (Spirit of Hanah) :** "तिनले जवाफ दिइन्, "यस्तो होइन, मेरा प्रभु! म ठूलो पीरमा परेकी स्त्री हुँ। मैले कुनै मद्य पिएकी छैनँ। म त परमप्रभुको सामु मेरो मनको दुःख पोखिरहिछु" (**१ शमूएल १:१५**)।

**एलियाको आत्मा (Spirit of Elijah) :** "त्यो दृश्य हेरिरहने यरीहोबाट आएका अगमवक्ताहरूको दलले भन्यो, "एलियाको आत्मा एलीशामाथि परेछ।" तब उनीहरू तिनलाई भेट्न आए, र तिनको अगि भूँइसम्मै घोप्टो परे" (२ राजा २:१५)।

**अय्यूबको आत्मा (Spirit of Job) :** "यसकारण म चूप लागि बस्नेछैनँ, मेरो मनको पीरमा म बोल्नेछु, मेरो प्राणको व्याकुलतामा म उजूर गर्नेछु" (अय्यूब ७:११)।

**पावलको आत्मा (Spirit of Paul) :** "तर मेरो भाइ तीतसलाई त्यहाँ नभेट्टउँदा मेरो मनमा चैन भएन। यसकारण तिनीहरूबाट बिदा लिएर म माकेडोनियातर्फ लागेँ" (२ कोरिन्थी २:१३)।

अब हामी परमेश्वरको आत्मा अथवा पवित्र आत्मालाई बुझाउन बाइबलमा प्रयोग गरिएका केही शब्दहरूलाई हेर्नेछौँ।

**येशूको आत्मा** (Spirit of Jesus): "माइसियाको साँधमा आएपछि तिनीहरूले बिथिनियातर्फ जाने विचार गरे। तर येशूका आत्माले तिनीहरूलाई जान दिनुभएन। तब माइसिया भएर तिनीहरू त्रोआसमा गए" (प्रेरित १६:७-८)।

**पवित्र आत्मा** (The Holy Spirit) : "के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ, र परमेश्वरका पवित्र आत्मा तिमीहरूमा वास

गर्नुहुन्छ?" (१ कोरिन्थी ३:१६)। "पवित्र आत्माबाट एशियामा वचन प्रचार गर्न मनाही भएकोले तिनीहरू फ्रिगिया र गलातियाका इलाकाहरू भएर गए" (प्रेरित १६:६)। "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रेरित १:८)।

**परमेश्वरको आत्मा (Spirit of God) :** "यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिनीहरू पाप-स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ" (रोमी ८:९)।

**पिताको आत्मा (Spirit of Father) :** "किनभने बोल्ने तिमीहरू आफै हुनेछैनौ, तर तिमीहरूका पिताका आत्मा तिमीहरूद्वारा बोल्नुहुनेछ" (मत्ती १०:२०)।

**ख्रीष्टको आत्मा (Spirit of Christ) :** "... तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन" (रोमी ८:९)।

# अइसाईहरूको हृदयको अवस्था

## HEART CONDITION OF NON-CHRISTIANS

अइसाईहरूका हृदय विभिन्न दुष्ट कुराहरूले भरिएका हुन्छन्। यसबारे धर्मशास्त्र बाइबलले हामीलाई यसरी बताउँछ: यसैकारण परमेश्वरले तिनीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो। तिनीहरूका स्त्रीहरूले आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, र त्यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक-दोस्रोतर्फ कामुकताको जलनमा पुरुषहरूले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे। यसरी तिनीहरूले परमेश्वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्वरले तिनीहरूलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो। तिनीहरू सबै किसिमका बदमाशी, दुष्टता, लोभ, इबीले भरिएका छन्। तिनीहरू डाह, हत्या, झैँझगडा, छल, बदख्वाइँले भरिएका हुन्छन्, र तिनीहरू कुराउटे, र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी, अभिमानी, दुष्ट कुरा रचिहिँड्ने, बाबु-आमाको आज्ञापालन नगर्ने, मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन् (रोमी १:२६-३१)।

अइसाईहरूको हृदय कस्तो हुन्छ भनी बुझ्न कमल र हरि भन्ने दुई जना काल्पनिक पात्रहरूको जीवनलाई यहाँ प्रस्तुत गरिएको छ। सुरुमा कमल र हरि दुबैजना इसाई थिएनन्। कमल गरिब अनि अशिक्षित परिवारमा जन्मेको मानिस हो। उसको आमा-बाबुले गाउँमा खेती-पाती गरेर जीविका चलाउँथे। आमा-बाबु गरिब भएकोले कमलले राम्रो शिक्षा पाउन सकेन। उसले गाउँको

प्राथमिक स्कुलमा पढ्ने मौका त पायो तर सधैँ खेतमा काम गर्नुपर्ने भएकोले पढाइलाई निरन्तरता दिन सकेन।

कमलको बुबा जुवा-तास खेल्ने अनि जाँड-रक्सी पिउने मानिस थियो। हरेक रात ऊ मातिएर घर आउँथ्यो अनि रक्सीको नसामा पत्नीलाई गाली गर्ने र पिट्ने गर्दथ्यो। कहिले-काहीँ कमलले पनि बाबुको पिटाइ खानुपर्थ्यो। जहिले पनि कमलको दिमागमा बाबुले पिटेको र आमा रोइरहेको चित्र आइरहन्थ्यो। बाबुको कारणले गर्दा छिमेकीहरूसँग पनि तिनीहरूको मेल-मिलाप थिएन। प्राय: छिमेकीहरूसँग तिनीहरूको झगडा भइरहन्थ्यो। त्यो गाउँका मानिसहरूले कमलको परिवारलाई घृणा गर्दथे। त्यो परिवारलाई वास्ता र प्रेम गर्ने कोही थिएन।

कमलको साथीहरूको आमा-बाबु धनी र शिक्षित भएकोले छोराछोरीलाई पढाउन सहरमा पठाउँथे। आफूसँगै खल्ने साथीहरूले राम्रो शिक्षा पाएकोमा कमलको हृदयमा साथीहरूप्रति डाह उब्जन थाल्यो। उसलाई पनि तिनीहरूसँगै सहरमा गएर पढ्ने ठूलो धोको थियो तर पारिवारिक अवस्थाले उसलाई साथ दिएन। घरको वातावरणले उसलाई निराश, चिन्तित र दुःखित बनायो। अनि बिस्तारै ऊ विद्रोही स्वभावको हुनथाल्यो।


कमल १७ वर्ष हुँदा उसको बुबाको मृत्यु भयो। त्यसको केही समयपछि उसकी आमाले अर्को मान्छेसँग विवाह गरिन्। त्यो मानिसको पहिलो श्रीमतीपट्टि दुइ छोराहरू र दुइ छोरीहरू थिए। त्यो परिवारमा मिलेर बस्न कमललाई गाह्रो भयो। सौतेलो बुबाले रक्सी पिएर आमालाई पिट्न थाल्यो। यसरी निराशा, चिन्ता, तनाव, गरिबी र झैझगडाले कमललाई कहिल्यै छोडेन। उसको समस्याहरू झन्-झन् बढ्नथाल्यो। सौतेनी आमापट्टिको भाइबहिनीहरूले उसलाई घृणा गर्थे। सौतेनी आमाले उसकी आमालाई सताउन थालिन्। हरेक कुरामा तिनले पक्षपात गर्ने गर्थिन्। खेत-बारीको सबै काम कमलकी आमाले गर्नुपर्थ्यो। परिस्थिति सहनै नसक्ने भएपछि आमासँग सल्लाह गरेर एक दिन कमल सुटुक्क घरबाट निस्केर काम खोज्न सहरतिर गयो।

सहर आएपछि कमलले झन् धेरै दुःख पायो। पढाइ र सीप नभएकोले उसले राम्रो काम पाउन सकेन। महिनाभरि परिश्रम गरेर उसले थोरै पैसा मात्र पाउँथ्यो। त्यही पैसाबाट उसले खाएर, लाएर, कोठाको भाडा तिर्नुपर्थ्यो। उसले पैसा बचाएर आमालाई पठाउन चाहन्थ्यो तर महङ्गी बढेकोले त्यसो गर्न सकेन। सहरका मानिसहरूले उसलाई हेला र घृणाको दृष्टिकोणले हेर्थे। काम गर्ने ठाउँमा पनि साथीहरूले उसलाई गाउँले र पाखे भनेर जिस्काउँथे। मालिकले पनि घरी-घरी गाली गरिरहन्थ्यो। जेजस्तो भए तापनि दुःख-सुख गरेर ऊ सहरमा बाँचिरहेको थियो।

२० वर्ष पुगेपछि कमलले विवाह गऱ्यो। उसले आफ्नी पत्नीलाई धेरै माया गर्थ्यो। उसले यसरी विचार गऱ्यो: "अब मेरो जीवनमा सुखका दिनहरू आउनेछन्। म र श्रीमती मिलेर आमालाई सहायता गर्नुपर्छ। दुवैजनाले कमाएर केही रुपैयाँ-पैसा आमालाई पठाउनुपर्छ। जीवनभरि दुःख-कष्ट पाए तापनि वृद्ध अवस्थामा म आमालाई सुख दिनेछु। हाम्रो सन्तान जन्मेपछि आमालाई सहरमै बोलाउनेछु। नाता-नातिनी खेलाउन पाउँदा आमा कति खुसी हुनुहुनेछ होला!"

श्रीमतीले साथ दिनेछिन् भन्ने कमलको विचार थियो। तर केही समयपछि उसले थाहा पायो, कि विवाहअगाडि उसकी श्रीमतीको अरू केटाहरूसँग अनैतिक सम्बन्ध थियो। अहिले पनि उसलाई छक्याएर तिनी पुराना साथीहरूलाई भेट्न जाने गर्दी रहिछिन्। त्यस्तो कुरा थाहा पाएपछि कमलको सपनाहरू सिसा फुटेझैँ चकनाचुर भए। ऊ धेरै निराश भयो र अब के गर्ने भन्दै पीडाबाट क्षणिक मुक्ति पाउन चुरोट र रक्सी पिउन थाल्यो। त्यसपछि ऊ र उसकी श्रीमतीको बीचमा सधैँ झगडा हुनथाल्यो। कमलको हृदय रीस, घृणा, बदला र डाहजस्ता खराब कुराहरूले भरियो। उसको मनमा कहिल्यै शान्ति भएन। गाउँ छोडेर सहरमा आई नयाँ जीवन सुरु गर्दा पनि उसलाई सुख-चैन भएन। अहिले संसारमा कमलजस्ता थुप्रै मानिसहरू छन्। हाम्रै वरिपरिका मानिसहरू पनि यस्तै अवस्थाबाट गुज्रिरहेका हुन सक्छन्। ३० वर्षको उमेरमा आइपुग्दा कमलको हृदयमा तीतोपनको धेरै जराहरू उम्रिसकेको थिए।

करिब २००० वर्षअगाडि रोममा थुप्रै मानिसहरू त्यस्ता थिए। त्यतिबेलाको सामाजिक अवस्था अहिलेको जस्तो अस्त-व्यस्त भइसकेको थिएन तरै पनि मानिसहरूका हृदयमा तीतोपनका जराहरू प्रशस्त थिए। आत्मिकरूपमा भन्ने हो भने ती मानिसहरू शैतानको कब्जामा थिए। त्यसैले पावलले रोमका मानिसहरूलाई ती कुराहरूका बारेमा पत्र लेखेको हुनुपर्छ। प्रभुमा आउनुभन्दा अगाडि तिनीहरू खराब चरित्रहरूका दास थिए। त्यसलाई बाइबलले भ्रष्ट मन भएकाहरू भनेर सम्बोधन गर्छ (रोमी १:२८)। हृदयमा हुने तीतोपनको जराको विषयमा बाइबलले स्पष्टसँग बताउँछ: ध्यान देओ, कि कुनै मानिस परमेश्‍वरको अनुग्रह प्राप्त गर्नदेखि वञ्चित नहोस्, ताकि तीतोपनको जरो उम्रेर आईकन त्यसले फूट नल्याओस्, र धेरै जनालाई अशुद्ध नपारोस् (हिब्रू



१२:१५)।

**चित्र नं. २ - दुई किसिमको व्यक्तिको हृदयको अवस्था**

अब अर्को व्यक्ति हरिको जीवनलाई हेरौँ। ऊ राम्रो परिवारबाट आएको व्यक्ति हो। उसले आमा-बाबुबाट राम्रो हेरचाह र माया पाएको थियो। उसको आमा-बुबा त्यति सम्पन्न त होइनन् तर परिवारमा खान-लाउन समस्या थिएन। हरिको बुबाले परिवार चलाउन पुग्ने पैसा कमाउँथ्यो। उसले शिक्षाको महत्व बुझेकोले हरिले राम्ररी पढ्ने मौका पायो। पढाइको लागि आवश्यक पर्ने सबै कुराहरू बुबाले जुटाइदिनुहुन्थ्यो।

हरिको परिवारमा बुबा-आमाको बीचमा राम्रो सम्बन्ध थियो जसले गर्दा त्यहाँ एक अर्कालाई वास्ता गर्ने प्रेमिलो वातावरण थियो। हरिले बुबा-आमा झगडा गरेको कहिल्यै देखेन। त्यसकारण आमा-बुबाको राम्रो प्रभाव छोरामा पऱ्यो।

हरि स्कुलमा साह्रै राम्रो विद्यार्थी त थिएन तैपनि आमा-बुबाले राम्रो गर्न सधैँ उसलाई प्रोत्साहन दिइरहन्थे। पढाइ सकाएर ऊ ठूलो सहरमा काम खोज्न गयो। पढाइ उच्च तहको भएकोले उसले सजिलै असल काम पायो। आफ्नो कमाइ बचाएर उसले रुपैयाँ-पैसा परिवारलाई पठाउँथ्यो। कहिलेकाहीँ हरिको परिवारको सबै सदस्यहरू एकै ठाउँमा जम्मा भएर खाना खाने र कुराकानी गर्ने गर्थ्यो।

२६ वर्षको उमेरमा हरिले असल केटीसँग विवाह गऱ्यो। उसकी श्रीमती गरिब भए तापनि राम्रो पृष्ठभूमिबाट आएकी थिइन्। तिनले विवाहपूर्व कुनै केटासँग अनुचित सम्बन्ध राखेकी थिइनन्। विवाहपछि पति-पत्नीको बीचमा माया-प्रेम, विश्वास र भरोसा बढ्दैगयो। जीवनमा दुःख-सुख जे आए तापनि तिनीहरूले हरेक परिस्थितिमा एकले अर्कालाई सहायता गर्दै हौसला दिन्थे।

विवाहको एक वर्षपछि तिनीहरूको छोरा जन्म्यो। त्यसले हरिको परिवारमा नयाँ खुसियाली ल्यायो। तिनकी पत्नी छोराको निम्ति असल आमा, पतिको निम्ति असल पत्नी र परिवारको निम्ति असल बुहारी थिइन्। तिनीहरूलाई छिमेकी, नातेदार र साथीहरूले निकै मन पराउँथे। तिनीहरूले समस्यामा परेकाहरूलाई सहायता गर्ने गर्दथे। त्यसैले उनीहरू मानिसहरूका आँखाको नानी बनेका थिए। धेरैले मुख खोलेर नै उनीहरूको प्रशंसा गर्ने गर्थे।

कमल र हरिको जीवन पढेर तपाईंलाई कसको जीवन रोचक र आशिषमय लाग्यो? पक्कै हरिको जीवन तपाईंलाई राम्रो लागेको हुनुपर्छ। संसारमा कोही इसाईहरू कमलजस्तो अनि कोही हरिजस्तो जीवन जिइरहेका छन्! मानिसले आफ्नो जीवन जसरी चलाए तापनि साँचो परमेश्वरको प्रेम अनुभव नगरेसम्म त्यो अर्थहीन हुन्छ। परमेश्वरको अगापे प्रेम महसुस नगरेसम्म मानिसले जीवनको अर्थ बुझ्न सक्दैन!

कुनै इसाईले कमल र हरि दुवैलाई येशू ख्रीष्टको सुसमाचार सुनायो भने तपाईंको विचारमा यी दुइमध्ये कुनचाहिँले येशूलाई पहिले ग्रहण गर्ला? धेरैले कमलले पहिले सुसमाचार ग्रहण गर्छ भनी उत्तर दिन्छन् तर यस विषयमा यो नै उत्तर ठीक हो भनी भन्न सकिँदैन किनभने परमेश्वरको अनुग्रह नभएसम्म मानिसले सुसमाचारलाई स्वीकार गर्न सक्दैन।

जीवनमा दुःख-कष्ट आइपरेकोले गर्दा सायद कमलले परमेश्वरको सहायता अपेक्षा गरेको हुनसक्छ। समस्याहरू र नमिठो अनुभवहरूले उसको हृदय छिया-छिया भएको हुन्छ। विश्वको जुनसुकै कुनामा गए पनि कमलजस्तो व्यक्तिहरू प्रशस्त मात्रामा पाउन सकिन्छ। विशेषगरी दुःखी, रोगी, तिरस्कृत, घृणा-हेलामा परेका, शोषणमा परेका, अत्याचारमा परेका र समस्याहरूले पीडित व्यक्तिहरूले प्रभु येशूलाई ग्रहण गर्ने इच्छा गर्नु स्वभाविक हो। त्यसैले हरिले भन्दा कमलले येशूलाई चाँडै नै हृदयमा राख्न चाहन्छ। उसले येशूलाई अर्थात् उहाँको आत्मालाई ग्रहण गरेर परमेश्वरको राज्यमा प्रवेश गर्नेछ।

कमलले येशूलाई ग्रहण गर्दा, पवित्र आत्मालाई ग्रहण गरेको हुन्छ। पवित्र आत्मा कमलको हृदयमा प्रवेश गर्नुहुँदा त्यहाँ शैतानका नराम्रा चरित्रहरू हुन्छन्। मानिस जस्तोसुकै फोहरी अवस्थामा भए पनि येशूले उसलाई प्रेमसाथ स्वीकार गर्नुहुन्छ। येशूलाई ग्रहण गरेर कमल वैधानिक रूपमा परमेश्वरको परिवारमा आउँछ तर नैतिक र व्यवहारिक रूपमा शैतानका चरित्रहरू उभित्र अझै रहिरहेका हुन्छन्।

इसाई मण्डलीमा कमलजस्ता मानिसहरू धेरै हुने गर्छन्। येशूलाई विश्वास गरेका तर परिवर्तन नभएका मानिसहरूले मण्डलीमा समस्याहरू उत्पन्न गर्छन्। मण्डलीमा खराब हृदय भएका मानिसहरूले गर्दा तनाव, मनमुटाव, द्वन्द्व, फूट र वाद-विवाद भइरहन्छन्। फोहर चरित्रहरू बाहिरबाट देखिँदैन किनभने ती हृदयको गहिराइमा लुकिरहेका हुन्छन्। बाहिरबाट हेर्दा त्यस्ता मानिसहरू असलै देखिन्छन् तर जब उसको विरुद्धमा अथवा उसलाई मन नपर्ने केही घटना घट्छ, तब ऊ तत्कालै रिसाएर नकारात्मक प्रतिक्रिया

देखाउन थालिहाल्छ। त्यसबेला उसको हृदयको ढोकाहरू खुल्दछन् र भित्रको विषालु कुराहरू बाहिर निस्कन थाल्छन्।

कमलको जस्तो हृदय भएका व्यक्तिहरू अरूप्रति रिसाउने, कुरा काट्ने, डाह गर्ने र झगडा गर्ने स्वभावका हुन्छन्। उनीहरू अरूसँग बदला लिन खोज्छन्। कोही आत्मिक देखिनेहरूले चाहिँ येशूको नाउँमा विषालु कुराहरू बाहिर निकाल्छन्। मानिसको मुखबाट निस्केको विषालु कुरा सुनेपछि मानिसहरू निदाउनै सक्दैनन्। त्यसपछि तिनीहरू कसरी बदला लिने भनेर उपाय खोज्न थाल्छन्। यस प्रकारको मनोवृत्ति बोकेका मानिसहरू बाइबल कलेज गए भने भविष्यमा कस्तो परिणाम होला?

यस प्रकारको सोच विचार भएका व्यक्तिहरूले पढाइ सकाएर पास्टर अभिषेक भए तापनि तिनीहरूका हृदयमा तीतोपनका जराहरू रहिरहन्छन्। त्यस्ता पास्टरहरूले आफूभित्रका फोहोर कुराहरूलाई कसरी लुकाउने भनी चिन्ता गरिरहन्छन्। आफ्नो स्वार्थ पूरा गर्नको लागि तिनीहरू अवसर खोजिरहन्छन्। येशूले भन्नुभयो: "झूटा अगमवक्ताहरूदेखि होशियार बस, जो तिमीहरूकहाँ भेडाको भेसमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरूजस्ता हुन्छन्। तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के काँढाका बोटबाट अंगूर अथवा सिउँडीबाट अञ्जीर टिपिन्छ र? त्यसै गरी हरेक असल रूखले अलस फल फलाउँछ। तर खराब रूखले खराब फल फलाउँछ। असल रूखले खराब फल फलाउन सक्दैन, नता खराब रूखले असल फल फलाउन सक्दछ। असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ। यसरी ती अगमवक्ताहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ।

मलाई प्रभु, प्रभु भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छापालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ। त्यस दिन धेरैले मलाई भन्नेछन्, प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौँ? तपाईँको नाउँमा भूतहरू धपाएनौँ र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौँ र? अनि म तिनीहरूलाई सफासँग भन्ने छु,

"मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ" (मत्ती ७:१५-२३)।

केही पास्टरहरू दुइ जिब्रे हुन्छन्। तिनीहरू बाहिर एक प्रकारको देखिन्छ तर भित्रपट्टि अर्कै प्रकारका हुन्छन्। हृदयमा तीतोपनको जराहरू भएका इसाईहरूका बारेमा दुइ अवधारणाहरू छन्।

**पहिलो अवधारणा:-** फोहोर हृदय अथवा तीतोपनको जराहरू भएका त्यस्ता इसाईहरू स्वर्गको राज्यमा प्रवेश गर्न पाउँदैनन्। न्यायको दिनमा तिनीहरू अनन्त दण्डको लागि नरकमा फालिनेछन्।

**दोस्रो अवधारणा:-** तिनीहरू स्वर्गमा पस्नेछन् तर त्यहाँ कुनै किसिमको इनाम र उत्तराधिकार भने पाउने छैनन्। त्यस्ता इसाईहरूको मुक्तिचाहिँ गुम्दैन तर परमेश्वरको राज्यमा तिनीहरू तल्लो स्तरमा हुनेछन्।

निष्कर्षमा हामीले बुझ्नुपर्ने कुरा के हो भने फोहोर हृदय भएका अगुवाहरूले गर्ने सेवा र असल काममा स्वार्थ लुकेको हुन्छ। तिनीहरू आफ्नो सेवकाइद्वारा नाम, दाम र महिमा कमाउन चाहन्छन्, जुनचाहिँ परमेश्वरको सृष्टिको उद्देश्यको विरुद्ध हो। यस प्रकारको मनोवृत्ति भएका व्यक्तिहरूलाई हामीले चिन्न सक्नुपर्छ र सचेत अनि सावधान पनि हुनुपर्छ। जबसम्म हामीले हृदयबाट फोहोर कुराहरू हटाउँदैनौँ, तबसम्म येशूलाई सही प्रकारले महिमा दिन सक्दैनौँ। तसर्थ हाम्रो सेवा र आराधना कस्तो प्रकारको छ भनी आफूले आफैलाई जाच्नुपर्छ। हामीले आफ्नो हृदयबाट शैतानका चरित्रहरू हटाउँदै जानुपर्छ, जसलाई बाइबलीय भाषामा शुद्धिकरण (Sanctification) भनिन्छ। शुद्धिकरण भनेको पुरानो स्वभाव अर्थात् तीतोपनको जराहरू हटाएर नयाँ स्वभाव धारण गरी येशूको स्वभावमा परिवर्तन हुँदै जानु हो।

# रोमको इसाईहरूका हृदयको अवस्था

## HEART CONDITION OF ROMAN CHRISTIANS

रोमका इसाईहरूका कस्ता खालको खराब चरित्रहरू थिए भनी पावलले लेखेका छन्: "दिउँसोजस्तै गरी हामी ठीकसँग चलौँ। मोजमज्जामा, मतवालीपनामा, व्यभिचारमा, भ्रष्टाचारमा, झगडामा र डाहमा होइन" (रोमी १३:१३)।

हामीले पावलका पत्रहरू पढ्दा तत्कालीन मण्डलीहरूमा कस्ता हृदय भएका व्यक्तिहरू थिए भनी थाहा पाउँछौँ। प्रभु येशूले हृदयमा तीतोपनको जराहरू भएका इसाईहरूलाई सुधार गर्न ती पत्रहरू लेख्न लगाउनुभयो। विशेषगरी पावलका पत्रहरू मण्डलीमा आवश्यक सैद्धान्तिक र शुद्धिकरणसम्बन्धी शिक्षाहरूमा केन्द्रित छन्।

पावल एकातर्फ पत्रहरूद्वारा इसाईहरूलाई सैद्धान्तिकरूपमा विश्वास, आराधना र प्रार्थनाजस्ता आत्मिकी कुराहरू सिकाउन चाहन्थे भने अर्को तर्फ शुद्धिकरणसम्बन्धी शिक्षा दिएर तीतोपनको जराहरूलाई हटाएर हृदय कसरी शुद्ध बनाउन सकिन्छ भन्ने व्यवहारिक शिक्षा दिन चाहन्थे। माथि उल्लिखित उदाहरणमा कमलको जस्तो हृदय भएको व्यक्तिलाई शुद्धिकरणसम्बन्धी शिक्षाको जरुरत पर्छ। त्यसबाट तिनीहरूका जीवनशैली बिस्तारै परिवर्तन हुँदै जानेछ। पावलले आफ्नो पत्रहरूमा यस विषयलाई विशेष जोड दिएका छन्। शुद्ध हृदय हुनेहरूले परमेश्वरलाई देख्नेछन् भनी प्रभु येशूले भन्नुभयो (मत्ती ५:८)।

स्वर्गको तहगत समाजलाई पिरामिडको बनावटसँग तुलना गर्न सकिन्छ। पिरामिडको तल्लो भाग फराकिलो हुन्छ भने माथितिर साँघुरिएर गएको हुन्छ। त्यसको तलतिर धेरै ठाउँ हुन्छ तर माथि कम ठाउँ हुन्छ। स्वर्गको राज्यमा निम्नतहमा धेरै मानिसहरू हुनेछन् भने उच्चतहमा कम मानिसहरू मात्र हुनेछन्। यस प्रकारको तहगत समाजको सिद्धान्त पृथ्वीमा पनि लागु हुन्छ। उच्च तहमा रहेर अधिकार, अगुवाइ र निर्णय गर्ने व्यक्तिहरू थोरै हुन्छन् भने तल्लो तहमा रहेर माथिल्लो तहकाहरूलाई पछ्याउने मानिसहरू धेरै हुन्छन्। भविष्यमा स्वर्गको राज्यमा हुने हाम्रो तह हृदयको शुद्धताले निर्धारण गर्नेछ। हाम्रो आत्मिक तह उच्च हुँदै जाँदा परमेश्वरले हामीलाई उहाँको राज्यमा धेरै जिम्मेवारीहरू दिनुहुनेछ। शुद्ध हृदय हुनेहरूको अगुवाइमा सारा सृष्टिले परमेश्वरको आराधना गर्दै उहाँलाई महिमा दिनेछन्। लुसिफरलाई त्यही उद्देश्यको लागि सृष्टि गरिएको थियो तर त्यसले परमेश्वरको सृष्टिको उद्देश्यलाई उलङ्घन गरेर ठूलो गल्ती गर्‍यो। लुसिफर सृष्टिकर्ता थिएन तर पनि त्यसले आफैलाई सृष्टिकर्ता परमेश्वरजस्तै बनाएर महिमा लिन खोज्यो। त्यसैले परमेश्वरले लुसिफरलाई आफ्नो सामुन्नेबाट हटाउनुभयो (यशैया १४:१२-१५)।

आदमले गरेको गल्ती पनि त्यस्तै प्रकारको थियो। लुसिफरले हव्वालाई 'यो फल खायौ भने तिमी परमेश्वरजस्तै हुनेछौ' भनी लोभ देखायो। अनि हव्वा र आदमले त्यो फल खाएर परमेश्वरजस्तै हुने इच्छा गरे। सायद तिनीहरूलाई पनि अरूबाट महिमा लिने इच्छा जाग्यो होला। तिनीहरूले त्यसो गरेर परमेश्वरको सृष्टिको उद्देश्यलाई उलङ्घन गरे। यदि कुनै सृष्टि गरिएको प्राणीले सृष्टिको उद्देश्यलाई उलङ्घन गर्छ भने त्यसलाई उहाँले क्षमा दिनुहुन्न। परमेश्वर डाह गर्ने परमेश्वर हुनुहुन्छ अनि सृष्टिको उद्देश्य उलङ्घन गर्नेहरूलाई उहाँले दण्ड दिनुहुनेछ (प्रस्थान २०:५)।

परमेश्वरका धेरै सन्तानहरूले सृष्टिका उद्देश्य उलङ्घन गर्नेछन् भनी येशूले भविष्यवाणी गर्नुभयो। पुरानो करारमा परमेश्वरद्वारा चुनिएको जाति इस्राएलीहरूले उहाँबाट तर्किएर बेबिलोनीहरूको देवी देवताको आराधना गर्नथाले। परमेश्वरले तिनीहरूलाई अग्रिम रूपमा जानकारी दिँदै यसो

भन्नुभएको थियो कि यदि तिमीहरूले यस्तो काम गरे तिनीहरूका सन्तानले श्राप पाउनेछन् (प्रस्थान २०:५)। आजभोलिका इसाईहरू नयाँ करारमा जिइरहेका हुनाले परमेश्वरको पुरानो करारको डरलाग्दा आज्ञाहरूलाई त्यति मतलब गर्दैनन्। त्यसैले धेरै इसाईहरू परमेश्वरको मार्गबाट तर्किएर पद, पैसा, शक्ति, अधिकार, र मान-प्रतिष्ठाजस्ता सांसारिक कुराहरूको पछि लागेका छन्, जुन सृष्टिको उद्देश्यको विपरीत हो। दुःखलाग्दो कुरा के हो भने धेरै इसाईहरू अदृश्य परमेश्वरमा भन्दा दृश्य थोकहरूमा भर परिरहेका छन्।

केही इसाईहरू जग्गा-जमिन, रुपैयाँ-पैसा, परिवार, स्वास्थ्य, पढाइ, मान-प्रतिष्ठा, काम-व्यवसाय र व्यापारको बारेमा सधैँ सोचिरहेका हुन्छन्। तिनीहरू त्यस्ता सांसारिक थोकहरूको पछि लागिरहन्छन्। ती सबै तिनीहरूको जीवनका मूर्तिहरू हुन्। यदि हामीले २४ घण्टामा २३ घण्टा सांसारिक कुराहरू सोच्ने र १ घण्टा मात्र येशूको बारेमा सोच्ने गर्दछौँ भने ठूलो गल्ती गर्दैछौँ। त्यस्ता इसाईहरू परमेश्वरको राज्यमा तल्लो तहमा हुनेछन्। सायद तपाईंको मनमा यस्तो प्रश्न उब्जन्छ होला- "दिनमा चौबिसै घण्टा येशूको बारेमा सोचिरहने हो भने कसरी बाँच्ने? कसरी परिवार चलाउने?” तर प्रभु येशू भन्नुहुन्छ, “तिमी मेरो चेला हुन चाहन्छौ भने आफ्नो जीवनशैली परिवर्तन गर। दुई मालिकको सेवा नगर। आफ्नो हात हलोमा राखेर पछिल्तिर नहेर। तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्" (मत्ती ६:३३)।

उहाँले आकाशका चरा र जमिनका लिली फूलको विषयमा सुन्दर दृष्टान्त भन्नुभयो: “आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढी उहाँले पहिराउनुहुनेछैन र? यसकारण के खाऔँला? कि के पिऔँला? कि के पहिरौँला? भनेर फिक्री नगर। किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ तर पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निन्ति थपिनेछन्।

यसकारण भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ। आजको दुःख आजको निम्ति पर्याप्त छ" (मत्ती ६:३०-३४)।

येशू ख्रीष्ट चराचुरुङ्गी, घाँसपातलगायत तथा जनावरहरूको लागि क्रूसमा बलिदान भएको होइन तर पनि तिनीहरूको सबै आवश्यक्ताहरू उहाँले जुटाइदिनुहुन्छ। मानवजाति परमेश्वरको सर्वश्रेष्ठ सृष्टि हो। हाम्रै लागि उहाँले थुकाइ र कुटाइ खानुभयो। हाम्रै लागि उहाँको हात र पाउहरू छेडियो। हाम्रै लागि शरीरको सबै रगत बगाएर उहाँले आफ्नो प्राण अर्पण गर्नुभयो। हाम्रो लागि उहाँले अति ठूलो मूल्य चुकाउनुभएको छ। त्यसैले हामीले उहाँको उद्देश्यलाई बुझेर त्यसैअनुरूप जीवनशैली, सोच-विचार र मनोवृत्तिलाई परिवर्तन गर्नुपर्छ। उहाँ भन्नुहुन्छ, "हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु" (मत्ती २८:२०)। त्यसैले येशूको प्रतिज्ञामा भर पर्नु नै हाम्रो सबै समस्याहरूको समाधान हो!

तीतोपनको जराको कारणले गर्दा थुप्रै इसाईहरूको आत्मिकी आँखा बन्द भएको छ। आत्मिकी आँखा खुलाउनको लागि हृदयबाट तीतोपनको जराहरूलाई हटाउनुपर्छ। हृदयबाट खराब कुराहरू हटाउँछौ भने स्वर्गमा हाम्रो तह माथि जानेछ। आत्मिकी आँखा खुलेपछि हामीले येशूलाई देख्नसक्नेछौँ। आत्मिक आँखाले येशूलाई देखेपछि हाम्रो जीवनबाट मूर्तिहरू हट्दैजानेछन्। त्यसपछि हामीले हाम्रो परिवारको निम्ति चिन्ता गरिरहनु पर्दैन। हाम्रो काम भनेको आफ्नो समस्याहरू येशूतिर हुत्याइदिनु हो। जब हाम्रो गह्रुङ्गो भारी उहाँलाई दिन्छौँ, तब हामी हलुङ्गो र पूर्ण रूपमा स्वतन्त्र हुनेछौँ। हाम्रो समस्याहरू लिनको लागि उहाँ सधैँ तयार हुनुहुन्छ। उहाँ हामीलाई यसो भन्दैहुनुहुन्छ, "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु" (मत्ती ११:२८)।

# कोरन्थीको इसाईहरूका हृदयको अवस्था

## HEART CONDITION OF CORINTHIAN CHRISTIANS

सन्त पावलले १३ वटा पत्रहरू लेखे। केही बाइबल विद्वान्हरूको भनाइअनुसार हिब्रूको पत्र पनि पावलले लेखेका हुन्। त्यसो हो भने उनले लेखेका पत्रहरूको सङ्ख्या १४ हुन आउँछ। ती पत्रहरूमध्ये कोरिन्थीहरूलाई लेखेको पत्र सबैभन्दा लामो छ। पावलले कोरिन्थीहरूलाई लेखेका दुइ वटा पत्रहरू बाइबलमा छन्। पहिलो पत्रमा १६ अध्यायहरू छन् भने दोस्रोमा १३ अध्यायहरू छन्। २९ वटा अध्यायहरूद्वारा पावलले कोरिन्थीका इसाईहरूको हृदयलाई परिवर्तन गर्न कोसिस गरे।

प्राय: मण्डलीहरूलाई उनले एउटा मात्र पत्र लेखे तर कोरिन्थी र थेसलोनिकीको मण्डलीलाई दुइ-दुई वटा पत्रहरू लेखे। ती पत्रहरूद्वारा पावलले मण्डलीमा विद्यमान समस्याहरूलाई समाधान गर्न चाहन्थे। एउटै मण्डलीलाई दुइपटक लेख्नुले उक्त मण्डलीमा पक्कै धेरै समस्याहरू थिए होलान् भनी अनुमान लगाउन सकिन्छ। कोरिन्थीको पत्र अध्ययन गर्दा हामी के थाहा पाउँछौँ भने उक्त मण्डलीमा खराब चरित्रहरू भएका धेरै व्यक्तिहरू थिए। त्यो मण्डलीमा भएका समस्याहरू यस प्रकारका थिए।

**झगडा र फूट : -** "भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा तिमीहरूलाई आग्रह गर्दछु, कि तिमीहरू सबै एउटा अर्कासँग सहमत होओ, र तिमीहरूको माझमा केही फूट नहोस्। तर तिमीहरू एकै मन र एकै विचारका होओ। किनकि, मेरा भाइ हो, तिमीहरूमा झगडा छ भन्ने कुरा क्लोएका परिवारहरूले मलाई खबर दिएका छन्" (१ कोरिन्थी १:१०-११)।

**डाह र कलह : -** "तिमीहरू अझै सांसारिक नै छौ। किनकि जब तिमीहरूका बीचमा डाह र कलह छ, त के तिमीहरू सांसारिक चालमा चल्ने साधारण मानिसजस्ता भएनौ र?" (१ कोरिन्थी ३:३)।

**व्यभिचार : -** "तिमीहरूका बीचमा व्यभिचार छ भन्ने कुरा पक्का गरी सुनिएको छ, यस्तो व्यभिचार जो अन्यजातिहरूमा पनि हुँदैन। तिमीहरूमध्ये कुनै एक जनाले आफ्नै बाबुकी स्वास्नी राखेको छ अरे" (१ कोरिन्थी ५:१)।

**व्यभिचार, लोभ, लुट र मूर्तिपूजा : -** "त्यसको अर्थ, यस संसारका व्यभिचारीहरू, लोभीहरू, वा लुटाहाहरू, वा मूर्तिपूजकहरूसँग बिलकुलै सङ्गत नगर्नू भनेको होइन, नत्रता तिमीहरू संसारबाट नै निस्किजानुपर्थ्यो" (१ कोरिन्थी ५:१०)।

**अनैतिक, मूर्तिपूजक, व्यभिचारी, समलिङ्गी, पुरुषगामी, चोर, लोभी, मतवाला, निन्दा गर्ने र लूटाहा : -** "अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन? धोखा नखाओ- अनैतिकहरू, मर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरको राज्यको हकदार हुनेछैनन्। तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ" (१ कोरिन्थी ६:९-११)।

खराब चरित्र भएका व्यक्तिहरू परमेश्वरको राज्यको हकदार हुन पाउने छैनन् भनी पावल चेताउनी दिन्छन् (१ कोरिन्थी ६:१०)। उनले ती व्यक्तिहरूलाई दोष लगाउन, दण्ड दिन र पतन गराउन होइन तर सुधार गरेर परमेश्वरको राज्यको हकदार बनाउन चाहन्थे। तिनीहरूलाई हप्काइसकेपछि उनले प्रेमपूर्वक उत्साह दिन्छन्: "यसकारण हे प्रिय हो, हामीसित यी प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौँ, र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढाउँदैजाऔँ" (२ कोरिन्थी ७:१)।

स्वर्गको राज्यमा कसरी हाम्रो तह माथि उठाउने भन्ने कुरा बाइबलले हामीलाई राम्रोसँग सिकाउँदछ। आफ्नो हृदय सफा पार्न र तीतोपनका जराहरू हटाउन बाइबल नियमित रूपमा अध्ययन गर्नुपर्छ। हामीले बाइबलको शिक्षाहरूलाई गम्भीर भएर मनन गर्नुपर्छ। दुष्टको स्वभावहरू भएकाहरू परमेश्वरको राज्यमा उत्तराधिकारी हुन पाउँदैनन्। सायद मुक्ति पाएर तिनीहरू स्वर्ग त जालान् तर परमेश्वरको राज्यमा तल्लो तहमा हुनेछन्।

नेपालको इसाईहरू विकसित देशका इसाईहरूभन्दा भौतिकरूपमा, आर्थिकरूपमा, प्राविधिकरूपमा कमजोर छन् तर हामीले हृदयका फोहोर चरित्रहरू हटाउँछौँ भने पछि स्वर्गको राज्यमा तिनीहरू हाम्रो अधिकारमुनि हुनेछन्। आमिन! ती देशका मानिसहरूलाई हामीले एक दुइ वर्षको लागि मात्र होइन तर सधैँको लागि राज्य गर्नेछौँ। त्यसैले आउनुहोस्, आफ्नो हृदय शुद्ध पारेर येशू प्रभुसँग कुराकानी गरौँ! उहाँलाई भनौँ: “प्रभु, म आफ्नो आत्मिक तह उच्च पारेर धेरै व्यक्तिहरूलाई तपाईंको राज्यमा डोऱ्याउँदै तिनीहरूमाथी आत्मिक अधिकार गर्न चाहन्छु। मलाई सहायता गर्नुहोस्।“

अबको ५० वर्षपछि यो पुस्ताको प्राय: सबै जनाले यो संसारलाई छोडिसकेका हुनेछन्। त्यसपछि तपाईं र मेरो स्वर्गीय राज्यमा भेट हुनेछ। त्यतिबेला तपाईंलाई मेरो प्रश्न यस्तो हुनेछ: "मेरा प्यारा भाइ-बहिनी, परमेश्वरको राज्यमा तपाईंले कति अधिकार पाउनुभएको छ?” सायद त्यतिबेला तपाईंको उत्तर यस्तो हुनसक्नेछ: "प्यारो दाजु ह्वाङ्ग, तपाईंलाई धेरै-धेरै धन्यवाद! पृथ्वीमा मैले तपाईंलाई भेटेर धन्यवाद दिन सकिनँ तर यहाँ हाम्रो भेट हुनेछ भन्ने कुरामा म ढुक्क थिएँ। आज म धेरै खुसी छु किनभने तपाईंको शिक्षाको कारणले गर्दा आज म यस स्थान बसेर धेरै मानिसहरूलाई अधिकार गर्न पाएको छु।“ कुनै-कुनैले यसो भन्नुहुन्छ होला: “आदरणीय थोमस ह्वाङ्ग, तपाईंलाई मेरो अभिवादन! तपाईंको पुस्तक पढेर मैले आफ्नो जीवनशैली परिवर्तन गरेँ। दुष्ट कुराहरू मैले आफ्नो हृदयबाट हटाएँ, जसको फलस्वरूप आज म स्वर्गमा उच्च तहमा छु। तपाईंलाई धेरै धन्यवाद!"

सायद भविष्यमा स्वर्गको राज्यमा केही नेपालीहरू मभन्दा पनि माथिल्लो स्तरमा रहेर परमेश्वरको सेवा र महिमा गर्नेछन्। डाँडाको उपदेशलाई व्यवहारमा उतार्न कोसिस गर्नुहोस्। तपाईंको निम्ति मेरो प्रार्थना, परिश्रम र प्रयास जारी छ। म विभिन्न देशमा गएर ईश्वरशास्त्रीय गोष्ठीहरू सञ्चालन गरी परमेश्वरको प्रतिज्ञासम्बन्धी वचनहरू घोषणा गरिरहेको छु। अनि आफूलाई रित्याएर यस्ता आत्मिक पुस्तकहरू प्रकाशन गर्दैछु। कृपया मेरो सेवकाइको निम्ति प्रार्थना गरिदिनुहोस्। धन्यवाद!"

अहिले बाइबलीय शिक्षाहरूलाई समेटिएका सयौँ पुस्तकहरू थुप्रै भाषाहरूमा प्रकाशन भइरहेका छन्। विभिन्न तालिमकेन्द्र र बाइबल कलेजहरू स्थापना भइरहेका छन्। ती सबैको मुख्य उद्देश्य मानिसहरूले आफ्नो हृदयलाई सफा पारून् र स्वर्गमा आफ्नो तह उच्च बनाउन् भन्ने नै हो। कोरिन्थीका इसाईहरूप्रति पावलको अपेक्षा यस्तै थियो। उनी पत्रहरूद्वारा तिनीहरूको जीवनशैली परिवर्तन गर्न चाहन्थे। उनी तिनीहरूलाई यो संसारमा मात्र होइन स्वर्गको राज्यमा उच्च स्तरमा देख्न चाहन्थे।

# गलातीको इसाईहरूका हृदयको अवस्था

## HEART CONDITION OF GALATIAN CHRISTIANS

पावलले गलातीहरूलाई लेखेका पत्रलाई गहिरिएर अध्ययन गर्दा त्यहाँका इसाईहरू हृदयमा भएका तीतोपनको जराहरूले गर्दा विभिन्न समस्याहरूमा अल्झिरहेको थिए भनी बुझ्न सकिन्छ। गलातीका इसाईहरूमा व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैँझगडा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, डाह, पियक्कडपन, मोजमज्जाजस्ता खराब कुराहरू थिए।

यी कुराहरूलाई पावलले आफ्नो पत्रमा स्पष्टसँग उल्लेख गरेका छन्। सायद गलातीहरू त्यतिबेला पावलको पत्र पढ्दा अवश्य पनि खुसी भएनन् होला! तैपनि तिनीहरूको हृदयलाई सफा पार्नको निम्ति पावलले कडा शब्दहरूमा यसरी चेताउनी दिएका छन्: "पाप-स्वभावका कामहरू प्रत्यक्ष छन्, जो यी नै हुन्- व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैँझगडा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, डाह, पियक्कडपन, मोजमज्जा र यस्तै अरू, जसका विषयमा म तिमीहरूलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हुँ। जस-जसले यस्ता कामहरू गर्छन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन्" (गलाती ५:१९-२१)।

त्यतिबेला गलातीका विश्वासीहरू पावलको पक्षमा थिएनन्। त्यतिमात्र होइन धेरै जसोले पावलको शिक्षाको खण्डन गर्ने गर्दथे। अनुग्रहबाट विश्वासद्वारा मात्र मानिसले उद्धार पाउनसक्छ भन्ने पावलको शिक्षा तिनीहरूलाई मन पर्दैनथ्यो किनभने तिनीहरूको विचारमा उद्धार पाउनलाई परमेश्वरको

अनुग्रहले मात्र पुग्दैन तर त्यसको लागि पुरानो करारको यहूदी व्यवस्था पनि मान्नु आवश्यक छ भन्ने शिक्षाले तिनीहरूका हृदयमा जरो गाडेको थियो। त्यतिबेला केही झूटा शिक्षकहरूले तिनीहरूलाई त्यस्तो कुरा सिकाएकोले तिनीहरूले पावलको विरोध गरेका हुन्। गलाती र वरिपरिका क्षेत्रहरूमा प्राय: प्रवासी यहूदीहरू बसोबास गर्दथे र तिनीहरूले पावलभन्दा अघि पत्रुसबाट धर्मशास्त्र सिकेका थिए। पत्रुसले आफ्नो जीवनको सुरुको सेवकाइ अवधिमा बाइबलको पुरानो करारको व्यवस्थाहरूको विषयमा व्याख्या गरेर धेरै कुराहरू तिनीहरूलाई सिकाएका थिए। जब पावल गलातीमा गएर व्यवस्थालाई भन्दा विश्वास र अनुग्रहलाई बढी प्राथमिकता दिएर शिक्षा दिन थाले, तब तिनीहरूलाई स्वीकारयोग्य भएन र तिनको शिक्षाको खण्डन गर्न थाले।

आफूप्रति गलातीका इसाईहरूको नकारात्मक मनोवृत्ति र आरोपलाई प्रतिकार गरी साँचो इसाई सिद्धान्तको सिकाउन पावलले तिनीहरूलाई पत्र लेखे। वास्तवमा भन्ने हो भने उनले पत्रमार्फत तिनीहरूका व्यक्तिगत ईश्वरीय अवधारणा र जीवनशैलीमा परिवर्तन ल्याउन चाहन्थे। त्यसबेला त्यहाँ धेरै जना कमलको जस्तै हृदय भएका मानिसहरू थिए। त्यसैले पावलले कडा चेतावनीसहित तिनीहरूलाई हृदयबाट तीतोपनको जराहरू हटाउन आग्रह गरे। उनले भन्न खोजेको कुरा के थियो भने गलातीका इसाईहरूको हृदयमा परमेश्वरका चरित्रहरू होइन तर शैतानका चरित्र भएको कारणले गर्दा त्यसलाई हटाएर पवित्र आत्माको फलहरू फलाउनु पर्छ। गलातीहरूमा भएका खराब कुराहरू लेखिसक्नेबित्तिकै उनले पवित्र आत्माको फलहरूको विषयमा लेखेका छन्।

“तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता र संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन” (गलाती ५:२२-२३)।

# एफिसीको इसाईहरूका हृदयको अवस्था

## HEART CONDITION OF EPHESIANS CHRISTIANS

एफिसीका इसाईहरूको जीवनमा पनि अरू मण्डलीका इसाईहरूमा झैँ खराब कुराहरू थिए। तिनीहरूका हृदयमा पनि तीतोपनको जराहरू उम्रेका थिए। तिनीहरूका हृदयमा विद्यमान खराब कुराहरू यसप्रकारका थिए : छली लालसा, भ्रष्टता, झूट, चोरी, कुवाक्य, तीतोपना, क्रोध, रीस, होहल्ला, निन्दा आदि। त्यसैले पावल तिनीहरूलाई यसो भन्दछन्: "अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरू अबदेखि उसो नजिओ। तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ। तिनीहरू कठोर भएका छन्, र हर किसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन्।

तर ख्रीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ। येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी म ठान्छु। छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। र आफ्नो भित्री वर्तावमा नयाँ होओ, र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर।

यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एउटा अर्काका अङ्गहरू हौँ। क्रोध गर, तर पाप नगर। घाम अस्ताउनअघि नै तिमीहरूको रीस मरोस् र दियाबलसलाई मौका नदेओ। चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्।

तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ। जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एउटा अर्काप्रति कोमल मनका र दयालु होओ।

यसकारण तिमीहरू प्रिय बालकहरूझैँ परमेश्वरको देखासिकी गर्नेहरू होओ। तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो, र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो।

तर तिमीहरूका बीचमा व्यभिचार  र सारा अशुद्धता अथवा लोभको नाउँसमेत नलिइओस्, जो सन्तहरूका बीचमा हुन सुहाउँदैन। कुनै अश्लील कुरा, मूर्ख बातचीत अथवा बेफाइदाको ठट्यौली नगर्नू, यी सुहाउने  कुरा होइनन्। तर बरू धन्यवाद दिने काम होस्। किनकि यो त तिमीहरू निश्चय नै जान, कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपूजक हो) ख्रीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन।

कसैले तिमीहरूलाई खोक्रा कुराले धोखा नदिओस्, किनकि ती कुराको कारणले अनाज्ञाकारीहरूमाथि परमेश्वरको क्रोध पर्छ। यसकारण तिनीहरूसँग सहभागी नहोओ, किनकि एकपल्ट तिमीहरू अन्धकार थियौ, तर अब प्रभुमा तिमीहरू उज्यालो भयो। ज्योतिका सन्तानझैँ हिँड्डुल गर, किनकि सबै भलाइ, धार्मिकता र सत्यतामा नै ज्योतिको फल पाइन्छ, र प्रभुलाई मन पर्ने

के हो सो सिक्ने कोसिस गर। अन्धकारका निष्फल कार्यहरूमा भाग नलेओ, बरु तिनलाई प्रकट गरिदेओ" (एफिसी ४:१७-५:११)।

पावलको सेवकाइ र प्रचार यात्रालाई मध्यनजर गर्ने हो भने उनको निम्ति एफिसी धेरै महत्वपूर्ण ठाउँ थियो। त्यहाँ उनी करिब दुइ वर्षसम्म बसेका थिए (प्रेरित १९:१०), जुन अरू ठाउँमा बसेको समयको तुलनामा लामो समय हो। कोरिन्थीमा उनी छ महीनासम्म बसे र अरू ठाउँहरूमा त्योभन्दा छोटो समयसम्म मात्र बसे। त्यसैले पावलले सेवकाइको दौरानमा सबैभन्दा लामो समय बिताएको ठाउँ एफिसी हो। त्यहाँ उनले टुरान्नसको विद्यालयमा ईश्वरशास्त्र सिकाउँदा धेरै मानिसहरू इसाई विश्वासमा आएका थिए (प्रेरित १९:८-१०)। त्यतिबेला पावलको साधारण अनि बलिदानपूर्ण जीवन देखेर धेरै मानिसहरू प्रभावित भएका थिए। त्यसैले उक्त ठाउँ र त्यहाँ स्थापित मण्डलीप्रति उनको विशेष चासो थियो।

पावल लामो समयसम्म एफिसीमा बसेर शिक्षा दिए तापनि त्यहाँका मानिसहरूको जीवन परिवर्तन भएको थिएन। तिनीहरूको हृदयमा तीतोपनका जराहरू उम्रिएका थिए, जसले गर्दा तिनीहरूसँग नराम्रा चरित्रहरू थिए। आफू रोमको झ्यालखानामा दु:ख-कष्ट भोगिँरहदा पनि एफिसीका इसाईहरूको जीवन परिवर्तन होस् भन्ने हेतुले पावलले तिनीहरूलाई पत्र लेखेका हुन्। उक्त पत्रमा ६ वटा अध्यायहरू छन्, जसमध्ये सुरुका तीन अध्यायहरूमा इसाई विश्वास र सिद्धान्तको बारेमा चर्चा गरिएको छ भने बाँकी तीन अध्यायहरूमा इसाई जीवनको लागि उपयोगी व्यवहारिक र पारिवारिक शिक्षाहरूद्वारा पावलले तिनीहरूका हृदय सफा पार्न खोजेका छन्।

संक्षेपमा एफिसीको इसाईहरूलाई पावलको सन्देश यसप्रकारको थियो: तिमीहरू अन्धकारमा थियौ तर येशूको रगत र अनुग्रहले गर्दा ज्योतिमा आयौ। अब तिमीहरू परमेश्वरको राज्यको नागरिक भइसकेका छौ। त्यसैले पुराना कुराहरू त्यागेर नयाँ ढाँचामा चल्ने प्रयत्न गर। त्यतिबेलाको समस्या के थियो

भने मण्डलीका पास्टर, प्रचारक, प्रेरित, अगमवक्ता र शिक्षकहरू सबैसँग कमलको जस्तै चरित्रहरू थिए (एफिसी ४:१-३२)।

पावलले पत्रद्वारा तिनीहरूलाई आ-आफ्नो जीवनशैली परिवर्तन गर्न यसरी कडा चेताउनी दिएका छन्- "यो त तिमीहरू निश्चय नै जान, कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपूजक हो) ख्रीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन" (एफिसी ५:५)। तिमीहरूले आफ्नो हृदय सफा बनायौ भने परमेश्वरलाई देख्नेछौ र उहाँसँग कुराकानी गर्न सक्नेछौ। त्यसपछि परमेश्वर प्रसन्न हुनुहुनेछ र आशिष्हरू दिनुहुनेछ। त्यतिमात्र होइन भविष्यमा उहाँको राज्यमा इनाम र अधिकार पनि दिनुहुनेछ।

सायद त्यतिबेला एफिसीका मण्डलीका सदस्यहरूमा पारिवारिक समस्याहरू पनि थिए होलान्। त्यसैले पावलले ती समस्याहरू समाधान गरी परमेश्वरको इच्छाअनुसार जीवन जिउनुपर्छ भनी सिकाउन तिनीहरूलाई पति-पत्नी, छोराछोरी र आमाबुबा अनि कमारा अनि कमारा र मालिकहरूलाई शिक्षा दिएका छन्। वास्तवमा इसाई जीवन आत्मिक युद्धले भरिएको जीवन हो। हृदय शुद्ध पार्न हामीले हमेसा शैतानसँग आत्मिक युद्ध गर्नुपर्छ। त्यसको निम्ति आवश्यक पर्ने आत्मिक हातहतियारहरूबारे पावलले आफ्नो पत्रको अन्तमा चर्चा गरेका छन्।

शैतानको कारणले गर्दा आदमको पुस्तादेखि नै मानिसको हृदय तीतोपनले भरिएको छ। यसले गर्दा मानिसले विभिन्न समस्याहरू भोग्नु परिरहेको छ। हामीले केही मण्डलीहरूका अइसाईहरूको हृदयको अवस्थाबारे अध्ययन गऱ्यौँ। तिनीहरूको हृदय तीतोपनको जराले भरिएकोले मण्डलीभित्र समस्याहरू थिए। इसाईहरूको हृदयमा भएका तीतोपनको जराहरूले के-कस्ता परिणामहरू ल्याउँछन् भनेर अब हामी अर्को पाठमा चर्चा गर्नेछौँ।

# तीतोपनको जराहरूले ल्याउने परिणामहरू

## CONSEQUENCES OF THE ROOTS OF BITTERNESS

इसाईहरूका हृदयभित्र भएका तीतोपनका जराहरूले आशिष्को ढोकालाई बन्द गरिदिन्छ। ती तीतोपनका जराहरूले इसाईहरूका जीवनमा विभिन्न किसिमका नराम्रा परिणामहरू ल्याउँछन्; जस्तै: तिनीहरूले परमेश्वरलाई देख्न सक्दैनन् (मत्ती ५:८); तिनीहरूले परमेश्वरको अनुग्रहको स्वाद चाख्न सक्दैनन् (हिब्रू १२:१५); तिनीहरूको हृदयमा शान्ति हुँदैन र आफूलाई विभिन्न समस्याको पासोमा पार्छन् (हिब्रू १२:१५); तिनीहरूले अरूलाई अशुद्ध पार्छन् (हिब्रू १२:१५); तिनीहरू परमेश्वरको राज्यको उत्तराधिकारी हुन पाउँदैनन् (१ कोरिन्थी ६:१०; गलाती ५:२१); तिनीहरूले आफ्नो जीवनमा पवित्र आत्माको फलहरू फलाउन सक्दैनन् (गलाती ५:२२-२३); तिनीहरूले आशिषित सन्देशहरू पालन गर्न सक्दैनन् (मत्ती ५:३-१२): तिनीहरू पृथ्वीको नून र संसारका ज्योति हुन सक्दैनन् (मत्ती ५:१३-१६); तिनीहरू परमेश्वरको छोराछोरी हुन पाउँदैनन् (मत्ती ५:९,४५; यूहन्ना १:१२); तिनीहरू सिद्ध इसाई हुन सक्दैनन् (मत्ती ५:४८); तिनीहरूले दुई मालिकहरूको सेवा गर्नेछन् (मत्ती ६:२४); तिनीहरूले परमेश्वरको राज्य र उहाँको धार्मिकता खोजी गर्दैनन् (मत्ती ६:३३): तिनीहरूले सही किसिमले माग्न, खोज्न र ढकढक्याउन सक्दैनन्(मत्ती ७:७); तिनीहरू साँघुरो ढोकाबाट होइन तर फराकिलो ढोकाबाट भित्र छिर्नेछन् (मत्ती ७:१३); तिनीहरूले आफ्नो घर चट्टानमाथि होइन तर बालुवामाथि बनाउनेछन् (मत्ती ७:२४-२७); तिनीहरू उठाई लगिनको लागि योग्य हुँदैनन् (मत्ती २४:३७-२५:४६); र तिनीहरू नयाँ स्वर्ग र नयाँ यरूशलेममा प्रवेश गर्नेछैनन् (प्रकाश २१:२२-२७; २ पत्रुस ३:१३)।

यी कुराहरूलाई हामीले गम्भीर भएर सोच्नुपर्छ र यसप्रति सचेत हुनुपर्छ। यदि यी कुराहरूमध्ये कुनै हामीमा छ, र त्यसले दोषी ठहऱ्याउँदैछ भने तुरुन्तै क्रूसको वेदीमा गएर परमेश्वरसँग पश्चात्ताप गर्नुपर्छ र उहाँको अनुग्रह माग्नुपर्छ। त्यसपछि हामीले आशिषित सन्देशलाई आफ्नो जीवनशैली बनाउने प्रतिज्ञा गर्नु पर्छ। यो एकै रातमा हुने प्रक्रिया होइन। यद्यपि पावल र अरू प्रेरितहरूको जीवनलाई अध्ययन गर्ने हो भने परमेश्वरको वचन र पवित्र आत्माले तिनीहरूलाई बिस्तारै परिवर्तन गरी सिद्धतातिर डोऱ्याएको थाहा पाउँछौँ। सिद्धतातिर बढ्ने प्रक्रिया लामो हुन्छ। सधैँ हामीले त्यतातिर बढ्ने मनोवृत्ति राख्नुपर्छ। तीतोपनका जराहरूले ल्याउने परिणामहरूलाई बुझेपछि त्यसलाई हटाउने उपायहरूका बारेमा अर्को पाठमा चर्चा गर्नेछौँ।

# तीतोपनको जराहरू कसरी हटाउने?

## HOW TO REMOVE THE ROOTS OF BITTERNESS?

तीतोपनको जराहरूले इसाई जीवनमा के-कस्ता परिणामहरू ल्याउँछन् भनी हामीले थाहा पाएपछि अब त्यसलाई कसरी हटाउन सकिन्छ भन्ने बारेमा केही महत्वपूर्ण कुराहरू हेर्नेछौँ।

आत्मिक आगोको भट्टीद्वारा हामी तीतोपनको जराहरूलाई हटाउन सक्छौँ (मत्ती ५:१०-१२; याकूब १:२-४; १ पत्रुस १:६-७; अय्यूब २३:१०)। आत्मिक आगोको भट्टी भनेको इसाई जीवनमा आउने विभिन्न किसिमका दु:ख-कष्ट, आपत्-विपत्, सतावट र समस्याहरू हुन्। प्राय: मानिसहरू जीवनमा यस्ता कुराहरू आइपर्दा आत्तिएर परमेश्वरमाथि भरोसा गर्न छोड्छन्। वास्तवमा परमेश्वरले हामीलाई यस्ता कुराहरूद्वारा सुन खारेझैँ खारेर सिद्ध र सुदृढ बनाउन चाहनुहुन्छ। साँच्चै भन्ने हो भने कुनै व्यक्ति कस्तो किसिमको इसाई हो भनेर हामीले उसलाई आपत्-विपत्मा चिन्न सक्छौँ।

हृदयमा भएको तीतोपनको जराहरूलाई हटाउने अर्को तरिका भनेको हामीभित्र वास गर्नुहुने पन्यूमा पवित्र आत्मासँग सङ्गति गर्नु हो (यूहन्ना ७:३७-३८; रोमी ८:२६-२८)। प्रार्थनाद्वारा पारा-क्लेटोस पवित्र आत्मालाई निमन्त्रणा गरी उहाँलाई आफ्नो हृदयमा काम गर्न दिएर दुष्ट कुराहरूलाई हामीले हटाउनसक्छौँ (यूहन्ना १४:१६; प्रेरित २:२-३; प्रेरित ९:३; मत्ती ३:१६; १ यूहन्ना २:२७)।

त्यसैगरी दैनिकरूपमा परमेश्वरको वचन मनन गरिरहँदा हाम्रो हृदयमा भएका फहोर कुराहरू बिस्तारै हटेर जानेछन्। हामीले आफ्नो हृदयमा

परमेश्वरको वचन भर्दैजानु पर्छ। परमेश्वरको वचन दुईधारे तरवार हो, र यसले हाम्रो हृदयमा भएका तीतोपनको जरालाई काटेर फाल्ने काम गर्छ (एफिसी ६:१७; हिब्रू ४:१२; भजन ११९:१०३; यर्मिया १५:१६; इजकिएल २:९, ३:३)।

छोटकरीमा भन्नुपर्दा जीवनमा आगोझैँ आइपर्ने दु:ख-कष्टमा सहनशील हुनु, पवित्र आत्मासँगको सङ्गति गर्नु अनि धर्मशास्त्र बाइबल अध्ययन र मनन गर्नु- यी तीन कुराहरूद्वारा हामी आफ्नो हृदयमा भएका तीतोपनका जराहरू अथवा शैतानको चरित्रहरूलाई हटाउन सक्नेछौँ। यी तरिकाहरू अपनाएर आफ्नो हृदयलाई खराब कुराहरूबाट मुक्त पारेपछि हामी परमेश्वरको सेवकाइ असल प्रकारले गर्न सक्नेछौँ। धेरैले हृदयमा तीतोपनको जराहरू बोकेरै परमेश्वरको सेवकाइ गरिरहेका हुन्छन्। त्यस्ता मानिसहरूलाई एक दिन येशूले सफासँग भन्नुहुनेछ: “मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ” (मत्ती ७:२३)।

तसर्थ अहिले हामीले गरेका कामहरूको एक दिन मूल्याङ्कन हुनेछ र त्यसैअनुसार हामीले इनाम पाउनेछौँ भन्ने जीवित आसामा हृदय शुद्ध बनाई परमेश्वरको सेवा आराधना गर्नुपर्छ। परमेश्वरको स्वर्गीय राज्य तहगत भएको कारणले गर्दा त्यहाँ पाइने इनाम, जिम्मेवारी र अधिकार फरक-फरक किसिमका हुनेछन्। यस विषयमा अझ राम्ररी बुझ्नको लागि आगामी पाठहरू गहन अध्ययन गर्नु आवश्यक हुन्छ।

# परमेश्वरको राज्यमा तहगत समाज

## CLASS SOCIETY IN THE KINGDOM OF GOD

हामी विश्वासीहरू परमेश्वरका सन्तान भएकोले एक दिन उहाँको स्वर्गीय घरमा जानेछौँ। त्यहाँ बस्नको लागि अहिले नै त्यहाँको बारेमा जानकारी हासिल गर्नु अति आवश्यक छ। हामीले परमेश्वरको राज्यको तहगत समाजको बारेमा जानकारी पायौँ भने त्यसको लागि सुहाउँदो जीवनशैली बनाउनलाई सजिलो हुनेछ। केही बाइबल शिक्षकहरूले सबै विश्वासीहरू राजकीय पूजाहरीहरू हुन् र स्वर्गको राज्यमा सबैको स्तर एउटै हुनेछ भनी सिकाउँछन् (१ पत्रुस २:९)। सबै राजाहरू हुने हो भने प्रजाचाहिँ को हुने? परमेश्वरको राज्यमा तहगत समाज छ र त्यहाँ हाम्रो इनाम, अधिकार र जिम्मेवारीहरू पनि विभिन्न तहका हुनेछन् भन्ने तथ्यलाई यी बाइबल खण्डहरूले प्रमाणित गर्दछन्।

"यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ" (मत्ती ५:१९)। "साँच्चै, म तिमीहरूलाई भन्दछु, स्त्रीबाट जन्मेकाहरूमा बप्तिस्मा-दिने यूहन्नाभन्दा महान् अरू कोही भएको छैन। तरै पनि स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ, त्यो यिनीभन्दा महान् हो" (मत्ती ११:११)। "जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ" (मत्ती १८:४)।

यी कुराहरू स्वयम् येशू ख्रीष्टले भन्नुभएको हो। उहाँले कहिले पनि झूटा आश्वासन दिनुहुन्न। तसर्थ स्वर्गको राज्यमा तहगत समाज छ भन्ने कुरामा हामी ढुक्क हुन सक्छौँ। यो सिद्धान्त हाम्रो आत्मिक जीवनको लागि अति महत्वपूर्ण भएकोले धर्मशास्त्रको केही खण्डहरू हेर्दै योसम्बन्धी केही कुराहरूलाई हामी हेर्दै जानेछौँ ताकि स्वर्गीय समाज तहगत छ भन्ने सिद्धान्त सुदृढ हुन सकोस्।

## १. विविध समाज

Diverse Society

"ठूलो घरमा सुन र चाँदीका भाँडाहरू मात्र हुँदैनन्, तर काठ र माटोका पनि हुन्छन्, कुनै आदर र कुनै अनादरका निम्ति। जे कुरा अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ" (२ तिमोथी २:२०-२१)।

यो कुरा सन्त पावलले सहिद हुनुभन्दा केही समयअगाडि आफ्नो प्यारो आत्मिक छोरा तिमोथीलाई लेखेका हुन्। यसबाट उनले बुझाउन खोजेका कुरा के हो भने यदि कुनै मानिसले आफूलाई अशुद्धताबाट अलग गरेर शुद्ध बनायो भने ऊ परमेश्वरको असल कामको लागि प्रयोग हुनसक्नेछ। उसले हृदय शुद्ध पार्‍यो भने परमेश्वरले उसलाई उच्च तहमा राख्नुहुनेछ।

## २. विविध महिमा

Diverse Glory

“सूर्यको तेज एक किसिमको, चन्द्रमाको तेज अर्कै किसिमको र ताराहरूको तेज अर्कै किसिमका हुन्छन्। किनभने एउटा तारा अर्को ताराभन्दा तेजमा भिन्दै हुन्छ” (१ कोरिन्थी १५:४१)।

पावलले यहाँ कोरिन्थीका विश्वासीहरूलाई विविध महिमाको विषयमा बताउन खोजेका छन्। उनले भन्न खोजेको यो हो, कि हरेक विश्वासीसँग विशेष तेज अथवा महिमा हुन्छ। केही विश्वासीहरूमा ठूलो स्वर्गीय तेज हुन्छ भने केही विश्वासीहरूमा सानो अर्थात् सांसारिक तेज मात्र हुन्छ। जसरी सूर्य र चन्द्रमाको तेज फरक छ, त्यसैगरी विश्वासीहरूको तेज पनि फरक-फरक हुन्छ। विश्वासीको आत्मिक तेज तिनीहरूको हृदयको शुद्धतामा भर पर्छ। हाम्रो हृदय शुद्ध हुँदैगएपछि हाम्रो स्वर्गीय तह, तेज र महिमा पनि उच्च हुँदैजानेछ।

## ३. विविध मुकुटहरू

### Diverse Crowns

बाइबलमा सात किसिमका मुकुटहरूका बारेमा चर्चा गरिएको छ। विश्वासीहरूले भविष्यमा पाउने ती मुकुटहरूको आधारमा स्वर्गीय समाज तहगत छ भनी बुझ्न सकिन्छ। परमेश्वरले पावललाई आनन्दको मुकुट, अविनाशी मुकुट र धार्मिकताको मुकुटको बारेमा बताउनुभयो। त्यसैगरी उहाँले याकूबलाई जीवनको मुकुटको बारेमा, पत्रुसलाई महिमाको मुकुटको बारेमा र यूहन्नालाई सुनौलो मुकुट, बाह्र ताराहरूको मुकुट र जीवनको मुकुटको बारेमा लेखन लगाउनुभयो। हाम्रो हृदय, सेवकाइ र जिम्मेवारीअनुसार ती मुकुटहरू परमेश्वरले हामीलाई पहिराइदिनुहुनेछ। सबै इसाईहरूले ती मुकुटहरू पाउनेछन् भन्न सकिँदैन।

**आनन्दको मुकुट** (Crown of Joy):- "हाम्रा प्रभु येशू जब आउनुहुन्छ, त्यस बेला उहाँको सामुन्ने हाम्रो आशा वा आनन्द वा गर्वको मुकुट तिमीहरू नै होइनौ र? निश्चय हाम्रो गौरव र आनन्द तिमीहरू नै हौ" (१ थेसलोनिकी २:१९-२०)। "यसकारण मेरा भाइहरू, म तिमीहरूलाई माया गर्दछु, र तिमीहरूको चाहना गर्दछु, तिमीहरू मेरा आनन्द र मुकुट हौ। मेरा प्रियहरू, यसरी नै प्रभुमा स्थिर रहो" (फिलिप्पी ४:१)।

**जीवनको मुकुट** (Crown of Life):- "त्यो मानिस धन्यको हो, जो आपत्-विपत्मा स्थिर रहन्छ, किनकि जाँचको सामना गरिसकेपछि त्यसले जीवनको त्यो मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिने प्रतिज्ञा गर्नुभएको छ" (याकूब १:१२)। "तिमीले भोग्नै लागेका कष्टहरूसँग नडराओ। हेर, दियाबलसले तिमीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ, र तिमीहरूलाई दशै दिन कष्ट हुनेछ। तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु" (प्रकाश २:१०)।

**अविनाशी मुकुट** (Everlasting Crown):- "तिनीहरू नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्छन्, तर हामीचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौँ" (१ कोरिन्थी ९:२५)

**महिमाको मुकुट** (Crown of Glory):- "जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ" (१ पत्रुस ५:४)।

**धार्मिकताको मुकुट** (Crown of Righteousness):- "अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ" (२ तिमोथी ४:८)।

**सुनको मुकुट** (Golden Crown):- "त्यस सिंहासनको वरिपरि चौबीस सिंहासनहरू थिए, र शिरमा सुनका मुकुटहरू र सेता पोशाकहरू पहिरेका चौबीस जना धर्म-गुरुहरू ती सिंहासनमा बसेका मैले देखेँ" (प्रकाश ४:४)। "अनि मैले हेरेँ, र एउटा सेतो बादल र त्यसमाथि बस्नुभएको मानिसको पुत्रजस्तो एक जनालाई देखेँ, जसको शिरमा सुनको मुकुट थियो र हातमा एउटा धारिलो हँसिया थियो" (प्रकाश १४:१४)।

**बाह्र ताराहरूको मुकुट** (Crown of Twelve Stars):- "स्वर्गमा एउटा आश्चर्यजनक आफ्ना देखियो: सूर्य पहिरेकी एउटी स्त्री देखा परी, जसको पाउमुनि चन्द्रमा थियो, र त्यसले शिरमा बाह्र वटा ताराको मुकुट लाएकी थिई" (प्रकाश १२:१)।

## ४. प्रतिज्ञा गरिएको उत्तराधिकार

### Promised Inheritance

"धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्" (मत्ती ५:५)। "तिमीहरूमा एउटाले अर्काको विरुद्धमा मुद्दा लड्नु नै तिमीहरूको हार हो। बरु अन्याय किन नसहनु? बरु किन ठगिएर नै नबस्नु? तर तिमीहरू नै अन्याय गर्दछौ र ठग्छौ त्यै पनि आफ्नै भाइहरूलाई! अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन? धोखा नखाओ- अनैतिकहरू, मूर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरको राज्यको हकदार हुनेछैनन्। तिमीहरू कोही यस्तै थियौ, र तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ" (१ कोरिन्थी ६:७-११)। "पाप-स्वभावका कामहरू प्रत्यक्ष छन्, जो यी नै हुन्- व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैँझगडा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, डाह, पियक्कडपन, मोजमज्जा र यस्तै अरू, जसका विषयमा म तिमीहरूलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हुँ। जस-जसले यस्ता कामहरू गर्छन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन्" (गलाती ५:१९-२१)।

शुद्ध हृदय भएका इसाईहरूले परमेश्वरको राज्यमा उत्तराधिकार पाउनेछन्। यसलाई अर्को शब्दमा भन्नुपर्दा आत्मिक स्तर उच्च भएका परमेश्वरका सन्तानले उहाँको राज्यमा उत्तराधिकार पाउनेछन्। तसर्थ आफ्नो हृदय शुद्ध बनाएर जीवनशीली परिवर्तन गर्ने अनि जस्तोसुकै परिस्थितिमा पनि विश्वासलाई अटल राख्ने व्यक्तिहरूले मात्र पतिज्ञा गरिएको उत्तराधिकार प्राप्त गर्नेछन् भनी हामी अनुमान लगाउन सक्छौँ।

## ५. प्रतिज्ञा गरिएको इनाम

Promised Reward

"धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्। तब रमाओ, र अत्यन्त खुसी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए" (मत्ती ५:११-१२)।

आशिषित सन्देशलाई अध्ययन गर्दा हामी के बुझ्दछौँ भने येशूको खातिर सतावट भोग्नेहरूले भविष्यमा उहाँबाट ठूलो इनाम पाउनेछन्। यो संसारमा शैतानले राज्य गरेको छ। त्यसलाई परमेश्वरको राज्य बढ्दैगएको पटक्कै मन पर्दैन। त्यसैले परमेश्वरको राज्यको सेवकाइ गर्नेहरूमाथि विभिन्न किसिको दु:ख-कष्ट, रोग-बिरामी र सतावटहरू आइपर्छ। मानिसहरूले परमेश्वरका सेवक-सेविकाहरूमाथि झूटा आरोप लगाएर बदनाम गर्ने कोसिस पने गर्दछन्। तर हामी त्यस्ता परिस्थितिहरूमा निराश हुने होइन, आनन्दित हुन सक्नुपर्छ किनभने स्वर्गमा हाम्रो इनाम ठूलो हुनेछ।

## ६. इनाम गुम्नसक्ने चेताउनी

Reward Loosing Warning

"मलाई दिइएको परमेश्वरको अनुग्रहअनुसार, घर बनाउने निपुण कारीगरले जस्तै मैले जग बसालेँ, र अर्कोले त्यसमाथि घर बनाउँदैजान्छ। त्यसमाथि बनाउँदैजाने हरेक मानिसले कसरी बनाउँदैछ, सो ध्यान दिओस्। किनकि जुन जग बसालिसकिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन। यदि कुनै मानिसले यस जगमाथि सुन, चाँदी, बहुमूल्य पत्थर, काठ, घाँस वा पराल प्रयोग गरेर घर बनायो भने, प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ। त्यो आगोद्वारा प्रकट हुनेछ, र हरेकले कस्तो काम गरेको छ, सो आगोले जाँच

गर्नेछ। यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले इनाम पाउनेछ। यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नुपर्नेछ, तर त्यो आफैचाहिँ आगोबाट उम्केझैँ बाँच्नेछ" (१ कोरिन्थी ३:१०-१५)।

"म चाँडै आइरहेछु। तिमीसँग जे छ त्यसलाई पक्रिराख, र तिम्रो मुकुट कसैले लिनेछैन" (प्रकाश ३:११)।

यी बाइबल खण्डहरूद्वारा केही विश्वासीहरूले आफ्नो इनाम गुमाउनेछन् भनी बुझ्न सकिन्छ। त्यसैले आफ्नो इनाम नगुम्ने प्रकारले हामीले विश्वासलाई जोगाइराख्नुपर्छ र सोहीअनुरूपको जीवनशैली निर्माण गर्नुपर्छ। विश्वासीको मुक्ति नगुमे तापनि इनामचाहिँ गुम्नसक्छ भन्ने कुरामा सबैजना सचेत हुनु पर्छ।

दु:खलाग्दो कुरा के हो भने केही इसाईहरूले स्वर्गमा तहगत समाज छ भन्ने कुरामा विश्वास गर्दैनन्। तिनीहरू भन्छन्, कि सबै विश्वासीहरू येशूका चेलाहरू हुन्, त्यसैले सबैले मुकुट पाउनेछन्। त्यति मात्र होइन सबै विश्वासीहरू येशूको दुलहीहरू हुन् र सबै जना थुमाको विवाहभोजको निम्ति उठाई लगिनेछन् भनेर तिनीहरूले प्रचार गर्छन्। त्यस्ता मण्डलीका इसाईहरूले 'हामी सबै समान हौँ र परमेश्वरको राज्यमा पनि समान तहमा हुनेछौँ' भनी विश्वास गर्छन्। तिनीहरू यसो भन्दछन्: "परमेश्वर प्रेम हुनुहुन्छ, उहाँ हाम्रो निम्ति मर्नुभयो। हामीहरूले अनन्त जीवन पाइसकेका छौँ। अब मुकुट गुम्ला कि भनेर चिन्ता गर्नुपर्दैन। आउनुहोस्, हामी सबै हाँसखेल गर्दै आनन्द मनाऔँ।"

तर यस विषयमा बाइबलले हामीलाई फरक किसिमले बताउँछ। माथि उल्लेख गरिएका बाइबल खण्डहरूले परमेश्वरको राज्य र त्यहाँको समाज तहगत छ भन्ने कुरा स्पष्टसँग बताउँछ। धेरै प्रभुको प्रिय जनहरूले आफ्नो दर्शनमा स्वर्गको अनुभव गरेका छन्। स्वयम् पावलले पनि यस विषयमा आफ्नो अनुभव उल्लेख गरेका छन् (२ कोरिन्थी १२:२)। उनीहरूले परमेश्वरको राज्यमा फरक-फरक तहका कुराहरू देखे। आफूले देखेका अनि अनुभव गरेका

ती आश्चर्यलाग्दो अनि उदेकका कुराहरू तिनीहरूले आजभोलि विश्वास नगर्ने मानिसहरूलाई चेताउनीस्वरूप गवाही दिइरहेका छन्। यी अन्तिम दिनहरूमा यस प्रकारका गवाहीहरू भएका पुस्तक, पत्र-पत्रिका, इन्टरनेट, रेडियो तथा टेलिभिजन कार्यकमहरूद्वारा हजारौँ व्यक्तिहरू प्रभुमा आइरहेका छन्।

यस पृथ्वीमा पनि हामी परमेश्वरको सृष्टिमा विविधता देख्दछौँ। परमेश्वरले आफ्नो सृष्टिको विविधता र त्यसको सुन्दरतालाई मन पराउनुहुन्छ। परमेश्वरले ब्रह्माण्ड, पृथ्वी र यहाँको प्रकृतिलाई तहगत अनि नियमवद्ध ढङ्गबाट बनाउनुभएको छ। पृथ्वीको हरेक जीव-जन्तु, जनावरलगायत मानिसको समाजमा फरक-फरक तह र स्तरहरू छन्; जस्तै: कमिलाको तहगत समाज छ; माछाको तहगत समाज छ; त्यस्तैगरी बाघ, भालु, हात्तीको पनि तहगत समाज छ; र चराहरूको पनि तहगत समाज छ। हामीले नियालेर हेर्ने हो भने प्रत्येक प्राणीका समाजमा विभिन्न तह र स्तरहरू भएको भेट्टाउँछौँ।

निष्कर्षमा हामीले बुझ्नुपर्ने कुराचाहिँ यही हो, कि प्रभुले हाम्रो मनोवृत्ति र व्यवहारको सही मूल्याङ्कन गर्नुहुनेछ र त्यसैअनुसार उहाँले हामीलाई उहाँको राज्यको तहगत समाजमा हामीलाई स्थापित गर्नुहुनेछ। यदि हामी उहाँको राज्यमा असल अनि उच्च तहमा बसेर प्रभुले दिनुभएको जिम्मेवारीहरूलाई सही प्रकारले निभाउन चाहन्छौँ भने आशिषित सन्देशलाई राम्रो बुझेर त्यसैअनुरूपको जीवनशैली निर्माण गर्नुपर्छ।

# आशिषित सन्देशको आठ भागहरू

## EIGHT PARTS OF THE BEATITUDES

परमेश्वरबाट आशिष् र इनाम पाउनको लागि हृदय शुद्ध पार्नुपर्छ भन्ने कुरा हामीले अघिल्ला पाठहरूमा चर्चा गऱ्यौँ। शुद्ध हृदय भएका व्यक्तिहरू मात्र स्वर्गीय राज्यमा माथिल्लो तहमा हुनेछन् भन्ने कुरा पनि हामीले बुझिसक्यौँ। त्यसको साथै हृदयलाई कसरी शुद्ध पार्ने भन्ने महत्वपूर्ण विषयमा केही चर्चा गऱ्यौँ। वास्तवमा प्रभु येशूले डाँडाको उपदेशमा दिनुभएको आशिषित सन्देशले हामीलाई हृदय सफा गर्ने तरिका सिकाउँछ। यसमा भएका आठ सन्देशहरूमध्ये (मत्ती ५:३-१२) सुरुका चार सन्देशहरू (मत्ती ५:३-६) हाम्रो हृदय सफा गर्ने औजारहरू हुन्। त्यहाँ येशूको महत्वपूर्ण शिक्षाहरू उल्लेख गरिएका छन्। जब हामीले ती पहिलो चार वटा सन्देशहरू पालन गर्दछौँ, तब त्यसको आधारमा पछिल्लो चार सन्देशहरूले (मत्ती ५:७-१२) काम गर्न थाल्नेछन्। हामीले अघिल्लो चार सन्देशहरू राम्रोसँग पालन गऱ्यौँ भने पछिल्लो चार सन्देशहरू बिस्तारै पूरा हुनेछन्। त्यसैले आशिषित सन्देसको पछिल्लो चार सन्देशहरूचाहिँ अघिल्लो चार सन्देशहरूका परिपूरक हुन्। आशिषित सन्देशमा भएका आठ भागहरू यसप्रकारका छन्।

१. आत्मामा दीन हुनु (Being Poor in Spirit)

२. शोक गर्नु (Mourning)

३. नम्र हुनु (Being Meek)

४. धार्मिकताको निम्ति भोकाउनु र तिर्खाउनु (Being Hungry and Thirsty for the Righteousness)

५. दया गर्नु (Being Merciful)

६. हृदय शुद्ध बनाउनु (Being Pure in Heart)
७. मेल मिलाप गराउनु (Being Peace Maker)
८. धार्मिकताको निम्ति सताइनु (Being Persecuted because of Righteousness)

यी आठ महत्वपूर्ण सन्देशहरूलाई अब हामी एक-एक गरी हेर्नेछौँ र कसरी यिनीहरू एक आपसमा सम्बन्धित छन् भन्ने रहस्यलाई बुझ्नेछौँ।

## आत्मामा दीन हुनु

### Being Poor in Spirit

"धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो" (मत्ती ५:३)।

हृदय सफा पार्नको लागि पहिलो कदम आत्मामा दीन अथवा गरिब हुनु हो। दीन अथवा गरिब भन्ने शब्दलाई बुझाउन बाइबलमा ग्रीक भाषाको दुइ वटा शब्दहरू प्रयोग गरिएका छन् : पेनेस (Penes) र पुटोकोस (Ptokos)। अब यी दुई शब्दहरूबारे केही चर्चा गरौँ।

**पेनेस (Penes) : -** पेनेस किसिमको गरिब मानिसको आम्दानी कम हुन्छ तर ऊ खानै नपाएर मर्दैन। उसको कमाइले जीविका चल्छ तर इच्छा लागेका कपडा, घर, जग्गा-जमिन र गाडी किन्न सकिँदैन अनि मन लागेको ठाउँमा घुम्न जान पैसा पुग्दैन। पेनेस शब्द प्रयोग भएको बाइबल पद यस्तो छ: "उसले छर्छ, र गरिबहरूलाई दिन्छ, उसको धार्मिकता सदासर्वदै रहिरहन्छ" (२ कोरिन्थी ९:९)।

**पुटोकोस (Ptokos) : -** पुटोकोस गरिबी भनेको जीविका चलाउनै गाह्रो हुने खालको गरिबीपन हो। यो पैसा नभएर भोकभोकै बस्नुपर्ने र कपडा नभएर नाङ्गै हुनेपर्ने अवस्था हो। येशू ख्रीष्टले आशिषित सन्देशमा यही शब्द प्रयोग गर्नुभएको छ, जुन पूर्णरूपमा गरिब हुनु हो। जसले आफूलाई आत्मामा

पुटोकोस अर्थात् पूर्णरूपमा गरिब भएको भनेर स्वीकार गर्छ, त्यो आशिषित व्यक्ति हो भनी येशूले सिकाउनुभयो। मसँग परमेश्वरको चरित्र छैन भनेर स्वीकार गर्नु नै आत्मामा पुटोकोस गरिब हुनु हो। यसको मतलब गलाती ५:२२-२३ मा उल्लेख भएका पवित्र आत्माको फलहरू र १ कोरिन्थी १३ अध्यायमा उल्लिखित चरित्र आफूमा छैन भी स्वीकार गर्नु हो। पुटोकोस शब्द प्रयोग भएको बाइबल पद यो हो: "धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो" (मत्ती ५:३)।

**पुटोकोस गरिबको विशेषताहरू:-** आत्मामा पटोकोस गरिब विश्वासीहरूले यसरी सोच्ने गर्छन् : मसँग परमेश्वरको गुण र चरित्र छैन बरु मेरो हृदय शैतानको चरित्रहरूले भरिएको छ। मभित्र भएको शैतानका चरित्रहरूले हानि गरिरहेछ। शैतानका चरित्रले मलाई शान्ति, खुसी, आनन्द र सन्तुष्टि दिँदैन। त्यसले मलाई आत्मिक रूपमा परिपक्व हुन दिँदैन। ती खराब चरित्रहरूले मेरो आत्मिकी आँखा बन्द गरिदिएको छ। त्यसैले म परमेश्वरलाई देख्न सक्दिनँ। शैतानका चरित्रहरूले गर्दा मैले जीवनमा पवित्र आत्माको फलहरू फलाउन सक्दिनँ। म कमजोर प्राणी भएकोले शैतानको चरित्रहरू हटाउन असक्षम छु। परमेश्वरले मात्र शैतानको चरित्रहरू हटाउन सक्नुहुन्छ किनभने उहाँ सर्वशक्तिमान् हुनुहुन्छ। त्यसैले म उहाँमा भर पर्दछु। मेरो उद्देश्य परमेश्वरको महिमा गर्नु हो तर शैतानका चरित्रहरू मभित्र भएकोले म परमेश्वरलाई महिमा दिन सक्दिनँ।

हरेक विश्वासीले यस्ता कुराहरू थाहा पाउनु एकदमै महत्वपूर्ण छ। यी कुराहरूलाई महसुस गरेपछि यसरी प्रार्थना गर्नुपर्छ: हे परमेश्वर, म अति नै कमजोर छु। म आत्मामा अति नै गरिब छु। कृपा गरी मलाई सहायता गर्नुहोस् ताकि म सही प्रकारले तपाईंको महिमा गर्न सकूँ। तपाईंको सृष्टिको उद्देश्य पूरा गर्न मलाई सहायता गर्नुहोस्। आमिन।

आशिषित हुन चाहने व्यक्तिले आफ्नो दैनिक प्रार्थनामा यसरी स्वीकार गर्नु आवश्यक छ। स्तुति-प्रशंसाको गीत-भजन गाउँदा अनि वचन मनन गर्दा पनि यसलाई स्वीकार गर्नु पर्छ। त्यसपछि पवित्र आत्माले हाम्रो प्रार्थना, स्तुति

प्रशंसा र वचन मननमा कुन बाटो भएर अगाडि बढ्ने भनेर मार्गनिर्देशन गर्नुहुन्छ। हामीले यसो गर्छौं भने परमेश्वरले हामीलाई नम्र बनाउनुहुन्छ। यी कुराहरू स्वीकार गर्नेहरूलाई उहाँले अहिल्यै स्वर्गको राज्य दिने प्रतिज्ञा गर्नुहुन्छ।

धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो (मत्ती ५:३)। यो वाक्यको व्याकरणलाई केलाउँदा हामीले बुझ्नुपर्ने कुरा के हो भने यो वाक्य बहुवचन अनि वर्तमान कालमा लेखिएको छ। प्रभु येशूको प्रतिज्ञाले कुनै एक व्यक्ति विशेषलाई होइन सबै इसाईहरूलाई इङ्गित गर्छ। यहाँ 'आत्मामा दीन हुनु' शर्त हो भने 'स्वर्गको राज्य' प्रतिज्ञा हो। यी दुवै वाक्यांशहरू वर्तमान कालमा लेखिएका छन्। यसको अर्थ के हो भने यदि हामी आत्मामा गरिब भएर परमेश्वरसँग पुकारा गर्दछौँ भने अहिले नै स्वर्गको राज्य हाम्रो लागि निश्चित हुन्छ। त्यसको लागि लामो समयसम्म कुरिरहनु पर्दैन।

परमेश्वरको राज्यको निश्चयता पाएको व्यक्तिसँग शैतान डराउँछ किनभने उसको वरिपरि परमेश्वरले सुरक्षा गर्ने स्वर्गदूतहरू पठाउनुहुन्छ। यद्यपि अहिले हामी शैतानले राज्य गरेको संसारमा छौँ तैपनि त्यसले हामीलाई अधीनमा राख्न सक्दैन किनकि येशूको प्रतिज्ञाअनुसार अहिले हामी स्वर्गको राज्यमा प्रवेश गरिसकेका छौँ। चारैतिर अन्धकार भए तापनि यदि हामीले आफ्नो आत्मिक आँखा खोल्दछौँ भने परमेश्वरलाई हेरेर उहाँसँग कुराकानी गर्नसक्छौँ। त्यसपछि हामीले आर्थिक समस्या, शारीरिक समस्या, मानसिक समस्या, पारिवारिक समस्या, सम्बन्धको समस्या, जागिरको समस्या, व्यापारको समस्या र पढाइको समस्यालाई कुल्चेर अघि बढ्नेछौँ।

हामीले यही संसारमा स्वर्गीय राज्यको अनुभव गर्दछौँ भने मृत्युपछिको वास्तविक स्वर्गको राज्यमा जिउन सहज हुनेछ। अर्को महत्वपूर्ण कुरा के हो भने अहिले स्वर्गको राज्य अनुभव गर्ने व्यक्ति शारीरिक मृत्युसँग डराउनु पर्दैन। परमेश्वरको राज्यमा छु भन्ने निश्चयता भएको व्यक्ति अन्तिम सास फेर्दा पनि शान्त देखिन्छ किनभने ऊ परदेश छोडेर वास्वविक घरमा प्रवेश गर्न उत्सुक

भइरहेको हुनेछ (हिब्रू ११:१६)। उसको अन्तिम संस्कार आशिषमय र अरूको लागि प्रेरणादायी हुनेछ।

हामी यस्तो मनोवृत्ति लिएर जिउँछौँ भने हाम्रो सन्तानले पनि यस्तै कुरालाई पछ्याउनेछन्। रुपैयाँ-पैसाको समस्या, पारिवारिक समस्यालगायत सबै सांसारिक समस्याहरूलाई कसरी नियन्त्रण गर्ने भन्ने कुरा तिनीहरूले हामीबाट सिक्नेछन्। मुख्य कुराचाहिँ तिनीहरूले संसारमा कसरी जिएर मर्नुपर्छ भन्ने कुरा पनि हामीबाट सिक्नेछन्। तिनीहरूले आफ्नो छोराछोरीलाई त्यसै गर्न सिकाउने छन्।

धेरै व्यक्तिहरू यही संसारमा अनन्तसम्म बस्न पाइन्छ कि जस्तो गरी व्यवहार गर्छन्। यस्तो अवधारणा भएको मानिसहरूले आफ्ना छोरा-छोरी र नाता-नातिनाहरूलाई त्यस्तै जीवनशैली सिकाउँछन्। तिनीहरूले छोराछोरीलाई यसो भन्छन्: "तिमीहरूले प्रशस्त पैसा कमाउनुपर्छ। त्यसको लागि तिमीहरूले धेरै पढ्नुपर्छ, कडा परिश्रम गर्नुपर्छ अनि सात पुस्तालाई पुग्ने गरी धन-सम्पत्ति जम्मा गर्नुपर्छ। तिनीहरूले आफ्ना सन्तानलाई यो सांसादउ कसरी जिउने भनी सिकाउँछन् तर कसरी मर्नुपर्छ भन्ने महत्वपूर्ण कुराचाहिँ सिकाउँदैनन्।

सांसारिक मानिसहरूको जीवनशैली हामीले पछ्याउनु हुँदैन। मृत्यु नजिक आउँदा तिनीहरू दुःखित, अशान्त र आत्तिएका हुन्छन् किनभने त्यस समयको लागि तिनीहरूले तयारी गरेकै हुँदैनन्। तिनीहरूलाई मरेपछि कता जाने भन्ने कुरा पनि थाहा हुँदैन। यस संसारमा धेरैजना अन्यौलमा बाँचिरहेका हुनाले त्यो घडीमा प्राय: मानिसहरू डराउने गर्छन्। त्यतिबेला तिनीहरूसँग भएको धन-सम्पत्तिले तिनीहरूलाई कुनै सहायता गर्न सक्दैन। विश्वासीको अन्तिम संस्कार र बिदाइको सेवा आनन्दित उत्सवजस्तै हुनुपर्छ। उसको बिदाइमा उसका छोराछोरी, नातेदार र मित्रहरूले शान्तिसाथ समारोह मनाउनु पर्छ। आत्मामा दीन हुने व्यक्तिले मात्र यसो गर्न सक्छ।

हामी हिँड्ने बाटोमा धेरै मानिसहरू भेट्टाउँछौँ। ती मानिसहरू जीवितै भए तपनि आत्मिक आँखाले हामी ती मानिसहरूलाई मुर्दाजस्तै देख्दछौँ। मानिस

मरेपछि उसको लासलाई जलाएर खरानी बनाइन्छ अतवा गाडेर माटो बनाइन्छ। त्यतिबेला तिनीहरू जति नै धनी, प्रख्यात, बलियो र शक्तिशाली भए तापनि त्यसको केही अर्थ रहँदैन।

धेरैले यो मेरो समस्या होइन भनेर विचार गर्ने गर्दन्। एक दिन छोरछोरीहरूले तिनीहरूलाई जलाउने छन्। अस्पतालको आकस्मिक उपचार कक्षमा अन्तिम क्षणमा पुगेका धेरै मानिसहरूले  विगतका भूल-गल्ती र गलत निर्णयहरूलाई सम्झेर त्यसप्रति पछुतो गरिरहेका हुन्छन्।

सायद जवानहरूले यसरी विचार गर्छन् होला: "म अहिले कहाँ मर्छु र? म त मोजमस्ती गरेर लामो समयसम्म बाँच्नेछु।“ तर वास्तविकता के हो भने यस संसारका सबै मानिसहरूले मृत्युलाई नै प्रतीक्षा गरिरहेछन्। कुन दिन मृत्यु हुन्छ भन्ने कुरा कसैलाई थाहा हुँदैन। धेरै जना जवान अवस्थामा र बालक अवस्थामा नै मर्ने गर्छन्। दुर्घटनामा मर्नेहरू प्राय: जवानहरू नै हुन्छन्। मृत्युले जन्मसँग कुनै सरोकार राख्दैन। जन्मचाहिँ क्रमैसँग हुन्छ र यसलाई नियन्त्रण गर्न सकिन्छ तर मृत्युको कुनै क्रम हुँदैन र यसलाई नियन्त्रण पनि गर्न सकिँदैन। पछि जन्मेको मान्छे पहिले मर्नसक्छ र पहिले जन्मेको चाहिँ पछिसम्म बाँच्न सक्छ। निष्कर्षमा हामीले बुझ्नुपर्ने कुरा भनेको आत्मामा दीन भएर जीवनशैली परिवर्तन गर्नु नै लाभदायी कुरा हो।

## शोक गर्नु

### Mourning

“धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन्” (मत्ती ५:४)।

स्वर्गको राज्य अनुभव गर्न हामीले शोक गर्नु पर्छ। जब हामीले आफूलाई आत्मामा दीन बनाई माथि उल्लेखित कुराहरू महसुस गर्दछौँ; तब शोक गर्न थाल्दछौँ। शोक गर्न सजिलो छैन तर आत्मिक अनुशासनको निम्ति शोक गर्नु एकदमै आवश्यक छ। परमेश्वरले हामीलाई सधैँ आत्मिक अनुशासनमा राख्न चाहनुहुन्छ। अर्को महत्वपूर्ण कुरा के हो भने शैतानको चरित्रहरू हटाउन पनि

हामीलाई आत्मिक अनुशासन आवश्यक पर्छ। परमेश्वरले हामीलाई आत्मिक अनुशासनमा राख्नको निम्ति कहिलेकाहिँ आगोको भट्टीमा हाल्नुहुन्छ। विशेष गरी उहाँले इसाईहरूलाई दुइ किसिमको आगोको भट्टीमा पर्न दिनुहुन्छ : आन्तरिक आगोको भट्टी र बाहिरी आगोको भट्टी। सुनलाई आगोले खारेजस्तै गरी हाम्रो जीवनलाई खार्न यी दुइ आत्मिकी आगोको भट्टीको ठूलो भूमिका हुन्छ। अब हामी यी आगोको भट्टीहरूलाई एक-एक गरी चर्चा गर्नेछौँ।

**आन्तरिक आगोको भट्टी:-** आन्तरिक आगोको भट्टीमा पर्नु भनेको आफूमा भएको शैतानको चरित्रहरूप्रति रुनु र त्यसप्रति पश्चात्ताप गर्नु हो। त्यसपछि हामी परमेश्वरको सृष्टिका उद्देश्यको बारेमा मनन गर्न थाल्नेछौँ। सृष्टिको उद्देश्यलाई मनन गर्दा हामीले यसरी विचार गर्नुपर्छ: म परमेश्वरको प्रशंसा र महिमा गर्न सृष्टि गरिएको प्राणी हुँ। तर मभित्र भएको शैतानको चरित्रहरूको कारणले गर्दा परमश्वरको प्रशंसा र महिमा गर्न सक्दिनँ। अनि हामीमा भएको ती शैतानको चरित्रहरूप्रति हामीलाई रीस उठ्न थाल्दछ र त्यसप्रति घृणा जाग्छ। फलस्वरूप त्यसबाट छुटकारा पाउने उपायहरू खोज्न थाल्दछौँ। हाम्रो हृदयभित्र यस विषयलाई लिएर हलचल हुन थाल्दछ। वास्तवमा त्यो नै आन्तरिक आगोको भट्टी हो र त्यसले हामीलाई पोल्न थाल्दछ। जब हामीभित्र यस्ता कुरा हुन थाल्दछ, तब हृदयको गहिराइमा रहेका तीतोपनका जराहरू हल्लिन थाल्नेछन्। परमेश्वरको वचन मनन र आफूप्रतिको चिन्तनले गर्दा दुष्ट आत्माहरू र शैतानको नराम्रो चरित्रहरू हामीबाट बिस्तारै निस्केर जान थाल्नेछन्। यसरी शोक गर्नु नम्र व्यवहार हो। जब हामी नम्र हुन्छौँ, तब शैतान हामीसँग डराउन थाल्नेछ।

**बाहिरी आगोको भट्टी:-** धेरै मानिसहरू स्वइच्छाले आन्तरिक आगोको भट्टीको आत्मिक अनुशासनलाई स्वीकार गर्न चाहँदैनन् भन्ने कुरा परमेश्वरलाई थाहा छ। त्यस्ता व्यक्तिहरूका जीवनमा परमेश्वरले विभिन्न सतावट र परीक्षाहरू आउन दिई बाहिरी आगोको भट्टीमा हाल्नुहुन्छ। उहाँले असल अभिप्रायद्वारा तिनीहरूका जीवनमा समस्याहरू आउने अनुमति दिनुहुन्छ। त्यसपछि तिनीहरूका शारीरिक र भौतिक कुराहरू खोसिँदै जानेछन्। तिनीहरूको जीवनबाट खुसी, आनन्द र शान्ति हराउँदै जानेछ। यसप्रकार उहाँले मानिसको

जीवनमा भएका रुपैयाँ-पैसा, शक्ति-अधिकार, परिवार, महत्वाकांक्षा, लोभ, क्रोध, घमण्ड र स्वार्थजस्ता मूर्तिहरूलाई तोड्नुहुनेछ।

परमेश्वरले हामीलाई सृष्टिकर्ताको आदर र महिमा गर्नको लागि बनाउनुभएको हो र यही नै सृष्टिको मुख्य उद्देश्य हो। तर धेरै इसाईहरूले यो कुरालाई भुलेर सांसारिक कुराहरूमा नै समय बिताउँछन्। अधिकांश इसाईहरू विभिन्न प्रकारका दृश्य तथा अदृश्य मूर्तिहरूको पूजा गर्ने गर्छन् तर थोरै आशिषित इसाईहरूले चाहिँ सृष्टिको उक्त उद्देश्यलाई पूरा गर्छन्।

आन्तरिक आगोको भट्टीलाई स्वीकार नगर्ने इसाईहरूलाई परमेश्वरले बाहिरी आगोको भट्टीमा हाल्नुहुन्छ। त्यसपछि परमेश्वरले तिनीहरूको सबै मूर्तिहरू तोडिदिनुहुन्छ। उहाँले तिनीहरूको रुपैयाँ-पैसा, स्वास्थ्य, परिवार, स्वार्थी अभिलाषा र घमण्डलाई समस्या र सतावटद्वारा तोड्नुहुन्छ। त्यसपछि रुँदै उसले यसरी प्रार्थना गर्न थाल्नेछ: "प्रभु, मलाई सहायता गर्नुहोस्। म खत्तम भएँ, म बरबाद भएँ, मेरो सबैथोक नष्ट भयो। तपाईंबाहेक मेरो कोही छैन। मलाई बचाउनुहोस्। म पूर्णरूपमा तपाईंमा भर पर्नेछु।"

आन्तरिक अनुशासन पालन गर्ने व्यक्तिलाई बाहिरी अनुशासन र बाहिरी आगोको भट्टीको आवश्यक्ता पर्दैन। जसले आन्तरिक अनुशासनलाई स्वीकार गर्छ, उसले आफ्ना सबै सांसारिक मूर्तिहरूलाई तोडिदिन्छ र बाहिरी आगोको भट्टीमा पर्नदेखि जोगिन्छ। पावलले त्यस्तै गवाही दिएका छन्: “के तिनीहरू ख्रीष्टका सेवक हुन्? म अझ असल सेवक हुँ- पागलझैँ म बोलिरहेछु। मैले ज्यादै परिश्रम गरेँ। कैदमा अझ धेरै पल्ट परेँ। अनगिन्ती कोर्रा खाएँ। मृत्युको मुखमा बारम्बार परेँ। पाँच पल्ट मैले यहूदीहरूका हातबाट एक कम चालीस गरी कोर्रा खाएँ। तीन पल्ट मलाई लौरोले पिटे। एक पल्ट ढुङ्गाले हाने। तीन पल्ट म चढेको जहाज ध्वस्त भयो। एक दिन एक रात मैले समुद्रमा नै बिताएको छु। मेरो बारम्बारको यात्रामा म नदीहरूको जोखिममा परेँ, डाँकुहरूको जोखिममा, आफ्नै जातिका मानिसहरूका जोखिममा, अन्य जातिहरूका जोखिममा, सहरको जोखिममा, उजाड स्थानको जोखिममा, समुद्रको जोखिममा, झूटा भाइहरूबाट आउने जोखिममा। परिश्रममा र कष्टमा, कति-

कति अनिदो रातमा, भोक र प्यासमा, बारम्बार उपवासमा, ठण्डी र नग्नतामा परेँ" (२ कोरिन्थी ११:२३-२७)।

याकूबले पनि त्यस्तै कुरा बताएका छन्: "मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ। धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ" (याकूब १:२-४)।

पत्रुस यसो भन्दछन्: "तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्छ। आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ। तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्, र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस्" (१ पत्रुस १:६,७)।

त्यही बाटो भएर गएका हुनाले अय्यूब यसो भन्दछन्: "तर मैले लिएको बाटो उहाँ जान्नुहुन्छ। उहाँले मलाई जाँच गर्नुहुँदा म खारिएको सुनझैँ ठहरिनेछु" (अय्यूब २३:१०)।

तसर्थ, आत्मिक दृष्टिले हेर्ने हो भने इसाईहरूको जीवनमा दुःख-कष्ट र सतावट आउनुचाहिँ आशिष्‌को सङ्केत हो। आशिषित विश्वासीहरू सतावट हुँदै अगाडि जानेछन् भनी डाँडाको उपदेशमा येशूले भन्नुभयो (मत्ती ५:११,१२)।

पवित्र आत्माको दुइ वटा ग्रीक नाउँहरू छन् : पन्यूमा (Pneuma) र पारा-क्लेटोस (Para-Cletos)। येशूलाई ग्रहण गरेको विश्वासीको हृदयमा पन्यूमा पवित्र आत्मा वास गर्नुहुन्छ। यही पन्यूमा पवित्र आत्माको कारणले हामी परमेश्वरको सन्तान भई अनन्त जीवन पाएका हौँ । पन्यूमा पवित्र आत्मा जिउँदो पानी भएर मानिसको जीवनमा काम गर्नुहुन्छ भनी येशूले भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्छ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो

पानीका खोलाहरू बगिनिस्कनेछन्” पानीका खोलाहरू बगिनिस्कनेछन्” (यूहन्ना ७:३७-३८)।

पवित्र आत्माको ३० वटाभन्दा बढी वरदानहरू छन्। ती वरदानहरू एकै व्यक्तिसँग नहुनसक्छ तर आफूमा भएका वरदानहरू चिनेर परमेश्वरको राज्यको काममा हामीले त्यसलाई प्रयोग गर्नुपर्छ। १ कोरिन्थी १२:८-१०; १ कोरिन्थी १४:३; रोमी १२:६-१३; रोमी १४:१९; एफिसी ४:११ र १ तिमोथी ३:१-४ मा पवित्र आत्माका वरदानहरू पाउँछौँ; जस्तै : बुद्धि, ज्ञान, विश्वास, चङ्गाइ गर्ने, आश्चर्यकर्म गर्ने, अगमवाणी बोल्ने, अन्यभाषा बोल्ने, अन्यभाषाको अर्थ खोल्ने, आत्माहरू छुट्ट्याउने, सान्त्वना दिने, सेवा गर्ने, नेतृत्व गर्ने, दया देखाउने, उत्साह दिने, अन्तरबिन्ती गर्ने, दान दिने, अतिथिसत्कार गर्ने, मेलमिलाप गराउने, सुधार गर्ने, पास्टर बन्ने, प्रेरित बन्ने, अगमवक्ता बन्ने, प्रचारक बन्ने, शिक्षक बन्ने, बिशप बन्ने, डिकन बन्ने, गाएक बन्ने, वाद्यवादक बन्ने, भवन मर्मत सम्भार गर्ने, आर्थिक कुराहरूको हिसाब राख्ने, व्यवस्थापन गर्ने आदि ।

पवित्र आत्माको यी वरदानहरू हामीभित्र हुने भए तापनि शैतानको चरित्रहरू सक्रिय भएकोले ती निष्क्रिय अवस्थामा हुन्छन्। त्यस्तो अवस्थामा पन्यूमा पवित्र आत्मा खुसी हुनुहुन्न। फलस्वरूप उसको वरदानहरू निष्क्रिय अवस्थामा हुन्छन्।

खराब चरित्रहरू हटाएर आत्मिकरूपमा बलियो तुल्याउन पवित्र आत्माले पिता परमेश्वरसँग अन्तरबिन्ती गर्नुहुन्छ। त्यस्तै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौँ, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ। र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ। हामी जान्दछौँ, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ (रोमी ८:२६-२८)।

पवित्र आत्माले गर्ने अन्तरबिन्ती सबै विश्वासीहरूको लागि होइन तर केवल आत्मामा दीन हुनेहरू र आन्तरिक अनि बाहिरी आगोको भट्टीको अनुशासन भएर जाने विश्वासीहरूका लागि मात्र हो। बिस्तारै फोहोर चरित्रहरू निस्केर जान थाल्नेछन्। अनि हृदय सफा भएर दिन प्रतिदिन असल र परमेश्वरको नजरमा ऊ ग्रहणयोग्य हुँदैजानेछ।

आत्मामा दीन हुनु र शोक गर्नु- यी दुई चरणहरू पार गरेपछि शैतानको चरित्रहरू हट्दै जानेछन् र परमेश्वरका चरित्रहरू भरिँदै जानेछन्। फलस्वरूप हाम्रो आत्मिक आँखा खुल्दै जानेछ। आत्मिक आँखा खुलेपछि हामीले आफ्नो हृदयको अवस्था देख्न सक्नेछौँ र त्यहाँ भएको जिउँदो पानीलाई पनि देक्न सक्नेछौँ, जुन पवित्र आत्मा हो। जिउँदो पानीले हृदय सफा गरेको प्रक्रिया पनि देख्न सक्नेछौँ। यस अवस्थाको विश्वासीले पन्यूमासँग कुरा गर्न थाल्दछ, जसलाई पवित्र आत्मासँगको सङ्गति भनिन्छ। उहाँसँग कुरा गर्नु भनेको मुख खोलेर शब्दहरू मात्र बोल्ने होइन तर मनन गरेर चुपचाप बसेर सुन्नु पनि हो। यो विश्वासको काम हो। हाम्रो आत्मिक आँखा खोलेर कुनै कुरा परिकल्पना गर्नु र त्यसमा निश्चित हुनु विश्वासको काम हो। हिब्रू ११:१ ले यसो भन्दछ: विश्वासचाहिँ आशा राखिएको कुराको निश्चय र नदखिएका कुराको दृढ भरोसा हो।

येशू ख्रीष्टले दर्शन दिनुभएकोले म नेपालमा आएको हुँ। आजभन्दा सात वर्षपहिले येशूले मलाई यो देश र यहाँका मानिसहरू देखाउनुभयो। मैले नेपालीहरूले सुसमाचार प्रचार गरेको अनि ईश्वरशास्त्रीय किताबहरू नेपालबाट भारततिर उडेर गइरहेको दर्शन देखेँ। त्यसकारण समस्याहरू भए तापनि म यहाँ आएर परमेश्वरको सेवकाइ सुरु गरेँ। त्यतिबेला मेरो शरीरिक र मानसिक आँखाले यो सेवकाइ सम्भव होलाजस्तो लागेको थिएन किनभने यसको लागि धेरै रुपैयाँ-पैसा र विशेष व्यक्तिहरूको आवश्यक्ता थियो। जेजस्तो भए पनि काम सुरु गर भनी प्रभुले मलाई भन्नुभयो। प्रभुको आज्ञामा म नेपालमा सेवकाइ गर्दैछु तर कहिलेकाहीँ म निरास हुन्छु र यहाँ नआउँजस्तो लाग्दछ। धेरैचोटि मैले नेपालको सेवकाइ बन्द गर्ने इच्छा गरेँ तर उहाँले मलाई

घरीघरी त्यही तस्बीर देखाउनुभयो। त्यसैले यहाँ आएर सेवकाइ गर्न म वाध्य भएँ।

म यहाँ पैसा कमाउन, प्रख्यात हुन र हाम्रो संस्थालाई उच्च पार्न आएको होइन। मेरो चाहना यही छ कि यो पुस्तकद्वारा नेपालीहरूले आफ्नो जीवनशैली परिवर्तन गरून् र सृष्टिको उद्देश्यअनुसार येशूको महान् आदेशलाई पछ्याउँदै परमेश्वरको महिमा गरून्। तिनीहरूलाई मलाई बिर्सून् तर येशूलाई सधैँ सम्झिरहून् भनी प्रार्थना गर्दछु। आमिन।

मानिसमा तीन वटा आँखाहरू हुन्छन्: शारीरिक आँखा, मानसिक आँखा र आत्मिक आँखा। दुर्भाग्यको कुरा के हो भने धेरैको शारीरिक र मानसिक आँखा मात्रै खुल्ला हुन्छन् तर आत्मिक आँखाचाहिँ बन्द भएका हुन्छन्। आत्मिक आँखा बन्द भएको कारणले गर्दा नै तिनीहरूमा परमेश्वरप्रति विश्वास र भरोसा हुँदैन। शारीरिक र मानसिक आँखाले देखेका हुनाले सांसारिक मानिसहरूझैँ तिनीहरू भौतिक नासवान् कुराहरूप्रति लिप्त हुन्छन्।

धेरै विश्वासीहरूको आत्मिक आँखा बन्द भए तापनि धर्मशास्त्र बुझेजस्तो गर्छन्। सांसारिक ज्ञानको कारणले गर्दा तिनीहरू घमण्ड गर्ने गर्छन्। वास्तवमा मानिसले जति सांसारिक शिक्षा हासिल गर्छ, त्यति नै शैक्षिक योग्यतामा भर परी घमण्डी हुन थाल्छ। आत्मिक आँखा बन्द भएका व्यक्तिहरूले प्रभुको काम गर्नको लागि विभिन्न शर्तहरू राख्ने गर्छन्। यति पैसा र यस्तो सुविधा पाए मात्र म सेवकाइ गर्दछु भनी तिनीहरू भन्ने गर्छन्। असल सेवक-सेविकाहरूसँग यस प्रकारको चरित्र र सोचविचार हुनुहुँदैन। वास्तवमा भन्ने हो भने परमेश्वरप्रति विश्वास र भरोसा नभएको मानिसले मात्र त्यसो गर्ने गर्छ। त्यस्तो मानिसलाई शारीरिक र मानसिक आँखा मात्र खुल्ला भएको मानिस भनिन्छ। परमेश्वरप्रति विश्वास र भरोसा भएको मानिसले यसो भन्छ: म प्रभुको सेवा गर्न पाएकोमा अति आनन्दित छु, उहाँले मलाई जे जुटाउनुहुन्छ, त्यसैमा म खुसी हुन्छु। परमेश्वरले मलाई भोकै र नाङ्गै राख्नुहुन्न भन्ने कुरामा म विश्वास गर्दछु किनभने येशूको नाउँमा भिख मागेको मैले देखेको

छैन। म मेरो शारीरिक र मानसिक आँखाभन्दा आत्मिक आँखामा बढी विश्वास गर्दछु।

परिवार चलाउनको लागि कति रुपैयाँ-पैसा चाहिन्छ भन्ने कुरा प्रभु येशूलाई राम्रोसँग थाहा छ। मालिकले कान छेडेको दासलाई आवश्यक कुराहरू जुटाइदिनुहुन्छ भन्ने मनोवृत्ति हामीमा विकास हुनुपर्छ (व्यवस्था १५:१२-१७)। परमेश्वरले कहिलेकाहीँ हामीले अपेक्षा गरेकोभन्दा पनि बढी दिनुहुन्छ तर उहाँमा विश्वास नभएको व्यक्तिले चाहिँ पहिले नै विभिन्न शर्तहरू राख्ने गर्छ।

प्रभु येशूले मत्ती ५:४ मा भन्नुभयो: "धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन्।" त्यसैले शोक गर्नु विश्वासीहरूको प्रमुख कर्तव्य हो। आत्मामा दीन भएर शोक गर्‍यौँ भने हाम्रो हृदयबाट खराब कुराहरू हटेर जानेछन्।

पन्यूमा र पाराक्लेटोस एउटै पवित्र आत्मा हुनुहुन्छ तर उहाँले फरक-फरक तरिकाले काम गर्नुहुन्छ। पन्यूमाले हामीलाई मुक्ति दिने र शुद्धिकरण गर्ने काम गर्नुहुन्छ भने पारा-क्लेटोसले हामीलाई शक्ति दिने काम गर्नुहुन्छ। पारा-क्लेटोस दुइ वटा ग्रीक शब्दहरू मिलेर बनेको छ।

पारा-क्लेटोस (Paracletos) = पारा (Para) र क्लेटोस (Cletos)

पारा भनेको सँगसँगै तर बाहिरबाट हिँड्ने भन्ने अर्थ हुन्छ। क्लेटोसको अर्थ बोलाउनु पर्ने भन्ने हुन्छ। पारा-क्लेटोस पवित्र आत्मा हाम्रो निमन्त्रणा पर्खेर बस्नुहुन्छ। नबोलाउञ्जेल उहाँ हामीमा आउनहुन्न। अर्को शब्दमा भन्नुपर्दा पारा-क्लेटोस मसँग रहेर काम गर्न मेरो निमन्त्रणालाई पर्खनुहुन्छ। यदि मैले बोलाइनँ भने उहाँ आउनुहुन्न। पवित्र आत्मा अहिले हाम्रो बीचमा र वरिपरि नै हुनुहुन्छ तर हामीमा आएर काम गर्नलाई उहाँलाई बोलाउनैपर्छ।

पुनरुत्थानपछि करिब ६०० व्यक्तिहरूले येशूमा विश्वास गरेका थिए (१ कोरिन्थी १५:६)। त्यसबेला पन्यूमा पवित्र आत्मा पाए तापनि तिनीहरूसँग दुष्ट चरित्रहरू थिए। पत्रुसको हृदय पनि त्यसबेला सफा भइसकेको थिएन। उनी छिटो रिसाउने व्यक्ति थिए; त्यतिमात्र होइन उनी झूट बोल्ने र आवेशमा

आउने व्यक्ति थिए। उसले येशूलाई मृत्यसम्मै इन्कार गर्दिनँ भनेर प्रतिज्ञा गरेका थियो तर येशू पक्राउ पर्नुभएको रात डराएर उसले येशूलाई चिन्दिनँ भनी तीनपटक इन्कार गऱ्यो। उनी धोकेवाज पनि थिए। येशूले पत्रुसलाई उहाँको कामको लागि चलाउनुभन्दा पहिले उसको हृदय सफा गर्न पारा-क्लेटोस पठाउनु भयो। क्रूसमा बलिदान हुनुभन्दा अघि अन्तिम रात्री भोजमा नै येशूले पारा-क्लेटोस पठाउने निर्णय गरिसक्नुभएको थियो (यूहन्ना १४:१६)।

स्वर्गारोहण हुने बेलामा येशूले आफ्ना चेलाहरूलाई 'यरूशलेममा बसेर पारा-क्लेटोसको प्रतिक्षा गर्नू' भनी भन्नुभयो (प्रेरित १:३-५)। दश दिनसम्म पारा-क्लेटोसलाई निम्त्याउँदै तिनीहरूले प्रार्थना गरिरहे। हृदयको तल्लो ढोका खोल्नलाई उनीहरूलाई दश दिन लाग्यो। सुरुमा तिनीहरूले ओठले मात्र पारा-क्लेटोसलाई बोलाइरहेका थिए तर हृदयको ढोकाहरू खुलेका थिएनन्। बिस्तारै पहिलो ढोका, दोस्रो ढोका, तेस्रो ढोका हुँदै सबै ढोकाहरू खुले। हृदयको सबै ढोकाहरू खोलेर पारा-क्लेटोसलाई ग्रहण गर्ने त्यहाँ एक सय बीस जना थिए (प्रेरित १:१५)।

हामीले पनि हृदयको सबै ढोकाहरू खोलेर दैनिक रूपमा त्यस्तै अभ्यास गर्दछौँ भने पारा-क्लेटोस पाउन सक्नेछौँ। उहाँ हाम्रो निमन्त्रणालाई स्वीकार गरेर हामीमा ओर्लिआउनु हुनेछ। जब म कुनै व्यक्तिको शिरमा हात राखेर प्रार्थना गर्दछु, तब उसको हृदयको ढोकाको अवस्था देख्दछु। उसले हृदयको ढोकाहरू खोलेको म अनुभव गर्दछु। तर कसैकसैले त्यसो गर्दैनन् र उहाँ तिनीहरूमा आउनुहुन्न। भूत लागेको मानिसमा पारा-क्लेटोस आउनुभएपछि उभित्र भएको भूत निस्केर जान्छ। त्यसबेला ऊ रुने, कराउने र चिच्याउने गर्छ। कतिले त्यतिबेला बान्ता गर्छन् अनि कति जनाचाहिँ भुइँमा लड्छन्। पारा-क्लेटोस प्राप्त गरेको मानिसको जीवन बिस्तारै परिवर्तन हुन थाल्नेछ।

पेन्तिकोसको दिनमा पत्रुसलगायत एक सय बीस जनाले पारा-क्लेटोस प्राप्त गरे। पारा-क्लेटोस तिनीहरूको हृदयभित्र पसेर शैतानको चरित्रहरूलाई हटाउन थाल्नुभयो। त्यसपछि तिनीहरूभित्र हुनुभएको पन्यूमा पवित्र आत्माका निष्क्रिय वरदानहरू सक्रिय हुनथाले। पत्रुस अचम्म प्रकारले

परिवर्तन भए। उसको डर हराएर गएपछि ठूलो भीडमा प्रचार गर्न थाल्यो। उनीभित्र निष्क्रिय रहेको अन्यभाषाको वरदान, निको पार्ने वरदान, प्रचार गर्ने वरदान, आत्मा छुट्ट्याउने वरदानहरू क्रियाशील हुन थाले। त्यस दिनदेखि उनको जीवनबाट विभिन्न प्रकारका कामहरू हुन थाले, जसबाट परमेश्वरको सुसमाचार फैलिन थाल्यो। यसरी येशूका चेलाहरूले पारा-क्लेटोस पाएपछि बिस्तारै आफूभित्रको फोहोर चरित्रहरू हटाउँदै येशूको चरित्रहरूले भरिन थाले। पारा-क्लेटोस मानिसमा चार किसिमबाट आउनुहुन्छ : आगोको रूपमा (प्रेरित २:३), हावाको रूपमा (प्रेरित २:२), ज्योतिको रूपमा (प्रेरित ९:३), र ढुकुरको रूपमा (मत्ती ३:१६)।

हामीले पारा-क्लेटोस मेरो वरिपरि नै हुनुहुन्छ भन्ने कुरा महसुस गरेर उहाँको उपस्थितिलाई थाहा गर्नुपर्छ। अनि हामीले पारा-क्लेटोसलाई अभिवादन र स्वागत गर्नुपर्छ। अनि उहाँले गर्नुभएको कामलाई धन्यवाद दिनुपर्छ। हामीले यसो भन्नुपर्छ: पवित्र आत्मा, ममा आउनुहोस्। मलाई सहायता गर्नुहोस्। कृपया मभित्र आउनुहोस्।

त्यसपछि तपाईंले आफ्नो प्राणको यी चारै ढोकाहरू (शक्ति, समझ, प्राण र हृदय) खुलेका देख्न सक्नुहुनेछ। तपाईंले आत्मिक आँखाले ती ढोकाहरू परिकल्पना गर्नुपर्छ। जब तपाईंले आफ्नो विश्वासलाई चलाउनुहुन्छ, त्यो तपाईंको जीवनमा पूरा हुनेछ। येशूले भन्नुभयो, "तिमीहरूमा रायोको दाना जति पनि विश्वास भएदेखि तिमीहरूले यस किम्बुको रूखलाई, 'तँ उखेलिएर समुद्रमा रोपिन जा' भन्यौ भने, त्यसले मान्नेछ (लूका १७:६)। विश्वास भनेको आफ्नो हृदयलाई येशूको हृदयसँग मिलाउने काम हो। जब तपाईं आफ्नो हृदय येशूको हृदयसँग मिलाउनुहुन्छ तब उहाँले काम गर्नुहुन्छ।

तपाईंले पारा-क्लेटोसलाई बोलाउनु भएपछि कहिले आगो, कहिले हावा, कहिले ज्योतिको रूपमा र कहिले ढुकुरको रूपमा उहाँ आउनुभएको अनुभव गर्नुहुनेछ। आगोले सबै खराब चरित्रहरूलाई जलाउनेछ। तपाईंले आत्मिक आँखाले हेरेर उक्त दृश्य परिकल्पना गर्नुहोस् र यसो भन्नुहोस्: मभित्र भएको डाह सबै जल्नुपर्छ। आगोले जलाएर खरानी भएपछि हावाले त्यसलाई उडाएर

लैजानेछ। तपाईंले कहिलेकाहीँ ज्योति र ढुकुरलाई आफूमा वास गरेको देख्नुहुनेछ। यस्तो अनुभवलाई बाइबलले पवित्र आत्माको अभिषेक भन्दछ (१ यूहन्ना २:२७) । पारा-क्लेटोसले पाँच किसिमको काम गर्नुहुन्छ : सान्त्वना दिने, सहायता गर्ने, प्रोत्साहन गर्ने, वकालत गर्ने, र शिक्षा दिने। पारा क्लेटोस आउँदा यस्ता चिन्हहरू देखिन्छन्: आन्तरिक चिन्हहरू; बाहिरी चिन्हहरू र आँखाले देखिने चिन्हहरू।

**आन्तरिक चिन्हहरू:-** पारा-क्लेटोस प्राप्त गरेपछि तपाईंले पवित्र आत्माको फलहरू फलाउनु हुनेछ जसको फलस्वरूप गलाती ५:२२-२३ मा उल्लेखित प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता र संयमजस्ता उत्तम कुराहरूद्वारा तपाईंको जीवन आशिषित हुनेछ। त्यसपछि बिस्तारै तपाईंको पुराना चरित्रहरू परिवर्तन हुँदै जानेछन् र त्यसको ठाउँमा असल चरित्रहरू भरिनेछन्। अनि समस्याहरूले घेर तापनि तपाईंको मनमा शान्ति हुनेछ। अरू मानिसहरूका माझमा तपाईं विश्वासयोग्य ठहरिनु हुनेछ र धेरैले तपाईंमाथि भरोसा गर्नेछन्। समस्यामा परेकाहरू परामर्शको लागि तपाईंकहाँ आउनेछन्। तर त्यस्तो आन्तरिक परिवर्तन एकै रातमा हुँदैन; यसको लागि लामो समय लाग्न सक्छ। यस्ता कुराहरू अभ्यास गर्न थालेपछि बिस्तारै मानिसहरूमा प्रभाव पर्न थाल्नेछ अनि त्यसपछि तपाईंको प्रचार शक्तिशाली हुनेछ र त्यसलाई मानिसहरूले ध्यान दिएर सुन्नेछन् र त्यसद्वारा धेरैको जीवन परिवर्तन हुनेछ।

**बाहिरी चिन्हहरू:-** पारा-क्लेटोस प्राप्त गरेपछि तपाईंको हृदय शुद्ध हुँदैजानेछ र अरूले देख्ने गरी तपाईंको जीवनमा बाहिरी चिन्हहरू प्रकट हुनेछन्। पवित्र आत्माको वरदानहरू तपाईंमा सक्रिय हुन थालेपछि तपाईंमा विभिन्न प्रकारका योग्यता, सीप, कला-कौसल र दक्षताहरू विकास हुनेछन् र त्यसबाट धेरै व्यक्तिहरूले प्रत्यक्ष लाभ पाउनेछन्। त्यसको परिणामस्वरूप तपाईंमा भएका वरदानहरूद्वारा परमेश्वरको महिमा हुनेछ।

**आँखाले देखिने चिन्हहरू:-** पारा-क्लेटोस प्राप्त गरेपछि केही मानिसहरूको शरीर काम्न थाल्छ। कुनै-कुनै मानिसहरू भुइँमा लड्ने गर्छन्। त्यसपछि

तिनीहरूले रोई-रोई पश्चात्ताप गर्छन्। पारा-क्लेटोस आउँदैगर्दा कति जनाचाहिँ हाँस्ने गर्छन्। कोहीचाहिँ त्यसबेला बान्ता गर्छन्।

पारा-क्लेटोस प्राप्त गरेपछि मानिसको जीवन शुद्धिकरण हुँदैजानेछ। त्यसरी शुद्धिकरण भएको जीवननाई अरू व्यक्तिहरूले अनुभव गर्न सक्नेछन्। आत्मामा दीन हुने र शोक गर्ने कुरा एकपछि अर्को गरी क्रमैसँग हुने प्रक्रियाहरू हुन्। हामीभित्र हुनुभएको पन्यूमा पवित्र आत्माद्वारा हामी शोक गर्ने गर्दछौँ। यदि तपाईंले पन्यूमा पवित्र आत्माको आन्तरिक अनुशासनलाई टेर्नुहुन्न भने बाहिरबाट विभिन्न किसिमका सतावटहरू आउनसक्नेछन्। जब तपाईंले आफूभित्रको पन्यूमालाई काम गर्न दिनुहुन्छ र शोक गर्न थाल्नुहुन्छ, तब तपाईंले पारा-क्लेटोसलाई निम्त्याउनुहुनेछ। येशूले भन्नुभयो, "धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन्" (मत्ती ५:४)। यसलाई हामीले यसरी बुझ्नुपर्छ- हामीले सान्त्वना पाउनलाई त्योभन्दा पहिले शोक गर्नु आवश्यक छ। यस वाक्यमा आज्ञा वर्तमान कालमा छ भने प्रतिज्ञा भविष्यत् कालमा छ। यसको अर्थ के हो भने हामीले अहिले आफ्नो आत्मिकी गरिबीपनको लागि शोक गर्दछौँ भने केही समयपश्चात् भविष्यमा सान्त्वना पाउनेछौँ।

परमेश्वर सर्वज्ञानी हुनुहुन्छ। उहाँले हाम्रो समस्याहरू बुझ्नुहुन्छ। शैतानका कारणले हामीमा नराम्रा चरित्रहरू छन्, जसले आफू र अरूलाई पनि हानि-नोक्सानी पुऱ्याइरहेको हुन्छ। हामीले सृष्टिकर्ताको महिमा गरेको शैतानलाई मन पर्दैन। वास्तवमा शैतानको चरित्र लिएर हामी सृष्टिकर्ता परमेश्वरको महिमा ठिकसँग गर्न सक्दैनौँ। हृदयमा भएका फोहोर कुराहरूले गर्दा हाम्रो आत्मिक आँखा बन्द हुन्छ र हामी विभिन्न मूर्तिहरूका पछि लाग्नेछौँ, जुन सृष्टिको उद्देश्यको विपरीत हो। परमेश्वरलाई यो कुरा थाहा छ। त्यसैले उहाँले हामीलाई यसबाट मुक्त हुन पारा-क्लेटोस दिनुभएको छ। पारा-क्लेटोसको सहायतामा हृदयबाट शैतानको फोहोर चरित्रहरू हटाउने व्यक्ति नून र ज्योति हुनसक्नेछ। नून र ज्योतिजस्तो व्यक्तिले बाहिर गएर मानिसहरूलाई परमेश्वरको सृष्टिको उद्देश्यको बारेमा बताउन सक्नेछ।

## नम्र हुनु

Being Meek

"धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्" (मत्ती ५:५)।

आत्मामा दीन भएर शोक गर्न थालेपछि हाम्रो जीवनमा नम्रता आउनेछ। मानिस पक्कै पशु होइन तर नम्र व्यक्तिलाई घर पालुवा जनावरसँग तुलना गर्न सकिन्छ। त्यसले आफ्नो मालिकको आज्ञालाई सधैँ शिरोपर गर्छ। जङ्गली जनावरले अविश्वासीहरूलाई सङ्केत गर्छ। तिनीहरूको मालिक हुँदैन। तिनीहरू जे मनलाग्यो त्यसै गर्ने गर्छन्। तिनीहरूको कसैको नियन्त्रणमा हुँदैनन्। आफ्नो मालिक आफै हुने भएकोले तिनीहरू छाडा प्रकारले जिउने गर्छन्।

अफसोसको कुरा के हो भने आजभोलि धेरै इसाईहरू जङ्गली जनावरजस्तै भएका छन्। तिनीहरूले मालिकको आज्ञा मान्दैनन्। मालिकमाथि भर पर्नुको सट्टामा तिनीहरू आफ्नै धनसम्पत्तिमा भर परी मूर्तिपूजा गर्ने गर्छन्। वास्तवमा तिनीहरूले दुई मालिको सेवा गर्छन्।

येशूले भन्नुभयो, "कसैले दुइ मालिकको सेवा गर्न सक्दैन। किनभने त्यसले एउटलाई घृणा गर्नेछ र अर्कालाई प्रेम गर्नेछ। अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ, र अर्कालाई त्यसले तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धनको सेवा गर्न सक्दैनौ" (मत्ती ६:२४)।

अब एउटा उदाहरणलाई हेरौँ। तालिम पाएको घरपालुवा कुकुरले आफ्नो मालिकको गन्ध टाढैबाट थाहा पाउँछ। त्यसले सधैँ मालिकलाई पछ्याउँछ। मालिकको आज्ञालाई त्यसले शिरोपर गर्छ। यसको आत्मिक अर्थ के हो भने विश्वासीले परमेश्वरको आवाज सुनेर त्यसैअनुरूपको जीवनशैली बनाउँछ। घरपालुवा कुकुरले मालिकको आवाज सुन्ने बित्तिकै पुच्छर हल्लाउन थाल्दछ। मालिकले भनेको कुरा त्यसले बुझ्छ र त्यसैअनुसार हाउभाउ देखाउँछ।

खानेकुरा दिँदा त्यो उफ्रिन थाल्छ भने गाली गर्दा र पिट्दा पुच्छर लुकाएर चुपचाप बस्छ। जनावर त मालिकप्रति यति आज्ञाकारी हुन्छ भने इसाईहरू किन स्वर्गीय मालिकप्रति आज्ञाकारी हुन नसकेका होलान्?

तालिम पाएको कुकुरले आफ्नो मालिकको इच्छालाई पूरा गर्छ। घरपालुवा कुकुरले मालिकको अनुमति नपाएसम्म खाना खाँदैन। तीन दिनदेखि भोकै भए तापनि त्यसले मालिकको अनुमतिबिना खाना खाँदैन। यो त्यसको मालिकप्रतिको समर्पणता हो। नौलो मान्छे देख्नेबित्तिकै त्यो कुकुर भुक्न थाल्छ। मालिकले चुप लाग् भनेपछि त्यो चुप लाग्छ। त्यसको कर्तव्य मालिकलाई खुसी पार्नु हो।

घरपालुवा कुकुरले खानेकुरा र बस्ने ठाउँको चिन्ता गर्नुपर्दैन। मालिकले त्यसको आवश्यक्ताहरू जुटाइदिन्छ। मालिक खुसी भएमा त्यसले सबै कुरा प्राप्त गर्नेछ। त्यसैले मालिकलाई प्रसन्न तुल्याउनु बाहेक त्यसलाई अरू कुनै चिन्ता फिक्री हुँदैन। मालिक साथमा हुँदा अरू कुकुरहरूले आक्रमण गर्ला भन्ने डर त्यसलाई हुँदैन। त्यो पूर्णरूपमा मालिकमा निर्भर हुन्छ।

तर जङ्गली जनावरचाहिँ फरक किसिमको हुन्छ। सत्रुले आक्रमण गर्ला भन्ने डरले त्यो राम्रोसँग सुत्न सक्दैन। त्यसले सँधै खाने कुरा र बस्ने ठाउँको खोजी गर्नुपर्छ। कसैले त्यसलाई दया गरेर केही दिँदैन। त्यसले आफ्ना बच्चाहरूलाई जोगाएर राख्नुपर्छ। त्यसले सधैँ भोलिको लागि चिन्ता गरिरहन्छ। सधैँ त्यसको मनमा डर-त्रास हुन्छ किनभने त्यसलाई सुरक्षा दिने मालिक हुँदैन।

धेरै इसाईहरू जङ्गली जनावरजस्तै अवस्थामा छन्। तिनीहरूले येशूलाई मुखले मात्र येशूलाई प्रभु र मालिक भन्छन् तर पूर्णरूपमा उहाँमा भर पर्दैनन्। येशूको इच्छा खोज्नुको सट्टामा तिनीहरू आफ्नै इच्छामा जे मन लाग्यो त्यही गर्छन्। सधैँ चिन्ता-फिक्री गरिरहने भएकोले तिनीहरू अनुहारमा चमक देखिँदैन। तिनीहरूको सोच-विचार र व्यवहार जङ्गली जनावरको जस्तै हुन्छ। पछि गएर तिनीहरूले धोका पाउनेछन् किनभने तिनीहरूले येशूको आज्ञालाई पालन गरेका हुँदैनन्। त्यस्ता व्यक्तिहरूलाई एक दिन येशूले 'म तिमीहरूलाई चिन्दिनँ' भन्नुहुनेछ (मत्ती ७:२१)।

नम्र व्यक्तिलाई येशूले पृथ्वीको अधिकार गर्न दिनुहुनेछ। यो धर्मशास्त्रमा उल्लिखित येशूको प्रतिज्ञा हो। यसको मतलब तपाईंले यस संसारमा धेरै रुपैयाँ-पैसा, ठूलो पद, शक्ति-अधिकार, जग्गा-जमिन, राम्रो घर र गाडी पाउनुहुनेछ भन्न खोजेको होइन। यसलाई हामीले आत्मिक सम्पत्ति, आत्मिक अधिकार अनि आत्मिक जिम्मेवारी हो भनी बुझ्नुपर्छ। येशू हामीलाई यो संसारमा धनी बनाउन क्रूसमा मर्नुभएको कदापि होइन। क्रूसको दु:खलाई बुझेर हामी नम्र बनोस् भन्ने उहाँ चाहनुहुन्छ। येशूले भन्नुभयो: "मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ" (मत्ती ११:२९)। पृथ्वीमा हुँदा उहाँले पितासँग बातचित गरिरहनुहुन्थ्यो। उहाँ सर्वशक्तिमान् परमेश्वर हुनु भए तापनि त्यसलाई त्यागेर उहाँ नम्र भई होच्चिनुभयो (फिलिप्पी २:५-१०)। 'म पिताको अनुमतिमा काम गर्दछु' भनी उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो (यूहन्ना ४:३४)। ब्रह्माण्डको सम्पूर्ण अधिकार आफूसँग भएर पनि उहाँले आफूलाई होच्याउनुभयो। उहाँले सधैँ पिता परमेश्वरको इच्छा पालन गर्नुभयो। उहाँ परमेश्वरको सामु नम्र र आज्ञाकारी बन्नुभयो। उहाँले सधैँ पितालाई खुसी पार्ने प्रयत्न गर्नुभयो। त्यसैले पिता परमेश्वरले भन्नुभयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु" (मत्ती ३:१७)।

येशूले चेलाहरूलाई भन्नुभयो: "मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ" (मत्ती २८:२०)। उहाँका चेलाहरूले आज्ञापालन गरेर येशूको नजरमा नम्र व्यक्ति भए। तिनीहरूले स्वर्गमा पक्कै ठूलो स्थान पाएको हुनुपर्छ। नम्र भएर परमेश्वरको सेवा गर्ने र उहाँलाई प्रसन्न पार्ने व्यक्तिहरूले भविष्यमा ठूलो इनाम, स्याबासी र जिम्मेवारी पाउनेछन्।

मोशा सुरुमा जङ्गली जनावरजस्तै थिए तर पछि परमेश्वरले उसलाई घरपालुवा कुकुरजस्तै नम्र र आज्ञाकारी बनाउनुभयो। त्यसको निम्ति उसलाई परमेश्वरले आगोको भट्टीमा हालेर कडा तालिम दिनुभयो। नम्र बन्नको लागि उनले चालीस वर्षसम्म तालिम लिनुपर्‍यो।

सानो उमेरदेखि नै मोशाले राजदरवारको सुख-सुविधा भोग्ने अवसर पाए तर पछि गएर एक्कासी तिनले फारोको दरवार त्याग्नुपर्‍यो। परमेश्वरले चुन्नुभएको जातिमा तिनको जन्म भए तापनि तिनी अन्यजाति पूजाहारीको ज्वाइँ बन्न पुगे। त्यसपछि राजदरवारमा हुर्केको मोशा भेडा बाख्रा चराउने गोठालो हुनुपर्‍यो। यहूदी भए तापनि तिनी मिद्यानीहरूसँग मिलेर बस्नुपर्‍यो। त्यतिबेला मोशाले माथिबाट तल झरेर आशारहित जीवन जिउनुपर्‍यो। तिनी दरबारबाट मिद्यानको मरुभूमिमा पुगे। त्यतबेला ससुराको भेडा-बाख्रा चराएर मृत्युलाई कुर्नु बाहेक मोशसँग कुनै विकल्प थिएन। उनी गहिरो खाडलमा भासिएका थिए। त्यहाँबाट निस्केर कता जाने भन्ने तिनलाई केही थहा थिएन। तर प्रभु येशूलाई उनको भविष्यको बारेमा राम्रोसँग थाहा थियो किनभने मोशालाई नम्र बनाउनको निम्ति उहाँले नै ती सबै परिस्थितिहरू उसको जीवनमा आउन दिनुभयो।

मोशा नम्र हुँदै गएपछि परमेश्वरले उसलाई भन्नुभयो, “मिश्रमा भएका मेरा प्रजाको दु:ख मैले देखेको छु, र कामदारहरूको अत्याचारमा तिनीहरूले पुकारा गरेका मैले सुनेको छु। तिनीहरूको दु:ख मलाई थाहा छ। यसैले तिनीहरूलाई मिश्रीहरूका हातबाट छुटकारा दिएर त्यस देशबाट एक असल र ठूलो देश, अर्थात् दूध र मह बग्ने देश- कनानी, हित्ती, एमोरी,परिज्जी, हिव्वी र यबूसीहरूका देशमा ल्याउनलाई म ओर्लिएको छु। अब हेर्, इस्राएलीहरूको पुकार मकहाँ आइपुगेको छ। मिश्रीहरूले तिनीहरूमाथि गरेको अत्याचार मैले देखेको छु। यसकारण अब जा, मेरा प्रजा, अर्थात् इस्राएलीहरूलाई मिश्रबाट निकालेर ल्याउन म तँलाई फारोकहाँ पठाउँदैछु (प्रस्थान ३:७-१०)। मोशा सबैभन्दा विनम्र व्यक्ति थिए भनी बाइबलले बताउँछ (गन्ती १२:३)।

सुरुमा मोशाले तर्किने कोसिस गर्‍यो तर परमेश्वरले ‘म तँसित हुनेछु’ भन्नुभएर उत्साह दिनुभयो। त्यसपछि मोशाले कुनै पनि काम आफू खुसी गरेन तर हरेक कुरामा परमेश्वरको इच्छालाई खोज्ने कोसिस गरे। मोशाले इस्राएलीहरूलाई डोर्‍याउँदै चालीस वर्षसम्म मरुभूमिको यात्रा गर्नुपर्‍यो। त्यसबेला उनले सिनै पर्वतमा गएर प्रभु येशूसँग कुराकानी गरे।

मोशा हिब्रू (यहूदी) व्यक्ति थिए तर तिनकी पत्नी शिपोरा मिद्यानी (अर्थात् अन्यजाति) महिला थिइन्। पछि गएर मोशाले इथियोपियाको अर्की महिलासँग विवाह गरे। मोशाले दोस्रो विवाह गर्दा शिपोराको मृत्यु भइसकेको थियो कि थिएन हामी पक्का गरी भन्न सक्दैनौँ। त्यतिबेला बहुविवाह गर्ने प्रचलन भएकोले उक्त घटनालाई त्यति गम्भीर रूपमा लिनु आवश्यक छैन। तर मोशाको दिदी मरियम र दाइ हारुन त्यो घटनादेखि मोशासँग रिसाए। मोशाको दोस्रो विवाहको बारेमा उनीहरूले खण्डन र विरोध गरे। परमेश्वर त्यस कुरामा मरियम र हारुनसँग रिसाउनुभयो। नम्र भएकोले परमेश्वरले मोशाको पक्ष लिनुभयो (गन्ती १२:१-१६)। त्यसैगरी मोशाको विरुद्धमा लाग्ने २५० जना जिउँदै जमिनमा पुरिए (गन्ती १६:२८-३५)। नम्र व्यक्तिसँग कस्तो शक्ति र अधिकार हुन्छ भन्ने बारेमा मोशाको जीवनबाट हामी धेरै कुरा सिक्न सक्छौँ। नम्र व्यक्तिहरूले अधिकार पाउनेछन् भनी येशू ख्रीष्टले भन्नुभयो। यसलाई हामीले गम्भीरतासाथ मनन गर्दै आफूलाई नम्र तुल्यायौँ भने अवश्य आशिष् पाउनेछौँ।

## धार्मिकताको निम्ति भोकाउनु र तिर्खाउनु

Being Hungry and Thirsty for the Righteousness

“धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन्" (मत्ती ५:६)।

कुनै विश्वासी आत्मामा दीन भएर शोक गर्छ र आफूलाई नम्र तुल्याउँछ भने ऊ धार्मिकताको निम्ति भोकाउन र तिर्खाउन थाल्नेछ। यहाँ दुई क्रियापदहरू प्रयोग गरिएका छन्: भोकाउनु र तिर्खाउनु। भोकाउनु ठोस खानेकुरासँग सम्बन्धित छ भने तिर्खाउनु तरल पदार्थसँग सम्बन्धित छ। यसलाई आत्मिक अर्थ लगाउँदा ठोस खाना स्वर्गबाट आएको रोटी हो, जसले परमेश्वरको वचन र येशूलाई सङ्केत गर्छ अनि तरल पदार्थचाहिँ जिउँदो पानी हो, जसले पवित्र आत्मालाई सङ्केत गर्छ। परमेश्वरले यस विषयमा दाऊद, यर्मिया, इजकिएल र यूहन्नालाई बताउनुभयो।

“तपाईंका वचनहरू मेरो जिब्रोमा अति स्वादिष्ठ छन्, महभन्दा पनि मेरो मुखमा ती बढी मीठा छन्” (भजन ११९:१०३)।

"जब तपाईंका वचनहरू आए ती मैले खाएँ, ती मलाई रमाहट, र मेरो हृदयलाई आनन्द दिने कुरा भए, किनकि तपाईंको नाउँले म कहलाइन्छु, हे सर्वशक्तिमान् परमप्रभु परमेश्वर" (यर्मिया १५:१६)।

“तर तैंलेचाहिँ हे मानिसको छोरो, म तँलाई जे भन्छु, त्यो कुरा ध्यानसित सुन्। त्यो बागी घरानाझैँ तँ बागी नहो। तेरो मुख खोल्, र म जे दिन्छु, त्यो खा।" तब मैले हेरेँ, र एउटा हात मतिर पसारेको मैले देखेँ। त्यसमा एउटा मुट्ठो थियो (इजकिएल २:८-९)।

त्यसपछि उहाँले मलाई भन्नुभयो, “हे मानिसको छोरो, मैले तँलाई दिएको यो मुट्ठो खा र यसले तेरो पेट भर।" यसैले मैले यो खाएँ, र यो मेरो मुखमा महझैँ गुलियो भयो (इजकिएल ३:३)।

येशूले त्यसलाई भन्नुभयो, ‘तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो" (यूहन्ना ४:१०)।

येशूले त्यसलाई भन्नुभयो, “यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ" (यूहन्ना ४:१३-१४)।

येशूले भन्नुभयो, “यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्छ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्" (यूहन्ना ७:३७-३८)।

परमेश्वरको वचन खाएर आत्मिक रूपमा स्वस्थ हुने सबैलाई चाहना हुन्छ किनभने यसबाट प्राप्त हुने पौष्टिक तत्वले हामीलाई आत्मिक फाइदा पुऱ्याउँछ। यसको निम्ति परमेश्वरको वचन हाम्रो हृदयमा हुनु अति आवश्यक

छ। हामीले नियमित परमेश्‍वरको वचन सुन्ने, पढ्ने, लेख्ने, कण्ठ गर्ने, मनन गर्ने र त्यसलाई बुझेर जीवनमा लागु गर्ने गर्नुपर्छ।

एक जना अमेरिकी मनोवैज्ञानिकले मानिसको स्मरण शक्तिबारे हत्केलाको उदाहरण प्रस्तुत गर्नुभएको छ। तपाईंले वचन सुन्नुहुन्छ भने त्यो कुरा ५% मात्र तपाईंको दिमागमा रहन्छ, जसलाई हातको कान्छी औँलासँग तुलना गरिन्छ। वचनलाई लेख्नुहुन्छ भने त्यसको १०% तपाईंको दिमागमा रहन्छ, जसलाई साहिँली औँलासँग तुलना गरिन्छ। वचन अध्ययन गर्नाले त्यसको २५% तपाईंको दिमागमा रहन्छ, जसलाई माझी औँलासँग तुलना गरिन्छ। अध्ययन गर्नु भनेको वचनलाई केलाएर त्यसको अर्थ बुझ्नु हो। तपाईंले वचनको खण्डहरू कण्ठ गर्नुहुन्छ भने त्यसको ५०% तपाईंको दिमागमा रहन्छ, जसलाई माझी औँलासँग तुलना गरिन्छ। परमेश्‍वरको वचनलाई कण्ठ गर्नु हाम्रो लागि अति लाभदायी छ। पढेको कुरालाई निरन्तर दोहोऱ्याइरहनु कण्ठ गर्ने मुख्य उपाय हो। त्यसैगरी आफूले सिकेको कुराहरू अरूलाई सिकाउनाले धेरै कुराहरू दिमागमा ताजा रहिरहन्छ।

परमेश्‍वरको वचन सुनेपछि, लेखेपछि, अध्ययन गरेपछि र कण्ठ गरेपछि तपाईंले त्यसलाई मनन गर्न थाल्नुहुन्छ। मनन गर्नाले त्यो वचन ७५% दिमागमा रहन्छ, जसलाई बुढी औँलासँग तुलना गरिन्छ। वास्तवमा मनन गर्नु भनेको खानालाई पचाउने प्रक्रियाजस्तै हो।

परमेश्‍वरको वचनलाई मनन गरेर जब तपाईं त्यसप्रति आज्ञाकारी हुँदै त्यसलाई व्यवहारमा उतार्नुहुन्छ, तब त्यो लगभग १००% तपाईंको दिमागमा रहन्छ र सधैँको लागि आफ्नो हुनेछ, जसलाई सबै औँलाहरू भएको हत्केलासँग तुलना गरिन्छ। परमेश्‍वरको वचनलाई व्यवहारमा उतार्ने व्यक्तिसँग आत्मिक शक्ति हुन्छ अनि उसको जीवनबाट परमेश्‍वरको महिमाका कामहरू प्रकट हुनथाल्नेछन्। त्यसैले परमेश्‍वरप्रति आज्ञाकारी भएर उहाँको वचन जीवनमा लागु गर्ने कुरा निकै महत्वपूर्ण हो।

कान्छी औँला एक्लैले कुनै कुरा समात्न सक्दैन; दुइ अथवा तीन-चार औँलाले पनि त्यसलाई समात्न गाह्रो हुन्छ, तर पाँचै वटा औँलाहरू प्रयोग गऱ्यौँ भने

त्यसलाई राम्रोसँग समात्न सकिन्छ। अझ त्यसलाई हत्केलामा राखेर सबै औँलाहरूले बलियोसँग समात्यौँ भने कसैले त्यसलाई खोस्न सक्दैन। परमेश्वरको वचन मनन गरेर व्यवहारमा उतार्ने आत्मिक सिद्धान्त त्यस्तै हो।

यस सिद्धान्तलाई राम्रोसँग बुझ्न रोटीको दृष्टान्तले सहायता गर्छ। मानौँ, कुनै व्यक्तिको सामु रोटी छ। त्यो रोटीबाट पूर्ण रूपमा फाइदा पाउनको लागि उसले त्यसलाई खानु पर्छ। तपाईंले रोटीलाई हेर्नु हुन्छ भने राम्रो लाग्छ। त्यसलाई सुँघ्नुहुन्छ भने त्यसबाट बास्ना आइरहेको हुन्छ। तर रोटीलाई हेर्दैमा र सुँघ्दैमा तपाईंलाई केही फाइदा हुँदैन किनभने त्यो तपाईंको शरीरमा प्रवेश गरेको हुँदैन। सरसरती बाइबल पढ्नु अथवा प्रवचन सुन्नु यस्तै कुरा हो। धेरै इसाईहरू लामो समयसम्म चर्च गए तापनि तिनीहरूको जीवन परिवर्तन भएको हुँदैन किनभने तिनीहरूले हेरेको र सुनेका कुराहरू प्रयोग गरेका हुँदैनन्।

तपाईंले रोटी छुनुहुन्छ भने त्यसको नरमपनालाई महसुस गर्नुहुन्छ। सायद तपाईंले यसो भन्नुहोला: “यो रोटी नरम रहेछ; साह्रै मीठो होलाजस्तो छ।" त्यसपछि तपाईंले विचार गर्नुहुनेछ, “अब म यो रोटीलाई मुखमा हालेर स्वाद लिनेछु।" रोटी मुखमा हालेपछि तपाईंले भन्नुहुनेछ, “ओहो, रोटी त साँच्चै नै मीठो रहेछ! बल्ल मैले यसको स्वाद पाएँ।” अनि तपाईंले रोटीलाई चपाई-चपाई स्वाद लिएर निल्नुहुनेछ। रोटी चपाउनु भनेको बाइबल अध्ययन गर्नु हो अनि रोटी निल्नु भनेको बाइबल खण्ड कण्ठ गर्नु हो।

रोटी निलेर मात्र पुग्दैन, शक्ति पाउनको लागि त्यसलाई राम्रोसँग पचाउनु पर्छ; नत्र भने त्यो त्यतिकै खेर जान्छ। रोटीलाई पचाउनु भनेको वचन मनन गर्नु हो। रोटीलाई पचाएपछि त्यसमा भएका पौष्टिक तत्वहरू शरीरको हरेक भागमा जान्छ। त्यसपछि तपाईंको हात-खुट्टामा ताकत आउनेछ, आँखा तेजिलो हुनेछ, कान चनाखो हुनेछ अनि शरीर फुर्तिलो हुनेछ किनभने त्यतिबेला सबै अङ्गहरूले राम्रोसँग काम गरिरहेको हुन्छ।

परमेश्वरको वचनबाट शक्ति पाएको व्यक्ति पवित्र आत्माले भरिएको हुन्छ। उसले बोल्दा मानिसहरूले शान्ति पाउनेछन्, उसले छुँदा रोगीहरू निको

हुनेछन्। त्यतिमात्र होइन, उसले टेकेको भूमिले आशिष् पाउनेछ। नम्र भएर परमेश्वरको धार्मिकताको निम्ति भोकाउने र तिर्खाउने व्यक्तिलाई परमेश्वरले अचम्म रीतिले प्रयोग गर्नुहुनेछ।

"पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो" (एफिसी ६:१७)। "परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइधारे तरवारभन्दा बढी धारिलो हुन्छ" (हिब्रू ४:१२)।

परमेश्वरको वचन आत्मिक हतियार हो र यसले सुरक्षा गर्ने र आक्रमण गर्ने काम गर्छ। तपाईंले अहिले परमेश्वरको हातहतियार धारण गर्दैहुनुहुन्छ। त्यसले तपाईंको हृदयभित्र भएका तीतोपनको जराहरूलाई खोतलेर बाहिर निकाल्नेछ। आगो, बतास, ज्योति र ढुकुरको स्वरूपमा आउनुहुने पवित्र आत्माको सहायतामा दुइधारे तरवारले तपाईंको हृदय सफा गर्ने काम गर्नेछ। यसको लागि तपाईंमा आत्मिक भोक र प्यास जाग्नैपर्छ। निष्कर्षमा भन्नुपर्दा, धार्मिकताको निम्ति भोकाउनु र तिर्खाउनु भनेको हाम्रो हृदयमा परमेश्वरको वचन र पवित्र आत्माको तीव्र चाहना हुनु हो।

## दयालु हुनु
### Being Merciful

“धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया पाउनेछन्” (मत्ती ५:७)।

हामीले योभन्दा माथि आशिषित सन्देशको पहिलो भागमा भएका चार वटा सन्देशहरू अध्ययन गऱ्यौं (आत्मामा दीन हुनु, शोक गर्नु, नम्र हुनु र धार्मिकताको निम्ति भोकाउनु र तिर्खाउनु) । ती सन्देशहरू हृदयमा हुने तीतोपनका जराहरूसँग सम्बन्धित थिए। अब हामी आशिषित सन्देशको दोस्रो भागमा प्रवेश गर्दैछौं। यसमा पनि चार वटा सन्देशहरू छन्: दया गर्नु, हृदय शुद्ध बनाउनु, मेलमिलाप गराउनु र सतावट भोग्नु। आशिषित सन्देशको अघिल्लो

चार वटा सन्देशहरू पूरा भएपछि हाम्रो जीवनमा पछिल्लो चार वटा कुराहरूले पछ्याउनेछन्।

इसाईहरू दुइ किसिका हुन्छन्: इसाईजस्तो बनेर देखाउने र इसाईजस्तो काम गर्ने। यी दुइमध्ये तपाईं कुन समूहमा हुनुहुन्छ? तपाईं साँचो इसाई बन्न चाहनुहुन्छ, कि इसाईजस्तो अभिनय गर्न चाहनुहुन्छ? तपाईंले के गर्नुहुन्छभन्दा तपाईं को हुनुहुन्छ भन्ने कुरा महत्वपूर्ण हो। पहिले हामी परमेश्वरले चाहनुभएजस्तो व्यक्ति बन्नुपर्छ; अनि मात्र हामीले परमेश्वरले चाहनुभएजस्तो काम गर्न सक्नेछौँ। आफ्नो इच्छाअनुसार काम गरेर परमेश्वरको इच्छाअनुसारको व्यक्ति बन्न खोज्नु बाइबलीय तरिका होइन।

पहिले आफू साँचो इसाई बनेर त्यसपछि इसाईले जस्तो काम गर्न थाल्नुहुन्छ भने तपाईंबाट शक्ति उत्पन्न हुनेछ। ठीक प्रकारले निर्माण नभईकन तपाईंले परमेश्वरको काम गर्नुहुन्छ भने उहाँले तपाईंको कामलाई महत्व दिनु हुन्न। धेरै व्यक्तिहरू विभिन्न किसिमका कामहरू गर्ने तर आफूचाहि असल इसाई नबन्ने हुन्छन्। त्यसप्रकारको देखावटी कामहरू गर्ने व्यक्तिहरूलाई उहाँले पाखण्डी भन्नुभयो। त्यस्ता व्यक्तिहरूलाई अपूर्ण इसाई भनिन्छ।

दुइ मालिकहरूको सेवा गर्ने अपूर्ण इसाईहरूले परमेश्वरको राज्य र उहाँको धार्मिकता होइन आफ्नै राज्य र धार्मिकता खोजी गर्छन्। तिनीहरूसँग प्राय: अरूको न्याय गर्ने र अरूलाई दोष लगाउने स्वभावका हुन्छन्। तिनीहरूले आफ्नो आँखाको मूढो देख्दैनन् तर अर्काको आँखामा भएको धूलोको कण देख्छन्। त्यस्ता इसाईहरू फराकिलो ढोकाबाट छिर्ने गर्छन्। तिनीहरू झूटा अगमवक्ताहरू हुन् भनी उहाँले हप्काउनु भयो। उहाँले तिनीहरूलाई भेडाको भेस धारण गर्ने डरलाग्दा ब्वाँसाहरू भन्नुभयो। अन्त्यमा येशूले तिनीहरूलाई बालुवामा घर बनाउने मूर्ख मानिसहरू भन्नुभयो। दुःखलाग्दो कुरा के हो भने थुप्रै इसाईहरू यही वर्गमा पर्छन्। यस्ता इसाईहरू परमेश्वरको राज्यमा प्रवेश गरे तापनि साधारण स्तरको स्वर्गीय नागरिक हुनेछन्।

येशूले डाँडाको उपदेशमार्फत कसरी उहाँको असल चेला बन्न सकिन्छ र कसरी आशिषित विश्वासी बन्न सकिन्छ भनी सिकाउनुभयो। साँचो विश्वासीले

येशूको शिक्षालाई जीवनभरि अभ्यास गरेर त्यसलाई आफ्नो जीवनशैली बनाउनुपर्छ। यसैको आधारमा तपाईंको आत्मिक जीवन र स्वर्गीय स्थान र अधिकार निर्धारण हुन्छ। आशिषित सन्देशलाई अभ्यास गर्ने व्यक्तिको आत्मिकी अवस्था विकास हुँदैजान्छ। तपाईंले आशिषित सन्देशको सुरुका चार शिक्षाहरूलाई पालन गर्नुहुन्छ भने तपाईंको जीवनमा दया, शुद्ध हृदय र मेलमिलाप गराउने वरदानहरू थपिँदै जानेछन्।

आशिषित सन्देशको सुरुका चार कुराहरू पालन नगर्ने व्यक्तिले अरूको खण्डन गर्ने र कुरा काट्ने गर्छ। त्यति मात्र होइन अरूले गरेका खराबीहरूको उसले एक-एक गरी लेखा राख्ने गर्छ। सुरुमा हामी सत्रुलाई क्षमा गर्न नसक्ने व्यक्तिहरू भए तापनि अब येशूको शिक्षामार्फत हाम्रो दृष्टिकोण र विचार फरक भएको छ। हामीमा बिस्तारै येशूको मन र चरित्र विकास हुँदैछ (फिलिप्पी २:५)।

अब हामी अरूका कमजोरीहरू र समस्याहरूलाई बुझ्न चाहन्छौँ र त्यसलाई सकारात्मक तरिकाले स्वीकार गर्दछौँ। तिनीहरूको दुःख-पीडा पनि हामी महसुस गर्नसक्छौँ। तिनीहरूको समस्या देखेर हामी आफ्नो पुरानो अवस्था सम्झन्छौँ अनि हामी यसरी विचार गर्दछौँ, “म पनि कुनै दिन त्यो व्यक्तिजस्तै अवस्थामा थिएँ। त्यतिबेला मलाई कसैले बुझ्न चाहेन तर अब मैले त्यसो गर्नुहुँदैन बरु समस्यामा परेकाहरूनउओई दया गर्नुपर्छ किनभने आत्मिकरूपमा बालकलाई दया, माया, हौसला, हेरचाह र प्रार्थनाको जरुरत पर्छ।"

मूर्खताको कारण मानिसहरूले आत्मिक कुराहरू बुझ्न नसकेको हो। आत्मिक बालक भएकोले तिनीहरूले धेरै कुराहरू सिक्न बाँकी छ। तिनीहरूलाई होच्याउनु र हेला-घृणा गर्नुको सट्टामा अब हाम्रो हृदयमा तिनीहरूप्रति करुणा, दया र क्षमाको भावना जाग्नु पर्छ। यसरी आशिषित सन्देशद्वारा हाम्रो जीवन परिवर्तन हुनथाल्दछ। त्यसपछि 'म कसरी यस्तो असल व्यक्ति भएँ' भनेर हामी छक्क पर्नेछौँ। त्यति मात्र होइन वरिपरिका मानिसहरूले पनि हामीमा आएका परिवर्तनहरू देख्नेछन्।

सोच-विचार र व्यवहारमा आएको परिवर्तनले हामीमा विशेष ज्योति आउनेछ र त्यो ज्योति मानिसहरूका सामु चम्कनेछ। त्यसपछि मानिसहरू हामीलाई आदर-सम्मान गर्दै हाम्रा कुरा सुन्न नजिक आउनेछन्। यी कुरा हामीमा आत्मिक शक्ति विकास भएकोले नै हो। आत्मिक शक्ति भएको व्यक्ति बोल्दा मुखबाट दुइधारे तरवार निस्कन्छ (हिब्रू ४:१२)। मानिसहरूले उसको प्रचार ध्यान दिएर सुन्नेछन्। अनि उसको प्रचारद्वारा मानिसहरूका जीवन परिवर्तन हुनेछ।

दयावन्तहरूले दया पाउनेछन् भनी येशूले भन्नुभयो। येशूले दयावन्तहरूलाई दया देखाउनुहुन्छ। हाम्रा कमजोरी र अनाज्ञाकारितामा उहाँले हामीलाई दया देखाउनु हुनेछ।

पावल अरूभन्दा छुट्टै खालका मानिस थिए। दमस्कसको बाटोमा येशूको चम्किलो ज्योतिको अनुभवपछि तिनले लामो समयसम्म आफ्नो हृदयबाट तीतोपनको जरा हटाउन सकेका थिएनन्। हामी उनका सुरुका पत्रहरू पढ्दा उनका चरित्र कस्ता थिए भनेर देख्न सक्छौँ। सुरुको लेखाइहरूमा उनले रिस, दोष र गाली व्यक्त गरेका छन् (गलाती ३:१; १ कोरिन्थी ५:१-६)। तर मृत्युभन्दा केही वर्षअघि तिनी शुद्ध हृदय भएको परिपक्व विश्वासी भइसकेका थिए। तिनको जीवन परिवर्तन हुँदै गएको प्रमाण ती पछिल्ला पत्रहरूमा देख्न सकिन्छ (२ तिमोथी ४:२२)।

पावलले लेखेका १३ वटा पत्रहरू बाइबलमा समावेश छन्। तिनले अघिल्ला पत्रहरूमा प्रापकलाई अभिवादन गर्दा 'प्रभुको अनुग्रह र शान्ति होस्' भनी भनेका छन् र पत्रको अन्तमा पनि 'परमेश्वरको अनुग्रह र शान्ति तिमीहरूमा होस्' भनी लेखेका छन्। तर जीवनको अन्तिम समयमा लेखेका दुइ पत्रहरू (पहिलो र दोस्रो तिमोथी) मा उनले गरेको अभिवादन अलि फरक प्रकारको छ। ती दुइ पत्रमा उनले 'अनुग्रह, शान्ति र दया होस्' भनेर लेखेका छन्। उनले त्यहाँ दया भन्ने शब्द थपेका छन्। यो पावलको आत्मिकी परिपक्वपनको चिन्ह हो भनी बाइबल विद्वानहरू भन्ने गर्छन्। अब हामीमा कसरी दयालु चरित्र विकास गर्ने त? उत्तर सजिलो छ: आशिषित सन्देशको सुरुका चार वटा

सन्देशलाई क्रमवद्ध रूपमा पालन गर्दै जानुहोस् त्यसपछि तपाईं दया देखाउन सक्ने नम्र व्यक्ति हुनुहुनेछ।

### हृदय शुद्ध हुनु

### Being Pure in Heart

“धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्” (मत्ती ५:८) ।

हामीले अरूलाई दया देखाउन थालेपछि हामीभित्र हुनुहुने पन्यूमा र पारा-क्लेटोस पवित्र आत्मा सक्रिय हुन थाल्नुहुनेछ; त्यसको फलस्वरूप हाम्रो हृदय शुद्ध हुन थाल्नेछ। यहाँ हामीले बुझ्नुपर्ने महत्वपूर्ण कुरा के हो भने आशिषित सन्देशको सुरुका चार वटा तहहरू पार नगरेका र अरूलाई दया नदेखाउने व्यक्ति यो स्तरमा आउन सक्दैन। येशूले दिनुभएको आशिषित सन्देश क्रमवद्ध र व्यवस्थित छ भन्ने कुरा हामीले कहिल्यै बिर्सनुहुँदैन।

शुद्ध हृदय हुनेहरूले परमेश्वरलाई देख्नेछन् भनी येशूले भन्नुभयो। परमेश्वर आत्मा हुनुहुन्छ, त्यसैले उहाँलाई देख्नको लागि हाम्रो आत्मिकी आँखा खुल्ला हुनुपर्छ (यूहन्ना ४:२४)। मानिसमा तीन किसिमका आँखाहरू हुन्छन् - शारीरिक आँखा, मानसिक आँखा र आत्मिक आँखा।

हाम्रो वरिपरिका घटनाहरूलाई हामीले शारीरिक, मानसिक र आत्मिक आँखाले हेर्नुपर्छ र त्यसलाई त्रीपक्षीय दृष्टिकोणले मूल्याङ्कन गर्नुपर्छ। हृदय शुद्ध नभएको व्यक्तिले शारीरिक र मानसिक आँखाले मात्र हेर्ने गर्छ। हृदय शुद्ध भएको व्यक्तिले आत्मिक आँखाले हेर्दछ।

"अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो" (हिब्रू ११:१)। विश्वास भन्ने कुरा आत्मिक आँखाद्वारा हेरेपछि मात्र आउँछ। यसलाई अर्को शब्दमा भन्नुपर्दा विश्वास गर्नु भनेको आत्मिकी आँखाले परिकल्पना गर्नु हो। दिमागी ज्ञान र सांसारिक शिक्षाले विश्वास

प्राप्त गर्न सकिँदैन। कुनै कुराप्रति हामीमा विश्वास छ भने आशा स्वत: आउँछ। यसको लागि शारीरिक आँखा र मानसिक आँखाको जरुरत पर्दैन। इसाईहरूसँग भविष्यमा परमेश्वरको राज्यमा प्रवेश गर्ने जीवित आशा हुन्छ। यो कुरा घोषणा गर्न हाम्रो आत्मिकी आँखाले त्यसलाई देखिसकेको हुनुपर्छ।

परिपक्व विश्वासीको आत्मिक आँखाले परमेश्वर र उहाँको राज्यलाई देख्नेछ। त्यति मात्र होइन आफू त्यहाँ पुगेपछि उच्च तहमा हुनेछु भनी उसले दृढ भरोसा गरेको हुन्छ। हामीमा त्यस प्रकारको जीवित आशा छ भने संसारका समस्या र सतावटहरूलाई सजिलै सामना गर्न सक्नेछौँ। परिपक्व व्यक्तिले दुःख-कष्ट, खेदो-सतावट र समस्याहरू सामना गर्न सक्नेछ। मानिसको शारीरिक र मानसिक दृष्टिकोणमा ती कुराहरू समस्याहरूजस्ता देखिन्छन् तर आत्मिकी दृष्टिकोणअनुसार ती केही पनि होइनन्। आत्मिकी रूपमा परिपक्व व्यक्तिले ती समस्याहरूलाई 'यो मेरो जीवनको सानो भाग हो' र तिनीहरूले  मलाई जीवनभरि नै पछ्याइरहे तापनि म डराउँदिनँ भनेर विचार गर्छ। ऊ ढुक्क भएको हुन्छ किनभने परमेश्वरले उसलाई ती समस्याहरू भएर जान र त्यसलाई पैतलामुनि राख्न अधिकार दिनुभएको छ भन्ने कुरामा ऊ निश्चित हुन्छ। तसर्थ, सांसारिक समस्याहरूलाई कुल्चदै परमेश्वरको राज्यलाई हेर्दै अगाडि बढ्नु है विजयी इसाई जीवन हो!

धेरै विश्वासीहरूले शरीरिक र मानसिक आँखाले मात्र हेरेर समस्याहरूमा आत्तिने गर्छन्। इसाईहरूको तीन वटै आँखाहरू पवित्र आत्माको अभिषेकमा सधैँ खुल्ला हुनुपर्छ। कसैले म आत्मिक आँखाले मात्र हेर्छु भनी विचार गर्छ भने त्यो मूर्खता हो। अहिले तपाईं संसारमा हुनुभएकोले आत्मिक आँखालाई मात्र होइन तर शारीरिक र मानसिक आँखालाई पनि खुल्ला राख्नुपर्छ। यो परमेश्वरले यस संसारलाई हेर्नको लागि दिनुभएको महत्वपूर्ण अङ्ग हो। जब तपाईं आफ्नो शारीरिक आँखाले कुनै समस्या देख्नुहुन्छ, तब आत्मिक आँखाले माथितिर हेर्दै त्यो समस्यालाई परमेश्वरले दिनुभएको शक्ति प्रयोग गरेर कुल्चनुहोस्। शारीरिक आँखालाई तेजिलो बनाउन भिटामिन 'ए' भएको भोजन खानुपर्छ; त्यस्तै गरी मानसिक आँखालाई तेजिलो बनाउन राम्रो शिक्षा हासिल गर्नुपर्छ। आत्मिक आँखालाई तेजिलो बनाउन परमेश्वरको वचन

खाएर पवित्र आत्माको अभिषेक प्राप्त गर्नुपर्छ। तीन वटै आँखाहरू तेजिलो र स्वस्थ छन् भने हामी कुनै कुरालाई राम्रोसँग हेरेर त्यसको सही मूल्यङ्कन र व्याख्या गर्न सक्नेछौँ। आर्थिक, शारीरिक, सामाजिक, राजनैतिक, भौगोलिक र राष्ट्रिय सममस्यालाई हामीले तीन वटै आँखाले हेर्न सक्नुपर्छ। यसो गर्न सकियो भने सबै समस्याहरूको बाबजुद पनि हामीमा परमेश्वरको राज्यप्रतिको जीवित आशा पलाउँछ। यस प्रकारको आशा तपाईंमा छ भने सबै कुराहरूलाई फराकिलो हृदयले अङ्गाल्न र सम्हाल्न सक्नु हुनेछ। राम्रा अनि नराम्रा कुराहरूलाई स्वीकार गर्नको निम्ति तपाईंको हृदय अगापे प्रेमले भरिनु आवश्यक छ। कसरी अगापे प्रेमले भरिने त? त्यसको निम्ति हामीले सबैभन्दा पहिले हृदयबाट शैतानका चरित्रहरूलाई हटाउनुपर्छ। आदमको पतनदेखि नै मानिसको हृदय शैतानको चरित्रहरूले भरिएको छ। पतनभन्दा अघि आदममा परमेश्वरको चरित्रहरू थिए। परमेश्वरले आदमलाई सृष्टि गर्नुहुँदा आफ्नै स्वरूपमा बनाएर आफ्नै चरित्रहरू दिनुभएको थियो (उत्पत्ति १:२७)।

अफसोसको कुरा आज शैतानको चरित्रले गर्दा मानिसहरू भ्रष्ट भएका छन्। भ्रष्ट मानिसबाट शैतानका चरित्रहरू निकाल्न सजिलो छैन भनी  प्रभु येशूलाई थाहा छ। उहाँलाई यो पनि थाहा छ, कि बहुसङ्ख्यक इसाईहरू आफ्नो हृदयबाट ती फोहर चरित्रहरू हटाउन चाहँदैनन्। यदि हामीले आफ्नो हृदयबाट शैतानको खराब चरित्रहरू हटाउन चाहन्छौँ भने परमेश्वरले आत्मिक हतियारहरू दिनुहुनेछ। ती हतियारहरू भनेको पन्यूमा पवित्र आत्मा, पारा-क्लेटोस पवित्र आत्मा र परमेश्वरको वचन हुन्।

## मेलमिलाप गराउनु

Peace Making

"धन्य मेलमिलाप गराउनेहरू, किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्" (मत्ती ५:९)।

आशिषित सन्देशहरू अभ्यास गरेर जब हामी हृदय शुद्ध बनाउँछौँ, तब हामीले केही विशेष प्रकारका कार्यहरू गर्नुपर्ने हुन्छ किनभने येशूले हामीलाई हृदय

शुद्ध भएपछि त्यतिकै बसेको चाहनु हुन्न। उहाँले हामी पवित्र र धर्मी व्यक्ति कहलाइएको मात्र चाहनु हुन्न। शुद्ध हृदय भएकाहरू संसारबाट अलग बसेको उहाँ चहानु हुन्न तर संसारमा गएर नून र ज्योति भएको उहाँ चाहनु हुन्छ। विशेषगरी हामी मेलमिलाप गराउने व्यक्तिहरू भएको उहाँ चाहनुहुन्छ। शैतानले गर्दा आज धेरै सम्बन्धहरू टुक्रिएका छन्। हामी अरूलाई दया देखाएर शान्ति पुनर्स्थापना गर्ने व्यक्तिहरू हुनुपर्छ। त्यसको निम्ति हामी परमेश्वरको असल औजार भएर काम गर्नुपर्छ। यो काम आत्मिक लडन्त लड्नु हो। हामीबाट निस्केको आत्मिक शक्तिले शैतानको शक्तिलाई परास्त गर्नेछ। हामीबाट आत्मिक शक्ति प्रकट भएन भने त्यो भाग्दैन। यहाँ महत्वपूर्ण कुरा के हो भने परमेश्वरको शक्ति शुद्ध हृदय भएको व्यक्तिबाट मात्र निस्कन्छ।

प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, तपाईंले आफ्नो हृदयको शुद्धतालाई कायम राखिराख्न मेलमिलाप गराउने काममा परमेश्वरको सहकर्मी बन्न सक्नु हुनेछ। मेलमिलाप दुइ किसिमबाट गर्न सक्छौं : ठाडो मेलमिलाप र तेर्सो मेलमिलाप।

**ठाडो मेलमिलापः-** यस अन्धकार संसारमा हराइरहेका मानिसहरूलाई परमेश्वरसँग मिलाउनु ठाडो मेलमिलाप हो। यसलाइ ईश्वरशास्त्रीय भाषमा येशूको महान् आज्ञा (The Great Commission of Jesus) पूरा गर्नु भनिन्छ। शैतानको कारणले गर्दा मानिस र परमेश्वरबीचको ठाडो सम्बन्ध टुटेको छ। यसको अर्थ परमेश्वर र उहाँका उत्तम सृष्टि मानिसबीचको मेलमिलाप अथवा सङ्गति टुटेको छ र त्यो पुन: सही अवस्थामा आउन आवश्यक छ। त्यसैले महान् आज्ञा पालन गरेर हामीले ठाडो मेलमिलाप गराएको परमेश्वर चाहनु हुन्छ। दुइ हजार वर्षदेखि शुद्ध हृदय भएका र अशुद्ध हृदय भएका इसाईहरूले ठाडो मेल मिलाप गराउने काम गरिरहेका छन्। ती दुई किसिमका इसाईहरूलाई कसरी छुट्ट्याउन सकिन्छ?

मेलमिलाप गराउने कामबाट महिमा कसलाई जान्छ? कसले महिमा लिँदैछ? मानिसले कि परमेश्वरले? अशुद्ध हृदय भएकाहरूले महान् आज्ञा पूरा गरेर आफैले महिमा लिइरहेका छन्। शुद्ध हृदय भएकाहरूले चाहिँ हरेक कुरामा

परमेश्वरलाई महिमा दिन चाहन्छन्। अशुद्ध हृदय भएका इसाईहरूले गर्दा मण्डलीमा मनमुटाउ, गुटबन्दी र विभाजन अनि एक अर्कालाई दोषारोपण र आलोचना गर्ने नराम्रा संस्कारहरूले बलियोसँग जरो गाडेको छ।

आजभोलि पास्टरहरूमा भेडा चोर्ने प्रवृत्ति मौलाइरहेको देखिन्छ। उनीहरू आफ्नो बगाल बढाउने सेवकाइमा सफल हुन चाहन्छन्। तिनीहरूले महान् आज्ञा पालन गरेको छु भन्दै परमेश्वरको इच्छाविपरीत काम गरिरहेका हन्छन्। अशुद्ध हृदय भएकाहरूले सेवकाइको इनाम र प्रतिफल यही संसारमा पाउन चाहन्छन्। शुद्ध हृदय भएकाहरूले चाहिँ स्वर्गीय राज्यमा येशू ख्रीष्टबाट इनाम पाउन चाहन्छन्।

**तेर्सो मेलमिलाप:-** परमेश्वरका जनहरू मिलेर शान्तिमा बस्नु तेर्सो मेलमिलाप हो। उहाँले हामीबीच राम्रो सम्बन्ध स्थापित गर्न चाहनुहुन्छ। परमेश्वरसँग ठाडो मेलमिलाप स्थापना गरेपछि उहाँका जनहरू मण्डलीमा जम्मा हुन्छन्। मण्डली महान् आज्ञा पूरा गर्ने प्राथमिक आधार हो। मण्डली परमेश्वरको सेना भएर आत्मिक लडन्तमा सहभागी भइरहेका हुन्छ। त्यसैले हामी सेनाहरू हौँ अनि येशू ख्रीष्ट हाम्रो कप्तान हुनुहुन्छ।

सेनाहरूले एकतामा बसी कप्तानको नेतृत्वलाई पछ्याउनु पर्छ। हामी एउटै शरीर भएपछि ठूलो शक्ति निस्कन्छ र त्यसले शैतानलाई परास्त गर्नेछ। त्यसैले इसाईहरू एकै मनका हुनु अति आवश्यक छ। मण्डली विरुद्ध शैतानको रणनीतिबारे हामी सचेत हुनुपर्छ। त्यसको मुख्य काम मण्डलीलाई कमजोर बनाउनु हो। उक्त उद्देश्य प्राप्तिको लागि त्योसँग विभिन्न योजनाहरू हुन्छन्। त्यसले विश्वासीहरूमाझ झगडा, फुट, डाह, प्रतिस्प्रर्धा, घृणा र दुस्मनीजस्ता कुराहरू ल्याएर मण्डलीको शक्ति कमजोर बनाउने काम गर्छ। मण्डलीभित्र यस्ता नकारात्मक कुराहरू देख्नेबित्तिकै हामी सतर्क भइहाल्नुपर्छ।

शैतानको युक्तिलाई असफल पार्न येशूका चेलाहरूले तेर्सो मेल मिलाप गराउनु पर्छ। परमेश्वरको जनहरू एकै मनका भएर शैतानको विरुद्ध उहाँको शक्ति प्रकट गरोस् भन्ने परमेश्वर चाहनुहुन्छ। त्यसैकारण, शैतानको शक्तिसँग मुकाबिला गर्न इसाईहरू एकतामा रहनुपर्छ। तेर्सो मेल मिलाप शुद्ध हृदय

भएका र अशुद्ध हृदय भएका दुवै खालका इसाईहरूले गर्ने कोसिस गर्छन्। अशुद्ध हृदय भएका इसाईहरूले मण्डलीमा तेर्सो मेलमिलापको नाउँमा गुटबन्दी र राजनीति गर्ने गर्छन्। तिनीहरू मण्डलीमा आफ्नो शक्ति र प्रभाव बढाउन चाहन्छन्, जसले गर्दा दुषित वातावरण फैलिएर सम्पूर्ण मण्डलीको गवाही बिग्रिन्छ। त्यस्ता मानिसहरूको उपस्थितिले मण्डलीमा फरक-फरक समूहहरू निर्माण हुँदैजानेछन्। त्यस्ता समूहहरूबीच द्वन्द्व भई रहन्छ (१ कोरिन्थी १:१०-१२)।

शुद्ध हृदय भएका इसाईहरूले साँचो प्रकारले तेर्सो मेलमिलाप गराउने काम गर्न सक्छन्। तिनीहरूले मानिसहरूलाई जस्तोसुकै अवस्थामा स्वीकार गर्छन्। शुद्ध हृदयले मेलमिलाप गराउनुहुन्छ भने तपाईंको हृदयबाट अरूको हृदयमा शक्ति प्रवाह हुन थाल्नेछ। अरूले तपाईंको कुरा ध्यान दिएर सुन्नेछन्। अन्धकारको शक्ति तपाईंसँग डराएर भाग्नेछ। तपाईं शुद्ध हृदय भएको मेलमिलाप गराउने अवस्थामा पुग्नुहुन्छ भने तपाईंको आत्मिकपन उच्च तहसम्म पुग्नेछ। यस्तो विश्वासीलाई येशूको दुलही भनिन्छ।

बाइबलमा येशूलाई परमेश्वरको पुत्र भनी एकवचनमा सम्बोधन गरिएको छ भने परमेश्वरका छोराहरू भनेर इसाईहरूलाई सम्बोधन गर्दाचाहिँ बहुवचन वाक्य प्रयोग गरिएको हुन्छ। येशूले डाँडाको उपदेशमा यसो भन्नुभयो: "म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ" (मत्ती ५:४४-४५)।

पावलले १ कोरिन्थी ४:१५ मा लेखेका छन्: "किनकि ख्रीष्टमा तिमीहरूका असङ्ख्य अभिभावकहरू छन्, तर तिमीहरूका धेरै पिता त छैनन्। किनकि सुसमाचारद्वारा ख्रीष्ट येशूमा म तिमीहरूका पिता बनें।" यहाँ पावलले भन्न खोजेको के हो भने कोरिन्थीका इसाईहरू पुत्रको तहमा छन् भने उनीचाहिँ पिताको तहमा छन्। तिनीहरू पावलद्वारा आत्मिक रूपमा जन्मिएका हुन्। उनी तिनीहरूलाई यसो पनि भन्दछन्: "भाइ हो, तिमीहरूसँग बोल्दा आत्मिक जनहरूसँग बोलेजस्तै म बोल्न सकिनँ, तर सांसारिक मानिस, ख्रीष्टमा दूधे

बालकसँग बोलेजस्तै म बोल्न सकेँ" (१ कोरिन्थी ३:१)। तिनीहरू आत्मिक रूपमा बालकै थिए किनकि तिनीहरूमा डाह, झगडा, प्रतिस्पर्द्धा, मूर्तिपूजा र व्यभिचारजस्ता खराब कुराहरू विद्यमान थिए। त्यसैले तिनीहरूका माझमा तेर्सो मेलामिलाप गराउने व्यक्तिहरूको खाँचो थियो।

## धार्मिकताको निम्ति सताइनु

Being Persecuted Because of Righteousness

"धन्य धार्मिकताको निम्ति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो। धन्य हो तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्। तब रमाओ, र अत्यन्त खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए" (मत्ती ५:१०-१२)।

जब तपाईं आशिषित सन्देशमा भएको मेलमिलाप गराउने तहलाई पार गर्दै पुत्रको अवस्थामा पुग्नुहुन्छ, तब सतावटको अपेक्षा गर्नुहोस्। यसलाई अर्को शब्दमा भन्नुपर्दा हामी आशिषित सन्देशको सातौँ चरण पार गर्दछौँ भने हाम्रो जीवनमा विभिन्न किसिमका सतावटहरू आउन सक्नेछ। सतावट बाहिरका मानिसहरूबाट मात्रै होइन इसाई समुदायबाट पनि आउन सक्छ। जब तपाईं सेवकाइको निम्ति अघि बढ्न खोज्नुहुन्छ, तब मण्डलीको केही अगुवाहरू र विश्वासीहरू तपाईंको विरुद्धमा उठ्नेछन्। तपाईंले ठाडो र तेर्सो मेलमिलाप गराउन थाल्नुहुन्छ भने सतावट आउन थाल्नेछ। त्यसरी आउने सतावटको बारेमा हामी अनभिज्ञ नहौँ भनेर येशू ख्रीष्टले आशिषित सन्देशमा यसको विषयमा स्पष्ट भविष्यवाणी गर्नुभयो। सतावटको बारेमा बुझ्नको लागि सबैभन्दा पहिले हामीले मण्डलीभित्र दुइ किसिमका इसाईहरू हुन्छन् भनी बुझ्नुपर्छ।

मण्डलीमा सतावट दिने र सतावट भोग्ने दुई खालका इसाईहरू हुन्छन्। यी दुईमध्ये तपाईं कस्तो खालको इसाई हुन रुचाउनुहुन्छ? कोहीसँग अरूको निन्दा गर्ने, खराब कुरा बोल्ने, झगडा गर्ने र चरित्र हत्या गर्ने स्वभाव हुन्छन्। तिनीहरूले मेलमिलाप गरी शान्ति कायम गर्न सक्दैनन्।

मेलमिलापको काम गर्ने व्यक्तिहरूको जीवनमा सतावट आउनु परमश्वरको योजना हो भनी हामीले विचार गर्नुपर्छ। हामी सतावटबाट भाग्ने होइन तर त्यही बाटो भएर अगाडि जानुपर्छ। किन? किनभने सतावट भए तापनि मेलमिलाप गराउने इसाईहरूले परमेश्वरलाई देखून् भन्ने उहाँ चाहनुहुन्छ। मेलमिलाप गराउने इसाईहरू आशिषित सन्देशको पहिलो चार तहहरू भएर आत्मिक रूपमा अझ गहिरो रूपमा परमेश्वरसँग नजिक हुँदै आत्मिक रूपमा परिपक्व हुँदै गएको उहाँ चाहनुहुन्छ। वास्तवमा सतावटद्वारा परमेश्वर स्वर्गमा हामीलाई अझ उच्च पद र अधिकार दिन चाहनुहुन्छ।

त्यसकारण येशूले सतावट आउँदा रमाओ र अत्यन्त खुसी होओ भन्नुभयो। सतावट आउँदा पर्दापछाडि आशिष्हरूले पर्खिरहेका छन् भन्ने रहस्य हामीले बुझ्नुपर्छ। सतावट आशिष्को सङ्केत हो। मत्ती ५:१२ मा येशूले पुरानो करारको अगमवक्ताहरूको विषयमा चर्चा गर्नुभयो। बीस जनाभन्दा बढी अगमवक्तहरूको बारेमा बाइबलमा उल्लेख गरिएको छ। येशूले विशेष उद्देश्यको लागि ती अगमवक्ताहरू खडा गर्नुभएको थियो। खासगरी परमेश्वरबाट तर्कने र मूर्तिपूजा गर्ने इस्राएलीहरूलाई चेताउनी दिनु ती अगमवक्ताहरूको काम थियो। हठी इस्राएलीहरूले अगमवक्ताहरूको कुरा सुनेनन् बरु तिनीहरूले उनीहरूलाई सतावट दिए।

मिश्र देशमा दासत्वमा परेका इस्राएलीहरूलाई परमेश्वरले मोशाद्वारा उद्धार गर्नुभएको थियो। अहिले पापको बन्धनमा परेका मानिसहरूले येशूको रगतद्वारा उद्धार पाउँछन्। उहाँमाथि विश्वास गर्नेहरूलाई उहाँले पूर्णरूपमा छुटकारा दिनु हुन्छ। इस्राएलको इतिहास हेर्दाखेरि बहुसङ्ख्यक मानिसहरूले साँचो परमेश्वरलाई भुलेर मूर्तिपूजा गरेका थिए। यो कुरा नयाँ करारका इसाईहरूको जीवनमा पनि लागु हुन्छ। तिनीहरू परमेश्वरलाई उपेक्षा गर्दै

विभिन्न प्रकारका मूर्तिहरूका पछि लाग्छन्। मूर्तिपूजा नगर् भनी चेतावनी दिने अगमवक्ताहरूलाई इस्राएलीहरूले सतावट दिए अनि धेरैलाई मारे। त्यस्तै काम गर्ने अहिलेका अगुवाहरूले विभिन्न किसिमका सतावट पाउने गर्छन्। त्यसबेला धार्मिक र राजनैतिक अगुवाहरूले अगमवक्ताहरूलाई मारे (मत्ती २३:३७)। अहिले पनि येशूको सुसमाचारको खातिर धेरैजना सहिद बनिरहेका छन्।

तपाईं नयाँ करारको समयमा बाँचिरहनु भएको छ। यदि तपाईं मेलमिलाप गराउने काम गर्दैहुनुहुन्छ भने विश्वासी समुदाय र विशेषगरी अगुवाहरूद्वारा सताइनु हुनेछ। जब तपाईं उनीहरूबाट सतावट पाउनुहुन्छ, तब चिन्तित नहुनुहोस् बरू आनन्दित हुनुहोस भनी येशूले हौसला दिनुहुन्छ।

पावलले धेरै सतावटहरू भोगे। यसको बारेमा उनले 'किन विश्वासीहरूले मलाई सताउछन्?' भनी येशूलाई गुनासो गरे। येशूले उनलाई जवाफ दिनुभयो: "के तिमी एलियालाई सम्झन्छौं? इस्राएलीहरूलाई चेतावनी दिन मैले एलियालाई बोलाएँ, तर इस्राएलीहरूले तिनलाई मार्ने चेष्टा गरे। त्यतिबेला एलिया एक्लै थिएनन्। मूर्तिअगाडि घुँडा नटेक्ने ७००० जना उसको निम्ति तयार गरेका थिए। त्यसैले तिमी एक्लै छैनौं। विशेष चुनिएका मानिसहरू तिम्रो वरिपरि छन्। तिनीहरूले तिमीलाई सहायता गर्नेछन् (रोमी ११:१-६)। यस खण्डले हामीलाई प्रोत्साहन दिन्छ। हामीले मेलमिलाप गराउने काम गर्दछौं भने सतावट आउँछ तर हरेस खानु पर्दैन किनभने सतावटको समयमा हामी एक्लै हुँदैनौं; हाम्रो वरिपरि परमेश्वरले तयार पार्नुभएका मानिसहरू हुनेछन्।

किन परमेश्वरले मण्डलीमा सताउने सतावट भोग्ने विश्वासीहरू राख्नुभयो त? अथवा परमेश्वरको सेवा गर्ने व्यक्तिहरूको जीवनमा किन सतावट आउँछ? यो रहस्य हाम्रो बीचमा छ। अहिले हाम्रो दिमागले यो कुरा स्पष्ट बुझ्न सक्दैन तर परमेश्वरको राज्य तहगत भएकोले यसो भएको हुन सक्छ भनी हामी विचार गर्न सक्छौं। म क्याल्भिनको सिद्धान्तमा विश्वास गर्ने ईश्वरशास्त्री भएकोले यो कुरा परमेश्वरले पहिल्यै निर्धारण गरिएको हो भनेर स्वीकार

गर्दछु। आफ्नो बोलावट धार्मिक कामहरूले गर्दा होइन तर उहाँको अनुग्रहले गर्दा हो भनी पावलले स्वीकार गरेका छन्। वास्तवमा भन्ने हो भने डाँडाको उपदेश सबै इसाईहरूले पालन गर्न सक्दैनन्। परमेश्वरबाट अनुग्रह पाएका विश्वासीहरूले मात्र यो शिक्षालाई पचाएर त्यसअनुसार जीवन जिउन सक्नेछन्।

**खण्ड - २**

# नून र ज्योति

## SALT AND LIGHT

"तिमीहरू पृथ्वीका नून हौ, तर नूनको स्वाद गयो भने त्यो केले फेरि नूनिलो पारिने र? त्यो त बाहिर फालिन र मानिसका खट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन। तिमीहरू संसारका ज्योति हौ। डाँडामा बसालिएको शहर लुक्न सक्दैन। मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्" (मत्ती ५:१३-१६)।

प्रभु येशूले चेलाहरूलाई नून र ज्योति भन्नुभयो। नून र ज्योति मानव जीवनको लागि अति नै महत्वपूर्ण कुराहरू हुन्। यसलाई गम्भीर भएर विचार गर्ने हो भने उहाँले हामीप्रति कस्तो कुराको अपेक्षा गर्नुहुन्छ भन्ने छर्लङ्गै हुन्छ। नून र ज्योतिबिना मानिस जिउँदो रहन सक्दैन। अब हामी नून र ज्योतिलाई एक-एक गरी हेर्नेछौँ।

**नून:-** नून धेरै महत्वपूर्ण तत्व हो। नून बिनाको जीवन कल्पना गर्न गाह्रो हुन्छ। यसलाई ग्रीक भाषामा आलास (Alas) भनिन्छ। यसको काम खाने कुरालाई गल्न नदिनु, स्वादिलो बनाउनु (कलस्सी ४:६), स्वस्थ राख्नु र मलिलो बनाउनु (लूका १४:३४-३५) हो। येशूले भन्नुभयो, कि चेला हुनलाई पहिले नून र त्यसपछि ज्योति बन्नुपर्छ। यहाँ हामीले शब्दहरूको क्रमलाई ध्यान दिनुपर्छ। पहिला हामी नून भएर ज्योति बन्नु पर्छ तर ज्योति बनेर नून बन्ने होइन। तपाईं पहिले नून हुनुभयो भने मात्र ज्योति बन्न सक्नुहुनेछ। येशूले पहिले

'तिमीहरू पृथ्वीका नून हौ' भन्नुभयो। नून खानेकुराभित्र गएर पग्लन्छ। नपग्लीकन नूनले काम गर्दैन। खानालाई स्वाद दिनको लागि नून पग्लिनै पर्छ। पग्लिनुको आत्मिक अर्थ आशिषित सन्देशको अघिल्ला चार वटा तहहरूलाई पार गर्नु हो। नून पग्लिनुले बलिदानलाई सङ्केत गर्छ। त्यसैले, नूनझैँ पग्लनु भनेको अरूको निम्ति बलिदान हुनु हो। येशू ख्रीष्ट मानव जगतको उद्धार गर्न नूनझैँ पग्लिएर कलबरीको क्रूसमा बलिदान हुनुभयो। येशूले आफ्ना चेलाहरूलाई "तिमीहरू पृथ्वीका नून हौ" भन्नुभयो।



धेरै जना ज्योति भएर चम्किन चाहन्छन् तर नून भएर पग्लिन चाहँदैनन्। वास्तवमा नून नभइकन ज्योति बनेर चम्किन सकिँदैन। परमेश्वरको जीवन दिने सिद्धान्तअनुसार एउटाको बलिदानबिना अरूले जीवन पाउन सक्दैन। यसलाई बुझाउन येशूले भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एकलो रहन्छ। तर त्यो मऱ्यो भने त्यसले धेरै फल फलाउँछ" (यूहन्ना १२:२४)।

**चित्र नं. ३ – गहूँको बिउ, बोट र फलहरू**

गहूँको बिउमा भएको प्रोटिनले त्यसको आँखामा शक्ति दिन्छ। त्यही आँखाबाट टुसा निस्कन्छ र बोट पलाउँछ। पछि त्यो बढेर फलहरू फलाउँछ। एउटा बीउबाट धेरै फलहरू फल्छ तर ती फलहरू फलाउनको लागि त्यो बीउ मर्नैपर्छ। यो परमेश्वरको जीवन दिने सिद्धान्त हो। यो सिद्धान्त बोट बिरूवामा मात्र होइन मानिसमा पनि लागु हुन्छ। एक जनाको मृत्युद्वारा धेरैले जीवन प्राप्त गर्नेछन्। इसाईको लागि सांसारिक मृत्यु अन्त्य होइन किनभने त्यसपछि अनन्तको जीवन सुरु हुनेछ। यही सिद्धान्तलाई येशूले आफ्नो जीवनद्वारा देखाउनुभयो। उहाँ नून भएर पग्लनुभयो अनि ज्योति भएर संसारभरि चम्कनुभयो (यूहन्ना ८:१२)। परमेश्वरको राज्य विस्तार गर्ने काम त्यस्तै हो। बलिदानद्वारा मात्र सुसमाचार फैलिँदै जानेछ। आशिषित विश्वासी पहिले नून

भएर पग्लनुपर्छ र त्यसपछि उसको बलिदानपूर्ण जीवनबाट धेरै मानिसहरूले नयाँ जीवन पाउनेछन्। तसर्थ, नून बनेर पग्लिने मानिस साँच्चै नै आशिषित व्यक्ति हो।

करिब २०० वर्षपहिले अमेरिका र युरोपेली मुलुकहरूबाट मिसनेरीहरू कोरियामा आएर सुसमाचार प्रचार गर्न नूनझैँ पग्लिए। त्यही स्वर्गीय जीवन दिने रहस्यलाई बुझेर अहिले हजारौँ कोरियाली मिसेनरीहरू संसारभरि गएका छन्। नेपालमा थुप्रै कोरियाली मिसेनरीहरू सुसमाचारको निम्ति नूनझैँ पग्लिएर बलिदान भइरहेका छन्। तपाईंलाई यो स्थानमा ल्याउन अवश्य कसैले बलिदान गरेको हुनुपर्छ। यो पुस्तक तपाईंको हातमा आइपुग्न धेरैले परिश्रम र लगानी गरेका छन्। कृपया, यो कुरा बुझेर ती व्यक्तिहरूप्रति धन्यवादी र कृतज्ञ हुनुहोस्।

नेपालको निम्ति विदेशीहरूले कहिलेसम्म बलिदान गर्नु पर्ने हो? अब बलिदान हुने नेपालीको पालो आयो कि? कुनै पनि कुरा सजिलै आउँदैन; त्यसको निम्ति मूल्य चुकाउनु पर्छ। नेपालीहरूले यस कुरालाई बुझेर 'हाम्रो देशमा हामी आफै नून बनेर परमेश्वरको काम गर्नेछौँ' भन्ने अवस्था आइसकेको छ। त्यसैले सधैँ विदेशीहरूमाथि भर नपर्नुहोस्। क्षणिकरूपमा फाइदा भए तापनि यसले तपाईंलाई कमजोर तुल्याउनेछ। नेपालीहरूले परमेश्वरको काम गरेर आशिष् पाउनु पर्छ। बालक अवस्थाबाट माथि उठ्ने कोसिस गर्नुहोस्।

आत्मिकरूपमा नेपालीहरू बालकै हुनुमा मिसनेरीहरूको भूमिका छ। तिनीहरूले सबै कुराहरू जुटाइदिएको कारणले गर्दा आज धेरै जना परजीवी अवस्थाबाट स्वतन्त्र भई माथि उठ्न सकेका छैनन्। धेरैजना शिक्षाभन्दा भिक्षाको अपेक्षा गर्छन्। यो अति दु:खलाग्दो अनि शर्मको कुरा हो। लिनुभन्दा दिनु असल हो भनी येशूले सिकाउनुभयो (प्रेरित २०:३५)। यो भौतिक र आत्मिक दुवैमा लागु हुने सिद्धान्त भएकोले यसलाई हामीले सकेसम्म चाँडो व्यवहारमा उतार्नु पर्नेछ।

म्यानमारमा करिब १००० जनाले मसँग ईश्वरशास्त्र सिकिरहेका छन्। तिनीहरूका लागि मैले आर्थिक सहायता गर्नुपर्दैन। मेरो हवाइजहाजको टिकट

र होटेलको खर्च पनि तिनीहरूले नै व्यहोर्छन्। आर्थिक बोझ उठाउनु नपर्ने हुनाले म स्वतन्त्र भएर त्यहाँ शिक्षा दिन सक्छु। त्यसको कारणले तिनीहरूले धेरै आशिष् पाएका छन्। नेपालीहरूमाथि म यस्तै अपेक्षा गर्दछु। नेपालीहरू नून बनेर पग्लिएर अरूलाई स्वाद दिएको म देख्न चाहन्छु।

**ज्योति :-** नून बनेर पग्लिएपछि हामी संसारमा ज्योति बनेर चम्किन सक्नेछौँ। संसारलाई ग्रीक भाषामा 'कसमस' (Kosmos) भनिन्छ। कसमसको अर्थ जमिन होइन तर वायुमण्डल हो। पृथ्वीको वायुमण्डललाई शैतानले अँध्यारो बनाएको छ। परमेश्वरको ज्योतिले त्यस अन्धकार ठाउँलाई उज्यालो पार्नु पर्छ। नून र ज्योति बन्ने व्यक्तिले त्यो काम गर्न सक्नेछ। ज्योतिले अन्धकार धपाउने, बाटो देखाउने, हुर्कन मद्दत गर्ने, किटाणु मार्ने र न्यानो दिने काम गर्छ। अब हामी यी पाँच कुराहरूलाई छोटकरीमा चर्चा गर्नेछौँ। प्रकाशमा हुने अल्ट्रा भ्वाइलेट (UV Rays) किरणले किटाणुलाई मार्ने काम गर्छ। ज्योति बन्न सफल भएका विश्वासीसँग दुष्टको शक्तिलाई नास पार्ने विशेष प्रकारको क्षमता हुन्छ। नूनझैँ बलिदान भएपछि मात्र हामीमा त्यो शक्ति आउनेछ। जसरी अँध्यारो ठाउँमा बत्ती बाल्नाले त्यहाँको अन्धकार हटेर जान्छ, त्यसरी नै नून र ज्योति भएको विश्वासी अन्धकार ठाउँमा प्रवेश गर्दा, त्यहाँ भएका दुष्ट आत्माहरू भागेर जानेछन्। परमेश्वरको ज्योतिले अन्धककारमा बाटो बिराएकाहरूलाई सही बाटो देखाउँछ। "तपाईंको वचन मेरा गोडाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो" (भजन ११९:१०५)

बोट-बिरूवालाई खाना तयार पार्न प्रकाश चाहिन्छ। सबै जीव-जन्तु, प्राणी र वनस्पतिहरू प्रकाशको सहायताद्वारा हुर्कन्छन्। आत्मिक रूपमा हुर्कदै जान हामीलाई परमेश्वरको वचनको आत्मिक ज्योति खाँचो पर्छ। प्रकाशले न्योनो ताप दिन्छ।  ताप शक्ति हो। ज्योति बन्ने व्यक्तिसँग आत्मिक शक्ति हुन्छ, जसले धेरैलाई न्यानो बनाई राख्नेछ। त्यही कारण येशू हामीलाई नून र ज्योति बनाउन चाहनुहुन्छ।

खण्ड - ३

# व्यवस्था पूरा गर्नु

## TO FULFILL THE LAW

"व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ। किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता शास्त्री र फरिसीहरूको भन्दा बढी भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ" (मत्ती ५:१७-२०)।

येशूले चेलाहरूलाई 'तिमीहरू पृथ्वीको नून बन्नुपर्छ' भन्नुहुँदा, सायद तिनीहरू खुसी भएनन् होला किनकि तिनीहरूको अपेक्षा फरक प्रकारको थियो। पुरानो करारमा उल्लेखित कुराहरू नै आत्मिकी आशिष्हरू हुन् भनी तिनीहरूले विश्वास गर्थे। तिनीहरूको धारणा प्रभु येशूले भन्नुभएको कुराभन्दा बिल्कुलै फरक थियो। तिनीहरू पुरानो करारमा उल्लेखित धन-सम्पत्ति, उन्नति-प्रगति, इज्जत-प्रतिष्ठा, कुल-घराना र शक्ति-अधिकारजस्ता आशिष्हरू पाउन चाहन्थे।

प्रभु येशूले 'तिमीहरू आत्मामा दीन हुनुपर्छ, शोक गर्नुपर्छ, नम्र हुनुपर्छ, अनि सतावटमा पर्नुपर्छ' भन्नुहुँदा चेलाहरू छक्क परे। उहाँले 'तिमीहरू नूनजस्तो भएर पग्लनुपर्छ अर्थात् सुसमाचारको खातिर बलिदान हुनुपर्छ' भन्नुहुँदा पक्कै

तिनीहरू प्रसन्न भएनन् होला! त्यस्ता कुराहरू सुनेपछि येशूप्रति तिनीहरूको मनमा यस्ता प्रश्नहरू उब्जिए होलान्: “के तपाईं व्यवस्था तोड्न आउनुभएको हो? के तपाईं मोशाको व्यवस्थालाई रद्द गरेर नयाँ व्यवस्थाहरू दिँदैहुनुहुन्छ?” येशूले तिनीहरूको मनको अवस्था बुझ्नुभएकोले यसरी जवाफ दिनुभयो, “व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ।" प्रभु येशूले चेलाहरूलाई व्यवस्था र अनुग्रह के हो अनि व्यवस्था पूरा गर्नु भनेको के हो भनी बुझाउन चाहनुहुन्थ्यो।

## व्यवस्था र अनुग्रह

Law and Grace

येशूले पुरानो करारमा मोशाद्वारा व्यवस्थाहरू दिनु भयो र सिद्ध हुन तिनीहरूले ती सबै पालना गर्नु पर्थ्यो। उहाँले तिनीहरूलाई व्यवस्था र अनुग्रहको बारेमा बुझाउन महत्वपूर्ण कुरा भन्नुभयो: "यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्छ" (मत्ती ५:४८)।

यसको अर्थ मोशाको व्यवस्थाहरू सतप्रतिसत पालन गर्ने व्यक्ति मात्र सिद्ध हुनसक्छ भन्ने हो। के मानिसले मोशाको व्यवस्थाहरू सतप्रतिसत पालन गर्न सक्छ त? कदापि सक्दैन। जतिसुकै कोसिस गरे तापनि तिनीहरू कहीँ न कहीँ चुक्छन्। त्यसैले मानिसलाई परमेश्वरको अनुग्रह चाहिन्छ। येशूले चेलाहरूलाई व्यवस्था र अनुग्रह बुझाउन १० वटा दृष्टान्तहरू भन्नुभयो : हत्या (मत्ती ५:२१-२६), व्यभिचार (मत्ती ५:२७-३०), सम्बन्ध विच्छेद (मत्ती ५:३१-३२), झूटो सपथ (मत्ती ५:३३-३७), बदला (मत्ती ५:३८), दाँतको बदला दाँत (मत्ती ५:३८), दाहिने गाला र दब्रे गाला (मत्ती ५:३९), दाउरा र खास्टो (मत्ती ५:४०), एक किलोमिटरको सट्टामा दुइ किलोमिटर हिँड्ने (मत्ती ५:४१) र कर्जा दिने दृष्टान्त (मत्ती ५:४२)।

येशूले चेलाहरूलाई व्यवस्था बुझाउन यसो भन्नुभयो: "दश आज्ञामा मैले हत्या नगर्नू भनेको थिएँ। तर अब म हत्याको विषयमा नयाँ व्यवस्था दिन चाहन्छु। यदि तिमीले कसैसँग क्रोध गर्छौ अथवा आफ्नो दाजुभाइलाई मूर्ख भन्छौ भने त्यो हत्या गरेजस्तै हुनेछ। तिमीहरू हत्यारा हुनलाई कसैमाथि हतियार उठाएर मारिहाल्नु पर्दैन। मेरो कुरामा ध्यान देऊ, वास्तवमा मैले मोशालाई दिएको पुरानो व्यवस्था हलुङ्गो थियो। त्यो अपूर्ण व्यवस्था हो। पूर्ण व्यवस्था यस्तो छ- यदि तिमी कसैसँग रिसायौ र कसैलाई मूर्ख भन्छौ अथवा वचनले कसैलाई चोट पुऱ्याउँछ्यौ भने त्यो हत्या गरे सरह हुनेछ। मैले दिने हत्यासम्बन्धी नयाँ नियमचाहिँ साह्रै कडा छ।" कुनै मानिसले हत्यासम्बन्धी येशूको नयाँ व्यवस्था पालन गर्न सक्दैन किनकि त्यसको  मापदण्ड मानवीय स्वाभाविक सोच-विचार र व्यवहारभन्दा धेरै माथि छ। मोशाको व्यवस्था पालनले मात्र येशूको नया व्यवस्था पूरा हुँदैन।

येशूले व्यभिचारको बारेमा अर्को दृष्टान्त भन्नुभयो। उहाँले तिनीहरूलाई मोशाको व्यवस्था उल्लेख गर्दै भन्नुभयो: "व्यभिचारसम्बन्धी मोशाको व्यवस्था हलुका छ, त्यसैले म तिमीहरूलाई गाह्रौँ आज्ञा दिन्छु। मेरो साँचो व्यवस्था यो हो- यदि तिमीहरू विपरीत लिङ्गी व्यक्तिप्रति आफ्नो मनमा कामवासना जगाउँछौ भने त्यो व्यभिचार गर्नुजस्तै हो। मैले मोशालाई यस विषयमा हलुका नियम दिएको थिएँ तर मेरो साँचो व्यवस्थाचाहिँ यही हो।"

उहाँले अझै भन्नुभयो, “यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ" (मत्ती ५:२९-३०)।

शाब्दिकरूपमा येशूको वास्तविक व्यवस्थाअनुसार हुने हो भने कसको आँखा र हात बाँकी रहला र? हाम्रो मनमा यस्तो प्रश्न उठ्नसक्छ: “येशूले किन त्यस्तो कडा शिक्षा दिनुभयो त?” किनभने व्यवस्था पालन गरेर मानिस कहिल्यै सिद्ध

हुन सक्दैन भन्ने कुरा उहाँलाई थाहा थियो र अनुग्रहद्वारा उहाँ हामीलाई धर्मी ठहऱ्याएर बचाउन चाहनुहुन्थ्यो। त्यो कुरा स्मरण गराउनुको कारणचाहिँ पापी मानिसले कहिल्यै त्यो व्यवस्था सतप्रतिसत पूरा गर्न सक्दैन भनी थाहा पाओस् भन्ने हेतुले हो। उहाँमा भर पर्नुको अरू कुनै विकल्प छैन!

उहाँले व्यङ्गात्मक ढङ्गमा यस्तो प्रश्न गर्नुहुन्छ: “तिमीहरू मोशाको पूरानो व्यवस्था पूरा गर्न सक्दैनौ भने मेरो नयाँ व्यवस्था कसरी पूरा गर्न सक्छौ? सिद्ध हुन चाहन्छौ भने मेरो नयाँ व्यवस्थाहरू पालन गर। यदि तिमीहरू मोशाको हलुका व्यवस्थाहरू पूरा गर्न सक्दैनौ भने कसरी मेरो गह्रौँ व्यवस्था पूरा गरेर सिद्ध हुक्छौँ?”

हामीले तुलना गरेर हेर्ने हो भने येशूको व्यवस्थाको तुलनामा मोशाको व्यवस्था सजिलो छ र पनि हामी त्यसलाई पूर्णरूपमा पालन गर्न सक्दैनौँ। येशूले ती कुराहरू भन्नुको अर्थचाहिँ मानिस आफ्नो प्रयासद्वारा परमेश्वरको मापदण्डसम्म कहिल्यै पुग्न सक्दैन भनी बुझाउनु हो। मानिस कमजोर प्राणी भएकोले व्यवस्था पालन गर्न असक्षम छ। त्यसैले उसलाई परमेश्वरको अनुग्रह चाहिन्छ। धेरै मानिसहरू आफ्नै कामद्वारा धर्मी ठहरिन कोसिस गर्छन् तर त्यो असम्भव छ। पापी मानिस कलिल्यै कामद्वारा धर्मी ठहरिन सक्दैन (रोमी ३:२०-२४)। त्यसको निम्ति परमेश्वरको अनुग्रह चाहिन्छ। यही कुरा बुझाउन येशू संसारमा आएर क्रूसमा बलिदान हुनुभयो।

**खण्ड - ४**

# सिद्ध होऊ

## BE PERFECT

(मत्ती ५:४८ को छोटो व्याख्या राख्ने)

“तिमीहरूले सुनेका छौ, प्राचीन समयका मानिसहरूलाई यसो भनिएको थियो, तैंले हत्या नगर्नू, र जसले हत्या गर्छ त्यो दण्डको योग्य हुनेछ। तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्छ त्यो दण्डको योग्य हुनेछ, र जसले आफ्नो भाइको अपमान गर्छ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई तँ मूर्ख भन्दछ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ।

यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, तिम्रो भेटी त्यही वेदीको सामु छोड, र जाऊ। पहिले आफ्नो भाइसँग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढाऊ।

तिम्रो वादीसँग अदालतमा जाँदा बाटोमै मिलाप गरिहाल, नत्रता वादीले तिमीलाई न्यायाधीशको हातमा सुम्पिदेला र न्यायाधीशले आफिसरको हातमा सुम्पिदेलान्, र तिमी झ्यालखानमा पर्नेछौ। साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीले एक-एक पैसा चुक्ता नगरुञ्जेल तिमी त्यहाँबाट उम्कनेछैनौ।

तिमीहरूले यसो भनेको सुनेका छौ, तैंले व्यभिचार नगर्। तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै

आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ। यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ।

यसो पनि भनिएको छ, कि जसले आफ्नी पत्नीलाई त्याग गर्छ, त्यसले उसलाई त्यागपत्र लेखिदिओस्। तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई व्यभिचारको कारणबाहेक अरू कारणले त्याग गर्ला, र जसले त्याग गरिएकी स्त्रीसँग विवाह गर्ला, त्यसले व्यभिचार गर्नेछ। फेरि तिमीहरूले सुनेका छौ, कि प्राचीन समयका मानिसहरूलाई भनिएको थियो, तैंले झूटो शपथ नखा, तर परमप्रभुको निम्ति गरिएको शपथ तैंले पूरा गर्। तर म तिमीहरूलाई भन्दछु, शपथ खाँदै नखाओ। स्वर्गको नाउँमा शपथ नखाओ, किनकि त्यो परमेश्वरको सिंहासन हो, नता पृथ्वीको, किनकि त्यो उहाँको पाउदान हो, नता यरूशलेमको, किनकि त्यो महाराजाको शहर हो। आफ्नो शिरको शपथ नखाऊ, किनकि तिमीले एउटा केशलाई सेतो कि कालो बनाउन सक्दैनौ। तिमीहरूले भनेको वचनचाहिँ हो भने हो, होइन भने होइन मात्र होस्। यीभन्दा बढीचाहिँ दुष्टताबाट आउँदछ।

तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो, 'आँखाको बदला आँखा, र दाँतको बदला दाँत।' तर म तिमीहरूलाई भन्दछु, दुष्टको मुकाबिला नगर। जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ। यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल। यदि कसैले तिमीलाई एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुइ किलोमिटर गइदेऊ। तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन चाहनेलाई इन्कार नगर।

तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो सत्रुलाई घृणा गर। तर म तिमीहरूलाई भन्दछु, आफ्ना सत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताको छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ? के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र? तिमीहरूले आफ्ना दाज्यू-भाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरूहरूले भन्दा बढी के गऱ्यौ र? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र? यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्छ" (मत्ती ५:२१-४८)।

## पुरानो करारको दश आज्ञाहरू

### Ten Commandments of the Old Testament

परमेश्वरले मोशालाई दिनुभएको दश आज्ञाहरू बाइबलमा दुइ ठाउँमा (प्रस्थान २०:३-१७ र व्यवस्था ५:७-२१) उल्लेख गरिएका छन्। हामीले यी आज्ञाहरूलाई राम्रोसँग अध्ययन गऱ्यौँ भने व्यवस्था र अनुग्रहको बारेमा बुझ्न सक्नेछौँ। परमेश्वरले दिनुभएको दश वटा आज्ञाहरू यस प्रकारका छन्।

"मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू" (प्रस्थान २०:३)।

"आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। तिनीहरूका सामू ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु, तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौँ पुस्तामाथि म कृपा गर्नेछु" (प्रस्थान २०:४-६)।

“परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभुले निरपराध ठहरानुहुनेछैन” (प्रस्थान २०:७)।

“शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, नता आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौँ दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथ-दिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो” (प्रस्थान २०:८-११)।

“आफ्ना बाबु र आमालाई आदर गर, कि जुन देश तिमीहरूलाई परमप्रभु आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरूको आयु लामो होस्” (प्रस्थान २०:१२)।

“हत्या नगर्नू” (प्रस्थान २०:१३)।

“व्यभिचार नगर्नू” (प्रस्थान २०:१४)।

“चोरी नगर्नू” (प्रस्थान २०:१५)

“आफ्नो छिमेकीको विरुद्धमा झूटो गवाही नदिनू” (प्रस्थान २०:१६)।

“आफ्नो छिमेकीका घरको लालच नगर्नू। आफ्नो छिमेकीकी स्वस्नीको लालच नगर्नू, आफ्नो छिमेकीको कमारा, कमारी, गोरू, गधा वा त्यसको कुनै पनि थोकको लालच नगर्नू” (प्रस्थान २०:१७)।

येशूले नयाँ करारमा यी आज्ञाहरूसँग सम्बन्धित नयाँ आज्ञाहरू दिनुभयो : हत्या (मत्ती ५:२१-२६), व्यभिचार (मत्ती ५:२६-३०), सम्बन्ध विच्छेद (मत्ती ५:३१-३२), झूटो सपथ (मत्ती ५:३३-३७), बदला (मत्ती ५:३८), दाँतको बदला दाँत (मत्ती ५:३८), दाहिने गाला र दब्रे गाला (मत्ती ५:३९), दौरा र खास्टो

(मत्ती ५:४०), एक किमी को सट्टामा दुइ किमी हिँड्ने दृष्टान्त (मत्ती ५:४१), कर्जा दिने सम्बन्धको दृष्टान्त (मत्ती ५:४२)

यहाँ येशूले मोशाको पुरानो व्यवस्थाका ६ वटा कठिन नियमहरू बताउनुभयो। बाँकी ४ वटा आज्ञाहरू पनि पालन गर्न कठिन थिए। येशूले हत्या र व्यभिचारको बारेमा बयान गर्दै मोशाको व्यवस्थाभन्दा उहाँको वास्तविक व्यवस्था कडा र कठिन छ भनी बताउनुभयो। त्यसबेलाका इस्राएलीहरूले पुराना नियमहरू पालन गर्न सकेका थिएनन्। येशूका नयाँ व्यवस्थाहरू पालन गर्न झन् कठिन थियो। 'म मेरो नयाँ व्यवस्थाहरू तिमीहरूलाई दिँदैछु, जुन नयाँ करारको व्यवस्था हो' भनी उहाँले भन्नुभयो। येशूले दिनुभएको नयाँ व्यवस्थाको तुलनामा पुराना व्यवस्था कठिन छैन।

येशूले प्रश्न गर्नुहुन्छ, "ती पुराना व्यवस्थाहरू सजिला छन् तै पनि तिमीहरू पालन गर्न सक्दैनौँ भने तिम्रो शत्रुले देब्रे गालामा हान्यो भने कसरी दाहिने गाला थाप्न सक्छौ? तिम्रो शत्रुले तिम्रो दौरा लिन खोज्यो भने कसरी उसलाई खास्टो पनि दिन सक्छौ?"

येशूको समयमा खास्टो एकदमै महत्वपूर्ण कपडा थियो। त्यसलाई दिनमा लगाउनको लागि प्रयोग गरिन्थ्यो भने रातमा ओडिने गरिन्थ्यो। 'कुनै मानिसले तिम्रो दौरा लिन खोज्यो भने खास्टो पनि देऊ' भनी येशूले भन्नुहुँदा चेलाहरूले के सोचे होलान्! उहाँले भन्नुभयो, "कसैले तिमीलाई एक किलोमिटर हिँड्न लगायो भने उसँग दुइ किलोमिटर हिँड।" येशूको समयमा हुलाकीले गधा भएको मानिसलाई एक किलोमिटरसम्म चिठ्ठी पुऱ्याउनको लागि अनुरोध गर्नसक्थ्यो। त्यसैले उहाँले चेलाहरूलाई सोध्नुभयो, "कुनै व्यक्तिले यो चिठ्ठी एक किलोमिटर टाढा पुऱ्याऊ भन्यो भने के तिमी दुइ लिलोमिटर जानसक्छौ?"

'कोही मानिस आएर पैसा माग्यो भने केही नभनीकन खुरुक्क दिनसक्छौ?' भनी येशूले तिनीहरूलाई सोध्नुभयो। अन्तिममा उहाँले भन्नुभयो, "यदि तिमीहरूले यी व्यवस्थाहरू पालन गर्दछौ भने तिमीहरू सिद्ध हुनेछौ।"यस पृथ्वीमा कसैले पनि यस्ता नियमहरू पूर्ण रूपमा गर्न सक्दैन!

## व्यवस्था पूरा गर्नुहुने येशू

Jesus, Fulfilling the Law

परमेश्वरको साँचो व्यवस्था निकै गाह्रो भएकोले त्यो पालन गरेर कोही पनि सिद्ध हुन सक्दैन। कुनै व्यक्तिले परमेश्वरको व्यवस्था १००% पालन गर्न सक्दैन। व्यभिचारसम्बन्धी नयाँ व्यवस्था पालन गर्न मानिसको लागि असम्भव छ। सजिला व्यवस्थाहरू पनि १००% पालन गर्न सकिँदैन। प्रभु येशू यसो भन्नुहुन्छ: “नयाँ करारमा मैले दिएका व्यवस्थाहरू पालन गर्न सक्दैनौ भने कसरी सिद्ध हुन्छौ त?”

वास्तवमा परमेश्वरले ती व्यवस्थाहरू दिनुको कारणचाहिँ हामी व्यवस्था पालन गरेर सिद्ध भई परमेश्वरकहाँ पुग्न असक्षम छौँ भन्ने कुरा देखाउनलाई हो। येशूले चेलाहरूलाई भन्नुभयो, “तिमीहरू सिद्ध हुनपर्छ किनकि तिमीहरूका पिता सिद्ध हुनुहुन्छ।“ तिनीहरू कुनै पनि हालतमा सिद्ध हुन सक्दैनथे किनकि तिनीहरूले १००% व्यवस्था पालन गर्न सक्दैनथे। अब हामी सिद्ध भएर परमेश्वरको सामु कसरी उभिनसक्छौँ त? यसै सन्दर्भमा येशूले यशैया अगमवक्तालाई यस्तो कुरा लेख्न लगाउनुभयो: “हामी सबै अशुद्ध मानिसझैँ भएका छौँ, र हाम्रा सबै धार्मिक काम फोहोर झुत्राझैँ छन्। हामी सबै पातझैँ ओइलाइहाल्छौँ, र हाम्रा पापले हामीलाई बतासले झैँ उडाइलैजान्छन्” (यशैया ६४:६)।

त्यसकारण व्यवस्था पालनद्वारा सिद्ध हुन सम्भव छैन। त्यससको निम्ति कसैले हामीलाई मद्दत गर्नैपर्छ। मानिसले हामीलाई मद्दत गर्न सक्दैन किनकि पापी मानिस व्यवसथा पालन गरेर सिद्ध हुन सक्दैन। हामीलाई सहायता गर्न सक्ने एक मात्र व्यक्ति येशू हुनुहुन्छ। उहाँ सतप्रतिसत सिद्ध हुनुहुन्छ। त्यसै कारणले गर्दा पिता परमेश्वरले पुत्र येशूलाई यो संसारमा पठाउनु भयो। येशू परमेश्वर व्यवस्थाको मालिक हुनुहुन्छ। यदि कसैले येशू ख्रीष्टको क्रूसको मृत्युलाई विश्वास गर्छ भने येशूले आफ्नो अनुग्रहद्वारा उसलाई सिद्ध बनाउनु हुन्छ। व्यवस्था पालनले होइन तर परमेश्वरको प्रेम र येशूको अनुग्रहले हामी सिद्ध भएर अनन्त जीवन पाउँछौँ (यूहन्ना ३:१६)।

व्यवस्थाले हालमीलाई ख्रीष्टतिर डोऱ्याउने काम गर्छ भनी धर्मशास्त्रमा लेखिएको छ: "विश्वासद्वारा हामी धर्मी ठहरिन सकौँ भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो" (गलाती ३:२४)।

पुरानो करारका घटनाहरूले येशूलाई देखाउन खोजेका छन्। "तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्" (यूहन्ना ५:३९)। सन्त पावल यस विषयमा भन्दछन्, "किनभने विश्वास गर्ने धर्मी ठहरिओस् भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ" (रोमी १०:४)।

येशूको अनुग्रहले नै हामीले नयाँ जीवन पाएका छौँ। उहाँले हामीलाई अनुग्रह गर्नुभएर हाम्रा पापहरू क्षमा गर्नुभयो। हामीले पनि अरू दाजुभाइ तथा दिदीबहिनीहरूलाई अनुग्रह, क्षमा र दया देखाउनुपर्छ। येशूले 'तिनीहरूको लागि प्रार्थना गर' भन्ने आज्ञा दिनुभएको छ। हामीले यसो गर्न सक्यौँ भने हामी उहाँको अनुग्रह पाएर अवश्य सिद्ध हुनेछौँ।

तपाईं अझै पुरानो कुराहरूमा भरोसा राख्दै हुनुहुन्छ भने येशूको महत्वलाई घटाउँदै हुनुहुन्छ। येशूले क्रूसको मृत्युद्वारा हाम्रो पापको ऋण तिरिसक्नुभएको छ। इसाईहरू येशूको रगतद्वारा किनिएका हुन्। त्यसकारण, उहाँको नजरमा हामी महत्वपूर्ण छौँ। तपाईं परमेश्वरको सन्तानहरूसँग झगडा गर्नुहुन्छ भने त्यो येशूले मन पराउनुहुन्न। येशूले यसरी प्रार्थान गर्न सिकाउनुभयो, "हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौँ" (मत्ती ६:११)।

तपाईं अरूलाई क्षमा गर्नुहुन्न भने उहाँले पनि तपाईंलाई क्षमा गर्नुहुन्न। धेरै इसाईहरूले यसलाई अझै बुझ्न सकेका छैनन्। यो कुरा बुझेर व्यवहारमा उतार्नको लागि ती नाबालक अवस्थाका इसाईहरू बालक, किशोर र जवान अवस्थालाई पार गर्दै पुत्रको अवस्थामा पुग्नु जरुरी छ।

बाइबल विद्वान्हरूले इसाईहरूको आत्मिक वृद्धिको अवस्थालाई ६ वटा स्तरमा राखेका छन्। त्यसलाई बुझ्न तलको तालिकाले सहायता गर्नेछ। हामीले यसलाई अध्ययन गरेर आफ्नो आत्मिक स्तर पत्ता लगाउन सक्नेछौँ।

| तह | अवस्था | ग्रीक | बाइबल खण्ड |
|---|---|---|---|
| १ | आत्मिक शिशु (नावालक) | नेपियोस (Nepios) | १ कोर ३:१; १३:११; १४:२०; गला ४:१; हिब्रू ५:१३ |
| २ | आत्मिक बालक | पाइडियोन (Paidion) | मत्ती १८:२; लूका १:८०; १ यूहन्ना २:१८ |
| ३ | आत्मिक किशोर | टिक्नियोन (Teknion) | यूहन्ना १:१२; १३:३३ |
| ४ | आत्मिक जवान | नेनिस्कस (Neaniskos) | प्रेरित २:१७; १ यूहन्ना २:१३-१४ |
| ५ | आत्मिक पुत्र | हुइयोस (Huios) | मत्ती ५:९, ४५; रोमी ८:१४-१५ |
| ६ | आत्मिक पिता | पातेर (Pater) | १ कोरन्थी ४:१५ |

**तालिका नं.४ – इसाईको आत्मिक अवस्थाहरू**

**खण्ड - ५**

# तीन किसिमका पाखण्डीपन

## THREE TYPES OF HYPOCRITES

"होशियार बस, तिमीहरू मानिसहरूलाई देखाउनलाई धर्मकार्य नगर। नत्रता स्वर्गमा हुनुहुने तिमीहरूका पिताबाट तिमीहरूले केही इनाम पाउनेछैनौ। यसकारण जब तिमीहरू दान दिन्छौ, तब आफ्ना सामु तुरही नबजाओ, जस्तो पाखण्डीहरूले सभाघरहरू र सडकहरूमा मानिसहरूबाट प्रशंसा पाउनलाई गर्छन्। साँच्चै, म तिमीहरूलाई भन्दछु, तिनीहरूले आफ्ना इनाम पाइसकेका छन्। तर जब तिमी दान दिँदछौ, तिम्रो दाहिने हातले के गरिरहेछ सो देब्रे हातले थाहा नपाओस्। तिम्रो दान गुप्तमा होस्, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ।

जब तिमी प्रार्थना गर्दछौ, तब पाखण्डीहरूजस्ता नहोओ, किनकि तिनीहरू सभाघरहरूमा र सडकहरूका कुनामा मानिसहरूले देखून् भनी खडा भएर प्रार्थना गर्न मन गर्छन्। साँच्चै, म तिमीहरूलाई भन्दछु, तिनीहरूले आफ्नो इनाम पाइसकेका छन्। तर तिमी जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ। र प्रार्थना गर्दा अन्यजातिहरूजस्ता व्यर्थै नबरबराओ। किनभने धेरै शब्दमा बोल्दा तिनीहरूको सुनाइ हुन्छ भन्ने तिनीहरू विचार गर्छन्। यसकारण तिनीहरूजस्ता नहोओ। किनभने तिमीहरूले उहाँसँग माग्नभन्दा अघिबाटै तिमीहरूलाई कुन-कुन कुराको खाँचो छ, सो तिमीहरूका पिता जान्नुहुन्छ।

तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर: हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस्। तपाईंको राज्य आओस्। तपाईंको इच्छा

स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्। हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्। हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौँ। हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्। किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्, आमिन। किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गऱ्यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन।

जब तिमीहरू उपवास बस्तछौ, तब पाखण्डीहरूजस्ता उदासी चेहरा नदेखाओ। किनकि मानिसहरूलाई उपवास बसेका देखाउनलाई तिनीहरू आफ्न मोहडा अँध्यारा पार्छन्। साँच्चै, म तिनीहरूलाई भन्दछु, तिनीहरूले आफ्ना इनाम पाइसकेका छन्। तर तिमीचाहिँ उपवास बस्दा आफ्नो शिरमा तेल लगाऊ, र आफ्नो मुख धोऊ। र तिम्रो उपवास मानिसहरूले होइन, तर गुप्तमा हुनुहुने तिम्रा पिताले देखून्, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ" (मत्ती ६:१-१८)।

येशूले चेलाहरूलाई सिद्ध हुन आग्रह गर्नुभयो। धेरै मानिसहरू धार्मिक क्रियाकलापहरूद्वारा सिद्ध हुन कोसिस गर्छन्। कोहीचाहिँ आशिषित सन्देशहरू पालन नगरीकनै आफूलाई सिद्ध देखाउन चाहन्छन्। उहाँले भन्नुभयो कि तिनीहरूले भेडाको भेस धारण गरेर भित्रचाहिँ डरलाग्दो ब्वाँसोजस्तो व्यवहार गर्नेछन्। येशूले तिनीहरूलाई पाखण्डी भनेर सम्बोधन गर्नुभयो। तीन प्रकारका धार्मिक क्रियाकलापहरूमा मानिसको पाखण्डीपन देखिन्छ। पहिलो, दान दिने कुरामा (मत्ती ६:१-४); दोस्रो, प्रार्थना गर्ने कुरामा (मत्ती ६:५-१५) र तेस्रो, उपवास बस्ने कुरामा (मत्ती ६:१६-१८)। यी तीन वटै धार्मिक क्रियाकलापहरूलाई हामी एक-एक गरी चर्चा गर्नेछौँ।

## दान दिने

Alms Giving

मानिसहरूले समाजमा आफूलाई राम्रो देखाउन चाहन्छन्। अरू मानिसहरूले उनीहरूलाई धार्मिक देखून् भन्ने तिनीहरू चाहन्छन्। त्यस्ता मानिसहरूले शहरको बीचमा तुरही फुक्छन् भनी येशूले भन्नुभयो। त्यस्ता कामबाट उनीहरूले मानिसहरूबाट आदर र महिमा लिन चाहन्छन्। वास्तवमा तिनीहरूले त्यसो गरेर परमेश्वरको महिमा चोरेका हुन्छन्। परमेश्वरले पाउनुपर्ने महिमा आफूले लिएका हुन्छन्। त्यसो गर्नु सृष्टिको उद्देश्यको उलङ्घन हो। जब मानिसले सृष्टिको उद्देश्यलाई उल्लङ्घन गर्छ, तब येशू रिसाउनुहुन्छ। उहाँले भन्नुहुन्छ: "तिमीहरूले यस पृथ्वीमा गरेका धार्मिक कामहरूको इनाम पाइसकेको हुनाले स्वर्गमा कुनै इनाम दिइने छैन।" अरूलाई दान दिने विषयमा उहाँले सुझाव दिँदै चेलाहरूलाई भन्नुभयो: कसैले थाहा नपाउने गरी दिन सिक। गुप्तमा गरेको दान स्वर्गमा हुनुहुने परमेश्वरले देख्नुहुन्छ भन्ने कुरामा हामी ढुक्क हुनुपर्छ। एक दिन परमेश्वरले हामीलाई त्यसको यथोचित इनाम अवश्य दिनुहुनेछ।

किन धेरै मानिसहरूले त्यसो गर्ने गर्छन् त? किनकि तिनीहरूमा परमेश्वरप्रति भरोसा छैन। आफूले दिएको दानको स्वर्गमा इनाम मिल्नेछ भनेर तिनीहरूलाई विश्वास हुँदैन। किन तिनीहरूमा विश्वास र भरोसा छैन त? किनकि तिनीहरूका आत्मिक आँखा खुल्ला भएको छैन। तिनीहरूका शारीरिक र मानसिक आँखा एकदम तेजिला छन् तर महत्वपूर्ण आत्मिक आँखाचाहिँ मधुरो भएका छन्। विभिन्न सम्प्रदायबाट अभिषेक पाएका पास्टरहरूले पनि त्यस्तै व्यवहार गरेको देखिन्छ। तिनीहरूले आत्मिक संसारका कुरा निकै गर्छन् तर मनचाहिँ यही भौतिक संसारमा लगाइरहन्छन्। अफसोसका साथ हामीले यसो भन्नैपर्छ: तिनीहरू आत्मिक अगुवाहरू होइनन्। तिनीहरू त भाडाको गोठाला हुन् (यूहन्ना १०:१२-१३) त्यसैकारण येशूले तिनीहरूलाई पाखण्डी भन्नुभएको हो।

पाखण्डीहरू दोहोरो मन र दोहोरो चरित्र हुन्छ। जति आत्मिक कुरा गरे तापनि तिनीहरू सांसारिक कुराहरूमा अल्झिरहन्छन्। पाखण्डी अगुवाहरूको सङ्ख्या धेरै हुनसक्ने कुरा येशूले बताउनु भयो। अन्तिम दिनहरूमा त्यस्ताखाले अगुवाहरूलाई पछ्याउने विश्वासीहरू भ्रममा परेर नष्ट हुनेछन् (मत्ती २४:१०-११)। तिनीहरूका आत्मिक आँखा र कान कमजोर हुनेछन्। तिनीहरूका हृदय शुद्ध हुने छैन। किन? किनकि तिनीहरूले आशिषित सन्देशहरू पालन गरेका हुँदैनन्।

अविश्वासीहरूले दान दिए भने त्यसलाई सार्वजनिकरूपमा प्रचार-प्रसार गर्न चाहन्छन्। तिनीहरूले पत्र-पत्रिका, रेडियो, टेलिभिजनबाट ती कुराहरू तुरही फुकेझैँ गरी प्रचार गर्छन्। कुनै ठाउँमा चन्दा दियो भने तिनीहरूले शिलापत्रमा नाम लेखाउँछन्। त्यसो गर्नाले तिनीहरूले मानिसहरूबाट स्याबासी र महिमा पाउँछन्। किन तिनीहरू त्यसो गर्छन् त? किनकि तिनीहरूको शारीरिक र मानसिक आँखामात्र खुल्ला छन्। तिनीहरूले यो संसारलाई मात्र देख्छन्। तिनीहरूले असल कामहरू यही संसारका मानिसलाई देखाउन चाहन्छन्। महत्वपूर्ण कुरा के हो भने येशूले महिमा लिनुपर्छ, मानिसले होइन। येशूले नामधारी इसाईहरूलाई मूर्ख भन्नुहुन्छ।

## प्रार्थना

Prayer

धेरै धार्मिक अगुवाहरूले सार्वजनिक स्थानहरूमा ठूलो सोरमा प्रार्थना गर्न रुचाउँछन्। म धेरै प्रार्थना गर्ने मानिस हुँ भनी देखाउनलाई तिनीहरू सडकमा बसेर प्रार्थना गर्न रुचाउँछ। तिनीहरूलाई येशूले भन्नुभयो: "साँच्चै उसले त्यस कामको इनाम यस धर्तीमा पाइसकेको छ। त्यसैले स्वर्गमा कुनै इनाम दिइनेछैन।" किन येशूले त्यस्तो कुरा मन पुराउनुहुन्न? किनभने त्यो सृष्टिको उद्देश्यको विरुद्धमा छ। येशूले मानिसलाई उहाँको महिमा गर्न सृष्टि गर्नुभएको

हो। हामीले हरेक कुरामा उहाँलाई महिमा दिनु पर्छ तर आफूले महिमा लिने गल्ती गर्नुहुँदैन।

धेरै इसाईहरूले निरन्तर प्रार्थना त गर्छन् तर तिनीहरूको प्रार्थना अन्यजातिहरूको प्रार्थनाजस्तै हुन्छ। अन्यजातिहरू मूर्तिअगाडि निहुरिएर चिच्याएर प्रार्थना गर्ने गर्छन्। तिनीहरूले के प्रार्थना गरेका हुन् भनेर तिनीहरूका देवतालाई थाहा हुँदैन। लामो समयसम्म प्रार्थना गऱ्यो भने देवी-देउताले सुन्छन् भनी तिनीहरू विश्वास गर्छन्।

सांसारिक धर्मको मानिसहरू परिवारको निम्ति, पैसाको निम्ति, स्वास्थ्यको निम्ति, असल जीवनको लागि र राम्रो जागिरको निम्ति प्रार्थाना गर्छन्। जसै हामी येशूको रगतद्वारा परमेश्वरको सन्तान हुन्छौं, तब उहाँले हाम्रो समस्याहरू बुझ्नुहुन्छ। हामीले बताउनुभन्दा पहिले नै सर्वज्ञानी परमेश्वरले सबै कुरा जान्नुहुन्छ। (???)।

## उपवास

## Fasting

पाखण्डीहरूले उपवासद्वारा आफूलाई धार्मिक देखाउन चाहन्छन्। तिनीहरू उपवास बसेको बेला अँध्यारो अनुहार बनाउने गर्छन्। तिनीहरूले यस संसारमा नै इनाम पाइसकेका छन्; त्यसैले स्वर्गको राज्यमा इनाम पाउने छैनन्। तर गुप्तमा उपवास बस्ने व्यक्तिलाई स्वर्गीय पिताले इनाम दिनुहुनेछ। हामीले उपवास बस्दा अनुहार अँध्यारो बनाउनु हुँदैन बरु उज्यालो मुहार बनाउने कुरामा हामीले ध्यान दिनुपर्छ।

सही प्रकारले दान दिने, प्रार्थना गर्ने र उपवास बस्ने व्यक्तिलाई परमेश्वरले स्पष्टसँग चिन्नुहुन्छ। उहाँको आज्ञालाई अनुसरण गरेर त्यसैअनुरूप जीवनशैली बनाउने व्यक्तिले सोचेको भन्दा पनि बढी आशिष् पाउनेछ।

खण्ड - ६

# प्रभुको प्रार्थना

## THE LORD'S PRAYER

येशू ख्रीष्टले चेलाहरूलाई यसरी प्रार्थना गर्न सिकाउनु भयो: "हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस्। तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्। हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्। हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौँ। तर दुष्टबाट छुटाउनुहोस् किनभने राज्य पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन् आमेन" (मत्ती ६:९-१३)। यस प्रार्थनामा ८ वटा खण्डहरू छन्: (१) हे हाम्रा स्वर्गमा बस्नुहुने पिता, (२) तपाईंको नाउँ पवित्र गरियोस्, (३) तपाईंको राज्य आओस्, (४) तपाईंको इच्छा स्वर्गमा झैँ यस पृथ्वीमा पूरा होस्, (५) आज हामीलाई हाम्रो दैनिक भोजन दिनुहोस्, (६) हाम्रो अपराध क्षमा गर्नुहोस्,जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौँ, (७) हामीलाई परीक्षामा पर्न नदिनुहोस् र (८) दुष्टबाट बचाउनुहोस्।

आशिषित सन्देश र प्रभुले सिकाउनुभएको प्रार्थना- यी दवैमा ८-८ भागहरू भएता पनि त्यसको भिन्नतालाई हामीले केलाउनु पर्छ। आशिषित सन्देशमा भएका ८ वटा खण्डहरूमा ४ - ४ गरी दुइ भागहरू छन्। पहिलो खण्डको ४ वटा कुराहरू आफ्नो बारेमा (मेरो बारेमा) बताइएका कुराहरू हुन् भने दोस्रो खण्डको ४ वटा कुराहरू परमेश्वरको बारेमा बताइएका हुन्। प्रभुको प्रार्थना त्योभन्दा फरक छ। सुरुका ४ खण्डहरू परमेश्वरसँग सम्बन्धित छन् र दोस्रो ४ खण्डहरू आफूसँग (मानिससँग) सम्बन्धित छन्। अब हामी ती कुराहरूलाई एक-एक गरी केलाएर हेरौँ।

## हे हाम्रा स्वर्गमा बस्नुहुने पिता

Our Father in the Heaven


येशूले प्रार्थना गर्न सिकाउनुहुँदा 'स्वर्गमा बस्नुहुने पिता' भनेर सम्बोधन गर्नुपर्छ भन्नुभयो किनभने परमेश्वर बासस्थान तेस्रो स्वर्ग हो, जसलाई उहाँको सिंहासन भनिन्छ। "स्वर्ग मेरो सिंहासन हो, र पृथ्वीचाहिँ मेरो पाउदान हो। मेरो निम्ति तिमीहरूले बनाउने भवन कहाँ छ? (यशैया ६६:१)।"

पिता परमेश्वर हाम्रो तहसम्म ओर्लेर आउनुहुन्न। हामीले प्रार्थनामा आफैलाई तेस्रो स्वर्गसम्म पुऱ्याउन कोसिस गर्नुपर्छ। कोरिन्थीको मण्डलीलाई पावलले यस्तो कुरा लेखेका छन्: "मैले गर्व गर्नैपर्छ। तर यसबाट लाभ केही नभए तापनि, प्रभुबाट पाएका दर्शनहरू र प्रकाशहरूका कुरा म गरिरहेछु। ख्रीष्टमा म एक जना मानिसलाई चिन्दछु, जो चौध वर्षअघि तेस्रो स्वर्गसम्म उचालिलगियो। ऊ शरीरमै लगियो कि शरीरविनै, सो म जाँन्दिनँ, परमेश्वर जान्नुहुन्छ। म यस मानिसलाई चिन्दछु, शरीरमा हो कि विनाशरीरमा, त्यो मलाई थाहा छैन, तर त्यो मानिस स्वर्गलोकमा उचालिलगियो, यो कुरा परमेश्वर जान्नुहुन्छ" (२ कोरिन्थी १२:१-३)।

हामीले आफूलाई त्यस ठाउँसम्म पुऱ्याउन कठिन छ। शुद्ध हृदय हुनेहरू मात्र त्यहाँ पुग्न सक्छन्, किनभने तिनीहरूका आत्मिकी आँखा खुलेको हुन्छ। नयाँ र पुरानो करारका आशिषित व्यक्तिहरूले त्यसको लागि प्रार्थना गरेका छन्; जस्तै: पावल, यूहन्ना, यशैया, यर्मिया, इजकिएल र दानिएल आदि। पुरानो करारका धेरै इस्राएलीहरूले त्यसो गर्न सकेनन् र नयाँ करारका धेरै विश्वासीहरूले पनि त्यस्तो प्रार्थना गर्न सकिरहेका छैनन्। थोरै आशिषित विश्वासीहरूले मात्र यस्तो शक्तिशाली प्रार्थना गर्न सक्छन्। वास्तवमा आशिषित सन्देशहरू पालना गर्ने विश्वासीहरूले मात्र यसरी प्रार्थना गर्छन्। ईश्वरशास्त्रीहरूले यस प्रकारको प्रार्थनालाई सिंहासनको प्रार्थना भन्दछन्।

यूहन्नाले त्यस्तो प्रार्थना कसरी गरेका थिए अनि तेस्रो स्वर्ग अथवा परमेश्वरको सिंहासन कस्तो छ भनेर हामीले थाहा पाउनु पर्छ। परमेश्वरको

सिंहासनको बयान प्रकाश ४ अध्यायमा छ। यस चित्रको सहायतामा यूहन्नाले त्यहाँ के-के देखेका थिए, त्यसलाई एक-एक गरी गरौँ।



**चित्र नं. ४ – तेस्रो स्वर्गको परिकल्पना**

"यसपछि मैले हेरेँ, र स्वर्गमा एउटा ढोका देखेँ, जो खुला थियो। मैले पहिले सुनेको सोर तुरहीको जस्तो आवाजमा मसँग यसरी बोलिरहेको थियो-

“यतामाथि आऊ, र अब यसपछि जुन कुराहरू हुनुपर्छ सो म तिमीलाई देखाउनेछु।" म तुरुन्तै आत्मामा भएँ। हेर, स्वर्गमा एउटा सिंहासन थियो, र एक जना त्यस  सिंहासनमा विराजमान हुनुहुन्थ्यो। त्यहाँ विराजमान हुनुहुनेको मुहार बिल्लौर र लालमणिजस्तै दखिन्थ्यो, र सिंहासनको वरिपरि पन्नाजस्तो इन्द्रेनी थियो। त्यस सिंहासनको वरिपरि चौबीस सिंहासनहरू थिए, र शिरमा सुनका मुकुटहरू र सेता पोशाकहरू पहिरेका चौबीस जना धर्म-गुरुहरू ती सिंहासनमा बसेका मैले देखेँ। त्यस सिंहासनबाट बिजुलीहरू, आवाजहरू र गर्जनहरू निस्केर आउँथे, र त्यस सिंहासनको सामुन्ने आगोका सात वटा बत्तीहरू बलिरहेका थिए। यी परमेश्वरका सात आत्माहरू हुन्। सिंहासनको अगि स्फटिकतुल्य काँचको समुद्रजस्तो थियो।

अगाडि र पछाडि जम्मै आँखै-आँखा भएका चार वटा जीवित प्राणी सिंहासनको वरिपरि र चारैपट्टि थिए। पहिलो प्राणी सिंहजस्तै थियो, दोस्रो प्राणी बहरजस्तै, तेस्रो प्राणीको अनुहार मानिसको जस्तै र चौथो प्राणी उडिरहेको गरुडजस्तै थियो। ती चारै वटा प्राणीका छ-छ वटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए। दिनरात तिनीहरू नथामीकन यसो भन्दै गाइरहन्छन्, “पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ।"

जब-जब ती जीवित प्राणीहरूले सिंहासनमा विराजमान हुनुहुने र जो सदासर्वदा जीवित रहनुहुन्छ, उहाँलाई महिमा, आदर, धन्यवाद चढाउँछन्, तब ती चौबीस जना धर्म-गुरुहरू सिंहासनमा विराजमान हुनुहुनेको सामुन्ने घोप्टो पर्छन्, र सदासर्वदा जीवित रहनुहुनेलाई दण्डवत् गर्छन्, र तिनीहरूका आफ्ना-आफ्ना मुकुट सिंहासनको सामुन्ने राखेर यसरी गाउँछन्: “हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो" (प्रकाश ४:१-११)।

यो खण्ड राम्रोसँग पढेर त्यहाँ उल्लेख भएको दृश्य परिकल्पना गर्नु हाम्रो लागि लाभदायक छ, जसको सारंश यस्तो छ- पिता, पुत्र, र पवित्र आत्मा त्रिएक

परमेश्वरको सिंहासन तेस्रो स्वर्गमा छ। सिंहासनको अघि काँचको समुद्र छ। स्वर्गदूतहरू र २४ सिंहासनमा २४ जना धर्म गुरुहरूको पनि त्यहाँ छन्। त्यहाँ भएको चौबीस सिंहासन र चौबीस जना धर्म-गुरुहरूलाई बाइबल विद्वानहरूले यसरी व्याख्या गरेका छन्: अङ्क २४ लाई १२ - १२ को दुइ भाग लगाउन सकिन्छ। पहिलो १२ ले पुरानो करारको इस्राएलीहरूको १२ कुललाई बुझाउँछ भने अर्को १२ ले नयाँ करारका येशूका १२ जना चेलाहरूलाई बुझाउँछ।

उक्त ठाउँमा सराफ स्वर्गदूतहरू छन्, जसलाई चार जीवित प्राणीहरू भनिएको छ। सराफहरू भनेको दोस्रो दर्जाका स्वर्गदूत हुन्। करूबहरूचाहिँ पहिलो दर्जाको स्वर्गदूहरू हुन्। करूबहरूको बारेमा इजकिएल १०:१४ मा बताइएको छ। इजकिएलले आफ्नो दर्शनमा करुबहरूलाई देखेका कुरा त्यहाँ उल्लेख गरिएको छ। त्यसबेला करूबहरूले सिंहासन घेरिरहेका दृश्य इजकिएलले देखेका थिए। तर यशैया र यूहन्नाले आफ्नो दर्शनमा करूबहरू होइन सराफहरू देखेका थिए। त्यो कुरा बुझ्नको लागि यशैया ६:२ र प्रकाश ४:७ लाई हेर्न सकिन्छ। इजकिएल १०:१४ र प्रकाश ४:७ लाई तुलना गर्दा करूब र सराफको स्वरूप फरक भएको पाइन्छ।

प्रत्येक करूबका चार वटा मोहड़ा थिए- पहिलो मोहड़ा करूबको, दोस्रो मोहड़ा मानिसको, तेस्रो सिंहको र चौथो गरुडको जस्तै थियो (इजकिएल १०:१४)।

पहिलो प्राणी सिंहजस्तै थियो, दोस्रो प्राणी बहरजस्तै, तेस्रो प्राणीको अनुहार मानिसको जस्तै र चौथो प्राणी उड़िरहेको गरुडजस्तै थियो (प्रकाश ४:७)।

यूहन्नाले सिंहासनअगाडि सराफ देखेका थिए। ती सराफहरूले दिनरात त्रिएक परमेश्वरका महिमा गाइरहेका थिए। तिनीहरूले पवित्र, पवित्र, पवित्र भनिरहेका थिए। हामीबाट  महिमा लिनुहोस् भनी तिनीहरूले भनिरहेका थिए किनकि उहाँलाई महिमा दिनको लागि नै तिनीहरूलाई सृष्टि गरिएको थियो।

राजा दाऊदको आत्मिक आँखाले सारा ब्रम्हाण्डले परमेश्वरको आराधना गरिरहेको दृश्य देखे किनभने उनको हृदय शुद्ध थियो। त्यसैले उनले सारा सृष्टिलाई परमेश्वरको प्रशंसा गर्न आह्वान गरेका छन्: "हल्लेलूयाह! स्वर्गबाट परमप्रभुको प्रशंसा गर, उच्च स्थानहरूमा उहाँको प्रशंसा गर। हे उहाँका स्वर्गीय दूतगण, उहाँको प्रशंसा गर। हे उहाँका सारा स्वर्गीय सेना, उहाँका प्रशंसा गर। हे सूर्य र चन्द्र, उहाँको प्रशंसा गर। हे चम्किला तारा हो, उहाँको प्रशंसा गर। हे सर्वोच्च आकाश र आकाशमाथिका पानी हो, तिमीहरूले उहाँको प्रशंसा गर। तिनीहरूले परमप्रभुको नाउँको प्रशंसा गरून्, किनकि उहाँले आज्ञा गर्नुभयो, र तिनको सृजना भयो। उहाँले तिनलाई सदासर्वदाको निम्ति स्थापित गर्नुभयो, अनि कहिले नटल्ने विधि उहाँले दिनुभयो। पृथ्वीबाट परमप्रभुको प्रशंसा गर, हे विशाल जलजन्तु हो, र सबै गहिरा सागर हो, बिजुली र असिना, हिउँ र बादल, उहाँको वचन मान्ने आँधीबेहरी हो, पहाडहरू र सबै डाँडाहरू हो, फल फलाउने रूखहरू र सबै देवदारूहरू हो, जङ्गली जनावर र सबै गाईबस्तुहरू हो, ससाना जन्तु र उड्ने पक्षीहरू हो, पृथ्वीका राजाहरू र सारा जातिहरू, राजकुमारहरू र सारा शासकहरू, युवकहरू र कन्याहरू, वृद्ध र बालकहरू, परमप्रभुको प्रशंसा गर। यिनीहरू सबैले परमप्रभुको प्रशंसा गरून्, किनकि उहाँको नाउँ मात्र महान् छ, उहाँको महिमा पृथ्वी र आकाशभन्दा पनि उच्च छ। उहाँले आफ्ना मानिसहरूका निम्ति एउटा सीङ खडा गर्नुभएको छ, जो उहाँका पवित्रजनहरू, उहाँको हृदयका नजिक रहने इस्राएलका प्रशंसा हुन्। हल्लेलूयाह!" (भजन १४८:१-१४)।

दाऊदले सूर्य र चन्द्रमा नाँच्दै उहाँको प्रशंसा गरिरहेको दृश्य देखे। त्यस्तै गरी पहाड, रूख र फूलहरू पनि नाचिरहेका उनले देखे अनि हावा, समुद्र र नदीहरूले पनि नाँच्दै प्रशंसा गरिरहेका देखे। त्यतिमात्र होइन उनले गाई, घोडा, बाघ, हात्ती, कुकुर र सर्पहरूदेखि लिएर कीरा-फट्याङ्ग्रा, कमिलाहरूले पनि सृष्टिकर्ताको प्रशंसा गरिरहेका देखे। उनले पृथ्वीको सतहमुनि हेरे र त्यहाँका जलजन्तु र माछाहरूले पनि नाच्दै प्रशंसा गरिरहेका

थिए। यहाँ बुझ्नुपर्ने कुरा के हो भने आत्मिक आँखा खुलेको व्यक्तिले मात्र यस्ता कुराहरू देख्न सक्छ।

परमेश्वरले यूहन्नालाई भविष्यमा हुने घटनाहरूका बारेमा प्रकाश दिनुभयो। विश्वासीहरू उठाई लगिएपछि थुमाको विवाहभोजमा सहभागी हुने बारेमा उनले  यस्तो दर्शन पाए।

“त्यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखेँ। तिनीहरू उच्च सोरले कराए: सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ। अनि सिंहासन, धर्म-गुरुहरू र चार जीवित प्राणीहरूका वरिपरि सबै स्वर्गदूतहरू उभिए, र तिनीहरूले सिंहासनको सामुन्ने घोप्टो परी यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे। आमिन! हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस्। आमिन!

धर्म -गुरुहरूमध्ये एउटाले मलाई सोधे, “यी सेता पोशाक लाउनेहरू को हुन्, र कहाँबाट आएका हुन्?” अनि मैले तिनलाई भने, “हजूर, तपाईं नै जान्नुहुन्छ।" तिनले मलाई भने, “यिनीहरू ती नै हुन्, जुनहरू महासङ्कष्टबाट आएका हुन्, र तिनीहरूले आफ्ना-आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्, यसैकारण, “तिनीहरू परमेश्वरका सिंहासनको सामुन्ने छन्, र दिनरात उहाँको मन्दिरमा उहाँको सेवा गर्छन्, र सिंहासनमा विराजमान हुनुहुनेले आफ्नै उपस्थितिले तिनीहरूलाई शरण दिनुहुनेछ। तिनीहरू कहिल्यै भोकाउने र तिर्खाउनेछैनन्, सूर्यको राप अथवा कुनै प्रचण्ड ताप तिनीहरूमाथि पर्नेछैन, किनकि सिंहासनको बीचमा हुनुहुने थुमा तिनीहरूका गोठालो हुनुहुनेछ, र तिनीहरूलाई डोऱ्याएर जिउँदो पानीको स्रोतसम्म लानुहुनेछ, र परमेश्वरले तिनीहरूका आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ (प्रकाश ७:९-१७)।

त्यहाँ यूहन्नाले हरेक जाति, सबै कुलहरू, मानिसहरूका समूहहरूलाई देखेका थिए। इ.सं. ९५ मा यूहन्नाले भविष्यमा हुने घटनाहरूको बारेमा त्यो दर्शन देखेका थिए। उनले गन्न नसकिने मानिसहरू थुमाको विवाह भोजमा जम्मा

भएका देखे। त्यहाँ फरक-फरक किसिमका मानिसहरू देखेर यूहन्ना छक्क परे। तिनी यहूदी जातिका मानिस थिए तर उनले अरू धेरै जातिहरू भनी उल्लेख गरेका छन्। उनले आफ्नै भाषा बोल्ने र अरू विभिन्न समूहका मानिसहरूका बारेमा लेखेका छन्। उनले तिनीहरू सबैले त्रिएक परमेश्वरको महिमा अनि प्रशंसा गरिरहेका देखे। सारा ब्रम्हाण्ड र त्यहाँका वनस्पति र प्राणीहरू सृष्टिकर्ता परमेश्वरको महिमा गर्न बनाइएका हुन् भनी बाइबलले हामीलाई बताउँछ। यसै प्रसङ्गका केही बाइबल खण्डहरूलाई हेरौँ।

"हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचेँ र बनाएँ" (यशैया ४३:७)।

"त्यस जातिलाई, जसलाई मेरो प्रशंसाको घोषणा गरून् भनेर मेरो नम्ति मैले बनाएँ" (यशैया ४३: २१)।

"किनकि, उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँ कै निम्ति सृजिएका हुन्" (कलस्सी १:१६)।

हरेक दिन हरेक क्षण परमेश्वरको प्रशंसा, आराधना र महिमा गरिरहने हो भने के स्वर्गमा रमाइलो होला र? यस्तो प्रश्न आज धेरै मानिसहरूका मनमा हुन सक्छ। तर हामीले बुझ्नुपर्ने कुरा के हो भने परमेश्वरको राज्य विशाल र विविधताले भरिपूर्ण छ। भविष्यमा अनगिन्ती ताराहरू बस्नयोग्य हुने गरी निर्माण हुनेछन् र हामीले गर्नुपर्ने कामहरू धेरै हुनेछन्। हामी त्यसबेला निकै व्यस्त हुनेछौँ।

हामीमध्ये कोही एउटा कोही अर्को तारामा राज्य गर्नेछौँ। त्यसबेला कल्पना गर्ने बित्तिकै हामी सोचेको ठाउँमा पुग्न सक्नेछौँ। तपाईंले अहिले इन्टरनेट प्रयोग गरेर संसारको अर्को भागमा भएको साथीलाई देख्न सक्नु हुन्छ। त्यसबेला हरेक कुरा सोच्नेबित्तिकै छर्लङ्गै देख्नुहुनेछ।

परमेश्वरको राज्यमा साह्रै चाखलाग्दो कुराहरू हुनेछन्, जसले गर्दा हामीलाई दिक्क लाग्नेछैन। त्यहाँ घर किन्ने, गाडी किन्ने र जग्गा किन्नेजस्तो भौतिक समस्या हुने छैन। परमेश्वरको राज्यमा सबै थोक सित्तैमा उपलब्ध हुनेछन्। त्यहाँ हाम्रो कसैसँग शत्रुता हुनेछैन। बुढाबुढी होइएला, रोगी भइएला भन्ने चिन्ता हामीलाई हुनेछैन। त्यहाँ मरेर दफन गर्न चिहानको समस्या पनि हुनेछैन। अब विचार गर्नुहोस्- स्वर्गको राज्यमा कस्तो आनन्द होला! (हामी सुनको सडकमा हिँड्नेछौँ)

तपाईंले सृष्टिकर्ता परमेश्वरको अस्तित्व र आफ्नो अस्तित्वको बारेमा थाहा गर्नु हुन्छ भने हृदयको गहिराइदेखि परमेश्वरको महिमा गर्न थाल्नुहुनेछ। जब तपाईं परमेश्वरसामु घुँडा टेकेर प्रभु, म तपाईंको हातमा छु भनी स्वीकार गर्नुहुन्छ, तब तपाईंको जीवनबाट सृष्टिकर्ताको महिमा हुन थाल्दछ। सृष्टिकर्ता परमेश्वरको सामु नम्र हुनुभयो भने उहाँले तपाईंको नम्रताको कदर गरी समस्याहरू समाधान गरिदिनुहुनेछ। त्यसपछि उहाँको प्रेम, दया, आनन्द र शान्तिले तपाईंको जीवन भरिनेछ।

छोरा-छोरीले बुबा-आमालाई 'तपाईंले मलाई माया गर्नुहुन्छ। मेरो आवश्यक्ताहरू जुटाइदिनुहुन्छ। मेरो अभिभावक तपाईंहरू नै हुनुहुन्छ। तपाईंहरू बाहेक मेरो अरू कोही छैन। म तपाईंहरूलाई माया र आदर-सम्मान गर्दछु भन्यो भने उहाँहरू खुसी भएर आवश्यक परेको कुरा दिएर माया गर्नु हुनेछ। तर छोराछोरीहरूमा यस प्रकारको मनोवृत्ति भएन भने आमा-बाबु खुसी हुँदैनन् र तिनीहरू पनि खुसी हुन सक्दैनन्। यद्यपि बाबु-आमा एकदमै धनी र ठूलो भए तापनि छोराछोरी राम्रा भएनन् भने उनीहरू खुसी हुन सक्दैनन्। छोराछोरी राम्रो स्कुलमा पढेर राम्रो काम पाएर धेरै रुपैयाँ-पैसा कमाए तापनि अभिवावकसँग राम्रो सम्बन्ध भएन भने दुबै पक्ष खुसी हुन सक्दैन किनभने पारिवारिक सम्बन्ध परमेश्वरले दिनुभएको वरदान हो।

लुसिफरलाई परमेश्वरले विशेष उद्देश्य राखेर सृष्टि गर्नुभएको थियो तर त्यसले घमण्डी र विद्रोही भएर सृष्टिको उद्देश्यलाई तोड्यो। त्यसले आफै सृष्टिकर्ताजस्तो हुन इच्छा गर्‍यो। त्यसले महिमा खोज्यो र त्यसको पतन भयो।

पतन भएको लुसिफरलाई धेरै दूतहरूले पछ्याए। आज विभिन्न सांसारिक धर्महरूमार्फत मानिसहरूले लुसिफर र त्यसको सेनाहरूका आराधना गरिरहेका छन्।

परमेश्वरलाई पछ्याउने व्यक्तिहरूलाई येशूको महान् आज्ञा पालन गर्न सजिलो छ। उहाँले हामीलाई यसो भन्नुभएको छ: "मानिसहरूलाई सृष्टिकर्ता र उहाँको उद्देश्यतिर फर्किआउन अनुरोध गर।" हामीले गाह्रो काम गर्नु पर्दैन, केवल मानिसहरूलाई उहाँतिर आउने बाटो देखाए पुग्छ। त्यसकारण, मानिसहरूलाई मूर्तिपूजा नगर्न अनि सृष्टिकर्तालाई चिनेर उहाँको उद्देश्यअनुरूप जिउन अनुरोध गर्नुहोस्।

हामी प्रार्थना गर्दा, सबैभन्दा पहिले स्वर्गमा हुनुहुने पितालाई पुकार्नु पर्छ। त्यसो गर्नुचाहिँ आफूलाई परमेश्वरको सिंहासनसामु पुऱ्याउनु हो। आफूले सिंहासनअघि निहुरिएर दण्डवत् गरेको परिकल्पना गर्नुहोस्। त्यसपछि करूब र सराफहरूलाई सिंहासनको वरिपरि भएको दृश्य परिकल्पना गर्नुहोस्। यसो गर्नको लागि प्रकाश ४ अध्याय मनन गर्नुपर्ने हुन्छ।

यूहन्नाको दर्शनलाई अभ्यास गरेपछि दाऊदको दर्शनलाई पनि अभ्यास गर्नुपर्छ। आफ्नो आत्मिक आँखाले ब्रम्हाण्डलाई हेर्नुहोस्। सृष्टिको सबै प्राणी र वनस्पतिहरूले परमेश्वरको महिमा गरेको परिकल्पना गर्नुहोस्। बिस्तारै आफूलाई भविष्यमा हुने थुमाको विवाहभोजमा लैजानुहोस्। दैनिक प्रार्थनामा उक्त विवाहभोजमा सहभागी भएको अनुभव गर्नुहोस्। अहिलेदेखि नै यस्तो प्रकारले विश्वासको अभ्यास गर्न थाल्नुहुन्छ भने एक दिन अवश्य तपाईं त्यहाँ पुग्नु हुनेछ। "अब विश्वासचाहिँ आशा राखिएको कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो" (हिब्रू ११:१)।

यसले विश्वासीलाई आशा गरेको कुराको निश्चयता दिँदछ। येशूले भन्नुभयो, "तिमीले विश्वास गऱ्यौ भने सबै कुराहरू पूरा हुनेछन्।" त्यसको निम्ति हामीले कसरी त्यस्तो प्रार्थना गर्नसक्छौँ त? उत्तर सजिलै छ- आशिषित सन्देशहरू पालन गरेर नै हो। स्वर्गमा हुने पितासँग प्रार्थना गर्ने बेलामा येशूले सिकाउनुभएको तरिकालाई हामीले पछ्याउनुपर्छ।

## तपाईंको नाउँ पवित्र गरियोस्

Hallowed be your Name

प्रभुले सिकाउनुभएको प्रार्थनाको पहिलो चरण पार गरेपछि हामीले आफूलाई सिंहासनको अघि पुऱ्याउँदै र दोस्रो चरणमा प्रवेश गर्नुपर्छ। हामीले यसो भनेर प्रार्थना गर्नुपर्छ, "हे त्रिएक परमेश्वर, तपाईंको नाउँ पवित्र छ, तपाईंको नाउँ अरू नाउँभन्दा फरक अनि विशेष छ। तपाईं सृष्टिकर्ता हुनुहुन्छ र मचाहिँ सृष्टि गरिएको प्राणी हुँ। मेरो जीवन तपाईंको हातमा छ। तपाईंले मेरो सास रोकिदिनु भयो भने म तुरुन्तै मर्नेछु। तपाईंले मेरो परिवारको सदस्यहरूको सास रोकिदिनुभयो भने तिनीहरू मर्नेछन्। आजको दिनसम्म हामी सबैलाई जीवित राख्नुभएकोमा म तपाईंप्रति धन्यवादी छु। मेरो परिवारप्रति गर्नुभएको प्रेम, अनुग्रह र दयाको लागि धेरै-धेरै धन्यवाद!

तपाईंले यसरी प्रार्थना गर्नुहुन्छ भने उहाँ खुसी हुनुहुनेछ। त्यसपछि तपाईंले पवित्र आत्माको अभिषेक अनुभव गर्नुहुनेछ। अनि तपाईंभित्र पन्यूमा पवित्र आत्मा सक्रिय हुनुहुनेछ साथै पारा-क्लेटोस पनि सहायता गर्न आउनु हुनेछ। यी सबै कुरालाई तपाईंको आत्मिक आँखाले हेर्नुहोस्।

मत्ती २२:३७-३९ मा प्रभु येशूले भन्नुभयो: "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो। दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू।"

प्रार्थना गर्दा तपाईंको नाउँ पवित्र गरियोस् भनी भन्नु होस्। तपाईं पवित्र हुनु भनेको अरूबाट अगल गरिनु हो। यसको अर्थ त्रिएक परमेश्वरको नाउँ सृष्टि गरिएका वस्तुहरूको नाउँभन्दा फरक छ भन्नु हो।

हामीले यसरी प्रार्थना गर्नुपर्छ: "हे परमेश्वर, तपाईं सृष्टिकर्ता अनि मचाहिँ सृष्टि गरिएको प्राणी हुँ। यो ब्रम्हाण्ड तपाईंको अधीनमा छ। तपाईंले सृष्टि गर्नुभएको प्राणी र वनस्पतिहरू, ग्रह, तारा, नक्षत्रहरू सबै तपाईंका अधीनमा छन्। हे परमेश्वर पिता, मेरो परिवार पनि तपाईंको हातमा छ। मेरो

परिवरको जीवन र मृत्यु तपाईंको हातमा छ।" हामीले यस प्रकारले प्रार्थना गर्दछौँ भने प्रभु येशू हामीसँग अति खुसी हुनुहुनेछ।

## तपाईंको राज्य आओस्

Your Kingdom Come

तेस्रो चरणमा आइपुग्दा पनि तपाईंले  सिंहासनअघि घुँडा टेक्दै हुनुहुन्छ भनी परिकल्पना गर्नुपर्छ। त्यसपछि तपाईंले भविष्यमा हुने परमेश्वरको राज्यलाई विचार गर्नुहोस्। परमेश्वरको राज्य स्थापित भइसकेको छ तर हामी अहिले त्यसलाई देख्न सक्दैनौँ। प्रार्थनामा तपाईंको आत्मिक आँखाले त्यसलाई देख्नु आवश्यक छ। अब तपाईंले पृथ्वीभरि उहाँको राज्य स्थापित भएको होस् भनी प्रार्थना गर्नुपर्छ। प्रार्थना गर्दा एसिया, अफ्रिका, उत्तरी अमेरिका, दक्षिणी अमेरिका, अन्टार्टिका, युरोप र अस्ट्रेलिया महादेशहरूलाई परिकल्पना गरेर त्यहाँ भएका परमेश्वरका जनहरूले उहाँको महिमा गरी रहेको दृश्यलाई आत्मिक आँखाले हेर्नुहोस्। प्रार्थनामा विश्व भ्रमण गर्नुहोस् र अन्त्यमा आफ्नो देश र आफ्नो ठाउँको बारेमा सोच्नुहोस् र यहाँ पनि परमेश्वरको राज्य आओस् भनी प्रार्थना गर्नुहोस्। त्यसरी प्रार्थना गर्दा सुसमाचार नपुगेका ठाउँहरूको नाउँ तोकेर प्रार्थना गर्नुहोस्। त्यस प्रकारले प्रार्थना गर्दा हरेक देशका पास्टरहरू, मिसनेरीहरू, प्रचारकहरू, शिक्षकहरू र अगुवाहरूले परमेश्वरको काम असल किसिमले गरेर परमेश्वरको राज्य विस्तार गरून भनी प्रार्थना गर्नुहोस्। तिनीहरूले येशू ख्रीष्टले दिनुभएको डाँडाको उपदेशलाई पछ्याउन सकून् भनी प्रार्थना गर्नुहोस्। त्यसको साथै तिनीहरूले परमेश्वरबाट प्रेम, दया, शान्ति र अनुग्रह पाउन सकून् भनी प्रार्थना गर्नुहोस्।

## तपाईंको इच्छा स्वर्गमा झैँ यस पृथ्वीमा पूरा होस्

Your Will be Done on Earth as it is in Heaven

चौथो चरणमा प्रवेश गरेपछि यसरी प्रार्थना गर्नुहोस्: हे परमेश्वर, स्वर्गमा तपाईंको इच्छा पूरा भएको छ, अब तपाईंको इच्छा यस पृथ्वीमा पूरा गर्नुहोस्। परमेश्वरको इच्छा भनेको यस संसारको सबै कुरालाई सृष्टिको उद्देश्यले पुनर्स्थापित गर्नु हो।

आदम पतन भएपछि त्रिएक परमेश्वरले सृष्टिको उद्देश्य पुनर्स्थापना गर्ने योजना गर्नुभयो। त्रिएक परमेश्वरको निर्णयअनुसार सृष्टिको उद्देश्य पूरा गर्न पुत्र परमेश्वरलाई यस धर्तीमा पठाउनुभयो। उक्त योजना उत्पत्ति ३:१५ मा छ: “तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।“

हामी यस पदमा उल्लिखित कुरा परमेश्वरको उद्धारको महान् योजना हो भनी भन्दछौँ। आदम पतन भएको करिव ४००० वर्षपछि येशू ख्रीष्ट यस धर्तीमा आउनुभएर क्रूसमा बलिदान हुनुभयो। क्रूसमा हुनुहुँदा उहाँले अन्तिम समयमा यसो भन्नुभयो: “अब सिद्धियो” (यूहन्ना १९:३०)। त्यसबेला मानवजगतको मुक्तिको काम येशूले कलबरीको क्रूसमा सिद्ध्याउनुभयो।

क्रूसमा मर्नुभएको तेस्रो दिन येशू पुनरुत्थान हुनुभयो। पुनरुत्थानपछि उहाँले चेलाहरूलाई पाँचपटक महान् आज्ञा दिनुभयो (मत्ती २८:१९; मर्कूस १६:१५; लूका २४:४७; यूहन्ना २०:२१ र प्रेरित १:८)। महान् आज्ञाको मूल तात्पर्य यस्तो थियो: तिमीहरू गएर मानिसहरूलाई सुसमाचार प्रचार गर्दै सृष्टिको उद्देश्यमा फर्कन आग्रह गर। मूर्तिहरू पुज्न छोडेर साँचो सृष्टिकर्ता परमेश्वरतिर फर्कन तिनीहरूलाई अनुरोध गर। चुनिएका जनहरू साँचो सृष्टिकर्तातिर फर्केपछि म तिनीहरूलाई लिन आउनेछु आउनेछु। यसलाई बुझाउन येशूले भन्नुभयो: “मेरो यो इच्छा पृथ्वीमा पूरा होस् भनी प्रार्थना गर।"

फेरि तपाईं प्रार्थनामा सम्पूर्ण पृथ्वीको भ्रमण गर्नुहोस्। विश्वभरिका पास्टर-अगुवाहरू आत्मिक रूपमा शक्तिशाली बनून् र तिनीहरू एक-आपसमा झगडा र वादविवाद नगरून् भनी प्रार्थना गरिदिनुहोस्। त्यसपछि प्रभु येशू खुसी हुनुहुनेछ किनभने त्यसबेला येशूको हृदय र तपाईंको हृदय एकै हुनेछ। तपाईंले उहाँको हृदयमा भएको इच्छा पूरा गर्नको निम्ति प्रार्थना गरेकोले त्यो प्रार्थना सुनुवाइ हुनेछ।

मण्डलीका अगुवाहरूले रुपैयाँ-पैसा र पदलाई पूजा नगरून् भनी प्रार्थना गर्नुहोस्। संसारभरिका अगुवाहरूको लागि प्रार्थना गरिसकेपछि नेपाल फर्कनुहोस्। यो हिमाली क्षेत्र परमेश्वरको राज्यको निम्ति आत्मिक कटनी गर्ने अन्तिम क्षेत्र हो। यो दुष्ट आत्माले ओगटेको देश हो भन्ने विषयमा सचेत हुनुहोस्। बङ्गलदेश, पाकिस्तान, साउदी अरबिया, इराक, अफगानिस्थान अनि मलेशियाजस्ता देशहरूमा इस्लामको आत्माले वास गरेको छ। त्यसैगरी नेपाल र भारतमा हिन्दु धर्मको आत्माले अनि तिब्बत, श्रीलङ्का, जापान र भुटानलाई बुद्ध धर्मको आत्माले घेरेको छ। ती सबै ठाउँमा परमेश्वरको इच्छा पूरा होस् भनी प्रार्थना गर्नुहोस्। यसरी यो चौथो चरणको प्रार्थनाचाहिँ महान् आज्ञा पूरा गर्नको लागि गरिने प्रार्थना हो।

प्रभु येशूले हामीलाई अन्तिम समयका आत्मिक बाली भित्र्याउने खेतालाहरू बनाउन चाहनुहुन्छ। त्यसैले यो चरणको प्रार्थना गर्दा हामी गम्भीर र होशियार हुनुपर्छ। हामी प्रार्थना गर्ने मात्र होइन तर नयाँ ठाउँहरूमा गएर सुसमाचार प्रचार गर्ने व्यक्ति बनेको येशू चाहनुहुन्छ। मिसनेरी भएर नयाँ ठाउँमा गई सुसमाचार प्रचार गर्ने मानिसहरूलाई येशूले निकै मन पराउनुहुन्छ। महत्वपूर्ण कुरा के हो भने परमेश्वरको राज्यमा बाली भित्र्याउने काममा सहभागी हुनको निम्ति यसपछि आउने चार वटा खण्डहरू पालन गर्नु पर्नेछ। त्यसैले अब तलका चार खण्डहरूलाई ध्यान दिएर अध्ययन गर्नुपर्छ।

## हामीलाई हाम्रो दैनिक बोजन दिनुहोस्

Give us Today our Daily Bread

दैनिक भोजन भन्नाले धेरैले शारीरिक खाना (दाल-भात-तरकारी) होला भनी बुझ्दारहेछन्। कसैले चाहिँ यसलाई दैनिकरूपमा खर्च गर्ने रुपैयाँ-पैसा हो ठान्छन्। तर शारीरिक खानाको साथमा मानिसलाई आत्मिक र मानसिक खानाहरू पनि आवश्यक पर्छ। हामीले शारीरिक, मानसिक र आत्मिक वृद्धिसम्बन्धी पाँच वटा चरणहरू हेरिसक्यौँ। ती कुराहरूलाई फेरि एकचोटि स्मरण गरौँ : सन्तुलित भोजन खानु, त्यसलाई पचाएर राम्रोसँग निस्कासन गर्नु अनि उचित प्रकारले आराम गर्नु र व्यायाम गर्नु।

यो सिद्धान्त तीनै वटा भागहरूमा (शरीर, प्राण र आत्मा) लागु हुन्छ। प्रभावशाली खेताला बन्नको लागि शारीरिक, मानसिक र आत्मिक रूपमा स्वस्थ हुनुपर्छ। त्यसको साथै हामीमा असल स्वास्थ्य, चरित्र र व्यक्तित्व हुनुपर्छ। आत्मिकरूपमा बलियो हुनको लागि हामीले आशिषित सन्देशहरू पालन गर्नुपर्छ। यसको लागि दिनदिनै प्रभुले सिकाउनुभएको प्रार्थनाको नमुनालाई पछ्याउनु पर्छ। त्यसैले हरेक पक्ष स्वस्थ, सक्रिय र सन्तुलित बनाउन हामी चनाखो हुनुपर्नेछ।

## हाम्रा अपराधहरू क्षमा गर्नुहोस् जसरी हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौँ

Forgive Our Sins as We Have Forgiven Others

अन्तिम समयको बाली भित्र्याउने खेताला हुनको लागि हामीले एक-अर्का बीचमा राम्रो सम्बन्ध राख्नु पर्छ, जुनचाहिँ तेर्सो खालको सम्बन्ध हो। यसलाई आफ्नो छिमेकीहरूप्रति प्रेम देखाउने कुरा हो भनी बुझ्न सक्छौँ। तपाईंको वरिपरि अप्ठ्यारो खालको इसाईहरू भएमा तपाईंले गाह्रो अनुभव गर्नुपर्ने हुन्छ। उनीहरूसामु तपाईं असल व्यक्ति हुनुपर्नेछ। तपाईं सन्तुलित विश्वासी हुनुभयो भने मात्र त्यो कुरा सम्भव हुनेछ। तपाईं शत्रुलाई प्रेम गर्ने र

सताउनेको निम्ति प्रार्थना गर्ने व्यक्ति हुनुपर्नेछ, जुन त्यति सजिलो काम पक्कै होइन। यदि तपाईं आफ्नै बलले यो काम गर्न चाहनुहुन्छ भने त्यसमा सफल हुन सक्नुहुन्न। त्यसको लागि परमेश्वरको सहायता चाहिन्छ। आशिषित सन्देशका सुरुका चार खण्डहरू पालन गर्ने व्यक्तिहरूले आफ्ना विरुद्धमा लाग्ने मानिसहरूलाई क्षमा गर्न सक्नेछन्। आफ्नो जीवनशैली परिवर्तन गरेपछि मात्र मेलमिलाप गराउने व्यक्ति हुन सकिन्छ अनि हामीमा आफ्ना अपराधीहरूलाई क्षमा गर्ने शक्ति प्राप्त हुनेछ।

येशूले भन्नुभयो: "यदि तिमीले अरूको अपराध क्षमा गऱ्यौ भने म तिम्रो पाप-अपराधहरू क्षमा गर्नेछु।" विश्वासीहरूले आशिषित सन्देशहरू पालन गरे तापनि दैनिकरूपमा सानातिना भुलगल्ती गरिरहेका हुन्छन्। हामीमा पाप छ भने आत्मिक शक्तिलाई प्रयोगमा ल्याउन सक्दैनौँ अनि त्यसको फलस्वरूप हामी आत्मिक कटनीको काममा राम्रोसँग सहभागी हुन सक्नेछैनौँ। हामी अन्तिम समयको फसल कटनी गर्ने र भित्र्याउने परमेश्वरको असल खेतालाहरू हुन चाहन्छौँ भने परमेश्वरले हामीलाई पापमुक्त बनाउनु हुनेछ। उहाँले हाम्रा पापहरू धोइदिनुहुनेछ। पहिले हामीले अरूका पाप क्षमा गर्नुपर्छ अनि हाम्रा पापहरू क्षमा गरिनेछन्। उहाँ यसो भन्नुहुन्छ: "यदि तिमीले अरू विश्वासीहरूको पाप क्षमा गरेनौ भने मेरो नजरमा तिमी बेकम्मा हुनेछौ। मेरो नजरमा ती मानिसहरू बहुमूल्य छन्। मैले बगाएको रगत तिनीहरूको लागि पनि हो। त्यसैले तिमीहरूले तिनीहरूलाई क्षमा दिएर स्वीकार गर्नु पर्छ।"

येशूले मानिसलाई जस्तोसुकै अवस्थामा पनि स्वीकार गर्नुहुन्छ। त्यसैले हामीले पनि पापी मानिसहरूलाई स्वीकार गर्नुपर्छ। पापले भरिएका भए तापनि तिनीहरूप्रति प्रेम र अनुग्रह प्रकट गर्नु पर्छ। प्रभु येशूले भन्नुहुन्छ: “मैले तिनीहरूलाई दया देखाएको छु, त्यसैले तिमीहरूले पनि दया देखाऊ। तिनीहरूको पापको चिन्ता नगर; त्यो काम मेरो हो। तिमीहरूले आफ्नो कर्तव्य पूरा गर। तिमीहरू परमेश्वर होइनौ त्यसैले तिनीहरूका पापको न्याय गर्ने अधिकार तिमीहरूमा छैन। तिनीहरूलाई तिमीहरूले केवल क्षमा गरेर स्वीकार गर अनि दया देखाऊ। त्यसपछि म तिमीहरूलाई क्षमा गर्नेछु,

स्वीकार गर्नेछु र दया देखाउनेछु। त्यसैले पहिले एक आपसबीचको तेर्सो सम्बन्ध ठिक बनाऊ अनि मसँगको तिमीहरूको ठाडो सम्बन्ध ठिक हुनेछ।

## हामीलाई परीक्षामा पर्न नदिनुहोस्

Lead Us not be Tempted

मानिसलाई विभिन्न प्रकारका परीक्षाहरू आइपर्छन्। यसलाई बुझाउने ग्रीक भाषाको फेइरास्मोस (Pheirasmos) र फेइराजो (Pheirazo) शब्दहरू छन्।

**फेइरास्मोस:-** यो अनुशासनमा राख्ने परीक्षा हो। कहिलेकाहीँ इसाईहरूले गल्ती नगरीकनै विभिन्न कष्टहरू भोग्नु पर्छ। यसलाई आशिषित सन्देशको आठौँ शिक्षामा उल्लिखित सतावट भन्न सकिन्छ। त्यहाँ यस्तो सतावट भोग्नेहरूलाई धन्य भनिएको छ। परमेश्वरले इसाईहरूलाई विशेष अभिप्रायले सतावटमा पर्न दिनुहुन्छ ताकि त्यसद्वारा तिनीहरू हृदयको शुद्धिकरण हुनेछ र तिनीहरूले मूर्तिपूजा छोड्नेछन्। त्यसपछि तिनीहरू अझ धेरै मात्रमा येशूमा भर पर्न थाल्नेछन्। परिणाम स्वरूप तिनीहरू अन्त्यको समयमा बाली भित्र्याउने काममा सहभागी हुन पाउनेछन्।

“मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ” (याकूब १:२)।

फेइरास्मोस परीक्षा आइपर्दा दु:ख मान्नुहुँदैन भनी याकूबले भन्दछन्। परीक्षा आउँदा हामीलाई धेरै दुःख-कष्ट र पीडा हुन्छ। परीक्षा आउँदा राम्रो लाग्दैन तर त्यो हाम्रो लागि आवश्यक छ। नत्रभने आफ्ना प्रिय छोराछोरीहरूको जीवनमा येशूले त्यो किन आउन दिनुहुन्थ्यो र? हामी आफ्ना छोराछोरीलाई त्यत्तिकै दुःख दिन चाहदैनौँ। छोराछोरीले आमाबुबाको इच्छाअनुसार काम गर्छन् भने उनीहरूलाई सजायँ दिइँदैन। तर आमाबाबुको आज्ञापालन नगर्ने सन्तानलाई ठीक बाटोमा ल्याउनको लागि सजायँ दिइने गरिन्छ। यो रहस्यलाई हामीले राम्रोसँग बुझ्नुपर्छ।

**फेइराजो:-** योचाहिँ फरक किसिमको परीक्षा हो। जब कुनै इसाईले पाप गर्छ, तब शैतानले उसलाई आक्रमण गर्नेछ। धेरै विश्वासीहरूले आफ्नो पापको कारणले गर्दा यस्तो खालको परीक्षा भोग्छन्। कहिलेकाहीँ तिनीहरू जानाजान परीक्षामा होमिन पुग्छन्। पुतली बलिरहेको बत्तीमा होमिएझैं तिनीहरू परीक्षामा होमिन्छन्। तिनीहरूलाई यो ठीक होइन भनी थाहा हुँदा-हुदै पनि त्यसो गर्ने गर्छन् र शैतानको कब्जामा पर्छन्।

“परीक्षा हुँदा कसैले पनि यसो नभनोस्- परमेश्वरद्वारा मेरो परीक्षा भएको हो। किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न” (याकूब १:३-१४)।

यहाँ याकूबले फेइराजो परीक्षाको बारेमा बताउँछन्। कतिपय मानिसहरू आफ्नै अभिलाषाले परीक्षामा पर्छन् र त्यसको दोष परमेश्वरलाई लगाउने गर्छन्। तसर्थ परीक्षा आउँदा, त्यो किन आएको हो भनी हामीले पत्ता लगाउन सक्नुपर्छ।

प्रभुको प्रार्थनामा येशूले फेइरास्मोस परीक्षाको बारेमा भन्नुभएको हो। उहाँले भन्नुभयो: "फेइरास्मोस खालको परीक्षामा नपर्नको लागि प्रार्थना गर्ने गर।" परमेश्वरले हामीलाई अनावश्यक कष्ट नदिनु भएको होस् भनेर प्रार्थना गर्नुहोस्। हामीले आशिषित सन्देशहरू पालन गर्दछौँ भने यस प्रकारको परीक्षामा पर्नु पर्दैन। असल र इमानदार इसाईलाई शारीरिक, पारिवारिक, सामाजिक र आर्थिक समस्याहरू आवश्यक पर्दैन। तपाईं आशिषित सन्देश पालन गर्नुहुन्छ भने परमेश्वरले तपाईंलाई ती समस्याहरूमा पार्नु हुन्न। तपाईंसँग सबै सुख सुविधाका श्रोत-साधनहरू भएर पनि परमेश्वरलाई प्रेम गर्नुहुन्छ भने उहाँले तपाईंलाई प्रेम गर्नुभएर असल परिवार, असल काम-व्यवसाय र असल स्वास्थ्य दिनुहुन्छ। त्यसकारण, सबै परिस्थितिमा म तपाईंलाई प्रेम गर्दछु मलाई फेइरास्मोस परीक्षामा नपार्नुहोस् भनी प्रार्थना गर्नुहोस्।

तपाईंसँग करौडौँ धन-सम्पत्ति, थुप्रै जग्गा-जमिन, राम्रो गाडी र सुख-सुविधाहरू भएको भए सायद यो पुस्तकलाई चासो दिएर पढ्नुहुन्नथ्यो होला!

परमेश्वरले मानिसको सोच-विचार राम्रोसँग जान्नुहुन्छ। त्यसैले हामीले यसप्रकार प्रार्थना गर्नुपर्छ: "प्रभु, मलाई परीक्षामा नपार्नुहोस्। म तपाईंलाई प्रेम गर्दछु। मेरो धन-सम्पत्तिबाट तपाईंको महिमा गर्नेछु।"

## दुष्टबाट बचाउनुहोस्

Deliver Us from Devil

प्रभु येशूले चेलाहरूलाई प्रार्थना गर्न सिकाउँदा, दुष्टको शक्तिबाट सुरक्षित रहन प्रार्थना गर्नू भनी सिकाउनु भयो। यस विषयमा हामीले बुझ्नुपर्ने महत्वपूर्ण कुरा के हो भने बागी सन्तानहरूको विरुद्ध चल्नको लागि परमेश्वरले शैतानलाई अनुमति दिनुभएको छ। यदि तपाईं अन्तिम समयको बाली भित्र्याउने काममा सहभागी हुन चाहनुहुन्छ भने यी कुराहरूप्रति सचेत हुनुपर्छ। तर निराश नहुनुहोस् किनभने यदि तपाईं आशिषित सन्देशहरूका सुरुका चार खण्डहरू पालना गर्नुहुन्छ भने परमेश्वरले तपाईंलाई सुरक्षा गर्ने स्वर्गदूतहरू दिनुहुन्छ। “परमेश्वरको भय मान्नेहरूका चारैतिर परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन्, र उहाँले तिनीहरूलाई छुटकारा दिनुहुन्छ” (भजन३४:७)। अनि हामीले बुझ्नुपर्ने कुरा के हो भने, जसले सिंहासनको प्रार्थना गर्छन्, तिनीहरू पनि सधैँ सुरक्षा गर्ने स्वर्गदूतहरूको घेरामा हुनेछन्।

“जो परमप्रधानको शरणमा वास गर्छ, त्यो मानिस सर्वशक्तिमान्को छत्रछायामुनि रहन्छ। परमप्रभुको बारेमा म भन्नेछु, “उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमाथि म भरोसा राख्तछु।“ निश्चय नै उहाँले तिमीलाई शिकारीको पासोबाट, र घातक रूढीबाट बचाउनुहुनेछ। उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नुहुनेछ, र उहाँका पखेटामुनि तिमीले शरण पाउनेछौ। उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ। तिमी रातको ठूलो त्रासदेखि, र दिनमा उडेर आउने बाणदेखि डराउनेछैनौ, नत अन्धकारमा फैलिने रूढीदेखि न मध्यदिनमा नाश गर्ने महामारीदेखि डराउनेछौ। एक हजार जना तिम्रो नजिक लोट्लान्, र तिम्रो दाहिने हाततर्फ

दश हजार जना, तर तिम्रो नजिक त्यो आउनेछैन। तिमीले आफ्ना आँखाले मात्र त्यो अवलोकन गर्नेछौ, र दुष्टहरूको प्रतिफल देख्नेछौ।

यदि तिमीले सर्वोच्च प्रभुलाई आफ्नो वासस्थान बनायौ भने- परमप्रभुलाई, जो मेरो शरणस्थान हुनुहुन्छ, तिम्रो कुनै अनिष्ट हुनेछैन, तिम्रो घरको नजिक कुनै विपत्ति आउनेछैन। किनकि उहाँले आफ्ना स्वर्गदूतहरूलाई, तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ। तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछन्। तिमीले सिंह र गोमनलाई कुल्चनेछौ, जवान सिंह र सर्पलाई तिमीले पैतालामुनि लतार्नेछौ।

परमप्रभु भन्नुहुन्छ, 'त्यसले मलाई प्रेम गरेको हुनाले, म त्यसलाई छुटाउनेछु। त्यसले मेरो नाउँ ग्रहण गरेको छ, यसकारण म त्यसको रक्षा गर्नेछु। त्यसले मेरो पुकार गर्नेछ, र म त्यसलाई उत्तर दिनेछु। त्यसका दुःखको घडीमा म त्यससँग हुनेछु, म त्यसलाई छुटकारा दिनेछु, र आदर गर्नेछु। लामो आयु दिएर म त्यसलाई सन्तुष्ट तुल्याउनेछु, र त्यसलाई म उद्धारको दर्शन दिनेछु।'" (भजन ९१:१-१६)।

यहाँ उल्लिखित प्रतिज्ञाहरू सिंहासनको प्रार्थना गर्नेहरूको लागि मात्र हो। तिनीहरूको हृदय शुद्ध हुन्छ किनकि तिनीहरूले आशिषित सन्देशहरू राम्रोसँग पालन गरेका हुन्छन्। अनि तिनीहरू अन्त्यका दिनमा फसल बटुल्ने काममा सहभागी हुन्छन्। अर्को कुरा के हो भने तिनीहरूले दैनिकरूपमा शरीर, प्राण र आत्माको लागि सन्तुलित खाना खान्छन्। तिनीहरूले अरूहरूका पाप क्षमा गर्छन्। यसप्रकारको जीवनशैली भएका इसाईहरूले अनावश्यक रूपमा फेइरास्मोस दुःख-कष्ट प्राप्त गर्दैनन्। तिनीहरूका सुरक्षाको खातिर परमेश्वरले स्वर्गदूतहरू पठाउनु हुनेछ अनि शैतान र त्यसको सेनाले तिनीहरूलाई आक्रमण गर्न सक्दैनन्।

बाइबलमा प्रभुको प्रार्थनाको अन्त्यमा 'किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्' भनी कोष्टभित्र लेखिएको छ। सुरुको बाइबल पाण्डुलिपिमा त्यो उल्लेख छैन तर बाइबलका सम्पादकहरूले पछि त्यो खण्ड थपेका हुन्। जे भए तापनि यो अन्तिम वाक्यले परमेश्वरको सृष्टिको

उद्देश्यलाई महत्वका साथ जोड दिँदछ। येशूले पाप क्षमाको विषयमा मत्ती ६:१४-१५ पदमा दोहोऱ्याएर सिकाउनु भयो किनकि यो कुरा अति नै महत्वपूर्ण छ: "किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गऱ्यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन।"

येशूले आशिषित सन्देश पालन गर्ने र ठिक प्रकारले प्रार्थना गर्ने विश्वासीहरूलाई मेलमिलाप गराउनेहरू भन्नुभएको छ (मत्ती ५:९)। त्यतिमात्र होइन त्यस्ता व्यक्तिहरू स्वर्गीय पिताको छोराछोरी कहलाइनेछन् (मत्ती ५:४३-४५)। यदि हामीले यी आत्मिक नियमहरू पालन गरेर ठीक ढङ्गले प्रार्थना गर्दछौँ भने हाम्रो स्तर पदोन्नति भएर आत्मिक रूपमा पुत्रको तहसम्म पुग्नेछ।

खण्ड - ७

# दुई मालिकहरू

## TWO MASTERS

“आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन। किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहाँ तिम्रो मन पनि हुन्छ। आँखा शरीरको बत्ती हो। यसकारण यदि तिम्रा आँखा स्वस्थ छन् भने, तिम्रो सारा शरीर उज्यालो हुनेछ। तर तिम्रा आँखा खराब छन् भने, तिम्रो सारा शरीर अँध्यारो हुनेछ। यसकारण तिमीभित्र भएको उज्यालोचाहिँ अँध्यारो भयो भने, त्यो अँध्यारो कस्तो घोर हुन्छ। कसैले दुइ मालिकको सेवा गर्न सक्दैन। किनभने त्यसले एउटालाई घृणा गर्नेछ र अर्कालाई प्रेम गर्नेछ। अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ र अर्कालाई त्यसले तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धनको सेवा गर्न सक्दैनौ” (मत्ती ६:१९-२४)।

यस खण्डमा येशूले आशिषित सन्देश पालन नगर्ने अगुवाहरूको समस्याहरूबारे बताउनु भएको छ। उनीहरू आत्मिक अगुवाहरू त हुन् तर तिनीहरूका आत्मिक आँखा बन्द भएको हुन्छ। उनीहरूले मानिसहरूलाई परमेश्वरको सेवा गर्न सिकाउँछन् तर आफूहरूचाहिँ रुपैयाँ-पैसाको सेवा गर्ने गर्छन्। तिनीहरूले दुइ मालिकको सेवा गरिरहेका हुन्छन्। त्यति मात्र होइन आशिषित सन्देशहरू पालन नगरेकोले गर्दा तिनीहरूका हृदय अशुद्ध हुन्छ। तिनीहरू परमेश्वरको बारेमा मानिसहरूलाई सिकाउँछन् तर स्वयम् तिनीहरूले परमेश्वरलाई देख्न सक्दैनन्। परमेश्वरलाई नदेखेको कारणले गर्दा

तिनीहरूले सांसारिक कुराहरूको सेवा गर्छन्; जस्तै: रुपैयाँ-पैसा, पद-ओह्दा, शक्ति-अधिकार र अरू यस्तै कुराहरू।

२००० वर्षको इसाई इतिहासलाई हेर्ने हो भने धेरै मण्डलीका अगुवाहरूले येशूको नाउँमा थुप्रै धन-सम्पत्ति कमाएका छन्। उनीहरू मानिसबाट पैसा बटुलेर ठूलो मण्डली भवन बनाए। युरोपमा ठूला-ठूला मण्डली भवनहरू थुप्रै थिए। अहिले ती भवनहरू पर्यटकहरूका लागि मनोहर दृश्य भएका छन्। त्यहाँ परमेश्वरको आराधना गर्ने मानिसहरू छैनन्। तसर्थ मण्डली भवनहरूचाहिँ बिक्री हुन थालेका छन्। मण्डलीको अगुवाहरूले देखिने कुरामा धन-सम्पत्ति लगानी गरे तर अदृश्य परमेश्वरको राज्य विस्तार गर्ने सेवकाइमा चाहिँ लगानी नगरेकाले त्यस्तो हुन गएको हो।

मानिसले देखावटी काम गरेर क्षणिकरूपमा सफल, प्रख्यात र धार्मिक बन्दछन्। तर त्यसको दीर्घकालीन परिणाम राम्रो हुँदैन। यस्तो कुरा थाहा हुँदाहुँदै पनि धैरैले देखिने कुराहरूमा लगानी गर्छन् तर अदृश्य कुराहरूमा त्यति लगानी गर्दैनन्। येशूले भन्नुभयो: "कसैले यस पृथ्वीमा धन-सम्पत्ति थुपार्छ भने त्यो चोरले चोर्छ र खियाले नष्ट पार्छ।" युरोपका धेरै मण्डलीहरूमा चोर पस्यो, जुन शैतान हो र त्यसले त्यहाँको आत्मिक कुराहरू नष्ट पार्‍यो। त्यस्ता घटनाहरूबाट नेपालका अगुवाहरू होशियार हुनुपर्छ। हामीले पश्चिमी मुलुकहरू र त्यहाँका मण्डलीहरूबाट पाठ सिक्नुपर्छ। विशेषगरी हामीले देखिने कुरामा होइन तर अदृश्य कुराहरू, जस्तै: बाइबलीय तालिम र सेमिनारजस्ता मानिसहरूलाई सुसज्जित पार्ने कुराहरूमा लगानी गर्नुपर्छ। भवनचाहिँ मानिसको आवश्यक्ता पूरा गर्ने हेतुले मात्र बनाउनुपर्छ। तिमीहरू मेरो चेला हुन चाहन्छौ भने दुइ मालिकको सेवा नगर भनी येशूले भन्नु भयो।

बाइबलले मण्डली ख्रीष्टको दुलही हो भनी बताउँछ (२ कोरिन्थी ११:२; प्रकाश २१:९)। वास्तवमा येशूको दुलही हामीहरू नै हौँ। असल दुलहीको दुइ वटा दुलाहा हुँदैन। तपाईंले एकभन्दा बढी मालिकको सेवा गर्नुहुन्छ भने येशू तपाईंको दुलाहा हुनुहुन्न। तपाईं दिनमा २३ घण्टा ५९ मिनेट पैसाको अर्थात्

मूर्तिको बारेमा सोच्ने र १ मिनेट मात्र येशूको बारेमा सोच्ने व्यक्ति हुनुहुन्छ भने बाइबलले त्यसलाई आत्मिक व्यभिचार भन्दछ। तसर्थ, हामीले सधैँ आफ्नो आत्मिक दुलाहाको बारेमा विचार गर्दै तयारीसाथ उहाँको सेवा गर्दै उहाँको दोस्रो आगमनको प्रतिक्षा गरिरहनुपर्छ।

धेरैको मनमा यस्त प्रश्न उब्जिन्छ: यदि हामी सधैँ येशूको सेवा गरिरह्यौँ भने के खाने, के लगाउने र कसरी छोराछोरीलाई हुर्काउने? त्यस्ता व्यक्तिहरूलाई उहाँले यसो भन्नुहुन्छ: "यी सबै अविश्वासीहरूले गर्ने प्रश्नहरू हुन्। तिनीहरूले सधैँ आफ्नो र परिवारको लागि चिन्ता गर्ने गर्छन् तर तिमीहरू र मेरा चेला हौ। तिमीहरू केही कुरामा चिन्ता नगर। म तिमीहरूको प्रभु र मालिक हुँ।" मालिकले आफ्नो सेवकको परिवारको वास्ता गर्नेछ। साँचो सेवकले परिवारको चिन्ता गर्दैन तर मालिकलाई रिझाउने कुरा मात्र सोचिरहन्छ किनभने ऊ सबै कुरामा आफ्नो मालिकमा भर पर्छ।

नोकरले राम्रो खान पाएन भने ऊ कमजोर हुनेछ। त्यसपछि उसले काम गर्न सक्नेछैन। नोकरले काम गर्न नसकेपछि मालिकले धेरै नोक्सानी व्यहोर्नु पर्नेछ। नोकरले छोराछोरीको शिक्षाको लागि चिन्ता गरेर रातभरि सुतेन भने दिनमा उसले काम गर्न सक्दैन र त्यसबाट मालिकलाई घाटा लाग्छ। त्यसकारणले गर्दा मालिकले सधैँ आफ्नो नोकर खुसी, स्वस्थ, फुर्तिलो अनि चिन्तामुक्त अवस्थामा देख्न चाहन्छ। त्यसैले मालिकले उसको समस्याहरू समाधान गरिदिनेछ र उसको खाँचोहरू पूरा गरिदिनेछ। परमेश्वर हाम्रो मालिक हुनुहुन्छ अनि हामी उहाँको दास हौँ। हामी उहाँमा पूर्णरूपमा भर पर्छौं भने उहाँले हाम्रो समस्याहरू समाधान गरिदिनुहुनेछ। हामीले सारा प्राण, सारा समझ, सारा हृदय र सारा शक्तिले उहाँको सेवा गर्नुपर्छ। हामी उहाँबाट तर्किएर दायाँ-बायाँ लाग्नु हुँदैन। उहाँलाई मालिक भन्ने तर अरू थोकको पछि लाग्न थाल्यौँ भने त्यो कुरा हाम्रो स्वर्गीय मालिकलाई मन पर्दैन।

खण्ड - ८

# पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर

## SEEK FIRST THE KINGDOM OF GOD AND HIS RIGHTEOUSNESS

“यसकारण म तिमीहरूलाई भन्दछु, ‘के खाउँला, के पिउँला’ भनी आफ्नो प्राणको निम्ति र के लगाउँला भनी आफ्नो शरीरको निम्ति फिक्री नगर। के जीवन खानेकुराभन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन? आकाशका चराचुरुङ्गीलाई हेर। तिनीहरूले नता बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढी मूल्यवान् छैनौ र? तिमीहरूमध्ये कुनचाहिँले फिक्री गरेर आफ्नो आयुमा एक घडी पनि थप्न सक्छ?”

“अनि लुगाफाटाका निम्ति तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूललाई हेर, ती कसरी बढ्दछन्। तिनले न परिश्रम गर्छन्, न धागो कात्छन्। तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरूमध्ये एउटा जति आभूषित थिएनन्। आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढी उहाँले पहिराउनुहेछैन?

यसकारण के खाऔँला? कि के पिऔँला? कि के पहिरौँला? भनेर फिक्री नगर। किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ। तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्। यसकारण भोलिको निम्ति फिक्री नगर किनकि

भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ। आजको दुःख आजको निम्ति पर्याप्त छ" (मत्ती ६:२५-३४)।

हाम्रो मालिक येशूले हामीलाई यसो भन्नुहुन्छ: "तिमीहरू कुनै कुराको चिन्ता नगर। तिमीहरूले मेरो सेवा गरिरहेको कुरा मलाई राम्रोसँग थाहा छ। तिमीले मलाई आफ्नो सारा हृदयले, सारा प्राणले, सारा समझले र सारा शक्तिले प्रेम गरेको कारणले गर्दा म तिम्रो परिवारको हेरचाह गरी सुरक्षाको उचित व्यवस्था गर्नेछु। तिमीले आफ्नो बाल-बच्चाको पढाइको लागि चिन्ता नगर अनि गाँस, बास र कपासको लागि चिन्ता नगर। सबै थोक म जुटाइदिनेछु। तिमीले सधैँ मेरो धार्मिकताको खोजी गर।" यसलाई बुझाउन उहाँले दुइ वटा उदाहरणहरू दिनुभयो : आकाशका चराचुरुङ्गीलाई हेर र मैदानका लिली फूललाई हेर।

उहाँले त्यस कुरालाई स्पष्ट पार्दै यसो भन्नुभयो: "ती आकाशका चराचुरुङ्गी र मैदानका लिली फूल मेरा चेला र सेवक होइनन् तरै पनि मैले तिनीहरूको आवश्यक्ताहरू जुटाइदिएको छु। तिमीहरू त मेरा प्यारा चेला अनि सन्तान हौ; तिमीहरूले मेरो राज्यको लागि काम गर्दै मेरो इच्छालाई पूरा गर्दैछौ भन्ने मलाई थाहा छ। त्यसैले चिन्ता नगर, म तिमीहरूको खाँचोहरू जुटाउने छु तर तिमीहरूले पहिले मेरो राज्य र धार्मिकताको खोजी गर (मत्ती ६:३३)।

प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, यसको अर्थ राम्रोसँग बुझ्ने कोसिस गर्नुहोस्। चरणवद्ध रूपमा प्रभुको आज्ञाहरू पालन गर्नुहोस्- पहिले आशिषित सन्देशहरू पालन गनुहोस् अनि तपाईंका आत्मिक आँखा खुल्नेछन् अनि तपाईं शुद्ध हृदय भएको व्यक्ति बनेर सिंहासनको प्रार्थना गर्न सक्नुहुनेछ। अनि तपाईंको आत्मिक आँखाद्वारा सारा ब्रह्माण्ड जगतमा भएका प्राणी, वनस्पति, ग्रह, तारा, र नक्षत्रहरूले परमेश्वरको प्रशंसा गरिरहेको देख्नुहुनेछ। त्यसपछि तपाईं आफ्नो प्रार्थनामा सबै देशहरूमा भ्रमण गर्नुहोस्। प्रार्थना गर्दा विशेष गरी सुसमाचार नपुगेका ठाउँहरूलाई ध्यान दिनुहोस्। यसरी प्रार्थना गर्दैजाँदा तपाईंले परमेश्वरको सृष्टिको उद्देश्य पुनर्स्थापना गर्न चाहने अगुवाहरूको लागि पनि प्रार्थना गर्नुहोस् ताकि परमेश्वरको राज्य तिनीहरूद्वारा विस्तार

हुन सकोस्। यी सबै कामहरू गर्नु भनेको मत्ती ६:३३ मा उल्लेख भएको परमेश्वरको राज्यको खोजी गर भन्ने आज्ञालाई पूरा गर्नु हो।

येशूले "उहाँको धार्मिकताको खोजी गर" भनेर पनि भन्नुभयो। यस विषयमा पनि राम्रोसँग बुझ्नु आवश्यक छ। आशिषित सन्देशमा यसो भनिएको छ: धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू। धार्मिकताको निम्ति भोकाउनु भनेको परमेश्वरको वचनको चाहना गर्नु हो र धार्मिकताको निम्ति तिर्खाउनु भनेको पवित्र आत्माको चाहना गर्नु हो। त्यसैले तपाईंहरू निरन्तर पवित्र आत्माको अभिषेक र परमेश्वरको वचनको खोजी गर्नुहोस्। त्यसपछि तपाईंको हृदय शुद्ध हुँदै जानेछ र तपाईंको आत्मिक आँखा अझ तेजिलो हुँदै जानेछ। यस प्रकारको आत्मिक क्रियाकलापले तपाईंको हृदय येशूको हृदयसँग मेल खानेछ। त्यसो गर्नाले तपाईं पृथ्वीमा नून र ज्योति हुन सक्नुहुनेछ। तपाईंद्वारा सुसमाचार नसुनेका जातिहरू परमेश्वरको राज्यमा आउनेछन्। त्यस्तो काम गरेपछि तपाईंले परमेश्वरबाट स्याबासी मात्र होइन स्वर्गीय मुकुट पनि पाउनुहुनेछ।

विश्वासीहरूको मुख्य कर्तव्य वचन पालन गर्नु हो भनी येशू प्रभु भन्नुहुन्छ। उहाँले गर्नुभएको यी प्रतिज्ञाहरू हामी फेरि एकपटक स्मरण गरौँ: म तिमीहरूका मालिक हुँ; तिमीहरूको आवश्यक्ताहरू म जुटाउनेछु।" तर धेरै इसाईहरूले उहाँको आज्ञा पालन गर्दैनन्। तिनीहरूले प्रभुको वचनलाई उल्टो बनाउँछन्। प्रभुले भन्नुभयो: "पहिले उहाँको राज्य र धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्।" आशिषित सन्देश पालन नगर्ने इसाईले यसलाई यसरी उल्टाइदिन्छन्: "पहिले सबै थोक मेरो जीवनमा थपिदिनुहोस् अनि मात्र म तपाईंको राज्य र धार्मिकताको पछि लाग्नेछु।" अफसोसको कुरा के हो भने आज अधिकांश इसाईहरूले परमेश्वरको आज्ञालाई ठिक किसिमले बुझ्न सकेका छैनन्। किन? किनकि तिनीहरूको आत्मिक आँखा र आत्मिक कान बन्द भएको छ। तिनीहरूले आशिषित सन्देशहरू पालन गर्दैनन्। डाँडाको उपदेश साह्रै गाह्रो शिक्षा हो। यो सबै विश्वासीहरूले पालन गर्न सक्दैनन् तर प्रभुमा समर्पित विश्वासीहरूले यसलाई बुझेर पालन गरेर आशिष् पाउनेछन्।

तसर्थ हामीले पहिले सांसारिक कुरा होइन परमेश्‍वरको राज्य र उहाँको धार्मिकता खोजी गर्नुपर्छ भनी येशूले सिकाउनु हुन्छ। परमेश्‍वरको राज्य र उहाँको धार्मिकता नै इसाई जीवनको प्राथमिक कुराहरू हुन्। यसले हामीलाई स्वर्गीय आशिषतिर डोऱ्याउनेछ। आत्मिकरूपमा बालक अवस्थाका नयाँ विश्‍वासीहरूले यी कुरा जानेका हुँदैनन्। त्यसैले तिनीहरूलाई यस्ता गहिरा कुराहरू सिकाउनु परिपक्व विश्‍वासीहरूको कर्तव्य हो। उनीहरूलाई परमेश्‍वरको वचन सही किसिमले सिकायौँ भने उहाँले हाम्रो सेवकाइको कदर गर्नुहुनेछ अनि पछि गएर ती व्यक्तिहरूले हुर्कदै गरेका नयाँ विश्‍वासीहरूलाई त्यसरी नै सिकाउनेछन्।

**खण्ड - ९**

# माग, खोज र ढकढक्याऊ

## ASK, SEEK AND KNOCK

"अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ। किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठराइनेछौ। जुन नापले तिमीहरू नाप्दछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ।

किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढाचाहिँ थाहा पाउँदैनौ? अथवा तिम्रो आफ्नै आँखामा मूढा छ भने कसरी तिम्रो भाइलाई भन्न सक्छौ, 'मलाई तिम्रो आँखाबाट धूलोको कण निकाल्न देऊ।' ए पाखण्डी, पहिले आफ्नै आँखाबाट मूढा निकाल, तब तिम्रो भाइको आँखाबाट धूलोको कण निकाल्नलाई तिमी सफासँग देख्न सक्नेछौ। जे पवित्र छ सो कुकुरहरूलाई नदेओ। आफ्ना मोतीहरू सुँगुरका अगाडि नफाल, नत्रता तिनले आफ्ना खुट्टाले तिनलाई कुल्चलान् र फर्की तिमीलाई हमला गर्लान्।"

"माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ। किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढकढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ। तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला? कि माछा माग्दा त्यसलाई साँप देला?

यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीच दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई

कति बढी गरेर असल चीच दिनुहुनेछ। मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर, किनभने यही नै व्यवस्था र अगमवक्ताको शिक्षाको सारांश हो" (मत्ती ७:१-१२)।

दुइ मालिकको सेवा गर्ने र आफ्नो बारेमा मात्र चिन्ता गर्ने इसाईहरूका बारेमा बताई सक्नुभएपछि अर्को प्रकारको पाखण्डीपनको बारेमा येशूले भन्नुभयो। धेरै विश्वासीहरूले आफ्नो आँखाको मूढा देख्दैनन् तर अर्काको आँखाको धूलो कणचाहिँ देख्छन्। त्यस्ता व्यक्तिहरूले अर्काको खण्डन र आलोचना गर्ने गर्छन्। प्राय: तिनीहरूले अगुवा र अरूहरूको कुरा काटिरहेका हुन्छन्। तिनीहरूले आफ्नो हृदय कति फोहोर छ भन्ने कुरा देख्दैनन् तर अरूको हृदयको फोहर कुराहरू हेर्ने गर्छन्।

त्यस्ता व्यक्तिहरूलाई प्रभु येशूले कुकुर र सुँगुरसँग तुलना गर्नुभयो। उहाँ यसो भन्नुहुन्छ: "पवित्र कुराहरू कुकुरहरूलाई नदेओ। अनि आफ्ना मोतीहरू सुँगुरका अगाडि नफाल।" पाखण्डीहरूले हिरा-मोतीको महत्व बुझ्दैनन्। यसलाई अर्को शब्दमा यसरी भन्न सकिन्छ: पाखण्डीहरूलाई आशिषित सन्देशको बारेमा सिकाउनु हुँदैन किनकि तिनीहरूले यसलाई मान्दैनन् बरु उल्टै सिकाउने व्यक्तिलाई विरोध र आक्रमण गर्न खोज्छन्।

येशूले भन्नुभयो: तिमीहरू मेरा चेलाहरू हौ; त्यसैले तिमीहरू कुकुर र सुँगुरजस्ता नबन। आशिषित सन्देशको महत्वलाई बुझेर त्यसको चाहना गर। अमूल्य कुराहरू माग, खोज र त्यसको निम्ति ढकढक्याऊ। म तिमीहरूलाई अमूल्य कुराहरू दिने प्रतिज्ञा गर्दछु।" यस विषयमा उहाँले राम्रो दृष्टान्त भन्नुभयो: "कसैको छोराले रोटी माग्दा ढुङ्गा दिएको देखेका छौ? अथवा माछा माग्दा सर्प दिएका देखेका छौ? तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने स्वर्गमा हुनुहुने पिता कति असल हुनुहुन्छ होला भनी विचार गर।

**खण्ड - १०**

# साँघुरो ढोका र फराकिलो ढोका

## NARROW GATE AND WIDE GATE

“साँधुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुऱ्याउने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट भित्र पस्नेहरू धेरै हुन्छन्। किनभने जीवनमा पुऱ्याउने ढोका साँघुरो हुन्छ र बाटो कठिन हुन्छ, जसले चाहिँ जीवनमा पुऱ्याउँछ, र त्यो भेट्टाउने थोरै नै हुन्छन्” (मत्ती ७:१३-१४)।

यहाँ चर्चा गरिएको साँघुरो र फराकिलो ढोकाको बारेमा बाइबल विद्वानहरूले दुइ वटा अर्थ लगाएका छन्। पहिलो अर्थअनुसार साँघुरो ढोकाबाट भित्र छिर्नेहरू विश्वासीहरू हुन् भने फराकिलो ढोकाबाट भित्र छिर्नेहरू अविश्वासीहरू हुन्। दोस्रो अर्थअनुसार यी दुवै प्रकारको ढोकाबाट भित्र छिर्नेहरू इसाईहरू नै हुन् तर आशिषित सन्देशलाई पालन गरेर त्यसलाई जीवनशैली बनाउने इसाईहरू साँघुरो ढोकाबाट भित्र छिर्दछन् भने लापरबाहीको जीवन जिउने नामधारी इसाईहरू फराकिलो ढोकाबाट भित्र छिर्दछन्।

यसबाट येशूले यस संसारमा दुइ किसिमका इसाईहरू छन् भनी हामीलाई बुझाउन चाहनुहुन्छ। पहिलो किसिमका इसाईहरू कुकुर र सुँगुरजस्तो मूर्ख स्वभावका हुन्छन्। तिनीहरू फराकिलो ढोकाबाट भित्र छिर्न चाहन्छन्। फराकिलो ढोकाबाट छिर्नेहरू विनाशमा पुग्छन्। तिनीहरू सुसमाचारको निम्ति बलिदान हुने इसाईहरू होइनन्। तिनीहरूको कारणले परमेश्वरको प्रेम, अनुग्रह र सुसमाचारको महत्व घट्नेछ। तिनीहरूलाई पछ्याउने मानिसहरू आत्मिकी रूपमा मर्नेछन्।

तिनीहरूको जीवन देखेर बाहिरका मानिसहरू प्रभुमा आउन चाहदैनन्। त्यसैले तिनीहरू ठेस लगाउने ढुङ्गाजस्तै हुन्। इसाई इतिहासले त्यसलाई पुष्टि गरिसको छ। तसर्थ, प्रभु येशुको भनाइ सतप्रतिसत सत्य छ भनी प्रमाणित हुन्छ।।

थोरै आशिषित इसाईहरू साँघुरो ढोकाबाट भित्र पस्नेछन् र अनन्त जीवनमा पुग्नेछन्। जीवनमा पुर्‍याउने ढोका साँघुरो हुने भएकोले धेरैजना यसबाट छिर्न चाहँदैनन्। यस ढोकाबाट छिर्नेहरू जीवन दिने मानिसहरू हुनेछन्। तिनीहरूले मानिसहरूलाई परमेश्वरतिर डोर्‍याउनेछन्। तिनीहरू सुसमाचारको निम्ति बलिदन हुनेछन्। यस्ता व्यक्तिहरूले प्रशस्त आशिष् पाउनेछन्। त्यसैले यशूले चेलाहरूलाई भन्नुभयो: तिमीहरू साँघुरो ढोकाबाट भित्र पस। यो सबैलाई मन पर्ने ढोका होइन तर पनि चुनिएकाहरू यही ढोकाबाट भित्र छिर्नेछन्। तिनीहरूले गर्ने हरेक काममा परमेश्वरको इच्छा खोज्छन्। परमेश्वरको राज्य विस्तार र महिमा हुने काममा मात्र तिनीहरू अघि बढ्छन्। शैतानले देखाउने बाटो तिनीहरूले जान्ने भएकोले त्यसबाट तिनीहरू टाढै रहन्छन्।

खण्ड - ११

# झूटा अगमवक्ताहरू

## FALSE PROPHETS

"झूटा अगमवक्ताहरूदेखि होशियार बस, जो तिमीहरूकहाँ भेडाको भेसमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरूजस्ता हुन्छन्। तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के काँढाका बोटबाट अंगूर अथवा सिउँडीबाट अञ्जीर टिपिन्छ र? त्यसै गरी हरेक असल रूखले अलस फल फलाउँछ। तर खराब रूखले खराब फल फलाउँछ। असल रूखले खराब फल फलाउन सक्दैन, नता खराब रूखले असल फल फलाउन सक्तछ। असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ। यसरी ती अगमवक्ताहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ।

मलाई प्रभु, प्रभु भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छापालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ। त्यस दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौँ? तपाईंको नाउँमा भूतहरू धपाएनौँ र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौँ र? अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ" (मत्ती ७:१५-२३)।

यस संसारमा धेरै झूटा अगमवक्ताहरू देखा पर्नेछन् भनी येशूले भन्नुभयो। अगमवक्ता भन्नाले अगमवाणी बोल्ने व्यक्तिमात्र हो भनी हामीले विचार गर्नुहुँदैन। शिक्षक, प्रचारक, पास्टर र अगुवाहरू यसै वर्गमा पर्छन्। अगमवक्तालाई प्रोफेट (Pro+phet = Prophet) भनिन्छ। यसको अर्थ अगाडि उभिएर बोल्नु हो।

येशू फेरि आउनुहुनेछ भनी घोषणा गर्ने इसाईहरू उच्च श्रेणीमा पर्नेछन्। अन्तिम समयमा धेरै अगमवक्ताहरू पतन हुनेछन् भनी येशूले अगमवाणी गर्नुभयो (मत्ती २४:११)। त्यस्ता झूटा अगमवक्ताहरू एक दिन येशूकहाँ आएर भन्नेछन्: "मैले तपाईंको नाउँमा अचम्मको कामहरू गरैँ, तपाईंको नाउँमा अगमवाणीहरू बोलैँ, धेरै बिरामीहरू निको पारैँ।" त्यसबेला येशूले तिनीहरूलाई भन्नुहुनेछ: "मैले तिमीहरूलाई चिनेको छैन। यहाँबाट निस्केर जाओ।" येशूको यस भनाइलाई ईश्वरशास्त्रीहरूले दुइ किसिमले व्याख्या गरेका छन्।

**पहिलो व्याख्या:-** येशूको इच्छाविपरीत काम गरेकोले तिनीहरूको मुक्ति गुम्नेछ र न्यायको दिनमा तिनीहरूलाई नरकमा फालिनेछ।

**दोस्रो व्याख्या:-** प्रभु येशूमाथि विश्वास गरेकोले गर्दा तिनीहरूको मुक्ति गुम्दैन तर स्वर्गमा तिनीहरूले कुनै इनाम पाउने छैनन्। परमेश्वरको राज्यमा तिनीहरू निम्नस्तरमा रहनेछन्।

झूटा अगमवक्ताहरूप्रति सङ्केत गर्दै येशूले भन्नुभयो: "तिनीहरूको बाहिरी भेस भेडाको हुन्छ तर भित्रपट्टि डरलाग्दो ब्वाँसोजस्तो स्वभावका हुन्छन्। धेरै अगुवाहरूले आशिषित सन्देश पालन नगरिकनै परमेश्वरको सेवकाइ गर्ने गर्छन्। धेरै मण्डलीहरूमा आशिषित सन्देशहरूको बारेमा सिकाउने र प्रचार गरिने गरिँदैन। केही अगुवाहरूले येशूको नाउँमा आश्चर्यकर्महरू गर्ने गर्छन् तर येशूले दिनुभएको आशिषित सन्देशलाई पालना गर्दैनन्।

त्यस्ता अगुवाहरूले अरूको डाह गर्दै सेवकाइ गर्ने गर्छन्। तिनीहरूले आफ्नै महत्वाकांक्षा र दर्शनहरू बनाउने गर्छन्। येशूको नाउँ प्रयोग गरेर तिनीहरू धनी, प्रख्यात र शक्तिशाली हुन चाहन्छन्। त्यसो गर्नु सृष्टिको उद्देश्यको पूर्ण उलङ्घन हो। यस किसिमका अगुवाहरू देखा पर्नेछन् भनी येशूले भविष्यवाणी गर्नुभयो। उहाँ सर्वज्ञानी हुनु  हुन्छ। उहाँलाई भूत, भविष्य र वर्तमान सबै थाहा छ। तसर्थ, हामी यो वर्गमा नपरौँ भनी प्रभुसँग प्रार्थना गरौँ।

खण्ड - १२

# घर बनाउने बुद्धिमान् र मूर्ख मानिसहरू

## WISE AND FOOLISH HOUSE BUILDER

“यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। अनि पानी पऱ्यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। पानी पऱ्यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो। येशूले यी कुरा भनिसक्नुभएपछि भीड उहाँका शिक्षा सुनेर छक्क पऱ्यो। किनकि उहाँले तिनीहरूका शास्त्रीहरूले झैँ होइन, तर अधिकार भएको मानिसले जस्तो गरी सिकाउनुहुन्थ्यो” (मत्ती ७:२४-२९)।

येशू ख्रीष्टले धेरै शिक्षाहरू दिनु भएपछि अन्तमा भन्नुभयो: "जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु।" यसै सन्दर्भमा याकूब भन्दछन्: “तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ” (याकूब १:२२)। तसर्थ, डाँडाको उपदेशमा उल्लिखित शिक्षाहरू सुनेर त्यसलाई पालन गर्ने व्यक्ति बुद्धिमान् हो।

येशूले सुन्ने अनि त्यसलाई पालन गर्ने कुरालाई जोड दिनुहुन्छ। हामीले येशू प्रभुको वचन सुन्ने, पढ्ने अनि प्रचार गर्दैमा पुग्दैन तर त्यसको साथै पालन गर्नु पर्छ र यसो गर्नु बुद्धिमानी हो। उहाँको वचन सुनेर त्यसलाई पालन गर्छौं भने हामीले आफ्ना घर चट्टानमाथि बनाउँछौँ अनि जस्तोसुकै हुरी-बतास र बाढी आए तापनि त्यो घर ढल्दैन। वास्तवमा उक्त चट्टानचाहिँ येशू ख्रीष्ट नै हुनुहुन्छ

(१ कोरिन्थी १०:४)। हामीले उहाँमा आफ्नो आत्मिक घर बनाउनु पर्छ। उहाँमा निर्माण भएको आत्मिक घर जस्तोसुकै दु:ख-कष्ट, सतावट, रोग र गरिबी आए तापनि हल्लिँदैन। प्रतिकूल परिस्थितिहरूद्वारा विश्वासको जाँच हुन सक्नेछ भन्ने कुरालाई हामीले याद गर्नुपर्छ।

येशूको वचन सुन्नुहुन्छ तर पालन गर्नुहुन्न भने तपाईंले आफ्नो घर बालुवामा बनाउँदै हुनुहुन्छ। एक दिन ठूलो हुरी-बताससँगै पानी पर्नेछ र बाढी आउनेछ; अनि तपाईंको घरमा त्यसले प्रहार गर्नेछ। बालुवामाथि जति नै परिश्रम र लगानी गरेर घर बनाए तापनि त्यसबेला त्यो घर ढल्नेछ। त्यसैले प्रभु येशूले त्यस्ता घर बनाउनेहरूलाई यसो भन्नुहुन्छ: "त्यसपछि त्यसको ठूलो विनाश हुनेछ।" न्यायको दिनमा त्यस्ता व्यक्तिहरू दुःखित हुँदै यसरी विचार गर्नेछन्: "ओहो, मैले जीवनमा ठूलो गल्ती गरेछु; मैले त्यसो नगर्नुपर्ने रहेछ। अब म प्रभुसँग क्षमा मागेर सुध्रनेछु। अब म चट्टानमा घर बनाउनेछु।" तर अपसोसको कुरा के हो भने त्यसबेला निकै ढिलो भइसकको हुनेछ। तसर्थ, समय हुँदै येशूको शिक्षाहरूलाई पछ्याउनु नै बुद्धिमानी हुनेछ। परमेश्वरले तपाईंलाई आशिष् देऊन्। आमिन।।

# निष्कर्ष

## CONCLUSION

प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, हामीले यहाँसम्म जे जति कुराहरू अध्ययन गऱ्यौँ, ती सबै प्रभु येशू ख्रीष्टले डाँडाबाट दिनुभएका शिक्षाहरू हुन्। उहाँ असल गोठालो र असल शिक्षक हुनुहुन्छ। त्यतिमात्र हइन, उहाँ हाम्रो प्रभु, मालिक अनि सृष्टिकर्ता सर्वशक्तिमान् परमेश्वर हुनुहुन्छ (यूहन्ना १:३)। हामीले बुझ्नुपर्ने महत्वपूर्ण कुरा के हो भने उहाँले कहिल्यै झूट बोल्नुहुन्न र झूटा आश्वासन पनि दिनुहुन्न किनभने उहाँ सत्य परमेश्वर हुनुहुन्छ (यूहन्ना १४:६)।

पुरानो करारमा उहाँले भन्नुभएका सबै कुराहरू एक-एक गरी पूरा भए। नयाँ करारमा उहाँले भन्नुभएका कुराहरू अहिले एक-एक गरी पूरा हुँदैछन्। त्यसैले उहाँको प्रतिज्ञाहरूप्रति दृढ भरोसा गरी आफ्नो विश्वासलाई स्थिर राख्नुहोस्। उहाँको महिमा र राज्य विस्तारको काममा सदा लागिरहनुहोस्। दु:ख-कष्ट, सतावट र रोगी अवस्थामा स्थिर रहनुहोस्। येशू ख्रीष्टले दिनुभएको आशिषित सन्देशलाई जीवनशैली बनाएर परमेश्वरको राज्यमा उत्तराधिकार पाउन आफूलाई तयारी अवस्थामा राख्नुहोस्। आफ्नो प्रतिज्ञाअनुसार उहाँले अवश्य तपाईंलाई आशिष् दिनुहुनेछ!

“धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो। धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन्। धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्। धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन्। धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया पाउनेछन्। धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले

परमेश्वरलाई देख्नेछन्। धन्य मेलमिलाप गराउनेहरू, किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्। धन्य धार्मिकताको निम्ति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो" (मत्ती ५:३-१०)।

यी कुराहरू पालन गर्नुभन्दा ठूलो अरू केही छैन। यसलाई पालन गर्नु गाह्रो छ तर असम्भव छैन। प्रभुको अनुग्रह पाएकाहरूले यसलाई आफ्नो जीवनशैली बनाउँदै लैजानेछन्। यसमा पवित्र आत्माले अवश्य सहायता गर्नुहुनेछ।

"यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। अनि पानी पऱ्यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। पानी पऱ्यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो" (मत्ती ७:२४-२७)।

# छानिएका सन्दर्भ सामाग्रीहरू

## SELECTED BIBLIOGRAPHY


Archer, Gleason L. 1964. A Survey of Old Testament Introduction.

Baille, John. 1939. Our Knowledge of God. New York: Schibner.

Baker, Charles F. 1971. A Dispensational Theology. Grand Rapids: Grace Bible College Publications.

Bancroft, Emery H., ed.. 1949. Christian Theology. Grand Rapids: Zondervan Publishing House.

Barth, Karl. 1959. God, Grace, and Gospel. Edinburgh: Oliver and Boyd.

Bavinck, Herman. 1977. The Doctrine of God. trans. William Hendriksen. Grand Rapids: Baker Book House.

Beardslee, John W., ed.. 1965. Reformed Dogmatics. New York: Oxford University Press.

Berkhof, Louis. 1939. The Assurance of Faith. Grand Rapids: Eerdmans Publishing Co..

__________ 1965. Systematic Theology. Grand Rapids: Eerdmans Publishing Co..

__________. 1976. The History of Christian Doctrines. Grand Rapids: Baker Book House.

Berkouwer, G. C. 1962. Man: The Image of God. Grand Rapids: Eerdmans Publishing Co..

Bloesh, Donald G. 1978. Essentials of Evangelical Theology. San Francisco: Harper and Row.

Bloesch, Donald G. 1998. Essentials of Evangelical Theology: God, Authority and Salvation. Peabody: Prince Press

Boettner, Loraine. 1963. The Reformed Doctrine of Predestination. Philadelphia: the Presbyterian and Reformed Publishing Co..

Boettner, Loraine. 1964. The Millennium. Philadelphia: The Presbyterian and Reformed Publishing Co..

Boice, James Montagomery. 1978. The Sovereign God. Downers Grove: InterVarsity Press.

Bonhoeffer, Dietrich. 1963. The Cost of Discipleship. New York: Macmillan Press.

Brunner, Emil. 1943. The Divine – Human Encounter, trans. Amandus W. Loos. Philadelphia: Westminster Press.

______________. 1946. Revelation and Reason, trans. Olive Wyon. Philadelphia: Westminster Press.

____________ 1947. Man in Revolt. Philadelphia: Westminster Press.

Bruner, Frederick Dale. 1970. A Theology of the Holy Spirit. Grand Rapids: Eerdmans Publishing Co..

Buswell, James Oliver. 1978. A Systematic Theology of the Christian Religion. Grand Rapids: Zondervan Publishing House.

Cairns, David. 1953. The Image of God in Man. New York: Philosophical Library.

Carnell, Edward John. 1964. An Introduction to Christian Apologetics. Grand Rapids: Eerdmans Publishing Co..

Chafer, Lewis Sperry. 1948. 8 Vols. Systematic Theology. Dallas: Dallas Theological Seminary Press.

Darwin, Charles. 1988. The Origin of Species. Chicago: Thompson and Thomas.

Davidheiser, Bolton. 1969. Evolution and Christian Faith. Grand Rapids: Baker Book House.

Dewart, Leslie. 1966. The Future of Belief. New York: Herder and Herder Co..

Dickason, C. Fred. 1976. Angels, Elect and Evil. Chicago: Moody Press.

Durnbaugh, Donald F. 1968. The Believers' Church. New York: Macmillan Press.

Erickson, Millard J. 1985. Christian Theology. Grand Rapids: Baker Book House.

Eusebius, Pamphilus. 1962. Ecclesiastical History. trans. Isaac Boyle. Grand Rapids: Baker Book House.

Feinberg, Charles L. 1961. Premillennialism or Amillennialism? New York: American Board of Missions to the Jews, 2nd and Enlarged Edition.

Flannery, Austin P., ed.. 1975. Documents of Vatican II. Grand Rapids: Eerdmans Publishing Co..

Fortman, Edmund J. 1972. The Trine God. Philadelphia? Westminster Press.

Gundry, Robert H. 1973. The Church and the Tribulation. Grand Rapids: Zondervan Publishing House.

Hammond, T. C. 1952. In Understanding Be Men. London: InterVarsity Fellowship, 4th Edition.

Harrison, Everett F., ed.. 1978. Baker's Dictionary of Theology. Grand Rapids: Eerdmans Publishing Co..

Heard, Gerala. 1940. The Creed of Christ. New York: Harper and Row.

Hendry, George S. 1956. The Holy Spirit in Christian Theology. Philadelphia: Westminster Press.

Henry, Carl F. H., ed.. 1979. Basic Christian Doctrines. Grand Rapids: Baker Book House.

Herskovits, Melville F. 1955. Cultural Anthropology. New York: Alfred A. Knopf.

Hiebert, Paul. 1985. Anthropological Insights for Missions. Grand Rapids: Baker Book House.

Hiebert, Paul. 1994. Anthropological Reflections on Missiological Issues, Grand Rapids: Baker Book House.

Hodge, Charles. 1952. Systematic Theology. Grand Rapids: Eerdmans Publishing Co..

Hoekema, Anthony. 1979. The Bible and the Future. Grand Rapids: Eerdmans Publishing Co..

Josephus, Flavius. 1982. The Works of Flavius Josephus. trans. William Whiston. Edinburgh: William P. Nimmo and Co..

Kuyper, Abraham, 1956. The Work of the Holy Spirit. Grand Rapids: Eerdmans Publishing Co..

Ladd, George Eldon. 1974. A Theology of the New Testament. Grand Rapids: Eerdmans Publishing Co..

Lewis, C. S. 1952. Mere Christianity. New York: Macmillan Press.

_________. 1974. Modern Theology and Biblical Criticism. Grand Rapids: Eerdmans Publishing Co..

Lindstrom, Harold. 1988. Wesley and Sanctification. London: Epworth Press.

Luther, Martin. 1963. The Righteousness of God. London: Hodder and Stoughton.

Machen, J. Gresham. 1947. The Christian View of Man. Grand Rapids: Eerdmans Publication Co..

Mueller, John Theodore. 1955. Christian Dogmatics. St. Louis: Concordia.

Ott, Heinrich. 1974. God. Richmond, John Knox Press.

Outer, Albert C., ed.. 1964. John Wesley. New York: Oxford University Press.

Pache, Rene. 1969. The Inspiration and Authority of Scripture. trans. Helen I. Needham. Chicago: Moody Press.

Packer, James Innell. 1967. Evangelism and Sovereignty of God. Chicago: InterVarsity Press.

Packer, James Innell. 1973. Knowing God. Downers Grove: InterVarsity Press.

Pelikan, Jaroslav. 1964. Luther and Aquinas on Salvation. New York: Sheed and Ward.

Pinnock, Clark H. 1976. Biblical Revelation. Chicago: Moody Press.

Pinnock, Clark H., ed.. 1975. Grace Unlimited. Minneapolis: Bethany Fellowship.

Schaeffer, Francis. 1968. The God Who Is Three. Downers Grove: InterVarsity Press.

Smith, Charles Ryder. 1956. The Bible Doctrine of Man. London: Epworth.

Smith, Hannah Whifall. 1952. The Christian's Secrete of a Happy Life. Westwood: Fleming H. Revell.

Stoeffler, F. Ernest, ed.. Continental Pietism and Early American Christianity. Grand Rapids: Eerdmans Publishing Co..

Strong, Augustus Hopkins. 1969. Systematic theology. Old Tappan: Fleming H. Revell Co..

Tillich, Paul. ed.. Carl E. Braaten. 1968. A History of Christian Theology. New York: Harper and Row.

Tillich, Paul. 1951. Systematic Theology. Chicago: University of Chicago.

__________. 1958. The Courage to Be. New Haven: Yale University Press.

The Heidelberg Catechism with Commentary. 1963. Allen Miller and M. Eugene Osterhaven, eds. Philadelphia: United Church Press.

Thiessen, Henry C. 1979. Lectures in Systematic Theology. Grand Rapids: Eerdmans Publishing Co..

Turnbull, Ralph, eds.. 1959. Devotions of Jonathan Edwards. Grand Rapids: Baker Book House.

Verduin, Leonard. 1970. Somewhat Less than God: The Biblical View of Man. Grand Rapids: Eerdmans Publishing Co..

Wainwright, Arthur W. 1962. The Trinity in the New Testament. London: S.P.C.K.

Walvoord, John F. 1971. Jesus Christ Our Lord. Chicago: Moody Press.

## AMI Publication द्वारा नेपालमा प्रकाशित पुस्तकहरू

१. इसाई ईश्वरशास्त्रका महत्वपूर्ण शिक्षाहरू
२. इसाई अगुवापन कसरी निर्माण गर्ने?
३. प्रेरितको पुस्तकको व्याख्यात्मक अध्ययन
४. सुसमाचार कसरी प्रचार गर्ने?
५. बाइबलीय मानवशास्त्र
६. ख्रीष्टको सिद्धान्त
७. अन्तिम दिनको सिद्धान्त
८. डाँडाको उपदेशको व्याख्या
९. धर्महरूको सुरुवात
१०. सृष्टिको उद्देश्य के हो?

# CONTACT ADDRESS

## 1 AMI NEPAL CENTER

Balaju, Banasthali, Kathmandu- 16

Tel : +977-015103129; +977-9803514501

Post Box No: 3854

## 2 WEBSITE

www.amicenter.net; www.aminepal.net

## 3 E-MAIL

aminepal2015@gmail.com; aminepalorg@gmail.com